# आर्थिक प्रशासन सम्बन्धी निर्णय सार संग्रह २०६३

(आ.ब.२०५४।५५ देखि २०६२।६३ सम्म)

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
बबरमहल, काठमाडौं ।

# बिषय सुची


| | बिषय | पृष्ठ |
|---|---|---|
| १. | तलब | ४ |
| २. | भत्ता | ११ |
| ३. | दैनिक तथा भ्रमण भत्ता | १३ |
| ४. | औषधी उपचार | २५ |
| ५. | निर्माण | २९ |
| ६. | खरिद ब्यबस्था | ४८ |
| ७. | लिलाम | ५७ |
| ८. | मिनाहा | ६० |
| ९. | दण्ड जरिवाना र बेरजु असुली | ६२ |
| १० | निबृत्तिभरण | ६३ |
| ११ | जमानत (धरौटी) ब्यबस्था | ६४ |
| १२ | खर्च रकमको बर्गिकरण | ६८ |
| १३ | पेश्की फछ्र्यौट | ६९ |
| १४ | परामर्श सेवा | ७१ |
| १५ | राशन ठेक्का | ७२ |
| १६ | बिबिध | ७४ |

# प्राक्कथन

आर्थिक ऐन नियमहरुको कार्यान्वयनका क्रममा परेका द्धिविधाको कारण उठेका विवाद समाधान गर्ने सिलसिलामा महालेखा नियन्त्रक कार्यालयबाट त्यस्ता द्धिविधाहरुलाई स्पष्ट पार्ने र सम्बन्धित कार्यालयलाई जानकारी दिने गरी आएको छ । यसरी नेपाल सरकारको एउटा निकायलाई उपलब्ध गराइएको राय बारे नेपाल सरकारका सबै कार्यालयलाई जानकारी होस् र एक पटक स्पष्ट पारी सकिएको विषयमा पुनः पटक पटक स्पष्ट गरी रहनु नपरोस् तथा आर्थिक ऐन नियमहरुको कार्यान्वयनमा एकरुपता कायम होस भन्ने उद्देश्यले "आर्थिक प्रशासन सम्बन्धी निर्णय सार संग्रह" प्रकाशनमा ल्याउने गरी आएको हो र यसको पछिल्लो प्रकाशन २०५४ सालमा भएको थियो ।

वि.सं. २०५५ सालमा आर्थिक कार्यबिधी ऐन र २०५६ साल श्रावण २० गते आर्थिक प्रशासन सम्बन्धि नियमावली आए पछि आर्थिक ऐन नियममा भएको नयाँ व्यवस्थाको सन्दर्भमा यस अघि विविध विषयमा दिइएको रायको सान्दर्भिकता नरहने भएकोले २०५४ सालमा प्रकाशित निर्णय सार संग्रहको पुनरावलोकन गरी २०५४ आश्विन १ गते देखी २०६३ साल आषाढ मसान्त सम्म विभिन्न विषयबारे स्पष्ट गरिएका एवं राय दिइएका विषयहरु समेत समावेश गरी **"निर्णय सार संग्रह २०६३"** प्रस्तुत गरिएको छ ।

यस संग्रहबाट मुलुकको आथिक प्रशासनमा एकरुपता कायम गर्न सघाउ पुग्नुको साथै आर्थिक प्रशासनको क्षेत्रमा सन्दर्भ सामग्रीको रुपमा विषयबस्तुको अध्ययन अध्यापनका साथ साथै कार्यक्षेत्रमा व्यवहारिक प्रयोगमा लाभदायी हुन सक्ने विश्वास लिएको छु ।

अन्तमा यो संग्रह तयार गर्न सघाउ पुऱ्याउने सबै कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सुशील प्रसाद शर्मा ढुंगेल
महालेखा नियन्त्रक

# १. तलब

| कम संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | को.ले.नि.का. सिन्धुपाल्चोक | कुनै कार्यालयमा कार्यरत सरकारी कर्मचारी सार्वजनिक विदाको अवधिमा मृत्यु भएकोमा निजलाई मृत्यु भएको दिनसम्मको तलव दिने वा सार्वजनिक विदा समाप्ती भएको दिनसम्मको तलब दिन मिल्ने ? | ०५४/४/१३ | तलब भत्ता कर्मचारी वहाल रहदाको अवस्थामा मात्र पाईने र मृत्यु भएको कर्मचारी सेवामा स्वतः वहाल नरहने हुँदा मृत्यु उप्रान्तको तलब भत्ता भुक्तानी दिन नमिल्ने। |
| २. | को.ले.नि.का. भक्तपुर | लेखापाल श्री वलराम कक्षपती ले ०५३ श्रावणमा अपग्रेड (अतिरिक्त मानमा) भएकोले सोही मिति देखि एक ग्रेड थप पाउनुपर्ने माग गरेकोले अपग्रेड भएको मिति देखि पाउने वा नपाउने ? | ०५४/४/२३ | ना.सु.पदको तलव स्केल शुरुमा २८७५।- र अतिरिक्त मान पश्चात तलव स्केल ३३४०।- भएको र अतिरिक्त मान भनेको सोही पदभित्रको आन्तरिक वढुवा सरहनै भएकोले तलवस्केल र ग्रेड फरक भएको हो । अत : निजले नि.से.ऐन, ०४९ को दफा २७ (३) अनुसार एक वर्ष पुरा भएपछि मात्र ग्रेड खान पाउने । |
| ३. | स्थानीय विकास मन्त्रालय | विकास समिति ऐन अन्तर्गत कायम रहेका स्थायी, अस्थायी र आयोजना अवधी भरका लागि नियुक्त भएको म्यादी कर्मचारीहरुले विकास समिति खारेज भएपछि सो काम गर्न खडा भएको आयोजनामा पुन: आयोजना अवधि भरको लागि म्यादि नियुक्ती पाएमा यथावत रुपमा कर्मचारी संचयकोष कट्टी र अन्य थप सुविधा उपदान औषधि-उपचार सुविधा प्रदान गर्न सकिने नसकिने ? | ०५४/११/६ | श्री ५ को सरकारको निणर्यमा नै ति कर्मचारीहरु म्यादी रुपमा कायम राख्ने उल्लेख भएकोले उनिहरुलाई अस्थायी कर्मचारीले पाउने भनि उल्लेख भएको सुविधा वाहेकको संचयकोष कट्टी निवृत्तिभरण उपदान विशेष विदा, अध्ययन विदा आदि जस्ता सुविधा दिन नमील्ने । |
| ४. | को.ले.नि.का. कञ्चनपुर | महाकाली सिंचाई परियोजनामा कार्यरत लेखा अधिकृत श्री प्रेम नारायण खनालले आफ्नो तलव वृद्धि सहितको अन्तिम तलव खाइपाई आएको अवस्थामा आ.ब. ०५२।५३ मा निज महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत रहदा पुरस्कार स्वरुप ५ ग्रेड थप पाउनु भएकोले अन्तीम तलवमा थप गरी खाइपाई आएको र निजलाई ०५४ श्रावण १ गते देखि जलस्रोत मन्त्रालयले पुरस्कार स्वरुप ३ ग्रेड थप दिएकोले श्रावण देखि ३ ग्रेड समेत अन्तीम तलवमा जम्मा ८ ग्रेड थप गरी भुक्तानी लिई राखेकोमा खान मिल्ने वा नमील्ने ? | ०५५/१/२१ | यस प्रकारको प्रश्नको सन्दर्भमा यस्तै प्रकृतिको विषयमा अर्थ मन्त्रालयको मिति ०५४।११।३ को निर्णयानुसार हालसम्म अन्तिम तलव स्केल भन्दा बढी खाएको रकम फिर्ता नगर्ने र निजामति सेवा नियमावली, २०५० को नियम ११६ (१) वमोजिम कार्यविधि पुर्‍याई ग्रेड थप नभएसम्म अव उप्रान्त अन्तिम स्केल भन्दा बढी तलव खान खुवाउन नमील्ने । |
| ५. | को.ले.नि.का. कास्की | आ.प्र निर्णय सार संग्रह- ०५४ को १.२७ मा वहालवाला कर्मचारीको ६० वर्षको हदम्याद कार्यालयबाट जानकारी नदिएपनि उमेर आफैलाई थाहा हुनेनैछ । अनिवार्य अवकास पाउने मिति पछि तलव भत्ता खानु खुवाउनु अनियमित नै देखिएकोले सो अवधी पछि खाएको तलव भत्ता असुल गर्ने या मिन्हा दिने भन्ने निर्णय सम्वन्धित मन्त्रालयबाट गर्नुपर्ने तथा क्र.सं. १.३६ मा उमेर ५८ वर्ष नोकरी अवधी ३० वर्ष पुगेका निजामती कर्मचारीहरुलाई अवकास पत्र नपाउन्जेलसम्म वढीमा १ महिना सम्मको तलव भत्ता खर्च लेख्ने भन्ने उल्लेख भएकोले र म.ले.नि.का., क.प्र.(रा.प. शाखा) बाट ०५४।१०।२७ मा भएको परिपत्रमा | ०५५/१/१५ | निर्णयसार संग्रह र सामान्य प्रशासन मन्त्रालयको परिपत्रमा फरक पर्नाले उत्पन्न द्विविधा निवारण गर्ने सन्दर्भमा कर्मचारी प्रशासन सम्वन्धी विषयमा सामान्य प्रशासन मन्त्रालयको परिपत्रलाई नै आधार मानि गर्नुपर्ने हुन्छ । आर्थिक प्रशासन निर्णयसार सग्रहको दफा १.२७ र १.३६ खारेज गरी यसै विषयको सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार गर्नु गराउनु कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई परिपत्र गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यालय प्रमुखलाई जिम्मेवार गराइएको देखियो । यसरी फरक फरक निर्णय भएकोले कुनलाई आधार मानि निर्णय गर्ने । | | |
| ६. | को.ले.नि.का. दमौली | सहकारी कार्यालयको प्रमुख पद रिक्त रहेको अवस्थामा अन्य जिल्लामा लियन पद रही यस जिल्लामा सहकारीमा का.मु. मुकरर गरेको तथा भूमीसुधार कार्यालयमा सोही कार्यालयका ना.सु.लाई का.मु. मुकरर गरिएकोमा स्थायी कार्यालय प्रमुख सरुवा भै आएपछि साविकका का.मु.हरुले आवश्यकता र नियमानुसार लाग्ने वरवुझारथको म्याद सम्म का.मु. भएको पदको तलव भत्ता दिन मिल्ने वा नमिल्ने ? | ०५५/४/१० | वरवुझारथ अवधिमा कायम मुकायम व्यक्तिलाई का.मु. भएको पद अनुसारको पाउने सुविधा दिन मनासीव देखिने । |
| ७. | को.ले.नि.का. रुपन्देही | शीप विकास तलिम केन्द्र वुटवलका केन्द्र प्रमुख विरेन्द्र प्रसाद यादव ६।६ महिनाको लागि म्यादी नियुक्ति भई आउनु भएकोमा श्रम मन्त्रालयको पत्रानुसार मिति २०५४।४।१ बाट म्याद थप नगरिएकोमा श्रम मन्त्रालयको मिति २०५४।९।२८ को पत्रानुसार श्रम मन्त्रीज्यूको तोक आदेशबाट निज यादवलाई साविकै कार्यालयमा पुनर्वहाली गरिएको । यसरी मिति २०५४।४।१ देखि मिति २०५४।९।२८ सम्मको अवकाशित अवधीको तलव भत्ता माग गरिएकोमा यसरी उक्त अवधिको तलव भत्ता भुक्तानी गर्न मिल्ने नमिल्ने । | ०५५/११/२० | अस्थायी कर्मचारी सेवामा नरहदा तलव भत्ता तथा अन्य सुविधा पाउन सक्ने नियममा उल्लेख नभएको । |
| ८. | को.ले.नि.का. (क्षे.सं. विराटनगर, मोरङ्ग) | क्षेत्रिय कृषि निर्देशनालय, विराटनगरको मातहतका कार्यालयबाट २०५५ मा का.सी. पार गर्ने निर्णय भएकोमा २०५२ श्रावण देखि लागु हुने गरी भएकोले अघिल्लो अवधी देखि लागु हुने गरी पछिको मितिमा निर्णय गर्न मिल्ने नमिल्ने । | ०५५/१२/१६ | आवश्यक प्रकृया र कागजातहरुको आधारमा अघिल्लो अवधि देखि लागु हुने गरी पछिको मितिमा निर्णय भै कार्यान्वियन गर्न सकिने । |
| ९. | को.ले.नि.का.अर्घाखाँची | जिल्ला हुलाक कार्यालय, अर्घाखाँचीमा कार्यरत हल्कारा श्री ऋषीराम गौतम मिति २०४७।३।१ देखि पियन पदमा स्थायी नियुक्ति भै मिति २०५३।१०।३० सम्म अटुट रुपमा सोही पदमा रही ७ ग्रेड खाइपाई आउनु भएको र निज २०५३।११।१ देखि पियन पदबाट श्रेणी विहिन हल्कारा पदमा पद परिवर्तन भै हाल सो पदमा २ ग्रेड खाईपाई आउनु भएकोले निजलाई हाल त.भ. भुक्तानी गर्दा पियन पदमा खाईपाई आएको ग्रेड संख्या ७ र हल्कारा पदमा खाईपाई आएको ग्रेड संख्या २ समेत जम्मा ग्रेड संख्या ९ खुवाउन मिल्ने नमिल्ने । | ०५६/३/२८ | समान श्रेणीको पद र समान ग्रेड रकम पाउने पदमा पद परिवर्तन भएकोले अघिल्लो पदमा खाईपाई आएको ग्रेड समेत पाउने मनासिव नै देखिएको । |
| १०. | सामान्य प्रशासन मन्त्रालय | विद्युत विकास केन्द्रका पियन श्री पूर्ण वहादुर श्रेष्ठ मिति २०५५।३।२२ सम्म हाजिर भै कार्य गरेकोमा निजको उमेर ०५५।१।१५ मा ५८ वर्ष पुगेको भनी निजामती किताव खानाको पत्र मिति २०५५।५।२२ मा प्राप्त भै मिति ०५५।१।१६ बाट लागू हुने गरी अवकास दिइएकोमा अवकाश हुनपर्ने मिति २०५५।५।२२ सम्म (४ महिना ७ दिनको ) को तलव भत्ता तथा दशैं खर्च एवं संचयकोष मिन्हा दिने सम्वन्धमा | ०५६/१२/१ | निवृत्त हुने कर्मचारीले पनि आफ्नो सेवा अवधिको जानकारी गराउनु पर्ने दायित्व हुने हुँदा यसरी दिइएको रकम मिन्हा गर्न नमिल्ने । |

| | | | | |
|---|---|---|---|---|
| ११. | को.ले.नि.का. ललितपुर | ले.पा. पुष्पराज पौडेलले २०५६ आषाढ सम्म रु. ३३७३।- खाइपाई आएको र ०५६ श्रावण देखि १ तलव वृद्धि भै रु. ३४७४।- तलव भुक्तानी लिनु भएकोमा ०५६ श्रावण देखि अतिरिक्त मानमा लगिएको र अतिरिक्तिमानको तलव स्केल रु. ३३४०।- भएको हुँदा अतिरिक्तमानको स्केल भन्दा रु. १३४।- वढी तलव खाइपाई आएको हुँदा तलव तथा ग्रेड यकिन हुनुपर्ने । | ०५७/२/२३ | अतिरिक्तमानमा लैजादा साविकमा खाइपाइ आएको तलव रकमभन्दा नपुग भएमा निजामती सेवा नियमावली, २०५० को परिच्छेद ११ को नियम ९१ को उपनियम (२) को खण्ड (ख) अनुसार हुनेगरी समायोजन गर्न सकिने । |
| १२. | नेपाल कानून सुधार आयोग | आयोगका सह-सचिव श्री त्रिलोचन उप्रेती नि.से.नि, २०५० को नियम ६१ (५) अनुसार वेतलवी अध्ययन विदामा वस्नु भएकोले यस्तो अवस्थामा दशैं खर्च दिन मिल्ने नमिल्ने । | ०५७/२/२६ | तलव भत्ता नपाउने विदा वसेकामा दशैं खर्च पनि नपाउने । |
| १३. | को.ले.नि.का.भोजपुर | पशु चिकित्सक डा.अज्जन चालिसे रा.प.द्वितिय श्रेणीको पदमा निमित्त भै काम गरिरहनु भएकोमा हालको नयाँ तलवमान वमोजिम प्राविधिकले शुरु तलवमा दुई ग्रेड (रु.३९०।-) थप पाउने व्यवस्था हुँदा निजले निमित्त भै माथिल्लो पदको दुई ग्रेड समेत पाउने नपाउने ? | ०५७/०५/२३ | निजामति कर्मचारीको नयाँ तलवमान अनुसार २०५७ साल श्रावण १ गते अघि नियुक्ति पाएका प्राविधिक वा नियुक्ति वा सरह तलव भत्ता खाइ पाइ आएका कर्मचारीहरुलाई मात्र विशेष व्यवस्था अन्तर्गत थप २ ग्रेड गरेको हुंदा उपरोक्त मिति भन्दा पछि नियुक्ति भएका प्राविधिकहरुलाई थप ग्रेड पाउन नसक्ने । त्यस्तो ग्रेड सम्वन्धित पदको लागि मात्र आकर्षिक हुने देखिएकोले निमित्त भै काम गर्ने पदको थप ग्रेड पाउने नसक्ने । |
| १४. | मूल्य अभिवृद्धि कर विभाग | लोकसेवा आयोगवाट सिफारिस भएका खरिदार श्री अमृत प्रसाद घिमिरे घटस्थापनाको भोलि पल्ट हाजिर भएको हुंदा २०५७ सालको वडादशैं रकम भूक्तानी दिन मिल्ने हो वा होइन ? | ०५७/०८/२९ | नि.से.नि.२०५७ को नियम १२८ (२) मा अस्थायी कर्मचारीको हकमा घटस्थापनाको पन्ध्रदिन अगाडी ६ महिना सेवा अवधि पुगेको भए मात्र उपनियम(१) वमोजिम दशैंखर्च पाउने छ भन्ने उल्लेख भएको उपनियम (१)मा स्थायी कर्मचारीको निमित्त यस किसिमको प्रतिवन्ध नभएकोले दशैं अघि नियुक्ति पाएको कर्मचारीले उपरोक्त वमोजिमको दशैं खर्च दिन वाधा नपर्ने । |
| १५. | को.ले.नि.का. रुपन्देही | भैरहवा लुम्विनी भूमिगत जलपरियोजनामा कार्यरत हे.सवारी चालक श्री भीम वहादुर पुन लाई मिति ०५७।२।१८ देखि अनिवार्य अवकाश गरिएकोमा नि.कि.खानाको मिति०५७।४।३ को पत्रवाट ०५५।२।१६ देखि नै (२ वर्ष अगाडी देखि नै ) लागू हुने गरी अनिवार्य अवकाश गरिएको हुंदा निज हे.स.चा.ले.आफू निजामति सेवामा कार्यरत हुन पाउने अवधिभन्दा दुई वर्ष वढी सेवामा कार्यरत रहंदा निज कर्मचारी एवं सम्वन्धित कार्यालय जिम्मेवार हुनु पर्ने हो होइन ? निजले सो अवधिमा खाएको त.भ.के हुने ? सो तथ्य एकिन नभैकन निवृतिभरणको अधिकार पत्र दिइए को अवस्थामा निजले पाउने संचित विदा र औषधोपचारको रकम निकासा दिन मिल्ने नमिल्ने ? | सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार २०५८।४।२ मा निर्णय भएको | (१) निजामति कर्मचारीले आफैले व्यक्तिगत विवरणमा लेखिदिएको आधारमा अवकास हुने मितिको जानकारी सम्वन्धित कर्मचारीलाई हुने र नि.से.नि.को नियम १०१ वमोजिम अवकास पाउने निजामति कर्मचारीले अवकास हुने मिति भन्दा ६ महिना अगावै फारम भरी आफू वहाल रहेको कार्यालय मार्फत निजामति कितावखानामा अनिवार्य रुपले पठाउनु पर्ने हुंदा अवकास हुने मिति पछाडि खाइपाइ आएको तलव भत्ता सम्वन्धित कर्मचारीवाटै असूल उपर गर्ने ।<br>(२) निजामति कितावखानाले नै पहिले व्यक्तिगत विवरण (सिटरोल) मा उल्लेखित भएको सेवा प्रवेश गर्दाको उमेर परिवर्तन गरी पत्र दिएको र पछि संशोधन गरेको भए संशोधन गरी सकेपछि कायम भएको मितिसम्म खाइपाइ आएको तलव भत्ता नियमानुसार अधिकार प्राप्त निकायवाट मिन्हा गरी पेन्सन र तलव भत्ता दोहोरो भुक्तानी नहुने गरी आवश्यक व्यवस्था गर्न सकिने । |
| १६. | को.ले.नि.का. धनकुटा | कोष नियन्त्रक सत्यनारायण श्रेष्ठ पुनरावेदन अदालत - धनकुटाको लेखा अधिकृत पदमा कार्यरत रहँदा अन्तिम ग्रेड संख्या १५ पुगी सकेपछि श्री सर्वोच्च अदालतको पत्रानुसार | ०५८/१०/५ | पुरस्कार ग्रेड ५ तलव स्केलमा थप गरी सीमा सम्म खुवाउदै जाने नियमको मनशाय नभै थप तलव वृद्धि जोड्दा अन्तिम तलवमान् नाघेको तलव वृद्धिको रकमसम्म मात्र मासिक तलव |

| | | | | |
|---|---|---|---|---|
| | | नि.से.नि.२०५० को नियम ११६(१) वमोजिम पुरस्कार वापत ५ तलव वृद्धि गरी दिने गरी मिति ०५६।५।२६मा निर्णय भएको । ०५७ श्रावण १ देखि लागू भएको नयाँ तलवमान अनुसार शूरु तलव स्केल रु.७५००।- कायम भएको अवस्थामा साविक अंकमा नै पुरस्कार ५ तलव वृद्धि रकम (पुरस्कृत ग्रेड) तलव स्केलमा थप गरी तोकिएको ग्रेडको सीमा रु. २४००।- सम्म क्रमश ग्रेड खुवाउदै जाने वा पुरस्कार ५ ग्रेडको रकम समेत रु.२४००।- को सीमा (सिलिङ) भित्र नै पर्न जाने हो ? | | थप गरिदिने हुँदा पुरस्कृत ५ ग्रेडको रकम समेत ग्रेडको सीमासम्म मात्र क्रमश : खुवाउदै जाने । |
| १७. | को.ले.नि.का.कास्की | ना.सु.शान्तमणि सुवेदीको २०५२ ।४।१७ देखि जेष्ठता कायम हुने गरी वढुवा नियुक्ती हुनु भएकोमा हरेक सालको साउन १ गते देखि नै वार्षिक ग्रेड भूक्तानी दिदै आएकोमा निजको हकमा साउन १७ गते देखि लागू हुने गरी वा साउन १ देखि वा आउदो भदौ १ देखि लागु हुने गरी ग्रेड भूक्तानी गर्नु पर्ने हो ? साथै कर्मचारीहरुलाई वार्षिक ग्रेड वृद्धि रकम दामासाहीले भुक्तानी दिने व्यवस्था पनि नि.से.ऐन. र नियममा भएको नपाइएको । | | १ वर्ष पुगेको माहिनाको तलव वृद्धि दिन गन्तीको दरले (दामासाहीले) पाउने नपाउने सम्वन्धमा अर्थ मन्त्रालयको प.प.व.त.७३ च.नं.२४३१ को पत्रानुसार कुनै महिनाको वीचमा एक वर्ष पुगेपछि दामासाहीको (हिसाव गरी ) ग्रेड रकम उपलव्ध हुने । |
| १८. | को.ले.नि.का.खोटाङ्ग | २०५७ श्रावणदेखि लागु भएको नयाँ तलवमान् तथा ग्रेड सुविधा सम्वन्धी निर्देशनको पाना ६ को तलवमान् १.५मा नयाँवृद्धि दर लागु भएको महिना अगाडिको मितिसम्म तलव वृद्धि पाएका कर्मचारीको हकमा नयाँ वार्षिक तलव वृद्धि दर र अगाडीको १ दर वीचको फरक रकम दिनु पर्ने देखिएमा कार्यालय प्रमुखवाट निर्णय गराई दिने व्यवस्था उल्लेख छ । त्यसरी फरक रकम दिनु पर्ने भए सो को आधारहरु स्पष्ट नभएको कारण निर्णय गर्न द्विविधा भएको । यसरी निर्णय गरी दिंदा वैशाख भन्दा अघि नियुक्ती पाउनेको तलव+ ग्रेड फरक (वढी) भै पुरानोलाई असर पर्ने एवं द्विविधा भएको । | ०५८/८/१४ को आदेश | २०५७ श्रावण देखि नयाँ तलवमान् लागू भएको हुँदा २०५७ वैशाखदेखि ०५७ आषाढमसान्तभित्र तलव वृद्धि पाएका कर्मचारीहरुको हकमा मात्र त्यस पटकको लागि साविक र हालको ग्रेडको फरक मात्र दिने सकिने भएको हुँदा यस सम्वन्धमा थप व्याख्या गराइरहन पर्ने नदेखिएको । |
| १९. | आन्तरिक राजस्व विभाग | सह लेखापाल श्री हरिराम मूल्मीले उक्त कार्यालयवाट फाजिलमा परी तोकिएको २ वर्ष अवधि नपुग्दै सरुवा भएकोले नि.से.नि. र नियमानुसार बमोजिम १ महिनाको तलव उपलव्ध गर्न मिल्छ मिल्दैन । | ०५८/१०/१० | फाजिलमा परेको कारणवाट २ वर्ष नपुग्दै सरुवा भएको अवस्थामा निजामति सेवा ऐन र नियमावली २०५० को नियम ३६ (क) वमोजिमको सुविधा नपाउने । |
| २०. | पशु सेवा विभाग | (क) स.प.वि.अ. श्री महाप्रसाद गेलालको नि.से.ऐन,२०४९ को दफा १८(५) २ को अवस्थामा अवधि नपुग्दै सरुवा भएकोमा सरुवा भएको नयाँ ठाउँमा वन्दोवस्त गर्नको लागि एक महिनाको तलव दिनु पर्नेमा हालको कार्यालयवाट पाउने वा साविकको कार्यालयवाट पाउने ?<br>(ख) स्थान परिवर्तन नभै सोही स्थानको अर्को कार्यालय (एउटै कम्पाउण्ड) मा शा.अ.श्री पधुम्न गजुरेललाई सरुवा भएकोमा त्यस्तो रकम दिने वा नदिने ? | ०५८/१०/११ | सामान्य प्रशासन मन्त्रालयको मिति ०५८।४।१९ को पत्रानुसार पर्न आउने दायित्व सम्वन्धमा कृषि तथा सहकारी मन्त्रालयले नै कानून वमोजिम आवश्यक व्यवस्था मिलाउनु पर्ने भन्ने उल्लेख भएकोले कसले दिने र कहाँवाट दिने विषयमा सम्वन्धित अख्तियारावालावाट नै निर्णय हुनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २१. | को.ले.नि.का. अछाम | जिल्ला वन कार्यालय अछाम अतर्गत साफेवगरमा इलाका वन कार्यालय रहेको । इलाका वन कार्यालयको प्रमुखमा राजपत्रांकित तृतीय श्रेणीको दरबन्दी कायम भएको नि.से.नि. को नियम २ को खण्ड (ग) अनुसूचि २ मा उक्त कार्यालयको नाम उल्लेख नभएको तथा ईलाका वन कार्यालयको लागि छुट्टै बजेट व्यवस्था समेत नभएको । उक्त इलाका वन कार्यालयको प्रमुखको अनुपस्थितिमा रेन्जर निमित्त भै काम गरेकोमा निजले एक तह माथिको तलब भत्ता पाउने वा नपाउने ? | २०५८।११।२२ | निजामती सेवा नियमावली २०५० को नियम २ को (ग) र (घ) संग सम्बन्धित अनुसूचि -२ मा उल्लेख भएको कार्यालय प्रमुखको पदको वाहेक अन्य कुनै पदमा नि.से.नि.का. नियम ४७ को उपनियम (१) बमोजिम काम गर्ने कार्मचारीले सोही नियमको उपनियम (२) बमोजिम तलब नपाउने । |
| २२. | स्वास्थ्य मन्त्रालय | मे.सु.डा. तपेश्वरलाल कर्णले मिति २०५४।४।२७ देखि ज्येष्ठता गणना हुने गरी नवौं तहमा वढुवा भएकोले सोही मिति देखिको तलब मांग गर्नु भएको हुंदा वढुवा भएको मिति ०५४।४।२७ देखि वा वा हाजीर भएको मिति २०५८ माघ देखिको तलब पाउने हो ? | ०५८/१२/३० | सरुवा वढुवा भएको कर्मचारीले वढुवा भएको कार्यालयमा वहाली गर्न रमाना लिएको मितिदेखि र हाल कार्यरत रहेकै कार्यालयमा वढुवा हुने कर्मचारीले वढुवाको पत्र बुझेको मिति देखि वढुवा भएको पदको तलब भत्ता पाउने भएकोले जेष्ठता गणना हुने गरी वढुवा भएको मिति देखि तलब भत्ता खान नमिल्ने । |
| २३. | को.ले.नि.का.चामे,मनाङ | वृहत मनाङ खानेपानी योजनाको दरवन्दीमा कार्यरत अस्थायी कर्मचारीहरुलाई, खानेपानी तथा सर सफाई सव डिभिजन कार्यालय मनाङको लागि प्राप्त तलव भत्ताको वजेटवाट तलव भत्ता भुक्तानी दिने मिल्ने नमिल्ने ? | ०५९/१/१० | साविकमा जिल्ला खानेपानी कार्यालयमा दरवन्दीमा रहेका कर्मचारीहरु हाल उक्त कार्यालय खानेपानी तथा सरसफाई सव डिभिजन कायम भएको र उक्त कार्यालयमा दरवन्दी समाहित भैसकेको कर्मचारीहरुलाई तलव भत्ता भुक्तानी गर्न वाधा नपर्ने, साविकको कार्यालयमा कार्यरत कर्मचारीहरुको दरवन्दी मिलानमा फाजिल परेको अवस्थामा पनि विभागको निर्देशन र निकासा सहित साविकको अवस्थाको अवधिको तलव भत्ता खर्च लेख्न वाधा पर्ने देखिदैन । Work charge वाट काममा लगाइएका कर्मचारीहरुको सम्वन्धमा भने, तलव शीर्षकवाट खर्च लेख्न मिल्ने नदेखिएको । |
| २४. | क्षेत्रिय कोष निर्देशनालय, कैलाली | यातायत व्यवस्था कार्यालयका मे.सु.को २०५४ श्रावणदेखि ऐ. कार्तिक सम्मको स्थानीय भत्ता र तलब भूक्तानी दिन बाँकी रहेको श्रेस्ताबाट देखिएको र उक्त तलव भत्ता भुक्तानी गर्न बिभागमा बजेट माग गरिएकोमा प्राप्त नभएकोले यस कार्यालयको हालको बजेटबाट भुक्तानी गर्न मिल्ने वा नमिल्ने । | ०५९।६।२४ | तलबको हकमा भूक्तानी हुनु पर्ने प्रमाण राखी भूक्तानी दिन वाधा नपर्ने, निज काठमाडौंमा काजमा बसेको देखिएकोले स्थानीय भत्ता दिन नमिल्ने । |
| २५. | को.ले.नि.का. काभ्रे | टा.ख. रामकृष्ण श्रेष्ठको पञ्चायत नीति तथा जाँचबुझ समितीमा काम गरेको अवधी समेत निजामती किताबखानाले निबृत्तिभरण र उपदान प्रयोजनको लागि हालको नोकरीमा जोडेको हुँदा प.नि.जा.वु.स.मा काम गरेको अवधि समेतको तलब बृद्धि रकम भुक्तानी गर्न मिल्ने वा नमिल्ने । | ०५९।७।२९ | निजामती सेवा ऐन र नियमावलीमा समेत पहिलेको नोकरी निवृतभरण, उपदान र बढुवा प्रयोजनको लागि मात्र जोडी गणना गर्न सकिने व्यवस्था भएकोले निजको पहिलेको सेवा अवधिलाई समेत जोडी तलब वृद्धि दिन नमिल्ने । |
| २६. | सामान्य प्र.मं. (कृषि तथा सहकारी) | कृषि तथा सहकारी मनत्रालयका अर्थ बिज्ञ श्री टेक बहादर बम M/S METCON Consultants नामक सस्थामा त्यहीबाटै पारिश्रमिक लिने गरी सम्झौता गरी असाधारण बिदामा बसेको र उक्त अबधी समाप्ती पछि पनि कार्यालयमा हाजिर हुन नआएको र सोही कारणले सेवाबाट अबकाश भएको र पछि प्रशासकिय अदालतबाट पुनर्बाहली भएको र निजले | ०५९।११।२३ | असाधारण विदा लिई METCON Consultant अन्तरगतको HMG/DFID को Seed Support Project मा कार्यरत रहीं त्यहीबाट पारिश्रमिक लिई रहेको बुझिएकोले सो अवधिको तलब दिन नमिल्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | हालसम्म पनि उक्त सँस्थामा नै रहि काम गरी पारिश्रमिक समेत लिई रहेको सन्दर्भमा सेवाबाट हटाउने निर्णय भए देखी बहाली नहुन्जेल सम्मको अबधीको तलब भुक्तानी गर्न मिल्ने वा नमिल्ने । | | |
| २७. | को.ले.नि.का. महोत्तरी (जि.हु.का. महोत्तरी) | जि.हु.का. महोत्तरीका ना.सु. राम लखन महतोले साविक खरिदार पदमा ४१००+८०१=४९०१ खाईपाई आएकोमा हालको ना.सु. पदको शुरु स्केल ४९०० मा खाईपाई आएको बढी भएकोले सो वापत १ र बढुवा भए वापत १ समेत दुई तलब बृद्धि थप गरी हुन आउने रकम ४९००+१२०+१२० =५१४०।- मासीक पाउने कि नपाउने ? | ०५९।११।२८ | शुरु तलब स्केलमा २ तलब बृद्धि थप गरि हुन आउने रकम मासिक तलब पाउने । |
| २८. | स्थानीय विकास मन्त्रालय | सदस्य सचिव नरेन्द्र कुमार गुरुङ्गलाई २०५५।७।१८ को मन्त्रिपरिषदको निर्णयले अवकाश दिएकोमा सर्वोच्च अदालतको २०५८।११।२ को फैसलाले पुनर्वहाली भएको हुदा अवकास अवधिको पारिश्रमिक दिन मिल्छ मिल्दैन ? | ०६०।४।१५ | अवकास अवधिको समयमा सरकारी क्षेत्रमा अन्यत्र काम गरी पाएको सुविधा (तलब भत्ता) दोहोरो नपर्ने गरी नियमानुसार भूक्तानी गर्न सकिने । |
| २९. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | उपसचिव श्री शंकर ढुंगाना ILO श्रोतबाट रु. १८,०००।- मासिक तलब भूक्तानी पाउने गरी खटिनु भएकोमा संचयकोष थप तथा दशैं खर्च श्री ५ को सरकारको श्रोतबाट दिन मिल्ने कि नमिल्ने ? | ०६०।५।५ | तलब खाने संस्थाबाटै अन्य सुविधाहरु लिनु पर्ने र श्री ५ को सरकारको कोषबाट तलब भत्ता नपाउने गरी सम्झौता गरी अन्य अन्तर्राष्ट्रिय संस्थामा खटिई उतैबाट तलब भत्ता तथा अन्य सुविधा पाउने गरी गएकाको हकमा श्री ५ को सरकारवाट कुनै आर्थिक सुविधा दिन नमिल्ने । |
| ३०. | को.ले.नि.का.पाल्पा | जिल्ला आयुर्वेदिक औषधालय/ चिकित्सालयहरुमा कविराजको दरबन्दी रिक्त रहन गएको अवस्थामा वैद्यबाट निमित्त कविराज भै काम काज गरेको अवधिको निमित्त पदको तलब सुविधा दिन मिल्ने नमिल्ने ? | ०६०।५।११ | आयुर्वेदिक औषधालय, चिकित्सालयहरुमा आर्थिक कारोबार नहुने हुँदा कविराजको अनुपस्थितिमा वैद्यबाट निमित्त कविराज वनाई कार्य गरेको अवधिको तलब सुविधा खर्च लेख्न नमिल्ने । |
| ३१. | को.ले.नि.का. धादिङ्ग | खानेपानी डिभिजन २०५५ देखि हालसम्म कुनै सालको पनि तलवी प्रतिवेदन पारीत नगरी एकैचोटी ०५९।६० मा खान पाउने ग्रेड निर्धारण गरी कितावखानाको पत्र प्राप्त भएको । उक्त पत्रको आधारमा २०६०।६१ को तलवी प्रतिवेदन पारित गर्न मिल्छ वा मिल्दैन ? | ०६०।६।२१ | कितावखानावाट नै निर्णय भएकोले सो निकायबाट पारित भैसकेको अवस्थामा सोही आधारमा को.ले.नि.का.ले चालु आ.ब. को तलवी प्रतिवेदन पारीत गर्ने । |
| ३२. | स्थानीय विकास मन्त्रालय | जिल्ला विकास समिति कैलालीले २० वर्ष अवधि पुगेको कर्मचारीहरुलाई पुरस्कार रकम दिई अवकाश दिएकोमा सर्वोच्च अदालतको परमादेशबाट निजहरुको पुर्नवहाली भएकोमा पुनर्वहाली भएको कर्मचारीको तलव, भत्ता, भुक्तानी दिंदा उक्त पुरस्कारको रकम कायम गर्ने नगर्ने ? | ०६०।६।३० | लामो समयसम्म काम गरे बापत अवकाश दिनु परेकोले सो पुरस्कार दिएको भन्ने मन्त्रालयको पत्रबाट उल्लेख भएकोले निजहरुको पुनरबहाली भएको अवस्थामा पुरस्कारको रकम दिन उपयुक्त नहुने भएकोले सो रकम फिर्ता गराउनु पर्ने । |
| ३३. | को.ले.नि.का. इलाम | २०५७ श्रावण १ गते प्रकाशित नेपाल राजपत्रको सूचनाको आधारमा कार्यालय प्रमुखबाट हाल आएर निर्णय गरी २०५७।१।१३ देखी नै प्रति महिना फरक परेको ग्रेड रु.२४।–ना.सु. नहन्द्र दाहाललाई भुक्तानी दिन मिल्ने नमिल्ने । | ०६०।७।२५ सामान्य प्र. ०६०।९।१० | कार्यालय प्रमुखबाट निर्णय गराई दिन सक्ने व्यवस्था भएकै देखिंदा सो निर्णय गराई दिन सक्ने । |
| ३४. | कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देही । | प्रहरी जवानको गैह्र हाजीर अवधीको तलवभत्ता राशत समेत भुक्तानी खर्च लेख्न मिल्ने कि नमिल्ने ? | ०६०।११।२१ | गैह्र हाजीरी अवधीको तलब भत्ता राशन समेत भुक्तानी खर्च लेख्न नमिल्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३५. | रक्षा मन्त्रालय | शाही नेपाली सेनाका विभिन्न यूनिटहरुको खाली दरवन्दीमा मिति २०६०।६।१४ गतेबाट सैन्यमा नियूक्ती भएका सैंन्यहरुका लागि २०६० सालको वडा दशैं घटस्थापना २०६०।६।१० मा परेको र मिति २०६०।६।१४ गते नियूक्त सैन्यलाई छुट वडादशै खर्च भूक्तानी गर्न मिल्ने वा नमिल्ने ? | ०६१।१।२८ सा.प्र.म.को निर्णय | दशै आरम्भ हुनु अगावै नियूक्त भएका सैन्यलाई छुट वडा दशै खर्च भुक्तानी गर्न मिल्ने वा नमिल्ने । |
| ३६. | कित्ता नापी महाशाखा नापी विभाग | वेतलवी अध्ययन विदामा गएको कर्मचारीले विदा अवधीको दशै खर्च र हाल खाइपाइ आएको तलवमा साविक बमोजिम पाउने ग्रेड रकम भुक्तानी गर्न मिल्ने वा नमिल्ने ? | २०६१।४।४ मा सामान्य प्रशासन मन्त्रालयवाट भएको मन्त्रीस्तीय निर्णय) | (१) नि.से.नियमावली २०५० को नियम ६१(५) बमोजिम तलब नपाउने गरी लिएको अध्ययन विदा (वेतलवी अध्ययन विदा) को अवधीको तलव बृद्धि पाउने ।<br>(२) निजामती सेवा ऐन २०४९ को दफा ३२(१) अनुसार सामान्य प्रशासन मन्त्रालयको पूर्व निर्णयहरु (मिति २०४०।२।१९ को परिपत्र र २०५३।८।१६ को निर्णय) अनुसार दशै खर्च दिने सम्वन्धमा असाधारण विदामा वसेको अवस्थामा वाहेक अरु अवस्थामा दशै खर्च दिने । |
| ३७. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | श्री ५ को सरकारको कोषवाट तलब भत्ता नपाउने गरी अन्तराष्ट्रिय संघसस्थावाट आवश्यक पारिश्रमिक पाउने गरी कामकाज गर्न गएका निजामती कर्मचारीले दशै खर्च वापतको रकम पाउने वा नपाउने ? | २०६१/५/५ | श्री ५ को सरकारवाट तलब भत्ता नपाउने गरी अन्तराष्ट्रिय संघ संस्थामा काम काज गर्न खटिएका निजामती कर्मचारीहरुले श्री ५ को सरकारवाट कुनै आर्थिक सुविधा दिन नमिल्ने र सुविधाको हकमा सम्वन्धित अन्तराष्ट्रिय संस्थावाट नै लिनुपर्ने । |
| ३८. | को.ले.नि.का. रुकुम | आ.प्र. नियमावली २०५६ को नियम ३९ को उपनियम ८(८क) मा तलब (स्वीकृत दरवन्दीको) भनी उल्लेख भएवाट ३.०३ सामाजिक सेवा अनुदान शिर्षकवाट तलब भत्ता भुक्तानी पाउने गरी म.ले.प.फा.नं.१८ प्रमाणित गर्ने वा नगर्ने । | २०६१/५/२९ | बजेट रकम नं.३.०३ सामाजिक सेवा अनुदानवाट तलब खाने कर्मचारी समेत स्वीकृत भित्रको भएको भएमा म.ले.प.फा.नं.१८ राख्न मिल्ने भएकोले सोहि बमोजिम प्रमाणित गर्न सकिने । |
| ३९. | को.ले.नि.का. चितवन | निलम्वनमा रहेको अवधी समाप्त भएपछी अवकाश पाएको अघिल्लो दिनसम्म हाजिर भएको अवधीको तलब भुक्तानी पाउने वा नपाउने । | २०६१/१२/२ | सामान्य प्रशासन मन्त्रालयको मिति २०६१।१०।१० को मन्त्रीस्तरिय निर्णयानुसार हाजीर भएको अवधिको तलब भुक्तानी गर्न कुनै वाधा नहुने । |
| ४०. | जिल्ला प्रशासन कार्यालय, कैलाली | मालपोत कार्यालय टिकापुर दरवन्दीका लेखापालले टिकापुर नगरपालिकाको समेत खाता संचालन गरी टिकापुर नगरपालिकाको विभिन्न मितिको निर्णयानुसार नगरपालिकावाट समेत दोहोरो पारिश्रमिक खाएको भनी गुनासो सुन्नमा आएकोले यस्तोमा दोहोरो पारिश्रमिक लिनु खानु मिल्छ मिल्दैन ? | २०६२/९/२१ | तलवको रुपमा दोहोरो पारिश्रमिक खान ख्याउन मिल्ने देखिदैन । तर पदस्थापन भएको कार्यालय वाहेक नगरपाकिलामा थप जिम्मेवार दिई काम लगाए वापत उक्त संस्थाले स्थानिय स्वायत्त शासन ऐन र नियमावली वमोजीम दिएको सहुलियतलाई तलब भनी परिभाषित गर्न नहुने । |
| ४१. | कौषी तोषाखाना कार्यालय | मुस्ताङ्गी राजा श्री जिग्मी परवल विष्टको निजी सचिवलाई निजामती सेवाको राजपत्रांकीत तृतिय श्रेणी सरह सुविधा प्रदान गरिदै आएको सन्दर्भमा निज सचिवलाई निजामती सेवाको सोही श्रेणीका कर्मचारीले प्राप्त गरे सरह २०६१ माघ १ गते देखी २०६२ आषाढ मसान्त सम्म शुरु तलबको विशेष भत्ता प्रदान गर्न र मिति २०६२ श्रावण १ गते देखी उक्त भत्तालाई तलवमा गाम्न मिल्ने वा नमिल्ने ? | मिति २०६२/९/१५ अ.मन्त्रालयको निर्णय | मिति २०६१ माघ १ गते देखी २०६२ आषाढ मसान्त सम्म शुरु तलवको २०% विशेष भत्ता प्रदान गर्न र मिति २०६२ श्रावण १ गते देखि उक्त भत्तालाई तलवमा गाभी तलवमान कायम गरि दिने । |

# २. भत्ता

| क्रम संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | को.ले.नि.का.चामे मनाङ | मनाङ जिल्लाको सदरमुकाम चामेदेखि ठीक छ (६) कोस दूरीमा हेल्थपोष्ट र ठीक १२ कोष दूरीमा नार, हेल्थपोस्ट रहेको छ, त्यहा कार्यरत पियनलाई क्रमश ६ कोष भित्रै काम गरेको मानी स्थानीय भत्ता रु.२२५०।- दिने कि ६ कोष वाहिरको मानी रु.२३६५।- दिने वा १२ कोष भित्र काम गरेको मानी रु.२३६५।- पाउने कि १२ कोष वाहिर काम गरैको मानी रु.२५९०।- पाउने ? | २०५८।१।२५ | स्थानीय भत्ता दिंदा एक आर्थिक वर्षमा निजामती सेवा ऐनको दफा १८ क. वमोजिम काज खटाइएकोमा काज खटाइएको स्थानको भत्ता पाउने हुंदा ती स्थानमा जुन दर प्रचलनमा छ सोही दर ले दिने व्यवस्था गर्ने । |
| २. | विभिन्न को.ले.नि.का.हरु | जिल्ला सदरमुकामस्थित कार्यालयमा दरवन्दी भै सेवा केन्द्रहरुमा वसी काम गर्ने कर्मचारीलाई उक्त वर्गीकरण अनुसार स्थानीय भत्ता दिने वा सेवा केन्द्र रहेको स्थानको दिने हो ।<br>फिल्ड भत्ता :- दरवन्दी रही सेवा केन्द्रमा वसी काम गर्ने कर्मचारीहरुलाई सेवाकेन्द्रवाट ६ कोष टाढा मानी दिने वा कार्यालय रहेको सदरमुकामवाट ६ कोष कायम गरी प्रमाण ल्याई दिने ? | अर्थ मन्त्रालयको मिति २०५८/११/१४ को पत्रानुसार | निजामति सेवा ऐनको दफा १८ क. वमोजिम काज खटाउदा कार्यालयले १ वर्षमा ३ महिनासम्म काजमा खटाउन सक्ने र सो भन्दा वढी अवधि सामान्य प्रशासन मन्त्रालयको स्वीकृति लिन पर्ने व्यवस्थाले कर्मचारीको पदाधिकार सम्वन्धमा निम्न आधारअपनाई फिल्ड भत्ता दिने ।<br>(क) १८ क. वमोजिम काजमा रहेको अवधिमा फिल्ड भत्ता दिने प्रयोजनको लागि काज रहेको कार्यालयको आधारमा दुरी कायम गरी फिल्ड भत्ता दिने ।<br>(ख) १८ क. बमोजिम काजमा नरहेमा पदाधिकार रहेको कार्यालयवाट फिल्ड भत्ता दिने दुरी कायम गरी फिल्ड भत्ता खुवाउने । |
| ३. | को.ले.नि.का. पर्सा | आ.व.०५७/५८ को वजेट वक्तव्यमा तथा अर्थ मन्त्रालयको ०५७/१/१ को परिपत्रमा भत्ता व्यवस्था नभएको हुंदा राष्ट्रिय अनुसन्धान कार्यालयका कर्मचारीको इन्टेलिजेन्स भत्ता पाउने नपाउने ? | ०५८/४/९ | कुनै पनि भत्ता दिन नमिल्ने । |
| ४. | सूचना तथा संचार मन्त्रालय | ना.सु. गणेश घिमिरे र हल्कारा सगुन श्रेष्ठ भ्रष्टाचार मुद्दामा निलम्बनमा पर्नु भएकोमा उक्त मुद्दा खारेज भै निलम्वन समाप्त भएकोले निजहरुलाई सो अवधिको स्थानीय भत्ता दिन मिल्ने, नमिल्ने ? | ०५९।५।१९ | निजामती सेवा नियमावली २०५० अनुसार स्थानीय भत्ता पाँउने स्थानमा वसी काम गरेको भएमा मात्र स्थानीय भत्ता पाँउने व्यवस्था भएको हुदां निलम्वन भएको अवधिमा स्थानीय भत्ता दिन नमिल्ने । |
| ५. | को.ले.नि.का. धादिङ्ग | काजमा खटिदा, विदामा बस्दा र तयारी म्यादको स्थानिय भत्ता दिन मिल्ने नमिल्ने ? | ०६०।३।२ | नि.से.ऐनको दफा १८क. वमोजिम काज खटाइएकोमा ती स्थानमा जुन दर छ सोही दरले भत्ता दिने । विदा बस्दाको अवधिको लागि अर्थ मन्त्रालयको मिति २०५७।५।१ को परिपत्रानुसार नै हुनु पर्ने । स्थानीय भत्ता ( तयारी म्यादको विषयमा) साविक कार्यालयवाट खर्च लेख्नु पर्दा तयारी म्याद साविक कार्यालयमै विताएको प्रमाणित गर्नुपर्ने |
| ६. | को.ले.नि.का. ओखलढुंगा | (१) पुनरावेदन अदालत तथा जिल्ला अदालतका न्यायाधिशहरुको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्त सम्वन्धी ऐन, २०४८ को १३(६) मा सरुवा भै वहाल रहने अदालतबाट सरुवा भई आउदाको दैनिक भ्रमण भत्ता रकम(परिवार समेतको) | ०६०।५।१७ | (१) न्यायाधीसहरुको हकमा न्यायाधिसहरुले पाउने पारिश्रमिक तथा अन्य शर्त सम्वन्धी ऐन २०४८ मा दै.भ्र.भ. समेत व्यवस्था भएकोले सोही ऐन अनुसार गर्ने र<br>(२) माननीय न्यायाधीस कार्यालयमा हाजीर रहेको अवस्थामा स्रेस्तेदारको निमित्त भै काम |

| | | | | |
|---|---|---|---|---|
| | | भुक्तानी पाउने व्यबस्था भएकोले आ.प्र. सम्बन्धी नियमावली र नेपाल ऐन संग्रह खण्ड–१ को उक्त ब्यहोरा फरक पर्न गएकोले खर्च लेखेको रकम आ.ले.प. गर्दा खर्च समर्थन गर्न द्धिबिधा पर्न गएकोले उक्त खर्च सम्बन्धी कुन खर्चलाई मान्यता दिने ।<br>(२) माननिय जिल्ला अदालतका न्यायाधिसज्यू हाजिर रहेको अबस्थामा श्रेस्तेदार शाखा अधिकृत बिदा वा काजमा गउको समयमा श्रेस्तेदारको कामकाज गर्ने भनि ना.सु.लाई काम गर्न तोकिएको अबस्थामा श्रेस्तेदारको (शा.अ.) को निमित्त भत्ता ना.सु.ले भुक्तानी पाउने हो वा होईन | | गर्ने व्यक्तिले फाँटवालाको हैसियतमा निमित्त भत्ता दिन नमिल्ने । |
| ७. | को.ले.नि.का.हरु | चिकित्सक भत्ता निमित्त भै काम गर्ने स्तरवृद्धि गरिएका र तहमिलान गरिएका माथिल्लो योग्यताको प्रमाणपत्र भएकै आधारमा यस्तो सुविधा दिन मिल्ने वा नमिल्ने ? हालको मितिमा स्तर वृद्धि गरी अगाडीको मिति देखि नै लागु हुने गरी ग्रेड दिन मिल्ने नमिल्ने ? | २०६१।४।१ मा परिपत्र जारी | चिकित्सक भत्ताको व्यवस्था मे.अ.डे.अ. कविराज र ए.वि.अ.लाई मात्र व्यवस्था गरेको देखिएकोले निमित्त भैकाम गर्ने स्तर वृद्धि गरिएका तह मिलान गरिएका तल्लो सहायक पदमा कार्यरत भए पनि माथिल्लो योग्यताको प्रमाणपत्र भएको आधारमा यस्तो सुविधा दिन नमिल्ने र हालको मितिमा स्तरवृद्धि गरी २०५४।२।१४ देखि लागू हुने गरी जेष्ठता गणनाको लागि स्तर वृद्धि गरिएतापनि तलब वा ग्रेडको सम्वन्धमा वढुवा वा स्तरवृद्धिको निर्णय भएको मितिबाट मात्र दिन मिल्ने । |
| ८. | को.ले.नि.का.खोटाङ्ग | जिल्ला विकास समितिमा स्वयंसेवक (इन्जनीयर) काम गर्ने गरी तोकि पठाएको व्यक्तिलाई जिल्ला प्राविधिक कार्यालयमा निमित्त भै काम गर्न पत्र दिएकोले कार्यालयको संगठन संरचना भन्दा वाहिरको स्वयंसेवक/ कर्मचारीलाई निमित्त दिन मिल्छ मिल्दैन ? | ०६०।४।१ | स्वयंसेवक (इन्जिनीयर) को काम गर्न तोकिपठाएको व्यक्तिलाई निमित्त भत्ता दिने व्यवस्था नभएको र संगठन भन्दा बाहिरको व्यक्तिले तलब नै नपाउने हुँदा एक तह माथिको तलब दिन समेत नमिल्ने । |

# ३. दैनिक तथा भ्रमण भत्ता

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | राष्ट्रिय योजना आयोगको सचिवालय | (१) वहालवाला सरकारी कर्मचारीहरु विदेशी छात्रवृत्ति अन्तर्गत विदेश अध्ययनमा जादा र फर्कदा फुटकर खर्चवापत केही रकम श्री ५ को सरकारले वयहोर्न मिल्छ वा मिल्दैन ? मिल्दछ भने के कस्ता रकम मात्र व्यहोर्न मिल्ने हो ? सो सुविधा एउटै अध्ययन अवधीमा कति पल्ट सम्म उपलब्ध हुन सक्दछ ?<br>(२) वहालवाला कर्मचारी विदेश तालिममा जादा र फर्कदाको के कस्तो फुटकर खर्च श्री ५ को सरकारले व्यहोर्न सक्छ ? | ०५४/११/१९ | (१) आर्थिक प्रशासन सम्वन्धी निर्णयसार संग्रह २०५४ मा विदेशी सरकार वा संस्थावाट दिइने छात्रवृत्तिमा ट्याक्सी खर्च समेत पर्ने हुँदा त्यसको लागि छुट्टै विदेशमा चढेको ट्याक्सी खर्च दिन नमील्ने ।<br><br>(२) हवाइउडान करको हकमा सम्वन्धित विदेशी संस्थाले उक्त कर व्यहोरेको छैन भन्ने प्रमाण र कर्मचारीले तिरेको रसिद पेश गरेमा उडानकर फिर्ता दिनुपर्ने । |
| २. | सूचना तथा संचार मन्त्रालय | सूचना तथा संचार मन्त्रालयका उप-सचिवद्वय श्री सूर्य प्र सिलवाल र वीणा प्रधान यस मन्त्रालयको मिति २०५६।१।६ को निर्णय अनुसार सिंगापुरमा संचालित इन्फरमेशन एण्ड टेक्नोलोजी पोलिसी सम्वन्धी थर्ड कन्ट्रि ट्रेनिङ्ग कार्यक्रममा मनोनयन भै सो कार्यक्रममा भाग लिन जाँदा सम्वन्धीत राष्ट्रबाट सवै खर्च व्यहोर्ने श्री ५ को सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने निर्णय भएको तर सम्वन्धीत राष्ट्रबाट कार्यक्रम संचालन भएको दिनको मात्र पकेट खर्च दिएको हुँदा उक्त कार्यक्रममा भाग लिन जाँदा र फर्कदाको आते जाते १.५ दिनको दै.भ्र. भत्ता रकम पाउ भनी निवेदन दिएको हुँदा उक्त रकम भुक्तानी दिन मिल्ने नमिल्ने ? | ०५९/३/७ | प्रचलित आ.प्र.सम्वन्धी नियमहरु अनुसार उल्लेखित अवस्थामा प्रचलित दरले दैनिक भत्ता पाउने देखिन्छ तर मनोनयन गर्दाको निर्णयमा श्री ५ को सरकारलाई कुनै पनि व्ययभार नपर्ने भन्ने उल्लेख भएको सन्दर्भमा आधिकारिक निर्णयबाट अर्थ मन्त्रालयको स्वीकृति लिई यस्तो रकम भुक्तानी लिन वाधा नपर्ने । |
| ३. | उद्योग मन्त्रालय | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत स्थापित औद्योगिक व्यवस्था विकास प्रतिष्ठानका प्रवर्द्धन अधिकृत श्री रमेश पुरीको मिति १३ जुलाई देखि ३१ जुलाई १९९८ सम्म फिलिपिन्सको मनिलामा ए.पि.ओ.द्वारा संचालित Devlopment of Productivity Specilist विषयक तालिममा भाग लिन जाँदा जुगा भत्ता माग गर्नु भएकोमा निज श्री ५ को सरकारको स्थायी कर्मचारी नभएको र कम्पनी ऐन अन्तर्गत स्थापित प्रतिष्ठानमा कार्यरत अधिकृतले श्री ५ को सरकारबाट लुगा भत्ता भुक्तानी लिन मिल्छ मिल्दैन ? | ०५६/३/१८ | दैनिक भ्रमण भत्ता नियमावली, २०३० को नियम १८ मा गैर सरकारी वा अर्ध सरकारी वा अरु त्यस्तै व्यक्तिलाई दिइने लुगा भत्ता सम्वन्धमा उपनियम (२) मा लुगा भत्ता दिनु पर्ने भएमा यो तहको कर्मचारीले पाए सरह लुगा भत्ता समेत दिइनेछ भन्ने कुरा स्पष्ट खोली श्री ५ को सरकारको निर्णयको लागि पेश गर्नु पर्नेछ भन्ने उल्लेख भएकोले श्री ५ को सरकारबाट निर्णय भैसकेको भएमा सोहि अनुसार लुगा भत्ता दिन सकिने, निर्णय भै नसकेको भए श्री ५ को सरकारबाट निर्णय भएपछि मात्र भुक्तानी दिन सकिने । |
| ४. | वाणिज्य मन्त्रालय | पूर्व. मा. मन्त्री फत्तेसिंह थारु ज्यू, आइटाडको नवौं वैठकमा भागलिन काठमाण्डौंबाट जोहन्सवर्गमा भाग लिई काहिरो हुँदै काठमाण्डौं पहुँच भै १३ दिनको नेता भत्ता वापत ५० प्रतिशत ले ६.५ दिनको US $ ६७२।५० को हुने रु. ४२,५४७।५० स्वीकृति भएकोमा महालेखा परिक्षकको विभागबाट ५ दिनको नेता भत्ता वाहेकको नेता भत्ता २५,११०।- नियमित नभएकोले नियमति हुनुपर्ने गरी लगत कायम गरी श्रीमान् सचिवबाट मिति | ०५६/४/२४ | मन्त्रिपरिषदको निर्णयमा ५ दिनको नेता भत्ता बापत रु. १७५८७।५० मात्र पाउने उल्लेख भएको देखिँदा सो भन्दा वढी हुने गरी नेता भत्ता दिन नमिल्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | ०५५।३।१५ मा नियमित सदर भएकोले संपरिक्षणार्थ म.ले.प.को विभागमा मिति २०५५।३।१७ मा अनुरोध गरिदा माननीय मन्त्रीको खर्च सचिबबाट नियमित गर्न मिल्ने नदेखिएकोले सं.प. गर्न मिलेन भनी उल्लेख भएको । | | |
| ५. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय - लोकसेवा आयोग) | आ.प्र. नियमावली, २०५६ को नियम १७१ - घ) अनुसार फुटकर खर्च बापतको रकम काठमाण्डौं देखि लम्जुङ्ग वेसी शहरसम्म वसबाट र वेशी शहरबाट मनाङ्गको चामे पैदल हिड्दाको नियम १७१ (ङ) वमोजिम भरिया खर्च समेत दावी गरिएकोमा फुटकर खर्च र भरिया खर्च दुवै पाउने हो वा सो मध्ये कुनै एक मात्र पाउने हो ? | ०५६/६/१० | पैदल भ्रमण गर्नुपर्ने र सवारी साधन पनि प्रयोग गर्ने दुई भिन्न भिन्न अवस्था भएकोमा दुवै अवस्थाका खर्च पनि भिन्न अवस्थामा अनिवार्य रुपमा गर्नुपर्ने हुँदा भरिया खर्च लिएको अवस्थामा फुटकर खर्च नपाउने र फुटकर खर्च लिएको अवस्थामा भरिया खर्च नदिने तर एउटै व्यक्तिले तोकिएको स्थानमा पुग्न पैदल भ्रमण र सवारी साधन पनि प्रयोग गर्नुपर्ने अवस्थामा दुवै किसिमको खर्च पाउने । |
| ६. | श्री ५ को सरकार (मन्त्रिस्तरिय) | श्रेणी विहीन सवारी चालक र पियनको दैनिक भ्रमण भत्ता र अन्य सुविधा सम्वन्धमा | ०५६/८/६ | सवै श्रेणीका राजपत्र अनंकित कर्मचारीलाई दै.भ्र.भत्ता प्रयोजनको लागि “ग” वर्गमा समावेश गरिएकोले श्रेणी विहीन हल्का तथा भारी सवारी चालकलाई पनि “ग” वर्गमा समावेश गरी उक्त वर्गको निम्ति तोकिएको दैनिक भ्रमण भत्ता र अन्य सुविधा दिने । “घ” वर्गमा समावेश भएको श्रेणी विहीन कर्मचारी सरुवा बढुवा भै जाँदा नियम १७१ को उपनियम (२) को खण्ड -ग) वमोजिमको सुविधा दिने । |
| ७. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | घरेलु तथा साना उद्योग विकास समिति गोरखाका वरिष्ठ उद्योग अधिकृत श्री राजेन्द्र मिश्रलाई माननीय राज्य मन्त्रीज्यूको निजी सचिवालयमा काम काज गराउदाको दै.भ्र.भ.दिने सम्वन्धमा आ.प्र सम्वन्धी नियमावली, २०५६ को परिच्छेद १६ मा व्यवस्था भए वमोजिमको दै.भ्र.भ. दिन मिल्छ कि मिल्दैन ? | ०५६/११/२४ | वरिष्ठ घरेलु उद्योग अधिकृत श्री राजेन्द्र मिश्रलाई महिला तथा समाज कल्याण राज्य मन्त्रीज्यूको निजी सचिवालयमा काजमा राखी काम काज लगाएकोमा निजले नियमानुसार काज भत्ता पाउने भए सम्वन्धित विकास समितिको वजेटबाटै भुक्तानी दिने । |
| ८. | को.ले.नि.का. सुर्खेत | उप रजिष्टार दील वहादुर शाहीको सुर्खेतबाट इलाम सरुवा हुँदा आफू र परिवार समेत ४ जनाको जनही रु. १०००।- फुटकर खर्च र मालसामानको अतिरिक्त तौल ५० के.जी.को दरले जनही ४८७५।- समेत कूल वाँकी रु ५८७५।- फुटकर खर्च र मालसामानको अतिरिक्त तौल जनहीका दरले पाउने हो वा फुटकर खर्च जम्मा १०००।- र मालसामानको अतिरिक्त तौल जम्मा ५० के.जी. को मात्र पाउने हो । | ०५६/८/७ | आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम १७१ वमोजिम पाउने फुटकर खर्च कर्मचारीले मात्र पाउने । परिवारका अन्य सदस्यले नपाउने । अतिरिक्त तौल वापतको रकम सरुवा भै जाने कर्मचारीको परिवारले जनही पाउने नपाउने सम्वन्धमा आ.प्र. नियमावली, २०५६ को नियम १७१ (६) मा सरुवा वा बढुवा भै एक जिल्लाबाट अर्को जिल्ला ठाउँमा जाने कर्मचारीलाई ५० के.जी. अतिरिक्त तौलको भाडा भरौटको सुविधा दिइने छ । भन्ने उल्लेख भएकोले उक्त सुविधा सरुवा भएको कर्मचारीले मात्र पाउने र कर्मचारीको परिवारले जनही नपाउने । |
| ९. | रक्षा मन्त्रालय | नयाँ नियुक्ति हुने कर्मचारीले नियुक्ति वुझ्ेको ठाउँबाट नियुक्ति भएको पदमा बहाल गर्न जाँदा कर्मचारीको परिवारलाई दै.भ्र. भ. दिन मिल्ने वा नमिल्ने ? | ०५६/९/१२ | नयाँ नियुक्ति भएको कर्मचारीले परिवार लैजाँदा दैनिक तथा भ्रमण भत्ताको सुविधा पाउने नियमावलीमा व्यवस्था नभएको । |
| १०. | क्षेत्रीय कोष निर्देशनालय, पोखरा | एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाका ६ कोष भन्दा बढी दूरी भएको अर्को कार्यालयमा सरुवा बढुवा वा का.मू. भै जाने कर्मचारीले आफू र आफ्नो परिवार लैजादा परिवारको दै.भ्र.भ. दिन मिल्छ, मिल्दैन ? | ०५६/११/२६ | साविकको कार्यालयबाट रमानापत्र लिई अर्को पदमा खुला प्रतियोगिताबाट नियुक्ति भएका कर्मचारीको अघिल्लो पदको स्थायी नोकरी अवधिको जोडिने हुँदा नयाँ नियुक्ति अनुसार पदस्थापना भएको कार्यालयमा रमाना पत्र सहित हाजिर हुन जाँदा परिवारको दै.भ्र.भ. दिन वाधा नपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | रुपन्देही जिल्ला अदालतबाट हुम्ला जिल्ला अदालत सरुवा भएका न्यायाधीश रामचन्द्र राईले ३ दिन हवाई टिकट नपाई नेपालगञ्ज मुकाम गरेको भनी दैनिक भत्ता दावी गर्नु भएको छ । यसरी मुकाम रहँदाको अवधिको दैनिक भत्ता पाउने, नपाउने ? पाउने भए साविक कार्यालयमा वा हालको कार्यालयबाट पाउने तथा मुकाम अवधिको दैनिक भत्ता परिवारले पाउने नपाउने ? | | रुपन्देही- हुम्ला सिधा हवाई सम्पर्क नभएको हुँदा नेपालगञ्जबाट हुम्ला जान हवाई टिकट नपाई ३ दिन नेपालगञ्ज वस्नु परेको भनी सो अवधिको दैनिक भत्ता माग गरेको देखिदा हवाई टिकटको भुक्तानी माग गरेको भए मिति २०५६।८।१० को परिपत्र अनुसार नपाउने हुन्छ तर उक्त दिनको दैनिक भत्ता माग गरेको देखिंदा हवाई टिकट विक्री गर्ने निकायले टिकट उपलब्ध नभएको जे जस्तो स्थिति छ सो प्रमाणित गरिदिने व्यवस्था भएको हुँदा टिकट नपाएको प्रमाणित भएमा र सम्वन्धित निकायकै उपल्लो निकायको समर्थन भएमा त्यस्तो अवधिको दैनिक भत्ता कर्मचारीले मात्र पाउन सक्ने र सो वापतको खर्च हालको कार्यालयबाट लिई साविकको कार्यालयबाट सोधभर्ना गर्ने । |
| ११ | क्षेत्रिय कोष निर्देशनालय पोखरा | (१) जि.शि.का., कास्किबाट अन्यत्र सरुवा भै गएको वि.नि. श्रीमती चन्द्र कुमारी थापाले सगोलका आफ्ना सासु, ससुरा समेत साथमा लगेको प्लेन टिकट समेत संलग्न गरी दै.भ्र.भ. दावी गर्नु भएकोले सासु, ससुराको दै.भ्र.भ. भुक्तानी दिन मिल्छ, मिल्दैन ? र सगोलमा रहेकी सौतेनी आमालाई परिवारको दै.भ्र.भ.भुक्तानी दिन मिल्छ मिल्दैन ? | ०५६/१०/१३ | (१) महिला कर्मचारीले आफ्नो वावु आमा वा सासु ससुरालाई साथमा लैजान पाउने वा नपाउने भन्ने र सगोलमा रहेकी सौतनी आमालाई परिवारको दै.भ्र.भत्ता भुक्तानी दिने सम्वन्धमा नि.से.ऐन, २०४९ मा भएको परिवारको परिभाषाभित्र परेका सौतेनी आमा र महिला कर्मचारीकोहकमा सासु ससुरालाई पनि सुविधा दिन मिल्ने तर यसरी सुविधा दिंदा आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम १७१(५) मा उल्लेखित संख्या भन्दा बढीले नपाउने । |
| | | (२) विकास तर्फका अस्थायी कर्मचारीहरुको पनि सरुवा भै दै.भ्र.भ. दावी भै आएकोले यस्ता कर्मचारीहरुलाई भुक्तानी दिन मिल्छ मिल्दैन ? | | (२) विकास तर्फका अस्थायी कर्मचारीहरुको दै.भ्र.भ. सम्वन्धमा आ.प्र. सम्वन्धी निर्णयसार संग्रह २०५४ को सि.नं.३.६८ वमोजिम गर्ने । |
| | | (३) कुनै कर्मचारीलाई कार्यालय रहेको स्थान भन्दा कुल ६ कोष वाहिर जिल्लाभित्रै काजमा खटाइएकोमा वसबाट यात्रा गरी वस चल्ने स्थानसम्मबाट ६ कोष भन्दा घटी पैदल यात्रा गर्नुपर्ने अवस्थामा रात विताउनु पर्ने गरी काजमा खटाइएकोमा दैनिक भत्ता दिन मिल्छ मिल्दैन ? | | (३) कुनै कर्मचारीलाई कार्यालय रहेको स्थानभन्दा कुल ६ कोष बाहिर जिल्लाभित्रै काजमा खटाइएकोमा वसवाट यात्रा गरी बस चल्ने स्थान( मोटरहेड) बाट ६ कोष भन्दा घटी पैदल यात्रा गर्नुपर्ने अवस्थामा रात विताउने गरी काज खटाइएकोमा दैनिक भ्रमण भत्ता भुक्तानी दिने सम्वन्धमा आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम १६८ (६) को प्रतिवन्धात्मक वाक्यांसलाई समेत ध्यान दिनुपर्ने हुँदा सार्वजनिक यातायात संचालन हुने ठाउँबाट ६ कोष भन्दा बढी वा वाहिर पैदल हिड्नु पर्ने अवस्थामा मात्र दैनिक भत्ता दिन मिल्ने । |
| | | (४) सरुवा बढुवा भै एक जिल्लाबाट अर्को जिल्ला वा ठाउँमा जाने कर्मचारीहरुलाई पचास किलोग्राम अतिरिक्त तौलको भाडा भरौटको सुविधा दिइने व्यवस्था भएकोमा प्लेनबाट यात्रा गर्नेमा मालसामानको भाडा दर निर्धारण भएको हुँदा सोही अनुसार भुक्तानी दिइएको तर बसबाट यात्रा गर्दा मालसामान ढुवानीको भाडा दररेट वस व्यवसायी समितिबाट निर्धारण नहुने र वसमा यात्रा गर्ने क्रममा मालसामानको प्रकृति र तौल अनुसार मौखिक रुपमा तोकिए वमोजिमको भाडा तिर्नु पर्ने अवस्था भएकोले सरुवा भै जाने कर्मचारीहरुलाई | | (४) बसबाट यात्रा गर्दा अतिरिक्त तौलको मालसामान ढुवानीको भाडा दर रेट सम्वन्धमा श्री ५ को सरकार वा वस व्यवसायी संघ संस्थाबाट निर्धारित दररेट सो नपाए ज्याला दररेट निर्धारण समितिबाट निर्णय गराई तोकिएको दरमा भुक्तानी दिने । |

| | | | | |
|---|---|---|---|---|
| | | यात्रा गर्नु पूर्व अतिरिक्त तौलको भाडा भरौटको सुविधा दिन द्विविधा भएको । | | |
| | | (५) कुनै कर्मचारी जुनसुकै कारणबाट सरकारी सेवाबाट अलग भै घर फर्कनु परेमा निज जुन दर्जाबाट सेवा अलग भएको हो सोही दर्जा अनुसारको दै.भ्र.भ. र निजको परिवारको पाउने दै.भ्र.भ. र भरिया खर्च पनि दिइनेछ भनी उल्लेख भएकोमा फुटकर खर्च वापत रकम पाउने वा नपाउने ? | | (५) फुटकर खर्च पनि दैनिक भ्रमण भत्ताकै अंश भएकोले भरिया खर्च नलिएको अवस्थामा फुटकर खर्च दिन मिल्ने । |
| १२. | नं.११ वाहिनी अड्डा | सरकारी कामको लागि १५ दिनको भन्दा बढी विदेश भ्रमणमा जाने पदाधिकारीहरुलाई दैनिक भत्ता दिंदा आर्थिक प्रशासन सम्वन्धी नियमको परिच्छेद १६ सँग सम्वन्धी अनुसूची वमोजिम दिन मिल्छ वा साविक नियमको श्री ५ को सरकार, अर्थ मन्त्रालयको सूचना वमोजिम गर्ने । | ०५६/१२/२४ | तालिमको निम्ति भए अर्थ मन्त्रालयको २०३८।३।१८ को सूचना वमोजिमको र आ.प्र.स. नियमावली, २०५६ मा उल्लेख भए अनुसारको कार्यमा भए सोही नियमावलीको दैनिक भत्ता पाउने । |
| १३. | को.ले.नि.का. डोल्पा | "क" वर्गको भौगोलिक क्षेत्रमा भ्रमण गर्दा सो क्षेत्रको ७५ प्रतिशत थप र सोही क्षेत्रको जिल्लाको जिल्ला सदरमुकामको २५ प्रतिशत थप गरी सत प्रतिशत थप दै.भ्र.भ. पाउने वा नपाउने । | २०५६/१२/२४ | विभिन्न वर्गको लागि छुट्ट्याइएको वर्ग अनुसारको प्रतिशतको दैनिक भत्ता र जिल्ला सदरमुकाममा २५ प्रतिशत वा नगरपालिका क्षेत्र भए नगरपालिकामा ३५ प्रतिशत दैनिक भत्ता पाउने । |
| १४. | अर्थ मन्त्रलाय | नापी तालिम केन्द्रमा तालीम लिईरहेका प्रशिक्षार्थिहरुलाई पुरै तालीम अवधिभर दै.भ्र.भ. तथा तालिम भत्ता दिने । | ०५६/११/२४ | १६ महिना लामो तालिममा दै.भ्र.भ. दिन उपयुक्त नहुने र आर्थिक दृष्टिकोणबाट पनि औचित्यपूर्ण नदेखिने हुँदा तालिम भत्ता दिने तर्फ कारवाही अगाडि बढाउने । |
| १५. | क्षेत्रीय कोष निर्देशनालय, मोरङ्ग | अन्यत्रबाट सरुवा भै आउँदाको परिवारको दै.भ्र.भ. नखाएको/ नलिएको कारणबाट हालको सरुवामा प्रमाणित हुने १८९ फारममा भुक्तानी रकम गो.भा.नं. आदि प्रमाणित नभै प्रथम पटक परिवार संख्या मात्र प्रमाणित भएको अवस्थामा सो सरुवा हुने कर्मचारीलाई परिवार सहितको दै.भ्र.भ.दिन मिल्ने नमिल्ने ? | ०५६/११/२६ | सम्वन्धित कर्मचारीले लैजाने परिवारको नाम नामेसी तथा नाता सम्वन्ध म.ले.प.फा.नं. १८९ (परिवारको दैनिक भ्रमण भत्ता सम्वन्धी अभिलेख) मा स्पष्ट खुलाउनुपर्छ । यसरी खुलाई रमाना हुने कार्यलयको प्रमुखबाट म.ले.प.फा.नं. १८९ प्रमाणित भएमा आ.प्र. सम्वन्धी नियमावली, २०५६ अनुसार भुक्तानी दिन मिल्ने । |
| १६. | सूचना तथा संचार मन्त्रालय | आफ्नो परिवार आफ्नो घर भएको जिल्ला तनहुँदेखि काठमाण्डौं सम्म ल्याउदाको वसभाडा दोव्वर भुक्तानी गरिएकोमा प्लेनको सट्टा वस प्रयोग गरेमा मात्र दोव्वर बस भाडा दिन मिल्ने भनि म.ले.प.वेरुजु भएकोमा दोव्वर बसभाडा दिन मिल्ने नमिल्ने । | ०५६/११/२७ | आ.प्र. सम्वन्धी नियमावली २०५६ को व्यवस्था लागू हुने । |
| १७. | कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटा | रासन खाने कर्मचारी सरकारी कामको सिलसिलामा काजमा खटिंदा पाउने दैनिक भत्ता सम्वन्धमा आ.प्र. सम्वन्धी नियमावलीमा केही उल्लेख नभएको हुँदा त्यस्ता कर्मचारीलाई काजमा खटाएको अवधिको दैनिक भत्ता के कसरी भुक्तानी दिने ? | ०५६/१२/३ | काजमा खटिएको अवधिमा राशनको सट्टा आ.प्र. सम्वन्धी नियमावलीमा उल्लेखित दरमा दैनिक तथा भ्रमण भत्ता दिन सकिने र त्यसरी काजमा खटिएको कर्मचारीको रेकर्ड राखी राशनको विल भुक्तानी गर्दा दैनिक भत्ता पाएको अवधिको राशन कट्टा गरेको व्यहोरा जनाउने व्यवस्था मिलाउने । |
| १८. | क्षेत्रीय कोष निर्देशनालय, काठमाण्डौं | जिल्ला न्यायधीश श्री नवराज उपाध्यायको दैनिक भ्रमण भत्ता सम्वन्धी विल रकम एकिन गरी पठाइएकोमा न्यायाधिशहरुको सेवा शर्त सुधिवा सम्वन्धी ऐन, २०४८ ले पहिले खाइपाई आएको सुविधामा घटवढ नहुने संवैधानिक निश्चितताालाई समेत उपेक्षा गरेका कारण दर्शाई दैनिक तथा भ्रमणभत्ता लिन अस्वीकार गरेको सम्वन्धी निवेदन प्राप्त भएको हुँदा आर्थिक प्रशासन सम्वन्धी नियमावली अनुसार वा | ०५७/२/१८ | पुनरावेदन तथा जिल्ला न्यायाधिशहरुले पाउने पारिश्रमिक सुविधा तथा अन्य शर्त सम्वन्धी ऐन, २०४८ मा दैनिक भ्रमण भत्ताको समेत व्यवस्था भएकोले उक्त ऐन अन्तर्गत पाउने सुविधाहरु आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ सँग फरक पर्ने र ऐनले पेश्की दिने व्यवस्था गरेकोले न्यायधिशहरुको हकमा सोही ऐन अनुसार गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | पदाधिकारीको सेवा शर्त सुविधा सम्वन्धी ऐन अनुसार गर्नुपर्ने हो ? | | |
| १९. | कोष तथा लेखा नियनत्रक कार्यालय, पर्वत | आफ्नो स्थायी ठेगानाबाट पहिले कार्यालयमा नल्याई दोश्रो कार्यालयमा घर ठेगानाबाट सिधै परिवार ल्याएको दै.भ्र.भ., अतिरिक्त तौल भाडा र फुटकर खर्च पाउने वा नपाउने । | ०५७/३/२१ | सरुवा भै गएको अवस्थामा कर्मचारीको स्थायी ठेगानाबाट परिवार ल्याउदाको पाउने दैनिक तथा भ्रमण भत्ता र तत्सम्वन्धी सुविधा दिन नियमले वाधा पुऱ्याइने देखिदैन । तसर्थ कर्मचारीले आफ्नो परिवार हालको कार्यालयमा हाजिर भएपछि ल्याएको हुँदा हालकै कार्यालयबाट भुक्तानी दिनुपर्ने । यसरी भुक्तानी दिनु पर्ने रकम यकिन गर्नको लागि सम्वन्धित कार्यालयले कर्मचारीबाट फाँटवारी लिई तोकिएको ढाँचामा भरी जाँचवुझ गरी सम्वन्धित को.ले.नि.का.बाट यकिन भै आए वमोजिम दिने । |
| २०. | क्षेत्रीय कोष निर्देशनालय, पोखरा | डा. कौशल किशोर लालले सरुवा भै जाँदाको आफ्नो र परिवार सहितको पोखरादेखि सुर्खेतसम्म वसबाट यात्रा गर्ने गरी दै.भ्र.भ. रकम भुक्तानी लिइसकेकोमा पछि निजले वा.अ.भ्ह. ५४२२ नं. को सवारीको लगवुक र इन्धन प्रयोगको विल समेत संलग्न राखी पहिले लिइसकेको भ्रमणभत्ता -वसभाडा) कट्टा गरी वाँकी रकम भुक्तानी माग गर्नु भएकोमा सरकारी सवारी साधन प्रयोग भएको अवस्थामा इन्धनको विलको रकम भ्रमणभत्ता वापत उपलव्ध गराउन मिल्ने नमिल्ने र यस्तो सुविधा दिन मिल्ने भए कुन तह (श्रेणी) सम्मका कर्मचारीलाई दिन सकिने हो ? | ०५६/२/१० | श्री ५ को सरकारका राजपत्रांकित प्रथम श्रेणी र सो भन्दा माथिका श्रेणीका कर्मचारीहरुको सरुवा हुँदा सरुवा हुने कर्मचारीको हालको कार्यालयको सवारी साधन प्रयोग गरेकोमा सो वापत लागेको खर्च सम्वन्धित कार्यालयकै विनियोजित वजेटबाट व्यहोर्न मिल्ने तर अन्य भ्रमण खर्च सम्वन्धित कर्मचारीले लिन नपाउने । |
| २१. | कृषि मन्त्रालय | मन्त्रालयका स.वा. वि.अ.श्री प्रेम वहादुर ओली जि.कृ.वि.का., कालिकोट सरुवा हुनु भएको र आफु हाजिर हुन जाने कममा आफु सहित परिवारको चाहिने दै.भ्र.भ.माँग गर्नु भएको सम्वन्धमा निजले घरवाट काठमाण्डौ नल्याएको परिवार काठमाण्डौवाट सरुवा भएको कार्यालयमा लैजान पाउने / नपाउने ? घरवाट सरुवा भएको कार्यालयमा लैजादा हालको कार्यालयवाट दै.भ्र.भ.दिनु पर्ने हो वा सरुवा भै गएको कार्यालयवाट दिनु पर्ने ? | ०५७/४/११ | आ.प्र. नियमावली, २०५६ को नियम १७१(१) अनुसार एक जिल्लालाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयवाट ६ कोष भन्दा वढी दूरी भएको अर्को कार्यालयमा सरुवा भै जाने कर्मचारीले आफु र आफ्ना परिवारले पाउने दैनिक तथा भ्रमण भत्ता वापतको रकमको फाँटवारी तोकिएको ढांचामा साविक कार्यालयमा पेश गर्नु पर्ने छ भन्ने उल्लेख भएको छ । सरुवा भै जाने कर्मचारीले नियमानुसार पाउन सक्ने रकमको लागि फांटवारी भरी साबिक कार्यालयमा पेश गर्नु पर्ने भएकोले त्यसरी पेश भएका कागजात सम्बन्धित का .प्र .बाट जांचबुझ गरी प्रमाणित भैसके पछि सो को आधारमा नियमानुसार पाउनु पर्ने रकम साबिकको कार्यालयबाट भूक्तानी दिनु पर्ने ।<br>स.वा.वि.अ. प्रेम वहादुर ओलीले आफ्नो परिवार शुरु नियुक्ती भएको कार्यालयमा ल्याउँदाको दै.भ्र.भ.माग गरेको नभै सरुवा भै काठमाण्डौवाट कालिकोट जाँदा त्यस्तो अवस्थामा कर्मचारीले आफ्नो साविकको कार्यालयवाट परिवार लैजादाको पाउने दै.भ्र.भ.र तत् सम्वन्धी सुविधा दिन नियमले वाधा पुऱ्याउने देखिदैन । तसर्थ यसरी भुक्तानी दिनु पर्ने रकम यकिन गर्नको लागि सम्वन्धित कार्यालयले कर्मचारीवाट फाँटवारी लिई तोकिएको ढांचामा भरी जांचवुझ गरी सम्वन्धित को.ले.नि.का.वाट यकिन भै आए वमोजिम हालकै कार्यालयवाट भुक्तानी दिनुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| २२. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम १६८(६) मा भएको अवस्था र सोही नियमावलीको नियम १७४ मा भएको व्यवस्थाले निम्न व्यहोरा स्पष्ट गर्न सकेको नदेखिएको ।<br>(१) कुनै सरकारी कर्मचारीको एक स्थानभन्दा वढी स्थान(विभिन्न जिल्ला स्थान) मा आफ्नो वा आफ्नो परिवारको नाममा घर भएमा, ती प्रत्येक घर भएको स्थान वा जिल्लामा काज जाँदा नियम १७४ अनुसार दैनिक भत्ता नपाउनु पर्ने हो कि होइन ?<br>(२) यदि एक स्थान भन्दा वढी स्थानमा आफ्नो वा आफ्नो परिवारको नाममा घर भएका कर्मचारीले स्थायी वसोवास भएको स्थान वाहेक,घर भएका अन्य स्थानमा काजमा जाँदा नियम १७४ आकर्षित नहुने भए,स्थायी वसोवास भएको घर भनी यकिन गर्ने आधार केलाई मान्ने ?<br>(३) काठमाण्डौं उपत्यकाभित्र सार्वजनिक यातायातको साधन चल्ने कुनै पनि स्थान - नगर वा गाँउ) मा अन्य जिल्ला वा स्थानवाट काजमा आउँदा त्यस्ता कर्मचारीको स्थायी घर काज खटिएको स्थान वा कार्यालय रहेको नगरपालिका वा गा.वि.स.क्षेत्र भन्दा वाहिर तर काठमाण्डौं उपत्यका भित्रैकै सार्वजनिक यातायातको साधन चल्ने अन्य कुनै पनि स्थानमा रहेछ भने त्यस्तो कर्मचारीले दैनिक भत्ता पाउने कि नपाउने ? | ०५८/३/१६ | (१) कुनै सरकारी कर्मचारी एक स्थानभन्दा वढी स्थान -विभिन्न जिल्ला ,स्थान) मा आफ्नो वा आफ्नो परिवारको नाममा घर भएको स्थान वा जिल्लामा काज जाँदा नियम १७४ अनुसार दैनिक भत्ता नपाउने देखिदैंन ।<br><br>(२) स्थायी वसोवास भएको घर यकिन गर्ने आधार सम्वन्धमा कर्मचारीको व्यक्तिगत अभिलेखमा उल्लेखित स्थायी ठेगाना मान्नु पर्ने र निजामति कितावखानामा रहेको व्यक्तिगत अभिलेखमा संशोधन भएपछि स्थायी ठेगाना परिवर्तन भएको मान्नु पर्ने ।<br><br>(३) आ.प्र.सम्वन्धी नियमावली, २०५६ को नियम १६८ को (६) को प्रतिवन्धात्मक वाक्यांशमा ………… र सार्वजनिक यातायात चल्ने ठाउँमा ६ कोषभन्दा वढी पैदल हिंडन पर्ने भए यस नियमावली वमोजिम दैनिक भत्ता समेत पाउने छ भन्ने उल्लेख भएवाट दैनिक भत्ता पाउन सार्वजनिक यातायात चल्ने ठाउँमा ६ कोष हिडन पर्ने स्पष्ट गरेको छ । |
| २३. | को.ले.नि.का.पर्वत | तत्कालिन जि.व.अ.राममणी धिताल विदेशमा अध्ययनको लागि जानु भै अध्ययनवाट फर्किएपछि वन विभागमा हाजीर हुनु भएको र विभागवाटै जि.व.का.नुवाकोट हाजीर हुनु जानु भएकोमा निजको रमाना पत्र तयार पारी पठाइएको । निजले आफ्नो परिवार ५ जनालाई पर्वतवाट नुवाकोट लगेको भनी दै.भ्र.भ.भुक्तानीको लागि माँग वमोजिम परिवारको दै.भ्र.भ.दिन मिल्छ, मिल्दैन ? | ०५८/५/१३ | आ.प्र.सम्वन्धी निर्णयासार संग्रह २०५४ को दफा ३.१०० वाट एउटा परम्परा कायम भैसकेकोले सोही वमोजिम जि.व.अ.को परिवार ५ जनाको दै.भ्.भ.भुक्तान दिन नमिल्ने देखिएको । |
| २४. | को.ले.नि.का.धादिङ | प्रशासकीय अदालतवाट पुनर्वहाली हुनु भएका लेखापाल पुरुषोत्तम प्रसाद उपाध्याय पर्सा जिल्ला उप.म.न.पा.१२ वीरगंजवाट धादिङ सम्म परिवार समेत ल्याएकोले पुनरवहाली भएकोमा निजले मात्र दै.भ्र.भ.र फुटकर खर्च पाउने वा परिवार समेतले पाउने ? | ०५८/५/१३ | अदालतवाट पुनर्वहाली भै एक जिल्लावाट अर्को जिल्लामा जानु पर्ने अवस्थामा परिवार समेतलाई दै.भ्र.भ. र फुटकर खर्च भुक्तानी गर्न मिल्ने । |
| २५. | क्षेत्रिय कोष निर्देशनालय, पोखरा | जिल्ला पशुसेवा कार्यालय कास्कीवाट जिल्ला पशुसेवा कार्यालय चितवन सरुवा हुनु भएका डा.ज्ञानेन्द्र हरि सुवेदीले ०५६।१०।७ मा रमाना लिनु भएकोमा दै.भ्र.भ.विल भुक्तानीको लागि ०५७।१२।६ मा विल पेश गरेको हुदाँ विल जाँचगरी रकम यकिन गरी पठाइदिने लेखि आएकोले दै.भ्र.विल पेश सम्वन्धी ३५ दिने हद कायम हुने वा नहुने । विल भुक्तानी दिन मिल्ने नमिल्ने ? | ०५८/५/७ | आ.प्र.सम्वन्धी निर्णयसार संग्रह २०५४ को ३.३ मा नियमले पाउने सुविधा लिन समय पावन्दी नभएकाले ढिला माँग भएको नाताले मात्र पाउदैन भन्न नमिल्ने । |

| | | | | |
|---|---|---|---|---|
| २६. | क्षेत्रिय कोष निर्देशनालय विराटनगर | पुनरावेदन अदालत विराटनगरका शा.अ.नेत्र प्रकाश आचार्य विराटनगरवाट भोजपुर सरुवा भै जान दै.भ्र.भ.एकिन भरी दिन माँग गरेको अवस्थामा विराटनगर.. भोजपुर हवाइ सुविधा भएकोमा नियम १७५(३) मा हवाई टिकट पेश गरेमा मात्र सो वापतको रकम भुक्तानी दिइने भन्ने व्यवस्था भएको र नियम १७१ (१३) अनुसार हवाई यातायातवाट यात्रा गर्दा कम खर्चिलो हुने भएमा अधिकार प्राप्त अधिकारीले जुनसुकै तहको कर्मचारीलाई हवाई यातायातको साधन प्रयोग गर्ने आदेश दिन सकने भन्ने व्यवस्था भए अनुसार कम खर्चिलो साधनको दृष्टिकोणले हवाई जहाजको टिकट पेश नगरे पनि -हवाई जहाजकै भाडा) एकीन गरी पठाइएको छ । प्रस्तुत अवस्थामा हवाई टिकट विना नै रकम यकीन गर्दा कम खर्चिलो हुने अवस्था भएको हुँदा त्यस्तो अवस्थामा उल्लेखित नियमावलीको नियम १७५(३) अनिवार्य गर्ने वा नगर्ने ? | ०५८/८/२१ | नियम १६४(१) अनुसार भ्रमण यथासंभव कम खर्चिलो वाटो वा साधनवाट गर्ने गरी तोकिएको कतर्व्य भ्रमण वा काज खटाउने सक्ने अधिकारीको हुने हुँदा कुनै स्थानमा भ्रमण गर्दा पैदल भन्दा हवाई जहाज प्रयोग गर्दा सस्तो पर्ने भएमा सरुवा भैजाने कर्मचारीको हकमा समेत त्यस्ले हवाई जहाजको टिकट पेश नभएमा पनि सोही साधनवाट भ्रमण गर्ने गरी दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरी स्वीकृत गर्ने र कुनै कारणवस सो वमोजिमको भ्रमण खर्च भुक्तानी लिइसकेपछि सो साधन प्रयोग गर्न नसकि अन्य साधन प्रयोग परेमा सो को यथेष्ट प्रमाण संलग्न गरी हालको कार्यालयवाट त्यस्तो फरक रकम भूक्तानी लिन सक्ने । |
| २७. | श्रम तथा रोजगार प्रवर्द्धन विभाग | व्यवसायिक प्रशिक्षणकेन्द्र, ललितपुरवाट संचालित गरिने<br>(क) विभिन्न विषयक शीपमूलक तालिम संचालन गर्न २ जना प्रशिक्षकहरुलाई ६ महिनाको तालिम अवधि भरको निमित्त काभ्रेको पनौती नगरपालिकासंग भएको संझौता वमोजिम खटाइएको । उक्त निकायवाटै नि : शुल्क स्थानमा खटाइएका प्रशिक्षकहरुले नियमानुसार दै.भ्र.भ. पाउँ भनि निवेदन दिनु भएकोले दैनिक भ्रमण भत्ता दिन मिल्ने नमिल्ने ? | ०५८/११/८ | आर्थिक प्रशासन सम्वन्धी नियमावली ,२०५६ को नियम १६८ (६) को प्रतिवन्धात्मक वाक्यांसमा उपत्यकाको नगर क्षेत्रवाट वाहिर सार्वजनिक यातायात चल्ने ठाउमा भ्रमण वा काजमा खटाउँदा यस नियमावली वमोजिम भ्रमणभत्ता दिन वाधा पर्ने छैन भन्ने उल्लेख भएकोले सोही वमोजिम राय पठाउने । |
| २८. | को.ले.नि.का.सुर्खेत | प्राथमिक विद्यालय पौष्टिक आहार परियोजनाका स्थायी कर्मचारीहरु सरुवा भै जाँदा परिवारको दै.भ्र.भ.एकिन गर्न अप्ठयारो परेकोले उपरोक्त परियोजनाका कर्मचारीहरु सरुवा वढुवा भै जादा परिवारको दै.भ्र.भ.सुविधा दिन मिल्ने नमिल्ने ? | ०५८/९/१३ | म्याद तोकिएको योजनामा काम गर्ने कर्मचारी पनि अस्थायी सरह नै हुँदा आ.प्र.सम्वन्धी नियमावली ,२०५६ को नियम १७१ (१) र (८) वमोजिम को सुविधा परियोजना अवधिभरका स्थायी कर्मचारी सरुवा ,वढुवा भै अन्य जिल्ला जाँदा परिवारको दैनिक तथा भ्रमणभत्ता दिन मिल्ने नदेखिएको । |
| २९. | प्रवन्धरथी विभाग शाही नेपाली जंगी अड्डा | आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम ३९ को उपनियम (८) मा गत वर्षको भूक्तानी दिन वांकी रहेको दै.भ्र.भ.रकम कच्चावारीमा भर्न नपाउने भनी उल्लेख भएकोमा सोही नियमावलीको नियम १७५ को उप नियम (३)मा भुक्तानी दिन वजेट नभएमा अगामी आ.व.को लागि दायित्व सारी पहिलो प्राथमिकता साथ भुक्तानी दिने भनी उल्लेख भएको हुँदा द्विविधा परेको । | ०५९/२/२७ | (क) सरुवा वढुवा कायम मुकायम भै एक जिल्लावाट अर्को जिल्लामा जाँदा पाउँने दै.भ्र.भ.भुक्तानी गर्न चालु आ.व.मा बजेट नभएमा साविक कार्यालयले आगामी आ.व.मा.दायित्व सारी म.ले.प.फा.नं.१८ भरी आगामी आ.व.मा.भूक्तानी गर्न सकिने ।<br><br>(ख) निमय १७५(३) वमोजिम तत्काल हवाई टिकट पेश गर्न नसकिने कर्मचारीले हवाई यातायातको सुविधा लिएमा आफु हाजीर हुने कार्यालयमा हवाइ टिकट पेश गरी सो वापतको भुक्तानी माँग गर्दा साविक कार्यालयवाट लिएको दैनिक भ्रमण विलको प्रमाणित कागजात संलग्न गर्नु पर्नेछ । यसरी हवाई यातायातको टिकट प्राप्त भएमा साविकको भ्रमण साधनवाट भ्रमण गर्दा भूक्तानी भएको रकम र हवाई जहाज प्रयोगवाट हुन आउने यकीन गरी नपुग हुने रकम मात्र सातदिन भित्र कार्यालयले |

| | | | | |
|---|---|---|---|---|
| | | | | सम्वन्धित कर्मचारीलाई भुक्तानी दिनु पर्नेछ । भुक्तानी दिन वजेट रकम नभएमा आगामी आ.व.को लागि दायित्व सारी पहिलो प्राथमिकसाथ भुक्तानी दिनु पर्ने छ ।<br><br>(ग) नियम १७१ वमोजिम सरुवा भै जाने कर्मचारीले साविक कार्यालयवाट तोकिएको भ्रमण गर्न नसकी अर्को भ्रमण साधनवाट भ्रमण गर्नू परेको अवस्थामा सो को पुष्ट्याँई सहित हालको कार्यालयवाट फरक रकम लिन सक्ने गरी मिति २०५८।८।२१ मा निर्णय भै परिपत्र समेत भैसकेको हुँदा त्यस्तो रकम भुक्तानी गर्न हालको कार्यालयमा वजेट नभएमा सो समेत म.ले.प.१८ भरी आगामी आ.व.मा भुक्तानी गर्न सकिने साथै यसरी पाउने दैनिक भ्रमणभत्ता दायित्व सिर्जना गर्नु पर्ने पूर्व सम्वन्धीत को.ले.नि.का.वाट यकिन गरीसकेको हुनुपर्ने । |
| ३०. | को.ले.नि.का. रुपन्देही | आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को निमय १७१(३) (क) अनुसार दै.भ्र.भ.विल रकम एकिन गर्दा नियम १७५(२) अनुसार मागपत्र र स्वीकृत पत्र देखि वाहेक अरु वील भरपाई पेश गर्नु पर्ने छैन भन्ने उल्लेख भएकोले वसभाडाको दर रेट एकिन गर्दा यातायात व्यवस्था विभागवाट गोरखापत्रमा सूचना प्रकासित गरी तोकिएको दर रेट अनुसार नै एकीन गर्ने गरिएको तर यातायात व्यवसायीहरुले यातायात व्यवस्था विभागले तोकेको दर रेट भन्दा वढी वसभाडा लिई टिकट विकी गरेको पाइन्छ । त्यस्ता टिकटलाई मान्यता नदिई यातायात व्यवस्था विभागले तोकेको दर रेटलाई आधार मानी एकीन गर्दा कार्यालयमा संधै विवाद को श्रृजना भै आउने गरेको हुँदा वस भाडाको दर रेट वमोजिम एकिन गर्ने वा कि टिकट पेश भएमा सो लाई मान्यता दिई एकिन गर्नु पर्ने हो ? | ०५९/२/३० | वस , मिनीवसको टिकट संलग्न भै रकम निकासा वा भुक्तानी माँग अवस्थामा सोही अनुसार र टिकट संलग्न भै नआएको अवस्थामा यातायात व्यवस्था विभागले तोकेको दरलाई आधार मानी सोही अनुसार नै लाग्ने भाडा वापत रकम निकासा वा भुक्तानी गर्न उपयुक्त हुने । |
| ३१. | शाही नेपाली जंगी अड्डा | विशेष सरकारी कार्यको लागि गोरखपुरमै मुकाम हुने गरी खटिगएका सैनिक अधिकृत तथा जवानहरुले आ.प्र.नियमावली २०५६को नियम १७९को उपनियम(१)अनुसार (ग) (४) अनुसार भुक्तानी दिने कि नेपाली दरमा ५० % थप गरी दै..भ्र.भ.दिने ? | ५८/१२/३० | आ.प्र.सम्वन्धी नियममा प्रष्ट उल्लेख भै नियम १६८(१) वमोजिमको रकममा ५० % थप पाउने व्यवस्था भएको हुँदा US$ ४ मा भुक्तानी गर्न नमिल्ने । |
| ३२. | क्षेत्रिय कोष निर्देशनालय पोखरा | जिल्ला अदालत नियमावली ,२०५२ को नियम ७०(३)मा असूल तहसिल कार्यको लागि डोर खटीजाने कर्मचारीले दै.भ्र.भ.को सरह असूल गरेको रकमको २५ % कमिशन पाउनेछ भन्ने र त्यस्तो असूल गराई ल्याएको रकमको ५ प्रतिशत रकम तहसिलदारले प्रोत्साहन स्वरुप पाउने भन्ने उल्लेख भएकोमा आयकर ऐन ,२०३१ वमोजिम काजमा खटिएका कर्मचारीले पाउने दै.भ्र.भ.रकममा आयकर नलाग्ने र कमिशन रकममा आयकर लाग्ने व्यवस्था भएको हुंदा उल्लेखित दै.भ्र.भ.को सट्टा पाउने कमिशनमा आयकर लाग्ने नलाग्ने ? | २०५८/६/१० | ऐनसंग वाझिएको नियम स्वत : निस्कृय हुने हुंदा ऐनमा उल्लेख भए वमोजिम गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३३. | को.ले.नि.का. सुनसरी | स्वास्थ्य सेवाको छैठौं तहको कर्मचारीलाई कुन तहको दै.भ्र.भ. भूक्तानी गर्ने ? | ०५९।५।२७ | दै.भ्र.भ. प्रयोजनको स्वास्थ्य सेवाको छैठौं तहको कर्मचारीलाई द्वितीय तहको दै.भ. दिने |
| ३४. | क्षेत्रीय कोष निर्देशनालय काठमाडौं | नयाँ नियुक्ति हुने कर्मचारीको दैनिक भ्रमण भत्ता दिन मिल्ने नमिल्ने ? | ०५९।६।१६ | सरुवा वढुवा भै एक जिल्लाबाट अर्को जिल्लामा जाँदा र नयाँ नियुक्ति भएकोमा नियुक्ति बुझेको ठाउँबाट नियुक्ति भएको पदमा बहाल गर्न जाँदा दै.भ्र.भ. दिइनेछ भन्ने व्यवस्थानुसार दै.भ्र.भ. दिन मिल्ने । |
| ३५. | क्षेत्रिय कोष निर्देशनालय,पोखरा | प्रहरी हवलदार र जवानलाई दै.भ्र.भ. कुन दरको दिने ? | ०५९।७।६ | प्रहरी जवान र हवल्दारलाई दैनिक भ्रमण भत्ता प्रयोजनको लागि तृतिय तहको मान्ने । |
| ३६. | शाही नेपाल जंगी अड्डा प्रवन्धरथी विभाग | राजपत्र अंनकित सैनिक कर्मचारी तथा जवानहरुलाई सरकारी कामको शिलशिलामा हालको परिस्थितिमा हवाई जहाजबाट भ्रमण गरेकोमा भाडा उपलब्ध गराउन बाधा परेको । | ०५९।८।२ | प्रयोग गर्ने गरी कार्यालय प्रमुखले भ्रम्रण आदेशमा तोकि दिनु पर्ने र विशेष परिस्थितिका कारण जनाई कार्यालय प्रमुखबाट तोकिदिएको हकमा त्यसरी हवाईजहाजबाट गरेको भ्रमणको भाडा दिन बाधा नपर्ने । |
| ३७. | सर्वोच्च अदालत | सरुवा भै आए पश्चात विवाह गरी आफ्नो स्थायी घर ठेगानाबाट आफू कार्यरत ठाउँमा पहिलोपटक श्रीमती ल्याँउदाको दै.भ.भ. भूक्तानी दिन मिल्ने नमिल्ने ? | ०५९।९।११ | सरुवा वा वढुवा कायम मूकायम भै जाँदा यस्तो सुविधा साविक कार्यालयबाट लिनु पर्ने र हाल साविक कार्यालयमा सो सुविधा माँग गर्दा सरुवा हुने समयमा नभएको परिवारको दै.भ्र.भ. भूक्तानी दिन नमिल्ने हुँदा सरुवा वढुवा वा कायम मुकायम भै हालको कार्यालयमा हाजिर भएपछि वृद्धि भएकाले परिवारको दै.भ्र.भ. भूक्तानी गर्न नमिल्ने । |
| ३८. | नं. ११ बाहिनी अड्डा | आ.प्र. सम्वन्धी नियमावली, २०५६ नियम १७९ (३) मा अन्तर्राष्ट्रिय सम्मेलन .... जाँदा मित्र राष्ट्र वा संस्थाको तर्फबाट खान र बस्न व्यवस्थाको प्रवन्ध भै पकेट खर्च बापत रकम दिने व्यवस्था नभएकोमा तोकिएको दरको १/४ पकेट खर्च दिइनेछ । तालिम वा अध्ययनको लागि गएकोमा पकेट खर्च दिइने छैन भनी उल्लेख भएको । अर्थ मन्त्रालयको मिति २०३८।३।१८ को सूचनामा तालिम दिने सरकार वा संस्थाले कुनै खर्च नव्यहोरेमा तालिम लिने मुलुकमा पुगेको १५ औं दिन सम्मको पुरै दैनिक भत्ता त्यसपछ मासिक यु.एस.डलरमा दर निर्धारण हुनेका साथै तालिम दिने संस्थाले खाने र बस्ने खर्च व्यहोर्ने र अरु कुनै रकम नव्यहोर्ने भएमा उक्त दरको एक चौथाई मात्र पकेट खर्च स्वरुप दिइने छ भनी उल्लेख भएको हुदाँ राय माँग भएको । | ०५९।९।१८ | आ.प्र. सम्वन्धी नियमावली, २०५६ नियम १७९ उपनियम (३) मा तालीम वा अध्ययनको लागि गएकोमा पकेट खर्च दिइने छैन भन्ने प्रष्ट उल्लेख भएको हुदाँ उक्त आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ प्रादुर्भाव हुनु भन्दा पहिलेको परिपत्रलाई आधार मानी पकेट खर्च उपलब्ध गराउने गरी निर्णय गर्न मिल्ने नदेखिएको । |
| ३९. | लागु औषध नियन्त्रण तथा दैवी प्रकोप व्यवस्थापन विभाग | आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम १६७(४) मा हवाई यातायातको सुविधा भएको स्थानमा राजपत्रांकित कर्मचारीले सार्वजनिक यातायात -बस, मिनिवस) का साधनबाट भाडा दोव्वर पाउने छ भन्ने उल्लेख भएकोमा एयरबसबाट भ्रमण गर्दा दोव्वर पाउने नपाउने ? | २०५९।१०।२४ | श्री ५ को सरकार, यातायात व्यवस्था विभागबाट स्वीकृत भई लागू भएको भाडा दरलाई आधार मान्ने । |
| ४०. | रक्षा मन्त्रालय | शाही नेपाली सेनाको दैनिक भ्रमण भत्ता सम्वन्धी नियमावली हुदै भएको अवस्थामा सैनिक अधिकृत तथा जनावले सरुवा भै जाँदा आ.प्र. सम्वन्धी नियमावली, २०५६ को परिच्छेद १६ मा व्यवस्था भएको सुविधा उपभोग गर्न पाउने नपाउने ? | ०६०।६।२१ | शाही नेपाली सेनालाई सोही नियमावली अनुसार दिनु पर्दछ । यो नियमावलीमा भएको व्यवस्था आ.प्र.सम्वन्धी नियमावली, २०५६ अनुसार मिलान नभएको अवस्थामा सो नियमावलीमा आवश्यक संशोधन गर्न वा शाही नेपाली सेना दै.भ्र.भ. सम्वन्धी नियमावली खारेज गरी शाही नेपाली सेनाले समेत आ.प्र. सम्वन्धी नियमावली बमोजिम दै.भ्र.भ.खर्च पाउने व्यवस्था गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ४१. | क्षेत्रिय कोष निर्देशनालय, पोखरा | आ.प्र. सम्वन्धी नियमावली, २०५६ मा मिति ०६०।६।१ को राजपत्रवाट प्रकाशित भै संशोधन भएको सन्दर्भमा सरुवा, बढुवा एवं कायम मूकायम भै जाने कर्मचारीको दैनिक भत्ता तथा भ्रमण खर्च कोले.नि.का.बाट यकिन गर्नु पर्ने नपर्ने ? | ०६०।७४ | नियम १७१(३) यथावत रहेको हुदाँ नियम १७१(३क) अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयबाट एकिन भै आएपछि मात्र दैनिक भत्ता तथा भ्रमण खर्च दिनु पर्ने । |
| पुन:पेश | क्षेत्रीय कोष निर्देशनालय, पोखरा | (१) नियम १६७(४) अनुसारको सुविधा प्रस्थान विन्दू र पहुँच विन्दुवीच सिधा हवाई सम्पर्क भएको स्थानमा मात्र हो वा रुटमा पर्ने कुनै स्थानबाट हवाई सुविधा प्रयोग गर्न सकिने स्थितिमा पनि पाउने ।<br><br>(२) नियम १६८(१) मा व्यवस्था भएको वील बमोजिमको होटल बास खर्चमा दिन संख्याको सीमा छैन भने, (८) मा अधिकतम सातदिनको वील बमोजिमको वास खर्च (अनुसूचि-१८क) पाउने भनिएको<br><br>(३) नियम १७१(२) को खण्ड -ग) मा प्रतिदिन ६ कोशका दरले भ्रमणमा लाग्ने दिन गणना गरी दैनिक भत्ता दिनु पर्नेछ भन्ने उल्लेख हुनुका साथै अर्को वाक्यमा पैदल हिड्नु पर्ने कोशलाई ५ ले भाग गर्दा वाँकी हुने कोशलाई आधा दिनको भत्ता दिनु पर्नेछ भन्ने उल्लेख भएकोले द्बिविधा भएको ।<br>(४) नियम १७१(२) को खण्ड (ङ) मा उल्लेखित समूहगत रुपमा ब्यारेकमा बस्नुपर्ने वाक्यांशले शाही नेपाली सेना, सशस्त्र प्रहरी बललाई मात्र जनाउने हो वा जनपद प्रहरी अन्तरगतको सशस्त्र प्रहरी गण एवं ट्राफिक प्रहरीहरु समेतलाई बुझाँउछ ? यस सम्बन्धी ठोस आधार कसरी लिने ?<br><br>(५) नियम १७१(८) अनुसार सरकारी सेवाबाट अलग भै घर फर्कदा अलग हुँदाको श्रेणी अनुसार दैनिक भत्ता तथा भ्रमण खर्च दिने भनिएतापनि परिवार लेजाने प्रयोजनको लागि द्बिविधा भएको | ०६०।७।१९ | (१) हवाई यातायातको सुविधा प्रयोग गरी जान सकिने स्थानमा हवाई यातायात चल्ने ठाँउ सम्मको मात्र सतहमा चल्ने सार्वजनिक यातायातको खर्च दोव्वर दिने र त्यस अघि पछिको वा हवाई सुविधै नभएको स्थानमा सतह मार्गको भाडा रकम मात्र दिने ।<br>(२) नियम १६८(१) र (८) को सम्वन्धमा आफ्नो कार्यालयबाट रात विताउने गरी अन्यत्र काज खटिएको अवस्थामा एक पटक वढीमा सात दिनसम्मको अनुसूचि १८क. बमोजिमको वील अनुसारको होटल वासखर्च पाउने ।<br><br>(३) सरुवा, वढुवा र कायममुकायम भैजादा यातायातको सुविधा नभएको स्थानमा पैदल हिड्नु पर्दा प्रति दिन ६ कोशको दरले भ्रमणमा लाग्ने दिन गणना गर्नु पर्ने र वाँकी रहने ६ भन्दा मुनिको कोशलाई आधा दिन गणना गर्नुपर्ने ।<br><br>(४) नियम १७१(२)(ङ) मा उल्लेखित समूहगत रुपमा व्यारेकमा बस्नु पर्ने वाक्यांशले जनपद प्रहरीतर्फ सशस्त्र प्रहरी गण र ट्राफिक प्रहरीलाई व्यारेकमा बस्नुपर्ने कर्मचारी मान्ने वा नमान्ने र त्यसको आधार सम्वन्धमा त्यस्ता प्रहरी व्यारेकमा बस्नुपर्ने हो, होइन सम्वन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराउनु पर्ने र समूहगत रुपमा व्यारेकमा बस्नुपर्ने कर्मचारीले नियम १७१(२) खण्ड(घ) वमोजिमको थप रकम नपाउने व्यवस्था अधिराज्यभर लागू हुने ।<br>(५) नियम १७१(८) अन्तर्गत सरकारी सेवाबाट अलग भै घर फर्कदा अलग हुँदाको श्रेणी अनुसार नियम १७१(२) बमोजिम दैनिक तथा भ्रमण खर्च दिने भनिएकोमा परिवार लैजाने प्रयोजनको लागि सोही नियमको (२) खण्ड(घ) अनुसार हुने । |
| पुन:पेश | को.ले.नि.का. धनकुटा | (१) नियम १६८(३) मा भ्रमण वा काजबाट आफ्नो कार्यालयको सदरमुकाममा फर्केको दिनको आधा दैनिक भत्ता पाउने व्यवस्था भएकोमा दोश्रो संशोधनबाट उक्त बुँदा ७ दिन काजमा खटिएको कर्मचारीले सात दिनको पूरै दैनिक भत्ता पाउने वा काज अवधि भन्दा एक दिन घटिको दैनिक भत्ता पाउने हो ?<br>(२) संशोधित नियमावलीले कर्मचारी लाई काजमा खटाउंदा नियममा निर्दिष्ट भएको दैनिक भत्ताका अतिरिक्त ७ दिन सम्मको बास खर्च पाउने व्यवस्था भएकोमा ७ दिन भन्दा बढिको लागि जिल्लाबाट केन्द्रमा आई तालिममा सहभागी हुने कर्मचारीहरुले सो अनुसारको वास खर्च पाउने नपाउने ? | ०६०।७।२४ | (१) साविक झैं आधा दिन कतै उल्लेख नभएकोले फर्केको दिनको दैनिक भत्ता नपाउने ।<br><br>(२) तालीम काजमा ७ दिन भन्दा वढिको लागि खटिएको कर्मचारीले पनि उक्त ७ दिन सम्मको होटल वास खर्च पाउने । |

| | | | | |
|---|---|---|---|---|
| ४२. | महालेखा परीक्षकको विभाग | आ.प्र.सम्वन्धी निमयावली, २०५६ को नियम १७९ (२) अनुसार दै.भ्र.भ. के कस्तो अवस्थामा भ्रमण गर्दा उक्त सुविधा दिन सकिने । | ०६०।९।१६ | १. श्री ५ को सरकारको श्रोतबाट सम्पूर्ण खर्च व्यहोर्ने गरी भ्रमणमा गएको कर्मचारीलाई र विदेशमा जाँदा वा आउदा वाटोमा पर्ने कुनै मुलुकमा रात विताउनु परेको तर कुनै मित्रराष्ट्र वा संघ संस्थाले हवाई टिकट उपलव्ध गराएको र खाने बस्ने प्रवन्ध नगरेको अवस्थामा सो मुलुकमा पाउने दैनिक भत्ता दिने ।<br>२. कुनै मित्रराष्ट्र वा संघ सस्थाले आते जाते हवाई टिकट र खाने बस्ने व्यवस्थाको साथै निश्चित रकम उपलव्ध गराउने गरी तालिमा गएको कर्मचारीलाई र कुनै मित्रराष्ट्र वा संघ संस्थाले सम्पूर्ण खर्च आते जाते हवाई टिकट र खाने वस्ने सुविधाको अतिरिक्त निश्चित दैनिक भत्ता समेत उपलव्ध गराएको अवस्थामा दैनिक भत्ता नपाउने । |
| ४३. | क्षेत्रिय कोष निर्देशनालय, काठमाडौं | नेपाल अधिराज्यका महान्यायधिवक्ता सरकारी कामको सिलसिलामा विदेश जादाँ आफ्नो निजी खर्चमा श्रीमतीलाई समेत विदेश लाने स्वीकृती पाएमा श्रीमतीको ३ वर्षमा एकपटक आफ्नो एक महिनाको पारिश्रमिकको आधा रकम लुगा भत्ता वापत दिन सकिने वा नसकिने ? | ०६०।१०।२२ | सम्माननिय महान्यायधिवक्ताज्यूले कामको सिलसिलामा विदेश भ्रमण गर्दा निजी खर्चमा श्रीमती समेत लैजाने स्वीकृती पाएको छ भने पनि लुगा भत्ता वापतको रकम पाउन सकिनेछ । |
| ४४. | को.ले.नि.का. चितवन | श्री ५ को सरकारका अस्थायी वा श्री ५ को सरकारका विकास परियोजनामा कार्यरत स्थायी वा अस्थायी कर्मचारीहरुले एक कार्यालयवाट अर्को कार्यालयमा सरुवा हुदा फुटकर खर्च पाउने वा नपाउने ? | ०६०।१२।२३ | आ.प्र.सम्वन्धी नियमावली, २०५६ को नियम १७१ उपनियम १(क) मा व्यवस्था भएको फुटकर खर्च वापतको रकमको सम्वन्धमा स्थायी वा अस्थायी कर्मचारीको विषयमा स्पष्ट भएको नदेखिएकोले फुटकर खर्च वापतको रकम दिन सकिने । |
| ४५. | को.ले.नि.का. सुर्खेत | तालिम तथा कार्यक्रम संचालनको लागि पैदल भ्रमण गर्ने कर्मचारीहरुलाई दैनिक भत्ता भुक्तानी गर्दा ४ कोष वा ६ कोष को १ दिन मानेर दैनिक भत्ता भुक्तानी दिने । | २०६१/४/२० | सरुवा वा कायम मुकायम भै जाँदा पैदल हिडनु पर्ने भएमा ६ कोषका दरले भ्रमणमा लाग्ने दिन गणना गर्ने स्पष्ट नै भएको र सरुवा वढुवा वा कायम मुकायम भै जाँदा वाहेक अन्य प्रयोजनका लागि भ्रमणमा जाँदा पैदल हिडनु पर्ने भएमा प्रति दिन कम्तीमा ४ कोष पैदल हिडनु पर्ने । |
| ४६. | गृह मन्त्रालय | जापानमा RNAC को प्लेन समयमा नआएर ३ दिन Night हलटेज गरेको दैनिक भत्ता भुक्तानी गर्न मिल्ने वा नमिल्ने ? | २०६१/४/३२ | आ.प्र.सम्वन्धी नियमावली २०५६ मा स्पष्ट व्यवस्था भएको व्यहोरा पठाउने । |
| ४७. | स्वास्थ्य सेवा विभाग | मेडिकल वोर्डको सिफारिशमा विदेशमा औषधी उपचार गर्न गएको विरामीको कुरुवाले आ.प्र.नियमावली बमोजिमको सुविधा पाउने वा नपाउने ? | २०६१/४/३२ | सामान्य प्रशासन मन्त्रालयको मिति २०६१।४।२५ को पत्रानुसार विरामीको कुरुवाले पाउने सुविधा सम्वन्धमा निजामती सेवा नियमावली २०५० को नियम ९४(२) को खण्ड (ङ) मा स्पष्ट व्यवस्था भएको । |
| ४८. | क्षेत्रिय कोष निर्देशनालय मध्य पश्चिमाञ्चल, बाँके | प्लेन तथा वसको सुविधा नभएको तर हेलिकोप्टरको भाडा पेश गरेको दैनिक भ्रमण भत्ता दिन मिल्ने वा नमिल्ने ? | २०६१/४/३२ | हवाई यातायातवाट यात्रा गर्दा कम खर्चीलो हुने भएमा अधिकार प्राप्त अधिकारीले जुनसुकै तहको कर्मचारीलाई हवाई यातायातको साधन प्रयोग गर्न आदेश दिन सक्ने र हेलिकोप्टरको विल पेश गरेको सन्दर्भमा सो रकम पैदल यात्रा गर्नु भन्दा कम लाग्ने भएका भुक्तानी गर्न उपयुक्त हुने । |
| ४९. | को.ले.नि.का. तेह्रथुम | अवधि नपुगी सरुवा भएको कर्मचारीलाई नि.से.नि. बमोजिम दिइने सुविधा कुन कार्यालयवाट उपलव्ध गराउने । | २०६१/५/९ | सामान्य प्रशासन मन्त्रालयको मिति २०६१।४।३२, सचिव स्तरिय निणयानुसार "सरुवा भएको कर्मचारीले सरुवा भएको ठाउँमा जानका लागि वन्दोवस्त गर्नलाई रकम दिने मनसाय नि.से.ऐन र नियमावलीको देखिएको हुदाँ सो रकम साविकको |

| | | | | |
|---|---|---|---|---|
| | | | | कार्यालयवाट भुक्तानी दिन उपयुक्त हुने ।" |
| ५०. | को.ले.नि.का. सुर्खेत | क्षेत्रिय कार्यालय नेपालगञ्जवाट सुर्खेत स्थानान्तरण भएकोले आ.प्र.सम्वन्धी नियमावली २०५६ को नियम १७१ बमोजिमको सुविधा (परिवार सहितको दैनिक भ्रमण भत्ता) दिन मिल्ने वा नमिल्ने ? | २०६१/७/२४ | आ.प्र.सम्वन्धी नियमावली २०५६ नियम ७१ बमोजिमको सुविधा दिन वाधा नपर्ने । |
| ५१. | को.ले.नि.का. नवलपरासी | नेपालगञ्जवाट भैरहवा भरतपुर दुवै स्थानमा सिधा हवाई उडान नभएको अवस्थामा नेपालगञ्ज-काठमाडौं-भैरहवाको प्लेन टिकटको रकम भुक्तानी गर्न मिल्ने वा नमिल्ने ? | २०६१/८/२३ | अधिकृत स्तरलाई हवाईमाग प्रयोग गरी सरुवा भएको स्थानमा जान सक्ने हुदाँ हवाई टिकट हेरी भाडा रकम भुक्तानी गर्न सकिने । |
| ५२. | म.ले.प.को. विभाग | कुनै संघ संस्थाहरुवाट कार्यक्रम अवधि भरको लागि खाने, वस्ने, फुटकर खर्च व्यवस्थाको लागि निश्चित रकम उपलब्ध गराउने तर अन्य विषयमा लाग्ने सेवा शुल्क लगायतका खर्च भुक्तानी गर्न मिल्ने नमिल्ने ? | २०६१/१०/१५ | आतेजाते हवाई टिकट र अन्य खर्च भुक्तानी गरेको अवस्थामा सो वाहेक लाग्ने अन्य खर्च श्री ५ को सरकारको तर्फवाट व्यहोर्न मिल्ने नमिल्ने सम्वन्धमा आ.प्र.नियमावली २०५६ अनुसार उक्त सुविधा पाउने रहेछ भने भुक्तानी गर्न मिल्ने । |
| ५३. | को.ले.नि.का. सुर्खेत | सरुवाको निर्णय रद्ध भई फिर्ता भई साविकको कार्यालयमा जाने कर्मचारीलाई आ.प्र. नियमावली २०५६ को नियम १७१ अनुसार दै.भ्र.भत्ता दिन मिल्ने वा नमिल्ने ? | २०६२/१/१५ | सरुवा पत्रको आधारमा रमाना लिई सरुवा भएको कार्यालयमा हाजिर हुन गई पछि सरुवा रद्ध भई सावीकको कार्यालयमा फर्कने अवस्थाको दै.भ्र.भत्ता भुक्तानी दिन वाधा नपर्ने ? |
| ५४. | को.ले.नि.का. मकवानपुर | निजामती सेवाको अस्थायी पदमा कार्यरत कर्मचारी कुनै एक जिल्लावाट अर्को जिल्लामा ३ महिना भन्दा कम अवधीको लागि काजमा खटिदा हकमा दैनिक भ्रमण भत्ता एकिन गर्न पर्ने वा नपर्ने ? | २०६२/२/१७ | आ.प्र.नियमावली २०५६ को नियम १७१ उपनियम ३.२ बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च रकम निकासा माग भई आएका सम्वन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयले विवरण हेरी अर्थ मन्त्रालयले तोकेको बजेट उपशिर्षकबाट र कम निकासा दिने छ भन्ने उल्लेख भए अनुसारको काजमा खटिएको कम्प्यूटर अपरेटरको दै.भ.भत्ता विलको रकम नियम १७१(१) अनुसार सरुवा बढुवा वा कायम मुकायम भै आएको नदेखिएकोले नियममा द्विविधा भएको नदेखिएको । |

# ४. औषधि उपचार

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | (विशेष प्रहरी विभाग) मार्फत काठमाण्डौं कोष कार्यालय | विशेष प्रहरी विभागका इन्द्रवहादर सेरचनलाई विशेष प्रहरी विभागको विशेष अधिकृतमा नियुक्त गरी विशिष्ठ श्रेणीको सुविधाका अतिरिक्त गाडी झिकाउने सुविधा समेत श्री ५ को सरकारले दिएकोले अबस्थामा औषधी उपचार माग भै आएको हुँदा पाउने नपाउने के हो ? | ०५४/७/३ | श्री इन्द्रवहादुर शेरचनलाई विशेष प्रहरी विभागको विशेष अधिकृतमा नियुक्ती गर्दाको पत्रमा निजलाई दिने सुविधा स्पष्ट उल्लेख भएको । जसअनुसार घरवाट आउन र जान गाडीको सुविधा, टेलिफोनको न्यूनतम शुल्कको ७५ प्रतिशत र निजामति कर्मचारीले पाए सरह घर विदा, विरामी विदा, भैपरी आउने विदा र पर्व विदा मात्र दिने उल्लेख भएकोले नियुक्ती पत्रमा उल्लेख नभएको औषधीउपचार सुविधा दिन नमिल्ने । |
| २. | राष्ट्रिय योजना आयोगको सचिवालय | तत्कालीन शा.अ.श्री तुलसीराम पाण्डे विरामी भै भारतमा उपचार गराउँदाको औषधी उपचार वापत (विरामी कुरुवा खर्च समेत) खुद खर्च रु. ७१,११४।३० नि.से.नि., २०५० को नियम ९५ बमोजिम भुक्तानी भैसकेकोमा निजका हकदार पिताको निवेदनमा नि.से.नि.२०५० को नियम ९४ मा व्यवस्था भए वमोजिम औषधि उपचार रकम समेत पाउ भन्ने निवेदन जीकिर रहेकोले तत्सम्वन्धमा विचार हुनुपर्ने । | ०५६/५/२९ | कर्मचारीले नि.से.नि., २०५० को नियम ९४ (१) वमोजिम पाउने रकमलाई सोही नियमावलीको नियम ९५ वमोजिम पाउने थप आर्थिक सहायतासँग आवद्ध गरी केही गर्न नमिल्ने देखिएकोले नियम ९४ (१) वमोजिम कर्मचारीले पाउन वाँकी रकम भुक्तानी दिन सकिने । |
| ३. | क्षेत्रीय कोष निर्देशनालय, काठमाण्डौं । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सम्माननीय प्रमुख आयुक्त श्री मधुसुदन प्रसाद गोर्खाली उमेरको कारणबाट अवकास लिन लाग्नु भएको देखिंदा औषधिउपचार निकासा दिन निम्न वमोजिम द्विविधा परेकोले स्पष्ट निर्देशन हुन<br>(१) औषधि उपचार हिसाव गर्दा पूर्ण सेवा अवधि काम गर्न नपाई उमेरको कारणबाट अघि नै अवकास लिंदा कसरी गर्ने हो ? सेवा गरेको अवधिको दामासाहीले हुने रकमको दुई तिहाईले गर्ने हो वा ऐनमा व्यवस्था भएको १२ महिनाको एकमुष्ठ रकमको दुई तिहाईले भुक्तानी गर्ने हो ?<br>(२) संवैधानिक निकाय पदाधिकारीहरुको पारिश्रमिक सेवाका शर्त र सुविधा सम्वन्धी ऐन, २०५३ को दफा १७ (८) को प्रतिवन्धात्मक वाक्यांस अनुसार निवृत्तिभरण पाकेको अवस्थामा पुरै औषधोपचार दिने व्यवस्थाको प्रयोजनको लागि दफा १८ को विभिन्न उपदफामा व्यवस्था भएको नोकरी जोडी निवृत्तभरण पाकेको अवस्था मान्ने हो भने, पहिलेको पदमा औषधी उपचार सुविधा लिएको भए त्यो रकम कट्टा गर्नुपर्ने या नपर्ने ? | | निवृत्तिभरण पाउने गरी सेवाबाट अवकास पाएको भएमा संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धी ऐन, २०५३ को दफा १७ को उपदाफा (८) को प्रतिवन्धात्मक व्यवस्था वमोजिम सोही हिसावले र उक्त अवस्था विद्यमान नभएमा सोही उपदफाको मूल व्यवस्था वमोजिमको हिसावले औषधोपचार रकम दिनुपर्ने । |
| ४. | को.ले.नि.का.गोरखा | जिल्ला जनस्वास्थ्य कार्यालय गोरखाका पियन श्री. जय व. श्रेष्ठको औ.उ. संचित विदा रकम र उपदान रकमको निकाशा विवरणमा निज ५८ वर्ष पुरा भै अनिवार्य | ०५७/४/१७ | तत्कालीन निजामति सेवा नियमावली, २०२१ को नियम (२) को उपनियम (२) प्रतिवन्धात्मक वाक्यांश (३) अनुसार श्री ५ को सरकारको विकास बजेटबाट तलव खाने पदमा वा विकास |

| | | | | |
|---|---|---|---|---|
| | | अवकाश भएकोमा निजको नोकरी अवधी १० वर्ष ७ महिना १६ दिन भएको देखिंदा निजको उमेर ४७ वर्ष ४ महिना १४ दिन भएको देखिन्छ । नि.से.ऐन, अनुसार ३५ वर्ष उमेर पुरा भैसकेका व्यक्तिलाई स्थायी नियुक्ति गर्न नसकिने र ऐनको परिच्देछ ६ दफा ३६ (२) अनुसार त्यस्ता कर्मचारीलाई उपदान दिइने छैन भन्ने व्यवस्था भएकोमा औषधोपचार र संचीत विदाको रकम समेत निजले पाउने नपाउने ? | | समिति ऐन, २०१३ अन्तरगत गठित समितिको पदमा नियुक्त भै घटीमा ५ वर्षसम्म काम गरिसकेको व्यक्तिलाई निजामती सेवा वा पदमा पुन: नियुक्ती गर्दा उमेरको हद नलाग्ने व्यवस्था रहेकोले निजले नियमानुसार पाउने औ.उ.संचित विदाको रकम एवं नियमानुसार पाउने अन्य सुविधा वापतको रकम प्रदान गर्न कुनै वाधा नरहेको । |
| ५. | को.ले.नि.का.,ललितपुर | मध्यमाञ्चल क्षेत्रिय स्वास्थ्य सेवा निर्देशनालय टा.ना.सु. श्री गणेश आचार्यको राजीनामा स्वीकृति पश्चात औषधोपचार र संचित विदा वापतको रकम निकासाको लागि माग भै आएकोमा निजले उपदान लिने नलिने केही उल्लेख नहुँदा त्यस्तो अवस्थामा औ.उ.तथा विदाको रकम भुक्तानी दिन मिल्ने ? | ०५७/५/१ | उपदान रकम भुक्तानी नलिएको कारणवाट अन्य सुविधा लिन वाधा नपर्ने । |
| ६. | को.ले.नि.का.कंचनपुर | (क) ले.अ.कृष्ण व.के.सी.लाई नि.से.नि.२०५६ को परिच्छेद १२ को नियम ९४(६) वमोजिम २० % थप गरी मासिक रु.४०००।- का दरले एकमुष्ट रकम निकासा गरेकोमा निवृतिभरण अधिकार पत्रमा २ वर्ष उमेर थप गरी वार्षिक ग्रेड २ ले रु.२८०।- समेत रु.४२८०।- कायम गरी निवृतिभरण प्रदान गरिएको हुदा सोही वमोजिम छुट औषधि उपचार तथा संचित विदाको रकम निकासा गरिदिनु भनि अनुरोध भै आएकोले निजलाई २ वर्ष सेवा अवधि ले ग्रेड जोडी औ.उ.तथा संचित विदाको रकम भुक्तानी दिन द्विविधा पर्न गएको ।<br>(ख) स्वैच्छिक अवकास लिने कर्मचारीले एकमुष्ट निवृतिभरण पाउने अवधिको निवृतिभरण प्रयोजनको लागि वार्षिक वृद्धि समेत थप गरी निवृतिभरण रकम कायम गरिने नि.से.नि./ऐनमा उल्लेख छ। यस्ता कर्मचारीलाई औषधोपचार भुक्तानी गर्दा उपचार खर्चमा थप प्रतिशत हिसाव गर्न एकमुष्ट निवृतिभरण पाउने अवधि समेत थप गर्न मिल्ने नमिल्ने ?<br>(ग) श्री ५ को सरकारको निर्णयानुसार स्वेच्छिक अवकास लिएका कर्मचारीहरुको थप गरिएको सेवा अवधि समेतको ग्रेड जोडी निवृतिभरण प्रदान भएको अवस्थामा सोही थप ग्रेड समेतको तलव दरमा औषधिउपचार र संचित विदाको रकम भुक्तानी गर्ने सम्वन्धमा ........ । | ०५७/६/६<br><br>सामान्य प्रशासन मन्त्रालयको ०५८/२/८को पत्रानुसार ०५८।३।५ को निर्णयं<br><br>०५८/६/१६ | दुई वर्षको समेत ग्रेड जोडी (समावेश गरी) निवृतिभरण अधिकारपत्र दिइएको देखिएकोले औषधिउपचार र संचित विदामा समेत उपरोक्त वमोजिम गर्न सवावेश गर्न मिल्ने ।<br><br>अवकास लिने कर्मचारीको औषधिउपचार खर्चमा थप प्रतिशत दिन कानून विपरित नहुने ।<br><br>अनिवार्य अवकाश पाउने कर्मचारीले पनि खाइपाई आएको तलववाट औषधिपचार र संचित विदाको रकम भुक्तानी लिई भुक्तानी लिई राखेको अवस्थामा स्वेच्छिक अवकास पाएका कर्मचारीलाई पनि खाइआएको तलवको आधारवाट औषधौपचार, संचित विदाको रकम भुक्तानी दिन उपयुक्त हुने र त्यसमा वांकी सेवा अवधिको ग्रेड समेत जोडी तलवमान कायम गर्न उपयुक्त नहुने । |
| ७. | क्षेत्रिय कोष निर्देशनालय काठमाण्डौं | राष्ट्रिय निकुञ्ज कार्यालय रसुवाका रे.रुद्रप्रसाद पौडेल सरुवा भैं हाजिर हुन जाने क्रममा अचानक विरामी भै वीर अस्पतालमा उपचार गराउँदा गराउदै मृत्यु भएको र नि.से.नि. ,२०४९ को दफा ३७ (४) वमोजिम नपुग सेवा ३ वर्ष २ महिना १ दिन थप गरी २० वर्ष नोकरी पुर्‍याई ७ वर्ष परिवारिक निवृतिभरण | सामान्य प्रशासन मन्त्रालयको ०५८/२/२३ को निर्णयले | निजामति सेवा नियमावली , २०५० को नियम ९४ को उपनियम (६( को प्रतिवन्धत्मक व्यवस्था अनुसार उपचार खर्चमा थप १० प्रतिशत दिन सकिने । |

| | | | | |
|---|---|---|---|---|
| | | पाउने गरी निवृतिभरण अधिकारपत्र तयार गरी पठाइकोमा १० % थप गरी औषधिउपचार खर्च निकासा गर्न सकिने वा नसकिने ? | | |
| ८. | क्षेत्रिय कोष निर्देशनालय काठमाण्डौं | नि.से.नि.नियम ९४(१) मा राजपत्रांकित श्रेणीको १२ महिना वरावरको राजपत्र अनंकित प्रथम र सो सरह को श्रेणी विहिन कर्मचारी भए अठार महिना वरावर र अन्य राजत्रांकित र श्रेणी विहिन भए एकाइस महिना वरावर को खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च पाउने व्यवस्था भएकोमा उक्त व्यवस्थाले श्रेणी विहिन कर्मचारी विषेश गरी सवारीचालकलाई के को आधारमा राजपत्र अनंकित प्रथम श्रेणी संग तुलना गर्न खोजेको भन्ने स्पष्ट नभएको । | सामान्य प्रशासन मन्त्रालयको ०५८/२/२६को निर्णयले | श्रेणी विहिन कर्मचारीलाई यो यो आधार राजपत्र अनंकित प्रथम श्रेणी सरह मान्ने भनी ऐनमा स्पष्ट उल्लेख नभएको अवस्थामा केवल सवारी चालकले प्राप्त गर्ने मासिक तलव रकम सामान भएकै आधारमा मात्र श्रेणी विहिन सवारी चालकलाई राजपत्र अनंकित प्रथम श्रेणी सरहको हो भनि सोही आधारमा २१ महिनाको सट्टा १८ महिनाको उपचार खर्च प्रदान गर्नू उपयुक्त नहुने । |
| ९. | क्षेत्रिय कोष निर्देशनालय काठमाण्डौं | मालपोत कार्यालय , सोलुखुम्वुका का.मु. मालपोत अधिकृत भीम वहादुर सम्वाहाम्फे सोलुखुम्वुमा सेवामा कार्यरत रहदैं मुत्यु भएकोले निजको औषधिउचार र संचित विदाको रकम भूक्तानी गर्दा रा.प.तुतिय वा रा.प.अ.प्रथम श्रेणी कुन हिसाववाट रकम भुक्तानी दिन मिल्ने हो ? | २०५८/११/९ | कुनै पनि निजामती कर्मचारी जुनसुकै कारणवाट सेवा निवृत भएतापनि निजको पाउने संचित विदा र उपचार खर्च वापतको रकम निजको पदाधिकार रहेको पदवाट पाउने । |
| १०. | क्षेत्रिय कोष निर्देशनालय, पोखरा | नि.से.नि.अनुसार २०४९ कार्तिक २१ भन्दा पूर्व नियूक्ति पाएका कर्मचारीको हकमा २ बर्ष सेवा अबधी थप गरी निबृत्रीभरण पाउने हुँदा सो थप सेवा अबधी जोडिदा सेवा अबधी २५ बर्ष भन्दा बढी हुन जाने भएकोले सोही हिसाबले औषधी उपचारमा २५ बर्ष भन्दा बढी सेवा अबधी मानी निकासा दिन मिल्ने वा नमिल्ने । | २०५९/७/६ | सेवा अबधी थप भई अबकाश पाएका कर्मचारीहरुलाई औषधी उपचार खर्च रकम गणना गर्ने प्रयोजनको लागि थप अबधी समेत गणना गर्ने । |
| ११. | को.ले.नि.का.कपिलवस्तु | प्रहरी नियमावली २०४९ को नियम १११ (१०) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी वखास्त गरिएको अवस्थामा वाहेक अरु जुनसुकै व्यवहोरावाट नोकरीवाट अलग हँदा नोकरी अवधिभरमा पाउने उपचार खर्च मध्येको दुई तिहाईको हिसावले एकमुष्ट रकम लिन पाउने व्यवस्था छ । नियम १११ (११) अनुसार दशवर्ष सेवा अवधि मानी त्यसको हिसावले उपचार खर्च पाउने र नियम १११(१२) अनुसार (२) मा तोकिएको रकमलाई दश वर्ष नोकरी वापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम दिइने छ भन्ने उल्लेख छ ।<br>अतः २१ वर्षको तलव वरावर औषधि उपचार पाउनेले ११०(१०) अनुसार १४ महिनाको पाउने देखिन्छ । नियम ११०(११) र (१२) अनुसार दश वर्ष नपुगेकालाई उपचार खर्च दिदा २१ महिनाको दामासाहीले दिदा ९ वर्ष नोकरी पुगेकाको १८.९ महिना हुनै भै १० वर्ष देखि १५ वर्षसम्म नोकरी पुगेकाको भन्दा वढी हुने देखिन्छ । तसर्थ दुई तिहाईको दामासाही गरेर भूक्तानी दिने हो वा पुरै अवधि | २०५९/११/९ | दश वर्ष भन्दा वढी तर निवृतिभरण नपाउने अवस्थामा नोकरीको तमाम अवधिभर पाउने रकमको दुई तिहाई र दश वर्षभन्दा कम सेवा अवधिको लागि नोकरीको तमाम अवधिमा पाउने रकमलाई दामासाहीमा निकाली त्यसको दुई तिहाई रकम भुक्तानी दिनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | १२,१८,२१ महिना वरावरको मानेर दिने हो ? | | |
| १२. | को.ले.नि.का. काभ्रेपलाञ्चोक | अवकास प्राप्त खरिदार वच्चु कैलाश बुढाथोकीलाई औषधीपचार वापतको रकम रु. १,१५,१०३।- भूक्तानी गर्दा आयकर लाग्ने वा नलाग्ने ? | ०५९।५।११ | २०५८ चैत्रपछि आयकर ऐन, २०५८ लागू भएको र आयकर नियमावली २०५९ को नियम २०(६) (ख) अनुसार रु. १,८०,०००।- सम्मको औषधीपचार खर्चलाई आयमा समावेश नगरिने उल्लेख भएको । |
| १३. | को.ले.नि.का. नवलपरासी | पाँच वर्ष सेवा अवधि नपुगी नोकरी छाड्ने सशस्त्र प्रहरीको संचित विदा र औषधी उपचारको रकम पाउने कि नपाउने र सशस्त्र प्रहरीको तलवी प्रतिवेदन पारित गर्ने प्रकृया कस्तो हुने ? | २०५९।९।८ | सम्बन्धित अख्तियारवालाले निर्णय गरी संचित विदा र औषधोपचारको रकम रोक्का गर्न लेखी नआए सम्म त्यस्तो रकम भूक्तानी गर्न वाधा नपर्ने । तलबी प्रतिवेदन सम्बन्धमा अन्य कर्मचारीको सरहको प्रकृया अवलम्बन गर्ने । |
| १४. | को.ले.नि.का. गूल्मी | उपचार खर्च रकम सम्बन्धमा (स्वास्थ्य सेवाको निवृत छैठो तहले १२ महिना वा २१ महिनाको तलब बारावरको उपचार खर्च पाउने ?) | ०५९।१२।२५ | छैठौं तहमा मद मिलान भएका कर्मचारीलाई १२ महीनाको तलब बरावरको रकम औषधी उपचार खर्च रकम दिने । |
| १५. | क्षे.कोष निर्देशनालय (मध्यमाञ्चल) | का.मु. पदको औषधी उपचार खर्च पाउनेकी पदाधिकार रहेको पदको पाउने । | ०६१।२।०४ निर्णयानुसार सा. प्रशासन मन्त्रालय | कायम मुकायम भई कार्यरत रहेको कर्मचारी अवकाश भएमा निजले का.मु.प्राप्त पदको नभई आफ्नो पदाधिकार प्राप्त पदको तलवको हिसावले उपचार खर्च पाउने । |
| १६. | को.ले.नि.का. रुपन्देही | शाही नेपाली सेनाका सिपाही श्री मान वहादुर तामाङ्ग मिती २०२९।१।१ मा भर्ना भई मिति २०३३।१।१६ मा सेवावाट अलग भएको र पूनः मिति २०५७।८।१५ मा सोही गणमा नियूक्त भई मिती २०६२।८।१ मा अवकाश भएकोले निजको जम्मा सेवा अवधी दुवै तर्फको गरी ९ वर्ष १ दिन कायम गरी औषधी उपचार रकम निकासा गर्न सकिने वा नसकिने ? | २०६२/१२/४ | श्री २ नं., ग्यारिजन गण भैरहवाको मिति २०६२।११।१५ च.नं.२४ को पत्रवाट निज सिपाही मान वहादुर तामाङ्गले औषधी उपचारको रकम नलिएको व्यहोरा स्पष्ट भै आएकोले यस्तो अवस्थमा निकासा दिन को.ले.नि.का. भैरहवालाई द्बिविधा परेको नदेखिएकोले नियमानुसार कार्वाही गर्ने । |
| १७. | क्षेत्रिय कोष निर्देशनालय, काठमाडौं । | नेपाल ऐन संग्रह खण्ड १, २०६१ को नियम २७ बमे उपनियम ८ अनुसार अघि पाएको औषधी उपचारको थप रकम कट्टा गरी दोहोरो सुविधा लिन मिल्ने हो वा होइन ? अर्थात प्रशासकिय अदालतका तत्कालिन सदस्य श्यामकेृष्ण कसजु अदालतको सदस्य हुनु भन्दा पूर्व न्याय परिषदको सचिववाट अवकाश हुदा औषधी उपचार रकममा थप पाउने २०% समेत भुक्तानी लिएको र हाल सदस्यवाट अवकाश हुदा पाउने औषधी उपचार रकममा पहिले लिएको औषधी उपचार रकम मध्ये थप २०% को गणना नगरी नेपाल ऐन संग्रह खण्ड १, २०६१ को नियम २७ को उपनियम ८ अनुसार अघि पाएको औषधि उपचारको थप रकम कट्टा गरी दोहोरो सुविधा लिन मिल्ने हो वा होइन ? | सा.प्र. मन्त्रालयको मिति २०६३/२/१ को निर्णय | प्रशासकिय अदालतका तत्कालिन सदस्य श्री श्यामकृष्ण कसजुले न्यायपरिषदको सचिववाट सेवा निवृत्त भएपछि प्राप्त गरेको रु.२०१६००।- औषधी उपचार लिएको मानी हाल प्रशासकिय अदालतको सदस्यवाट सेवा निवृत्त हुदा पाउने औषधी उपचारमा कट्टि गरी वाँकी हुन आउने रकम मात्र भुक्तानी गर्न मिल्ने । |

# ५. निर्माण

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | निर्माण तथा यातायात मन्त्रालय | कुनै कार्यालयले २ वा २ भन्दा बढी पैकेजको वोलपत्र आह्वान गरेकोमा एउटा पैकेजको वोलपत्र स्वीकृत भै संझौता गर्न नआई धरौटी जफत भएको ठेकेदारलाई सोही कार्यालयको अर्को पैकेजको ठेक्का दिन नहुने भनि आर्थिक प्रशासन सम्वन्धी नियममा केही उल्लेख नभएकोले यस्तो किसिमको ठेकेदारलाई ठेकेदार वर्गिकरणको इजाजत नविकरण गर्दा अपराध अनुसार सजाय गरि वोलपत्रको कवुल अंक भन्दा कम भएपनि वोलपत्र स्वीकृति नगर्ने गरी नियममा सुधार गर्नुपर्ने । | ०५४/४/१४ | उक्त समस्या आ.प्र सम्वन्धि नियमहरु ०४२ को नियम २९ (२) ख मा भएको व्यवस्था अनुसार एकै प्याकेज मध्येको एक प्याकेजमा न्यूनतम कवोल गरेतापनि सम्झौता गर्न नमान्नेलाईनै भरपर्दो मापदण्ड भए नभएको मापदण्डको रुपमा लिई निर्णय लिइएको भए यो समस्याको सृजना हुने अवस्थानै नरहने देखिन्छ । अतः यस्को निमित्त मात्र विषयमा विशेष व्यवस्था हुनुपर्ने औचित्य रहदैन । यसै गरी आ.प्र. सम्वन्धि नियमहरु ०४२ को नियम ५६ क ले आन्तरिक कार्यविधि सम्वन्धि विनियमहरु वनाउन सक्ने अधिकार दिएकोले निर्माण तथा यातायात मन्त्रालयले यसतर्फ विचार पुऱ्याउनुपर्ने । |
| २- | आवास तथा भौतिक योजना मन्त्रालय | वोलपत्र वा ठेक्का संझौतामा उल्लेखीत सामाग्रीको दरभाउको अंकमा १० प्रतिशत भन्दा बढी मूल्य वृद्धि भएको अवस्थामा ठेकेदारलाई सो मुल्य रकम भुक्तानी दिने हो वा १० प्रतिशत कटाई सो भन्दा माथिको मूल्यवृद्धि रकम मात्र भुक्तानी दिनुपर्ने ? | ०५४/७/५ | १० प्रतिशत भन्दा बढी घट्न वा वढन गएको जति वढी सो प्रतिशत भन्दा घटवढ हुन्छ सोही अंकलाई घटाउनु वा वढाउनु पर्ने हुन्छ । नियममा १० प्रतिशत भन्दा घटी भएमा मात्र घट्न गएको रकम ठेकेदारबाट असूल वा कट्टा गरिने हुँदा वृद्धि हुँदा पनि १० प्रतिशत भन्दा बढी भएको रकममात्र मूल्यवृद्धि दिनुपर्ने हुन्छ । |
| ३. | माध्यमिक शिक्षा विद्यालय परियोजना | माध्यामिक शिक्षा विकास परियोजनाको मिति २३ जुन १९९७ को वोलपत्र सूचना अनुसार पर्न आएका वोलपत्रहरु मध्ये Sako Engineering and technical trading Pvt. Ltd, Nepal ले वैंक ग्यारेण्टीको म्याद १०० दिनको पेश गर्नुपर्ने मा १५० दिनको पेस गरेको सर्न्दभमा के गर्ने ? | २०५४/८/२७ | आर्थिक प्रशासन सम्वन्धी नियम ०४२ को प्रचलित आ.प्र. नियामावली बमोजिम वोलपत्र आमन्त्रण गरेको सूचना वमोजिम धरौटी रकम साथ नभएको टेण्डर उपर कारवाही गरिरहनुपर्दैन । रकम भन्दा तोकिएको म्यादको कुरापनि स्वतः पर्ने र म्याद घटवढले टेण्डर स्वीकृति विलम्वमा असरपर्ने हुन्छ । अतः निर्णय कर्ताले टेण्डर अंकमा अत्यधिक वढी मूल्य कवोल भएको देखिएमा औचित्य हेरी पुनः टेण्डर वा सवै भन्दा कम मूल्य कवोल अनुसारको वोलपत्र स्वीकृति गर्न वाधा नपर्ने । |
| ४. | जिल्ला सिंचाई कार्यालय कपिलवस्तु | पेश भएका टेण्डरहरु उपर छानविनको क्रममा केलाउदा उल्लेख गरिएका सर्तहरु पूर्णरुपमा पेश नभै केही बोलपत्रदाताहरुले नदी नियन्त्रण सम्वन्धी अनुभवको प्रमाणपत्र पेश नगरेकोले त्यस्ता वोलपत्र दाताहरुले पेश गरेको वोलपत्रलाई मूल्यांकनको लागि मान्यता दिने वा नदिने ? | ०५४/१२/१३ | यसमा प्रचलित आर्थिक प्रशासन सम्वन्धि नियमावली वमोजिम प्रिक्वालीफिकेशनको लागि सूचना प्रकासित नभई केवल वोलपत्र सूचनामा दररेट भरेर मात्र पेश गर्नुपर्ने भनि सूचना प्रकाशित भएको पूर्व योग्यता निर्धारण नभइकनै दररेट भरी टेण्डर आव्हान गरिएको र प्रस्तुत निर्माण कार्य विशेष प्रकृतिको काम हो भन्ने पनि कुनै तथ्य, आधार नभएको हुँदा यसमा सवैभन्दा कम अंक गर्नेको वोलपत्रलाई मूल्यांकनमा समावेस नगर्न नमिल्ने । |
| ५. | हवाई विभाग | श्री ५ को सरकार तथा फ्रेन्च सरकार विच भएको Financial Protocal वमोजिम Rehabilitation of Exisiting Airport Equipements एवं Equipment for Domestic Airport को लागि श्री ५ को सरकारलाई | ०५५/२/२ | यसमा आइटमवाइज जोडको जम्मा FRF FRF 4953969 र Total Lumpsum FRF 2500000 विचको फरक प्रतिशत ४९.५४ कै हिसाववाट आइटम रेट घटाई मूल्यांकनमा समावेश गर्न सकिने । |

| | | | | |
|---|---|---|---|---|
| | | प्राप्त हुने फ्रेन्च फ्रेन्क १५.५ मिलियन अनुदान एवं ऋण सहायता अन्तर्गतको योजना कार्यान्वयनको लागि French Supplier हरुबाट वोलपत्र आव्हान गरिएकोमा पर्न आएका ४ वटा वोलपत्र मध्ये दाम्रो घटीवालाको (F.B. Tech) ले पेश गरेको वोलपत्रमा निजले FRF 21966603.33 वोलकवोल गरेको FRF. 700000 वरावरको विडवाण्ड संलग्न छ । उपरोक्त वमोजिमको टेण्डर प्रत्येक आइटमको कवोल अंक जोड गर्दा जम्मा FRF 4953969 हुन्छ । जस वमोजिम Total Bid Price FRF 24420572.33 हुन्छ । जसको लागि निजले पेस गरेको विडवण्ड FRF 10514.31 ले नपुग हुन्छ । तसर्थ Quaoted Bid Price वमोजिम निजको Bid Bond पुग्ने हुन्छ भने Evaluated Bid Price को लागि Bid Bond नपुग हुन्छ । यस सम्वन्धमा वोलपत्र पुस्तीकाको Instruction to tenders को दफा १५ मा The prices shall be clearly Written in Words & Figurs, the tender shall also show the totals of each items the total of each shedule and the total tender sum of the whole contruct. Corrections, if any shall be made by crossing out, initialling dating & reulrcting भनी उल्लेख भएको छ भने अर्को तर्फ निज वोलपत्र दाताले Lot-1 को जम्माको वोलपत्रमा Total lump sum as per protocal भन्ने उल्लेख भएको हुँदा निज वोलपत्रदाताले कवोल गरेको Quoted Bid Price वा मूल्यांकन भएको Evaluated Bid Price कुन चाही मान्य हुने ? | | |
| ६. | को.ले.नि.का.<br>कास्की | (क) ०५४।११।२ गतेपछि ठेक्का संभौता हुँदा मु.अ.कर प्रमाणपत्र नभएका ठेकेदार सँग भै सकेको भए त्यसलाई कसरी नियमित वा वदर गर्ने ?<br><br>(ख) दरभाउ पत्रवाट निर्माणको काम गराउन वा अमानत बाट काम गराउन मु.अ. करमा दर्ता भएकालाई मात्र आव्हान गर्दा त्यस्तो व्यक्ति वा फर्म नआएमा वा नपाएमा के गर्ने<br>(ग) उपभोक्ता समितिहरुलाई रनिङ विल वा किस्ता भुक्तानी गर्दा मु.अ.क. लाग्ने न | ०५५/२/६ | (क) यसमा मु.अ.कर लागू हुनुभन्दा अघि संभौता वा ठेक्का वन्दोवस्त भइसकेकोमा आर्थिक ऐन, ०५४ को दफा ६ वमोजिम ठेक्काकर दरवन्दी वमोजिम हुनुपर्ने तर ठेकेदारले मु.अ.कर ऐन अनुसार त्यस्तो कारोवारको लेखा राखी कर तिर्न चाहेमा सो अनुसार गर्न दिइनेछ ।<br>(ख) यसमा आ.प्र. सम्वन्धी नियमहरु ०४२ को नियम २१ (२) अनुरुपको प्रक्रिया पुरा गरी काम गराउन पाउने ।<br><br>(ग) यसमा आ.प्र. सम्वन्धी निर्णयसार संग्रह ०५४ को निर्माण अन्तर्गत खण्ड ५.४८ मा उपभोक्ता समिति आफैले गरेको कामको |

| | | | | |
|---|---|---|---|---|
| | | लाग्ने तथा यस्ता उपभोक्ता समितिहरु मु.अ.क. कार्यालयमा दर्ता हुनुपर्ने वा नपर्ने ? | | लागि ठेक्का कर वा अग्रिम कर लगाउने प्रश्ननै उठ्दैन । तर उपभोक्ता समितिले अरु कसैलाई भुक्तानी दिदा कानुन वमोजिम कट्टी गर्नुपर्ने अग्रिम करहरु भने कट्टी गरेको हुनुपर्छ भनि पूर्व निर्णय भैसकेको देखिदा यस सम्वन्धमा पनि उपभोक्ता समिति आफैले गरेको काम मु.अ.कर लाग्ने देखिदैन तर उपभोक्ता समितिले अरु कसैलाई भुक्तानी दिदा भने मु.अ.कर लाग्ने देखिन्छ तथा उपभोक्ता समितिले मु.अ.करमा दर्ता हुनुपर्ने नपर्ने भन्ने सम्वन्धमा कुनै कारोवारमा संलग्न हुन चाहने व्यक्तिले कारोवार शुरु गर्नुभन्दा अघि दरखास्त दिनुपर्ने सम्वन्धमा मुअ.कर नियमावली ०५३ को नियम ३ (२) मा उल्लेख भएको देखिदा उपभोक्ता समितिलाई कारोवार गर्न खोज्ने व्यक्ति वा फर्म सरह लिनु मनासीव नदेखिएकोले त्यसरी मु.अ.करमा दर्ता गरिरहनु नपर्ने । |
| ७. | को.ले.नि.का. झापा | मेची अञ्चल अस्पतालको भवन निर्माण कार्यको वोलपत्र वमोजिम सवैभन्दा घटी कवोल गर्नेले एउटा कामको दररेट उल्लेख नगरी वेरितको वोलपत्र पेस गरेको सो आइटम हटाउन समेत प्राविधिक कारणले नमिल्ने भएको र छोडेको आइटमको लागत अनुमानको रकम जोड्दा दोस्रो घटी लागत कवोल अंक भन्दा बढी हुने हुँदा एक आइटमको दररेट नभर्नेलाई वेरित मानी पुरा आइटम भर्ने रित पूर्वकको वोलपत्रहरु मध्ये घटीवाला वोलपत्रलाई स्वीकृति गर्न मील्छ मिल्दैन ? | ०५५/२/६ | वोलपत्रमा मूल्य नखुलाएको आइटम भवन निर्माण सँग छुट्याउन नसकिने प्राविधिक राय भएको व्यहोरा प्राप्त कागजातबाट देखिने हुँदा आइटम छुटाई काम गराउन नसकिने वुझिन्छ । अतः छुट आइटमको मूल्य समेत समावेस गरी मूल्यांकन गर्दा घटी देखिने वोलपत्रवालाको वोलपत्र स्वीकृति गर्न नियमले वाधा नपर्ने । |
| ८. | पोखरा उपमहानगरपालिका दास्रो पर्यटन पूर्वाधार विकास आयोजना, पोखरा वातावरण सुधार आयोजना | प्राविधिक परामर्स सेवा उपलब्ध गराउने कन्सल्टेन्सी फर्महरुले पेस गरेको विलको भुक्तानी दिदा आ.प्र. सम्वन्धी नियम ३७ वमोजिम ५ प्रतिसत रिटेन्सन भनी कटाएर मात्र भुक्तानी दिने व्यवस्था भएकोमा उक्त फर्महरुले सो रकम नकटाउन भनेकोले उक्त नियम निर्माण कार्यसँग सम्वन्धित ठेकेदारलाई मात्र वा परामर्सको लागि पनि लागू हुन्छ ? | ०५५/३/७ | परापर्स सेवा आ.प्र. सम्वन्धी नियमको परिभाषा अनुसार ठेक्का ठहर्छ । प्रचलित वा परामर्स सेवा लिने सम्वन्धमा आ.प्र. नियमहरु को प्रक्रिया पुरा गरिनुपर्ने र प्रक्रिया पुरागरी संझौता गर्नुपर्ने हुन्छ । संझौतामा उल्लेखित सर्त अनुसार काम गर्ने गरी नियुक्त ठेकेदारको काम गर्ने गुणस्तर र विस्वासनियताको प्रत्याभूतिको निमित्त ठेकेदारलाई भुक्तानी गर्दा भुक्तानी हुने अंकको केही प्रतिशत जमानत वापत कट्टा गरी राखिने र काम सम्पन्न गरिसकेपछि आ.प्र. नियम को प्रक्रिया पुरा भएपछि ठेकेदारलाइ फिर्ता दिने प्रावधान छ । सारांसमा प्रस्तुत गर्दा संझौता गरी लगाउने हुँदा परापर्स सेवा ठेक्काको परिभाष भित्रपर्ने र ठेकेदारलाई भुक्तानी गर्दा नियम वमोजिम ५ प्रतिसत रिटेन्सन भनि कटाएर मात्र भुक्तानी दिनुपर्ने हुन्छ । |
| ९. | को.ले.नि.का. सुर्खेत | आ.प्र. सम्वन्धी नियमहरु २०४२ वमोजिम भएको ठेक्का पट्टाको सम्झौतामा तोकिएको अवधि भित्र ठेकेदारले कुनै काम गर्न नसकेकोमा आ.प्र. सम्वन्धी नियमहरु २०४२ को नियम ३५ क (२) को क,ख, ग र घ म्याद थप गर्ने सम्वन्धमा व्यवस्था भएकोमा कार्यालय प्रमुखले काम सम्पन्न गर्न तोकिएको अवधीको एक चौथाई सम्म म्याद थप गरिसकेपछि पनि काम सम्पन्न | ०५५/१२/५ | यसमा तोकिएको पदाधिकारीले थप गर्न सक्ने म्यादको अवधीमा तल्लो निकायका पदाधिकारीले थप गर्न सक्ने म्याद घटाई वांकी रहन आउने अवधि सम्म मात्र क्रमशः माथिल्लो निकायका पदाधिकारीबाट म्याद थप गर्न सक्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | हुन नसकी सोही नियमको (ख) वमोजिम क्षेत्रिय निर्देशक बाट काम सम्पन्न गर्न तोकिएको अवधीको एक चौथाई सम्म म्याद थप गरिसकेपछि पनि काम सम्पन्न हुन नसकी सोहि नियमको (ख) वमोजिम क्षेत्रिय निर्देशकबाट काम सम्पन्न गर्न तोकिएको अवधीको एक तिहाई म्याद थप गर्दा (क) वमोजिम कार्यालय प्रमुखले थप गरेको एक चौथाई म्याद कट्टा गरी बाँकी अवधी मात्र थप गर्न सक्ने हो वा काम सम्पन्न गर्न तोकिएको सम्पूर्ण अवधीको एक तिहाई थप गर्न सक्ने हो । | | |
| १०. | को.ले.नि.का. नवलपरासी | जि.वि.स. नवलपरासिको सूचना अनुसार रु. १८८७२६८। (ओभरहेड वाहेक)को २१ दिने वोलपत्रको सूचना प्रकाशित गरी (ग) श्रेणीको ठेकेदारहरुबाट वोलपत्र माग गरिएकोमा २०५६ वैशाख १ गते देखि निर्माण कार्यमा (घ) वर्गको ठेकेदारले रु. ३० लाख सम्मको टेण्डर सहभागी हुन पाउने व्यवस्था भएको हुँदा उक्त वोलपत्रमा (घ) वर्गको ठेकेदारलाई सहभागी गराउन मिल्ने नमिल्ने ? | ०५६/१/१२ | वोलपत्र दाखिला गर्ने म्याद वाँकी हुदै प्रचलित कानूनमा संशोधन भएकोले संशोधन भए अनुसार गर्ने । |
| ११. | अर्थ मन्त्रालय | सुनसरी मोरङ्ग सिंचाई योजनाको सन्दर्भमा counter Guariantee वापत अर्थ मन्त्रालयबाट थप रकम निकासा गरिएकोमा राय माग गरिएको । | ०५६/१/३० | सुनसरी मोरङ्ग सिंचाई योजना धेरै समय पहिला देखि वैदेशिक सहायतामा संचालन हुदै आइ रहेको सन्दर्भमा यस पटक मात्र Counter Guarantee वापतको शुल्क दावी हुन अएको हो वा पहिला पनि यस्तो अवस्था रहेको थियो ? थियो भने, हाल सम्म यस्तो शुल्क वापत कति रकम भुक्तानी हुन गएको छ र यस पटक मात्र अर्थ मन्त्रालयसँग थप निकासा माग गर्नुपर्नाको कारण आदि स्पष्ट भई आएमा मूल्यांकन गरी नियमको प्रावधानबाट श्री ५ को सरकारलाई अनावश्यक आर्थिक भार पर्ने देखिन आएमा संशोधन तर्फ कारवाही शुरु गर्न सहज हुने । |
| १२. | आवास तथा भौतिक योजना मन्त्रालय | भवन विभागबाट वर्षभरि परि आउने र विभिन्न सरकारी निकायहरुबाट भवन मर्मत संभार गर्न माग भई आउने कार्यहरु छोटो अवधीमै सम्पन्न गर्नुपर्ने र अन्य कार्यक्रम जस्तो पहिलो चौमासिकमा नक्सा ल.ई. आदी गरी पछि टेण्डर गरी काम सम्पन्न गराउने अवस्था नहुने र प्रत्येक पटक कामको लागि अनुरोध भै आएपछिको कामको टेण्डर गराउदा करीव साल भरी नै टेण्डर प्रकृयामा लाग्नु पर्ने र माग अनुसारको काम चांडो सम्पन्न गराउन पर्ने कार्य समयमा सम्पादन गर्न सकिने अवस्था नरहने हुँदा यस सम्वन्धमा विशेष व्यवस्था गरी साल भरीको लागि टेण्डर गरी (क) वर्गको ठेकेदारबाट आ.व.को अन्त सम्ममा आउने कार्यहरु गराउंदा काम स्तरिय, समयमै र सस्तो पनि हुन सक्ने र पटक पटक वेरुजु उठ्ने प्रकृयाबाट पनि छुटकारा हुने हुँदा वर्ष भरीको कामको लागि परि आउने र गर्नुपर्ने भवन मर्मत संभार तथा रंगरोगन कार्यको लागि एकै | ०५६/२/२४ | सो सन्दर्भमा वर्ष भरीको लागि टेण्डर गरी (क) वर्गको ठेकेदारबाट काम गराउने भन्ने सम्वन्धमा यसरी कूल लागत किटान नहुदै (क) वर्ग कै ठेकेदार छनौट गर्न सकिने नसकिने लागत किटान नहुने भएकोले वोलपत्रदाताबाट के कति जमानत माग गर्ने जमानत नलिई ठेकेदार छानिएतापनि निजले काम गर्न मञ्जुर नगरेमा के कस्तो हजार्नाको व्यवस्था गर्ने, टेण्डर प्रकृयामा नगई लागत अनुसार सोझै वा दरभाउत्रपबाट समेत काम गराउन सकिने व्यवस्था आ.प्र. सम्वन्धी नियमले गरेको सन्दर्भमा यस्तो विशेष व्यवस्था गर्नु पर्नाको औचित्य तथा त्यस्तो विशेष व्यवस्था गर्न आवश्यक भए नियममा समावेश गर्न आवश्यक मस्यौदा तयार गरी पठाउने । |

| | | | | |
|---|---|---|---|---|
| | | पटक टेण्डर गरी ठेकेदार नियुक्ति गर्ने सम्वन्धमा आ.प्र. सम्वन्धी नियमहरुमा छुट्टै व्यवस्था गर्ने सम्वन्धमा राय माग । | | |
| १३. | स्वास्थ्य मन्त्रालय | वोलपत्र आव्हान गरी प्राप्त भएको वोलपत्रहरुमा कुनै वोलपत्र दाताले मूल्य अभिवृद्धि कर (VAT) छुट्टै देखाई वोलपत्र पेश गरेको र कुनैले मूल्य अभिवृद्धि कर (VAT) वारे कुनै कुरा उल्लेख नगरी वोलपत्र पेश गरेकोमा मूल्य अभिवद्धि कर वारे कुनै कुरा उल्लेख नगर्ने कर दाताले १४ दिन पछि आएर वोल कवुल गरेका मूल्यमा मूल्य अभिवृद्धि कर समेत समावेश छ भनी पत्र पेश गरेको तथा सो पत्रलाई मान्यता दिंदा यसरी पछि पत्र पेश गर्ने वोलपत्रदाता Lowest Bidder समेत हुन जाने स्थिति पर्न आएकोले वोलपत्रमा VAT वारेमा कुनै कुरा उल्लेख नगरी वोलपत्र खोलिई सकेपछि वोलकवोल गरिएको अंकमा VAT रकम समावेश छ भनी वोलपत्र दाताले लेखेको पत्रलाई मान्यता दिन मिल्ने नमिल्ने ? | ०५६/३/१० | मूल्य अभिवृद्धि कर विभागको मिति २०५५।६।७ को प.सं.च.नं. १२४२ को पत्रबाट प्राप्त राय अनुसार मू.अ.कर खरिद कर्ताले नै तिर्नुपर्ने हुँदा टेण्डरको कवोल मूल्यमा विक्रिकर समावेश नहुने कुरा स्पष्ट छ । टेण्डर खोलि सकेपछि दिइएको पत्रवाट टेण्डर मूल्यमा असर पर्ने भएमा त्यस लाई मान्यता दिदां टेण्डर पछि मूल्य सार्वजनिक भैसकेपछि टेण्डरदाताले आफ्नो पक्षमा निर्णय गराउने उद्धेश्य राख्न सक्ने हुँदा टेण्डर खोलि सकेपछिको पत्राचारलाई मान्यता दिन नमिल्ने । |
| १४ | निर्माण तथा यातायात मन्त्रालय | आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम ८१ मा कन्सल्टेन्सी तर्फ रु. एक करोड भन्दा माथिको आर्थिक र प्राविधिक प्रताव सम्वन्धित सचिवले स्वीकृति गर्न सक्ने व्यवस्था भएको हुँदा कन्सल्टेन्सी तर्फको ठेक्काको म्याद कतिसम्म कुन तहबाट स्वीकृत गराउनु पर्ने भन्ने स्पष्ट उल्लेख नभएकोले त्यस्तो ठेक्काको काम थप घट गर्ने र म्याद थप गर्ने सम्वन्धमा द्विबिधा भएको । | ०५६/६/१९ | आर्थिक प्रशासन सम्वन्धि नियमावली २०५६ को नियम ८९ को उपनियम (२) खण्ड (क) मा नियम ७३ (१) उल्लेख भएकोमा सो नियम वोहकमा अन्य कामहरु ठेक्काबाट गराउदा म्यादथप गर्नुपर्ने अवस्था परेमा जुन नियमानुसार ठेक्का स्वीकृति गरिएको हो सोही नियममा उल्लेखति अधिकारीले नियम ८९ को प्रकृया पुऱ्याई म्याद थप गर्न सक्ने । |
| १५ | स्वास्थ्य मन्त्रालय | विश्व वैंकको ऋण सहयोगमा निर्माण गरिने स्वास्थ्य संस्था भवनहरुको Design, Drawings Estimation, construction supervision आदि कार्यको लागि नियुक्त गरिएको परामर्श दाताबाट थप काम गराउन परेकोले पुरानै संझोतामा उल्लेखित दर रेटका आधारमा रु. ४०६७०१२५० Variation स्वीकृतिको लागि पेश भएकोमा Variation स्विकृत गर्न मिल्ने नमिल्ने ? | ०५६/६/२४ | आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५६ को नियम ६३ मा व्यवस्था भएको थपघट सम्वन्धी प्रावधान उक्त नियम ६३ को उपनियम (८) को खण्ड क र ख मा उल्लेखित हदभित्र रही आइटमवाइज काममा समेत थपघट गर्न सकिने । उक्त व्यवस्था परामर्श सेवामा समेत लागू हुने । |
| १६ | अर्थ मन्त्रालय | (क) साझा स्वास्थ्य सेवालाई आ.प्र.नियमावली २०५६ को नियम ५९ को खण्ड (ग) मा ब्यबस्था गरिएको सुबिधा उपभोग गर्न दिन मिल्ने वा नमिल्ने । | २०५६।९।१२ | श्री ५ को सरकारको ५०% भन्दा बढी पुजी लगाएको संगठित सस्थाबाट निर्धारित बिक्रीमोलमा खरिद गर्दा दरभाउपत्र वा बोलपत्रद्धारा खरिद हुन आबश्यक छैन । |
| | को.ले.नि.का. लम्जुङ्ग | (ख) (i) आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम १८८ (३) (क) वमोजिम गठित वोलपत्र मूल्यांकन समितिले अपनाउनु पर्ने आधार मन्त्रालयबाट प्राप्त हुनुपर्ने व्यवस्था अनुरुप हाल सम्म त्यस्तो आधार कुनै मन्त्रालयबाट प्राप्त नहुँदा वोलपत्रको मूल्याङ्कन कसरी गर्ने ? | २०५६।९।१२ | ऐ.ऐ. वमोजिम उल्लेखित कार्यालयस्तरको बोलपत्र मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वोलपत्र मूल्यांकन गर्दा मन्त्रालयबाट प्राप्त आधार अनुसार मूल्यांकन गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | " | ii) बोलपत्रको प्राविधिक र आर्थिक आधारको मूल्यांकन गर्ने सन्दर्भमा हेरिनु पर्ने विषयगत कुराहरुको पहिचान गर्न द्विविधा भएको । | २०५६।९।१२ | मूल्याकन गर्दा हेरिनु पर्ने विषयगत कुराहरुको सम्वन्धमा वोलपत्र मूल्यांकनको आधार बोलपत्र मूल्यांकन गर्नुभन्दा अगाडि सम्वन्धित कार्यालयलाई पेश गर्न लगाउनु पर्ने । |
| | " | iii) बोलपत्र मूल्यांकन समितिको काम कुनै फलानो ठेक्कामा फलानो ठेकेदारको दर स्वीकृति गर्न कार्यालय प्रमुखलाई सिफारिश गर्ने समेत हो, होइन ? | २०५६।९।१२ | बोलपत्र मूल्याङ्कन समितिले ठेकेदारको दर स्वीकृति गर्न कार्यलय प्रमुखलाई सिफारिश गर्ने सम्वन्धमा समितिले बोलपत्रको प्राविधिक र आर्थिक पक्ष बारे मूल्याकंन गरि कुन वोलपत्र स्वीकृत गर्ने हो भन्ने कुराको सिफारिश गर्नुपर्ने । |
| | " | iv) बोलपत्र स्वीकृति भैसके पछि ठेक्काका सामान्य शर्तहरु समितिले निर्देशन गर्ने हो, होइन ? | २०५६।९।१२ | उक्त समितिले वोलपत्र मूल्याङ्कन गरी सिफारिस पेश गर्ने भएकोले तत् पश्चातका विषय वोलपत्र मूल्याकंन समितिको कार्यक्षेत्र भित्र नपर्ने । |
| | " | v) उपभोक्ता समितिबाट गरिने काम, परामर्श सेवा, पि.क्यू, समेतमा उक्त समितिले कार्य गर्नु पर्ने नपर्ने ? | २०५६।९।१२ | बोलपत्र मूल्यांकन समितिले उपभोक्ता समितिबाट गरिने काम, परामर्श सेवा र पि.क्यू सम्वन्धी कार्यमा समेत मूल्यांकन तथा सिफारिस गर्नुपर्ने नपर्ने सम्वन्धमा उपभोक्ता समिति आफैले गर्ने कार्यमा वाहेक परामर्श सेवा (दुई खाम प्रणाली अन्तर्गत) प्रि.क्वालिफकेशन गराई गरिने अन्य कार्यहरुको लागि नियमावलीको परिच्छेद -७ मा उल्लेखित कार्यमा वोलपत्र मूल्यांकन समितिको सिफारिस आवश्यक पर्ने । |
| १७. | को.ले.नि.का. सल्यान | आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम ८१ (१०) मा यस नियम वमोजिम पर्न आएका प्राविधिक प्रस्तावहरु खोल्न अगावै उपनियम (१३) को आधारमा मूल्यांकन भार तोक्नु पर्नेछ भनी उल्लेख भएको र उपनियम १३ मा उपनियम १० मा प्राविधिक प्रस्तावको छनौट गर्दा पूर्णाङ्क १०० अंक गरी देहायका आधारमा बढी अंक ल्याउनेलाई छनौट गर्नु पर्नेछ भन्ने उल्लेख भएको अतः राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन हुनुपर्ने वा पत्रिकामा सामान्य सूचना गरि दरभाउपत्र माग गरेकोमा अंकभार सूचना प्रकाशन गर्दा तोकिनु पर्ने वा दरभाउपत्र खोलिनु अगावै तोकिनु पर्ने हो ? | ०५६/१२/४ | १) रु. १ लाखदेखि ३ लाखसम्मको सिलवन्दी दरभाउपत्रमाग गर्दा राष्ट्रिय स्तरको पत्र पत्रिकामा दर भाउपत्रको आवश्यक विवरण खोली सूचना प्रकाशित गर्नुपर्ने ।<br>२) प्राविधिक प्रस्ताव छनौट तथा मूल्यांकन गर्दा १०० पूर्णाङ्कलाई आ.प्र.सम्वन्धी नियमावली, २०५६ को नियम ८१ को उपनियम १३ मा उल्लेखित विवरणहरुमा आवश्यकतानुसारको अंकभारमा विभाजन गरी मूल्यांकन गरी बढी अंक ल्याउनेलाई छनौट गर्नुपर्ने ।<br>३) यसरी विभाजन गरिएको अंकभारलाई प्रस्तावको सूचनामा नै उल्लेख गर्नुपर्ने । |
| १८. | सडक विभाग | दरभाउपत्रको Table मा अंकमा रु. २८,९०,०००।- लेखि अक्षरमा पनि Twenty Eight Lakh Ninty Thousnads Only भनी स्पष्ट उल्लेख गरेको तर Table को तल कुल ठेक्का अंक लेख्नु पर्ने ठाउँमा अक्षरमा Twenty Lakh Ninty Thousand Only भनी लेखिएकोले कुन ठेकेदार अंकलाई कायम गरी बोलपत्र स्वीकृति गर्ने भन्ने कुरामा स्पष्ट हुन नसकेको । | ०५६/१२/२ | अक्षरमा कुल रकम लेख्नुपर्ने महलमा लेखिएको रकमलाई मान्यता दिनु उपयुक्त हुने । |
| १९. | वन तथा भूसंरक्षण मन्त्रालय | सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव मांग गर्दा ५ वटा फर्महरुको प्रस्ताव दर्ता हुन आएकोमा ३ वटा फर्महरुको आयकर दर्ता प्रमाणपत्र पेश हुन नआएको हुँदा उक्त तीनवटै प्रस्तावहरु रद्द गरी पुनः माग गरिएकोमा २ वटा मात्रको प्राविधिक र | ०५७/२/३२ | कर कार्यालयबाट लेखिएको पत्रलाई आयकर दर्ता प्रमाणपत्र मान्न मिल्छ मिल्दैन भन्ने सम्वन्धमा उक्त विषय कर सम्वन्धी भएकोले कर विभागबाटै स्पष्ट गराउनु पर्ने तथा दुइ पटक वोलपत्र माँग गर्दा पनि तोकिएको संख्यामा वोलपत्र नपरेमा र पुनः वोलपत्र |

| | | | | |
|---|---|---|---|---|
| | | आर्थिक प्रस्ताव पेश हुन अएकोमा सो मध्ये १ मात्र सुष्मा कोइराला मेमोरियर ट्रष्ट मात्र सूचिकृत भै निजको आर्थिक प्रस्ताव खोली हेर्दा १३,३०,११६ पर्न आएको । आयकर दर्ता प्रमाणपत्र सम्वन्धमा सुष्मा कोइराला मेमोरियल ट्रष्टले आयकर छुट पाउने भनी ७ नं. कर कार्यालयले पत्र दिएको छ । उक्त पत्रलाई आयकर दर्ता प्रमाणपत्र मान्न मिल्छ मिल्दैन ?<br>नियम ८१ (१२) तीनवटा व्यक्ति, फर्म, कम्पनी वा संस्थाको सूचि तयार गर्न नसकेमा पुनः वोलत्रप आह्वान गर्नुपर्नेछ भन्ने उल्लेख भएकोमा दाश्रो पटक सूचना आह्वान गर्दा कतिवटा प्रस्तावको सूचि तयार गर्नुपर्दछ । सो कुरा यस नियममा स्पष्ट भएको नदेखिदा सूचिमा १ मात्र परेकोले मानयता दिन मिल्छ मिल्दैन ? | | माँग गर्दा काममा वाधा पर्ने भएमा सोही कुरा खोली सम्वन्धित सचिवको स्वीकृति भएमा प्राप्त हुन आएको वोलपत्र आ.प्र. नियमावली, २०५६ मा व्यवस्था भएको प्रकृयानुसार स्वीकृत गर्न वाधा नपर्ने । |
| २०. | को.ले.नि.का., रुपन्देही | एकपटक ठेक्का तोडी पुनः वोलपत्र आह्वान गरी ठेक्का वन्दोवस्त गरी स्वीकृत ल.ई. भित्र निर्माण काम सम्पन्न भएको अवस्थामा प्राविधिक मूल्यांकन अनुसार भुक्तानी हुन वाँकी रकम साविक ठेकेदारलाई भुक्तानी दिन मिल्ने, नमिल्ने ? | ०५७/४/२३ | प्राविधिक प्रतिवेदन नगरपालिकाले स्वीकृत गरेको अवस्थामा आर्थिक प्रशासन सम्वन्धी नियमावली वमोजिम वीचमा काम छोडने ठेकेदारबाट राखिएको जमानत जफत गर्ने लगायत प्रकृयाहरु पूरा गरी निज ठेकेदारबाट असूल गर्नुपर्ने सम्पूर्ण रकम असूल वा कट्टा भएको अवस्थामा सम्पन्न कामको रकम भुक्तानी दिन वाधा नपर्ने । |
| २१. | सडक विभाग | आ.प्र.सम्वन्धी नियमावली, २०५६ को परिच्छेद १७ को नियम १८७ अन्तर्गत विभिन्न ३ तहमा मूल्यांकन समितिको व्यवस्था गरिएको छ । जसमा मन्त्रालयस्तर विभागस्तर र कार्यालय स्तरको मूल्यांकन समितिको व्यवस्था गरिएको तर क्षेत्रीय कार्यालयस्तरमा स्वीकृत हुने टेण्डरहरुको लागि कार्यालयस्तरमा हुने मूल्यांकन समितिकै रुपमा मूल्यांकन समिति राख्दा विभाग र मन्त्रालय स्तरका मूल्यांकन समितिका प्रावधान रहे जस्तै सम्वन्धित डिभिजन सडक कार्यालयको प्रमुख अर्थात योजना प्रमुखलाई सदस्य राख्ने व्यवस्था नभएको र डिभिजन सडक कार्यालयले आफ्नो अधिकारक्षेत्र भन्दा माथिल्लो तह अर्थात क्षेत्रीय सडक निर्देशनालयबाट स्वीकृत हुने टेण्डर गर्दा डिभिजन सडकको प्रमुख (योजना प्रमुख) समेत राखी उपसमिति गठन गर्न सक्ने व्यवस्था समेत नरहेको हुँदा क्षेत्रीय कार्याल्य स्तरमा स्वीकृति हुने टेण्डरहरुको टेण्डर मूल्यांकन समिति सम्वन्धमा के कसरी मूल्यांकन समति गठन हुनुपर्ने हो ? | ०५७/१/२६ | जुन पदाधिकारीबाट वोलपत्र स्वीकृत हुने हो सोही स्तरको वोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन गराउनु पर्ने भएकोले क्षेत्रीय स्तरको प्रमुखको सम्वन्धमा वोलपत्र मूल्यांकन समितिको छुट्टै व्यवस्था नभएको र क्षेत्रीय निर्देशनालय पनि कार्यालयस्तरकै अड्डा भएकोले कार्यालयस्तरको वोलपत्र मूल्यांकन समिति जस्तै समिति गठन गराई सो समितिबाट मूल्यांकन गराई स्वीकृत गर्न सकिने । |
| २२. | को.ले.नि.का., अर्घाखाँची | जिल्लास्थित विभिन्न सरकारी भवनहरुको मर्मत संभार गर्न विभिन्न कार्यालयहरुको छुट्टाछुट्टै इस्टीमेट गरी टुक्रा टुक्रा गरी मर्मत गराउने गरेको पाइएकोले उक्त कार्य त्यसरी नै गर्न मिल्ने हो वा विभिन्न कार्यलयहरुको छुट्टाछुट्टै इस्टीमेट गरी सो इस्टीमेटलाई एकमुष्ठ गरी सूचना प्रकाशन गर्नुपर्ने हो ? | ०५७/२/३ | साधारणतः एउटै कामलाई टुक्रा गर्न नमिल्ने, टुक्रा गर्नु परेमा प्राविधिक पुष्ट्याई सहित विभागीय प्रमुखबाट स्वीकृति लिई इष्टिमेट स्वीकृत गर्न सकिने देखिन्छ । वेग्ला वेग्लै प्रकृतिको निर्माण तथा मर्मत सुधार कार्य एकै ठाउँमा इष्टिमेट गाभी कार्य गराउन समेत व्यवहारिक नहुने हुँदा वेग्ला वेग्लै भवनको छुट्टछुट्टै लागत अनुमान स्वीकृत गरी गरिने मर्मत सम्भार कार्यलाई नियम विपरित भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | मान्न नमिल्ने । केवल एउटै कार्यलाई टुक्रा टुक्रा गरी कार्य गर्न भने हतोत्साही गर्नुपर्ने नियम ६३ को उपनियम(५) को मनशाय रहेको । |
| २३. | क्षेत्रीय कोष विराटनगर | जिल्ला जनस्वास्थ्य कार्यालय भवन निर्माणको लागि प्रकाशित सूचनामा कम्तीमा भवन सम्वन्धी तीस लाख सम्मको काम गरेको अनुभवको प्रमाण निवेदन साथ संलगन राखी वोलपत्र खरिद गर्न सकिने भनी प्रावधान राखेकोमा निर्माण व्यवसायी संघ, विराटनगरले आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम ६६ विपरित भएकोले उक्त प्रावधान हटाई सम्वन्धित सम्पूर्ण निर्माण व्यवसायीहले वोलपत्र खरिद गर्न पाउनु पर्ने भनी पत्र पेश गरेको । | ०५७/२/१८ | इजाजत प्राप्त वर्गिकरण भित्रको ठेकेदारलाई प्रतिस्पर्धाबाट वंचित हुने गरी शर्तहरु तोक्न नमिल्ने । |
| २४. | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | ठेक्का नं. १३।०५६।५७ मा सवैभन्दा न्यूनतम कवुल अंक र तोकिए वमोजिमको क्षमता भएको सिलवन्दी दरभाउ पत्रदाता श्री डि. कैलाश कन्स्ट्रक्सनले उक्त कार्यालयबाट यस अघि सूचना नं. १।०५६।५७ अनुसार ठेक्का नं. ६।०५६।५७ को लागि वोलपत्र आह्वान गरिंदा सो को लागि वोलपत्र पेश गर्दा संलग्न रहेको विड वण्ड नै कार्यालयबाट उक्त ठेक्का रद्द गरिएको कारण फिर्ता लिई यस दरभात्रपत्रसाथ पेश गरेको देखिन्छ । उक्त विडवण्ड जारी गरिएको मिति सिलवन्दी दरभात्र आह्वान सूचना मितिभन्दा अघिको रहेको छ । साथै उक्त विडवण्डमा कार्यालय एवं परियोजनाको नाम मात्र उल्लेख भएको तर कुन काम वा ठेक्काको लागि हो त्यो चाँही उल्लेख गरेको देखिदेन । तर त्यस विडवण्डमा उल्लेखित रकम र Validity Period भने सिलवन्दी दरभाउपत्रमा माग गरे वमोजिमकै हुँदा यस सन्दर्भमा निजको विडवण्ड मान्य हुने, नहुने ? | ०५७/३/२१ | बोलपत्रको अभिन्न अंगको रुपमा रहेको कागजात फिर्ता दिए नदिएको सम्वन्धमा मन्त्रालयले छानविन गरी आवश्यक कार्वाही गर्नुपर्ने र वोलपत्र साथ पेश भएको रकम मान्य अवधि र कार्यालयको नाममा जारीभएको रीतपूर्वकको विडवण्डलाई मान्यता दिन वाधा नपर्ने । |
| २५. | भौतिक योजना तथा निर्माण मन्त्रालय | आ.प्र. नियमावली, २०५६ को परिच्छेद ७ कोमा नियम ६६ को उपनियम (५) मा उल्लेखित पहिलो वाक्यांसमा वोलपत्र सम्वन्धी कागजात स्वीकृति गर्ने अधिकारीबाट स्वीकृत भैसकेपछि भन्ने रहेकोले सो स्वीकृति गर्ने अधिकारी को हुन ? भन्ने स्पष्ट कतै उल्लेख गरिएको नदेखिएकोले स्पष्ट हुन साथै नियम ५८ (१) (ग) तथा नियम ६१ अनुसार सिलवन्दी दरभात्रपत्रबाट खरिद तथा निर्माण सुधार कार्य गराउदा परिच्छेद १७ अनुसार वोलपत्र मूल्यांकन व्यवस्था हुनुपर्ने भन्ने कतै उल्लेख भएको नदेखिएकोले सिलवन्दी दरभाउपत्रमा पनि मूल्यांकन समितिको व्यवस्था गर्नुपर्ने हो वा होइन ? | ०५७/३/२२ | वोलपत्र सम्वन्धी कागजात अन्तर्गत वील अफ क्वान्टिटी को आधारमा लागत अनुमान तयार हुन्छ । लागत अनुमान स्वीकृति गर्ने अधिकारीको वारेमा आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम ६३ को उपनियम (७) मा स्पष्ट व्यवस्था छ । तसर्थ उक्त अधिकारीबाट नै लागत अनुमानको अतिरिक्त वोलपत्र सम्वन्धी कागजात स्वीकृति गर्नुपर्ने । साथै सिलवन्दी दरभाउपत्रमा पनि मूल्यांकन समिति व्यवस्था हुनुपर्ने हो वा होइन भन्ने सम्वन्धमा आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम ५८ (१( (ग) तथा उक्त नियमावलीको नियम ६१ अनुसार सिलवन्दी दरभाउपत्रबाट खरिद तथा निर्माण सुधार कार्य गर्दा गराउँदा पनि वोलपत्र मूल्यांकन समितिको आवश्यक पर्ने भनी यस अघिनै निर्णय भैसकेको । |
| २६. | को.ले.नि.का.वारा | वी.आर. निर्माण सेवाले गोप्य सिलवन्दी कोटेशन दिंदा नै VAT BOQ मा समेत संलग्न छ भनी उल्लेख गरेको, ए. विल्डरको शीलवन्दी कोटेशन दिंदा दर रेट | ०५६/८/३ | यस कार्यालयको मिति ०५६।५।२९ मा भएको परिपत्रमा वोलपत्रको सूचना प्रकाशन गर्दा लागत अनुमानमा मूल्य अभिवृद्धि करको अंक समावेश नगर्ने, वोलपत्र दाताले मूल्य |

| | | | | |
|---|---|---|---|---|
| | | मात्र उल्लेख गरको तर हाल आएर निजले दिएको कोटेशनको दररेटमा समावेश भएको भनी दावी गरेको । वोलपत्र दाताहरुमध्ये ए.विल्डरको वोल रकममा VAT समावेश भएको मान्ने हो भने निजको वोलपत्र सवैभन्दा कम ३०.६ प्रतिशत घटी हुन आउँछ । यस्तो अवस्थामा ए.विल्डरले शीलवन्दी कोटेशनमा उल्लेख नगरी सार्वजनिक भएपछि VAT समावेश भएको छ भन्ने दावीलाई मान्यता दिने वा नदिने । | | अभिवृद्धि कर वाहेकको कवोल अंक भरी पेश गर्नुपर्ने र कवोल अंक सार्वजनिक भैसकेपछि वोलपत्रदाताले मूल्य अभिवृद्धिकर समावेश छ भनी दावी गरेकालाई मान्यता नदिने व्यहोरा उल्लेख छ ।<br>प्रस्तुत सन्दर्भमा प्रकाशित सूचनामा मूल्य अभिवृद्धि कर समावेश गर्नुपर्ने नपर्ने, व्यहोरा उल्लेख नभएको र लागत अंकमा मू.अ.क.ओभरहेड र कन्टिन्जेन्सी वाहेक भनी उल्लेख भएको देखियो ।<br>मिति ०५६।३।१० को निर्णयानुसार मूल्य अभिवृद्धिकर समेत समावेश गरी कवोल अंक पेश गरेको वोलपत्रलाई मान्यता दिन मिल्ने देखिदैन भने, मू.अ.क.को विषयमा वोलपत्रमा कुनै कुरा उल्लेख नगरी वोलपत्रको अंक सार्वजनिक भै सकेपछि आफूले पेश गरेको वोल अंकमा मूल्य अभिवृद्धि कर समेत समावेश भएको व्यहोरा उल्लेख गरी पेस गरेको लिखतलाई पनि मान्यता दिन नमिल्ने भै वोलपत्रमा उल्लेखति वोल अंकलाई मूल्य अभिवृद्धिकर वाहेकको वढि अंक कायम गर्नुपर्ने अवस्था देखियो ।<br>क्रेताले तिर्नुपर्ने मू.अ.क.को रकमलाई प्रतिस्पर्धात्मक वोलअंक निर्धारण गर्ने आधार मान्दा वा नमान्दा श्री ५ को सरकारलाई लाभ हानी हुने कुरालाई मुख्य विचार गर्नुपर्ने हुँदा वोलपत्रको अंक सार्वजनिक भैसकेतापनि वोलअंकमा मुल्य अभिवृद्धि कर समावेश नगरे हुने वोलपत्रदाताले पेश गरेको लिखतको आधारमा बोलअंक तुलना गर्दा वोलपत्रमा मूल्य अभिवृद्धिकर समावेश भएको व्यहोरा उल्लेख नगरे हुने, वोलपत्रदाताले उल्लेख गरेको वोलअंकभन्दा कम हुने अवस्थामा मू.अ.क. आफ्नो वोलअंकमा समावेश भएको छ भनी पेश हुन आएको लिखतलाई मान्यता दिंदा श्री ५ को सरकारलाई फाइदा हुने देखिएकोले प्रस्तुत केसमा मू.अ.क वोलअंकमा समावेश भएको व्यहोरा उल्लेख गरी पेश भएको लिखतलाई मान्यता दिई निर्णय गर्ने । |
| २७. | सूचना तथा संचार मन्त्रालय | विभिन्न फारमहरु छपाईको लागि शिलवन्दी वोलपत्र आह्वान गरिएकोमा पर्न आएका वोलपत्रहरु मध्ये काभ्रे ट्रेड एण्ड जनरल सप्लायर्सको सवैभन्दा घटी अंक भएको तर इजाजत पत्र, मू.अ.क. दर्ता प्रमाणपत्रमा निजको प्रिण्टिङ्ग प्रेस हो भन्ने खुल्न नआएकोले निजको वोलपत्र स्वीकृत गर्न मिल्ने नमिल्ने ? | ०५६/८/७ | कुन कुन कारोवार गर्ने भनी दर्ता (आयकर)मा छापाखाना उल्लेख नहुँदा आफूले कारोवार नै नगर्ने कुराको वा स्वीकृत नभएको कारोवारको लागि वोलपत्र राखेकोले कारोवार गर्न पाउने स्वीकृति वेगर वोलपत्र मान्य नहुने र सूचनाको शर्त वमोजिम हुनुपर्ने । |
| २८. | निर्माण तथा यातायात मन्त्रालय | वैतडी दार्चुला सडक योजनामा आ.प्र. सम्वन्धी नियमहरु २०४२ बमोजिम ठेक्का पट्टा भै २०५६ को नियम लागू नहुँदै कार्य सम्पन्न भै म्याद थपको कारणले भुक्तानी हुन बाँकी ठेक्का पट्टामा हाल हर्जाना लगाउँदा पुरानै नियमानुसार ०.०१५ हुने वा नियमावली, २०५६ वमोजिम ०.०५ प्रतिशत हर्जाना लिई म्याद थप गर्ने हो ? | ०५६/११/२७ | आ.प्र. सम्वन्धी नियमावली, २०५६ लागू हुनुभन्दा पहिलेनै ठेक्का सम्झौता तथा काम सम्पन्न भएको हुँदा आर्थिक प्रशासन समन्धी नियमहरु, २०४२ को नियम ३५(क) को उपनियम ३ अनुसारर जम्मा कामको लागत रकमको ०.०१ प्रतिशत प्रति दिनका दरले हर्जाना लिने । |

| | | | | |
|---|---|---|---|---|
| २९. | को.ले.नि.का.ललितपुर | सिलवन्दी दरभाउपत्र पेश गर्दा वैद्यता प्रमाणित गर्ने कागजात पेश गर्न छुट भएको र उक्त फर्मले सवभन्दा कम अंक कवोल गरेको हुँदा सो फर्मलाई ठेक्का दिन मिल्छ, मिल्दैन ? | ०५७/२/९ | सिलवन्दी दरभाउपत्र आह्वान गर्दा सूचनामा उल्लेख भएको विवरणमा आयकर दर्ता प्रमाणपत्र र ठेकेदारको इजाजतपत्र संलग्न हुनुपर्छ भनी भनिएको छैन । अतः सूचनामा माग गरिएको विवरण भरी प्राप्त वोलपत्रलाई रित नपुगेको भनी भन्न नमिल्ने हुँदा संझौता गर्नु अघि आ.प्र. सम्वन्धी नियमावली वमोजिम आवश्यक प्रमाणपत्र एवं कागजातहरु पेश गर्न अनिवार्य हुने । |
| ३०. | को.ले.नि.का.धादिङ्ग | यस कार्यालयको भवन निर्माणको लागि कन्टिन्जेन्सी ,ओभरहेड र मूल्य अभिवृद्धि कर वाहेक खूद लागत (Net Estimate) रु. २७ लाख ८२ हजार भएको कारण सिलवन्दी दरभाउपत्र आह्वान..... गर्दा " ग" र " घ " वर्ग दुवैले दरभाउपत्र हाल्न पाउने गरी सूचना निकालिएकोमा जिल्लास्थित निर्माण व्यवसायी संघवाट खुद लागत अनुमानको आधारमा ठेकेदारको वर्ग मा गर्ने नभै खुद लागत अनुमान मूल्य अभिवृद्धि करको रकम सवैजोड गरी आउने रकमलाई मानेर वर्ग माँग गर्नु पर्ने हुँदा यस कार्यालयको भवन निर्माण सम्वन्धि कार्य " ग "वर्गले मात्र गर्न पाउने गरी संशोधन हुन भनी लेखि आएको हुँदा यस विषयमा के गर्दा नियम सम्मत हुन्छ ? | ०५७/८/१३ | लागत अनुमानको अंक रकम सूचना प्रकाशित गर्ने सम्वन्धमा आर्थिक प्रशासन सम्वन्धी नियमावली ,२०५६ को नियम ६६ (४) अनुसार वोलपत्र आह्वान गर्दा प्रकाशन गरिने सूचनामा अन्तर्राष्ट्रिय वोलपत्र वाहेक एक करोड रुपैयासम्मको लागत अनुमानको अंक (कन्टिन्जेन्सी र ठेकेदारको नाफा वाहेक) समेत खलाएको हुनु पर्नेछ भनी उल्लेख भैरहेको र लगत इष्टिमेट अंक सम्वन्धमा यस कार्यालयको मिति २०४०।८।१८ को परिपत्रवाट भएको व्याख्या हालसम्म पनि सान्दर्भिक भएकोले उपरोक्त नियमावलीको नियम ६६ को उपनियम (४) अनुसार वोलपत्र सूचना प्रकाशित अंक हुने आधारमा निर्माण व्यवसायीको सम्वन्धित वर्गहरु मध्येवाट वोलपत्रमा भागलिन पाउने । |
| ३१. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | श्री ५ को सरकारद्वारा स्वीकृत निर्माण कार्यको दर रेट विश्लेषण नर्म्स ,२०४१ ( दोश्रो संशोधन सहित ) मा बर्कचार्ज स्टाफ खर्च २.५% कन्टेन्जेन्सीको व्यवस्था गरेको देखिन्छ । तर कतिपय स्वीकृत लागत इस्टिमेटहरुमा कन्टेन्जेन्सी वापत १० वा १५ % सम्म पनि रकमको व्यवस्था गरेको देखिएकोले निर्माण खर्चको अधिकतम कति प्रतिशत सम्म कन्टेन्जेन्सीको व्यवस्था गर्न मिल्ने हो ? | ०५८/४/१२ | श्री ५ को सरकारको मिति २०४१/९/२० को निर्णयानुसार बर्कचार्ज स्टाफ २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत राख्न पाउने । |
| ३२. | सडक विभाग | आ.प्र. सम्वन्धी नियमावली २०५६ को नियम १८७ (३) को (ग) पछि थप भै कानून अधिकृत वा कानून अधिकृत नभएको कार्यालय भए सम्वन्धित सरकारी वकिल सदस्य रहने प्रावधान रहेकोमा तालुक निभागका कानून अधिकृत भए निजलाई सदस्य तोक्न सकिने नसकिने ? | ०५८/७/३ | सम्वन्धित मन्त्रालय, विभाग, सचिवालय, सरकारी निकायका कार्यालयको कानून अधिकृत भए अधिकृत, नभए सम्वन्धित जिल्लाको सरकारी वकिल सदस्य रहने । |
| ३३. | को.ले.नि.का.सुर्खेत | मध्यपश्चिमाञ्चल क्षेत्रिय निर्देशनालयको भवन निर्माणको वोलपत्र फारामको सि.नं.१० को (१:४) First class local brick Masonary work in concern sand motor or G.F.portion- Quanititi govt. Estiinont Rate Rs. 268985.95 को महलको अंकमा रु. ४,५००।- र अक्षरमा चार सय पाँच लेखेको हुनाले सो को मुचुल्का समेत सबै प्रतिनिधिहरुको रोहवरमा गरिएको । सूचनामा अंक र | ०५८/८/१५ | अक्षरमा अन्यथा लेख्न खोजिएको होइन भनि वोलपत्र मूल्याकंन समितिले ठहर गरेमा वोलपत्रमा उल्लेख भएको अंकलाई आधार मानी मूल्याकंन गर्न वाधा नपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | अक्षरमा फरक परेमा लेखिएकोले अर्थ नदिने स्थिति रहेको छ , कुन आधारमा वोलपत्र मूल्यांकन गरिने हो । | | |
| ३४. | अख्तियार दुरुपयोग अनुन्धान अयोग | प्राथमिक स्वास्थ्य सेवा केन्द्र , पाँचथरको कार्यालय भवन निर्माण कार्यको वोलपत्र आह्वान भै वोलपत्र दाखिला गर्ने, खोल्ने, स्वीकृत गर्ने र पेश्की खर्च लेख्ने दिन चालु आ.व.को कार्यालय लाग्ने अन्तिम समय ०५७।३।३० पर्न गएको , सो समयमा वोलपत्र दाखिला गर्ने देखि ठेकेदारलाई पेश्की समेत दिएको देखिएकोले यसरी एकै दिनमा सवै कार्य गर्न मिल्ने नमिल्ने ? | ०५८/९/२३ | आर्थिक प्रशासन सम्वन्धी नियमावली ,२०५६ मा यी कार्यहरु एकै दिनमा मिल्ने वा नमिल्ने भन्ने विषयमा केही उल्लेख नभएकोले नमिल्ने भन्न सकिने आधार नरहेको साथै पेश्की दिने विषयमा नियमावलीले व्यवस्था गरेको प्रावधान विपरित देखिदैन । तर आषाढको कार्य संचालनको अन्तिम दिन व्यवहारमा रकम फ्रिज हुन नदिन जिल्ला स्थित सवै कार्यालयहरु सहमत भै कार्य सम्पादन गरेको देखिएको । |
| ३५. | को.ले.नि.का.झापा | मेची अंचल अस्पतालले आवाश गृह निर्माणको लागि प्रकाशित सूचनामा लागत अनुमान अंक मूल्य अभिवृद्धि कर समेत जोडेर प्रकाशित गरेको र पर्न आएका वोलपत्रहरु समेत कुनै मूल्य अभिवृद्धिकर वाहेकको दर उल्लेख गरी पेश हुन आएको हुंदा यसरी प्रकाशित सूचना अनुसार पर्न आएका वोलपत्रहरु वोलपत्र मूल्याकंन समितिमा पेश हुदां मूल्याकंन गरी स्वीकृत गर्ने सिफारिस गर्न मिल्छ कि मिल्दैन ? | ०५८/११/६ | मूल्यांकन गर्दा मूल्य अभिवृद्धिकरलाई समावेश गर्न नमिल्ने हुंदा सो वरावरको रकम कट्टा गरी कायम हुने रकमसंग तुलना गरी मूल्यांकन गर्न सकिने र यस्तो प्रकृयावाट मूल्यांकन गर्दा मूल्याकंनमा तात्विक असर पर्ने नदेखिएको । |
| ३६. | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | संस्कृति प्रवर्द्धन कार्यक्रमको खर्च गर्ने अख्तियारी सहसचिवलाई सुम्पिएको र आ.प्र.सम्वन्धी नियमावली २०५६ मा आर्थिक र प्राविधिक प्रस्ताव स्वीकृत गर्दा रु.५० लाख माथिको विभागीय प्रमुखलाई अधिकार भएकोमा महाशाखावाट सम्पादन गरिने अध्ययन प्रतिवेदन तयार गरिने कार्यको आर्थिक तथा प्राविधिक प्रस्तावको लागि मूल्याकंन आधार र अंक निर्धारण कुन तहको अधिकारीवाट हुने ? | ०५८/११/१५ | आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम ६६ (१४) मा प्राविधिक पक्षमा के कति भार दिने भन्ने कुरा समेतको मूल्याकंन विधि वोलपत्र खोल्नु अगावै तयार गरी सम्वन्धित सचिववाट स्वीकृत गराई सक्नु पर्नेछ भन्ने उल्लेख भएकोले सचिवस्तरवाट निर्धारण भएको आधारमा विभागीय स्तरवाट वोलपत्र आह्वान र स्वीकृत गर्नु पर्ने हुंदा नियन्त्रण र अनुगमनको लागि अधिकार प्रत्यायोजन गर्न नमिल्ने । |
| ३७. | महालेखा नियन्त्रक कार्यालय | अ) आर्थिक प्रशासन नियमावली, २०५६ को नियम ८१ (१४) मा आर्थिक प्रस्तावतर्फ ४० प्रतिशतकोभार दिई सवैभन्दा वढी अंक पाउनेको प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।<br><br>आ) बोलपत्र वा दरभाउपत्रको सूचना प्रकाशित भए पछि संशोधन गर्नुपर्ने भएमा | ५८/१२/१२ | उक्त नियमानुसार आर्थिक प्रस्ताव तर्फ ४० प्रतिशतको भार दिई निम्नसूत्र प्रयोग गर्ने<br><br>(क)वोलपत्रदाताको प्रतिशत =न्यूनतम वोलपत्रदाताको वोल अंक X४०<br>क..वोलपत्र दाताको वोलअंक<br>(ख) वोलपत्रदाताको प्रतिशत =न्यूनतम वोलपत्रदाताको वोलअंक X४०<br>ख .वोलपत्रदाताको वोलअंक<br><br>यसै अनुसार (ग), (घ) .......... वोलपत्रदाताले प्राप्त गर्ने प्रतिशत निर्धारण गर्ने ।<br>(अ) आशय र कामको परिमाण परिवर्तन नहुने गरी कुनै कुरा स्पष्ट गर्नु पर्ने भएमा ।<br>(आ) कुनै कुरा गल्ती प्रकाशित हुन गएमा ।<br>(इ) नियमले प्रष्ट गरेको कुरा उल्लेख गर्न छुट भएमा ।<br>(ई) अंक गणीतीय त्रुटी देखिएमा ।<br><br>संशोधित विषयको सूचना प्रकाशित गर्नुपर्दा राष्ट्रियस्तरमा प्रकाशित सूचना भएमा |

| | | | | |
|---|---|---|---|---|
| | | निम्नानुसार गर्ने । | | वोलपत्र/दरभाउपत्र दाखिल गर्न दिइएको समयको आधा समयभित्र ।<br>अन्तर्राष्ट्रिय (Global Tender) मा वोलपत्र दाखिला गर्न दिईएको समयभन्दा १४ दिन अगाडि । परिवर्तन गरिएको दिनसम्म वोलपत्र खरिद गरी लगेको सवैलाइ{ Fax वा email (भएमा) मार्फत तुरुन्त जानकारी पठाउने ।<br>वोलपत्र/दरभाउपत्र खरिद गर्न आउनेलाई संशोधित सूचना अनिवार्य रुपमा उपलव्ध गराउने । |
| ३८. | कृषि तथा सहकारी मन्त्रालय | आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम ८१(२) को खण्ड(ख) को प्रयोजनार्थ प्राविधिक र आर्थिक प्रस्ताव सहितको सीलवन्दी दरभाउपत्रको सोही नियमको उपनियम (११) वमोजिम प्राविधिक सूची तयार गरी छनौट गर्दा ३ वटा संख्या पुग्न नसकेको स्थितिमा पुनः सीलवन्दी दरभाउपत्र आह्वान गनु पर्ने हो वा कायम हुन आएका दुई वटा दरभाउपत्र मध्ये वाटै मूल्याकंन प्रकृया अगाडी वढाउनु पर्ने हो ? | ५८/१२/१४ | सिलवन्दी दरभाउपत्र सम्वन्धमा छुट्टै कार्यविधि उल्लेख नभएको हुंदा उपनियम(१२)वमोजिम नै कारवाही अगाडी वढाउनु पर्ने । |
| ३९. | को.ले.नि.का. भरतपुर | नियम ७४ मा सिलवन्दी दरभाउपत्रको सम्वन्धमा समेत वोलपत्रको सम्वन्धमा उल्लेख भएका नियम ६६,७१,७२ र ७३ मा उल्लेखित कार्यविधि लागु हुने भनी उल्लेख भएको तर नियम १८६ को सम्वन्धमा उल्लेख नगरिएकोले सिलवन्दी दरभाउपत्रमा निर्णय गर्दा वोलपत्र मूल्यांकन समितिले सिफारिस आवश्यक पर्ने वा नपर्ने | ५८/१२/३० | नियमावलीको नियम १८६(१) मा वोलपत्र आह्वान गरी सम्पन्न गदाउँदा भनी स्पष्ट उल्लेख भएको हुँदा सिलवन्दी दरभाउपत्रद्वारा खरीद गर्दा तथा अन्य कार्य गराउँदा मूल्यांकन समिति आवश्यक नपर्ने । |
| ४०. | नेशनल क्न्सट्रक्सन कं. | आर्थिक प्रशासन सम्वन्धी नियमावली ,२०५६ को पहिलो संशोधनको नियम ४३ वाट मूल नियम ६५ मा संशोधन भै उपनियम(३) को अन्तिम हरफमा यसरी घटाघट गरी वा प्रतिस्पर्धामा भाग नलिई ठेक्का संझौता गरेको संस्थानले ४० प्रतिशत भन्दा वढीको निर्माण कार्य कटकिन्दार वाट गराउन पाउने छैन " भन्ने व्यवस्था भएको । कम्पनीवाट उक्त ६० प्रतिशत मध्येको कार्य सामान वाहेक ज्यामी कार्य मात्र ज्यामी ठेक्कावाट गराउन वाध्य हुन गएको हुदां सो कार्य ज्यामी ठेक्का गराउदां उक्त नियमवाट वाधा पर्न जाने नजाने वारे । | ५९/१/२७ | नियम ७५ को उपनियम (६) मा घटाघटमा भाग लिई वा प्रतिस्पर्धामा भाग नलिई ठेक्का संझौता गरेको संस्थाले ४० प्रतिशत भन्दा वढीको काम कटकिन्दर वाट गराउन पाउने छैन भन्ने उल्लेख भएको हुंदा कटकिन्दरवाट गराई वांकी ६० प्रतिशत कार्य आफैले आफ्नो विनियमको परिधिभित्र रही गर्नु पर्ने भएको देखिएको हुंदा नियममा कुनै द्विविधा भएको नदेखिएको । |
| ४१. | वन तथा भू- संरक्षण मन्त्रालय | सुनकोसी कन्स्ट्रक्सनलाई कालो सूचिमा राख्ने निर्णय गरेकोमा उक्त निर्णयमा पुनः विचार गरिदिन आवेदन परेको हुंदा कालो सूचिमा राख्ने निर्णय भएपछि कालो सूचिवाट फुकुवा गरी काम लगाउन सकिने नसकिने ? | ५९/२/१५ | कालो सूचिमा राखिसकेपछि सो निर्णयमा पुन : विचार गरी कालो सूचिवाट फुकुवा गर्न सकिने सम्वन्धमा आर्थिक प्रशासन सम्वन्धी नियमावली , २०५६ मा व्यवस्था नभएको । |
| ४२. | को.ले.नि.का.महोत्तरी | पोखरी ठेक्का सम्वन्धमा कुनै एक व्यक्तिको टेन्डर स्वीकृत भैसकेपछि अर्को व्यक्तिलाई आर्थिक ऐन , नियमानुसार चलन पूर्जि दिन मिल्छ मिल्दैन ? | ५९/३/१० | कुनै एक फर्म कम्पनी वा संस्थाको वोलपत्र स्वीकृत भैसकेपछि निवेदनको आधारमा अन्य व्यक्ति फर्म , संस्था, कम्पनीलाई चलन पूर्जि दिएमा नियमावलीको विपरित हुने । |

| | | | | |
|---|---|---|---|---|
| ४३. | स्पेन्सन्सन वृज डिभिजन | झोलुङ्गे पुल.मर्मत कार्यको लागि नेपा इन्जिनीयरिङ्ग वर्क्स प्रा.लि.नेपालगंजसंग मिति ०५६/८/१६ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्धारित अवधिमा कार्यसम्पन्न गर्ने मिति ०५६।८।२९ सम्म म्याद थप भएकोमा ०.०१ % ले मात्र हर्जाना लिनु पर्ने हो वा आर्थिक प्रशासन नियमावली, २०५६ अनुसार ०.०५ले हर्जाना लगाउने हो ? | ०५८/१०/४ | Bid document df with ammendements उल्लेख भएकोले आर्थिक प्रशासन सम्वन्धी नियमावली ,२०५६ लागू भएपछि सोही नियमावलीको प्रावधान अनुसार र सो भन्दा अगाडिको विषयमा तत्काल प्रचलित नियमावली अनुसार हुने । |
| ४४. | को.ले.नि.का.चितवन | आ.प्र. सम्वन्धी नियमावली , २०५६ को अनूसूचि ७ ख मा लागत अनुमानमा कन्टेन्जेन्सी समेत जोडी नोटमा मूल्य अभिवृद्धि कर रकम थप गर्नु पर्नेछ भनी उल्लेख भएको । सोही नियमावलीको नियम ६६(१०)मा वोलपत्रसाथ लागत अनुमान अंकको २.५% ले जमानतवापत रकम वा विडवण्ड वुझाउन पर्ने उल्लेख छ, तर पूर्वाञ्चल क्षेत्रिय सडक निर्देशनालयले पहिले मूल्य अभिवृद्धि कर समेतको २.५ % माँग गरेकोमा पछि सो वाहेक भनी संशोधन गरेको हुंदा २.५% जमानत कन्टिन्जेन्सी र मूल्य अभिवृद्धि कर वाहेकको माँग गर्नु पर्ने हो वा दुवै समावेश गरेर माँग गर्नु पर्ने हो ? | ०५९/१/९ | लागत अनुमानको अंकमा कन्टिन्जेन्सी र मूल्य अभिवृद्धिकर रकम समावेश गर्न नमिल्ने र जमानत रकम लागत अनुमानको साढे दुई प्रतिशतले हुने रकम माँग गर्नु पर्ने आर्थिक प्रशासन सम्वन्धी नियमावली ,२०५६ को नियम ६६(१०) मा स्पष्ट उल्लेख गरेको हुंदा द्विविधा हुनु नपर्ने । |
| ४५. | अर्थमन्त्रालय | आ.प्र.सम्वन्धी नियमावली, २०५६ को नियम ६६ को (२३)मा उपनियम (२०) वमोजिमको कारवाही सम्वन्धित क्षेत्रिय प्रशासकको अध्यक्षतामा कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख तथा सम्वन्धित विषयको राजपत्रांकित प्रथम श्रेणीको विशेषज्ञ रहेको समितिले गर्नेछ भन्ने व्यवस्था रहेको तर विशेषज्ञ नियुक्ति सम्वन्धी नियमावली मौन रहेको हुँदा स्पष्ट गर्न आवश्यक भएको ? | ०५९/१/२७ | कार्य प्रकृति अनुसार विषेशज्ञको नियुक्ति गर्नु पर्ने हुँदा उक्त नियम ६६ को उपनियम २० वमोजिमको कारवाहीको क्षेत्रिय प्रशासकवाट नै गर्ने गराउने । |
| ४६. | निर्यात प्रशोधन क्षेत्र आयोजना | जारी निर्देशिकानुसार Bidder ले Dead line भित्र लिखित निवेदन दर्ता गराएर Bid document withdraw गर्न सकिने प्रावधान राखिएको तर आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम ६६ (११) अनुसार एकपटक दाखिला भएको बोलपत्र फिर्ता लिन दिन हुँदैन भन्ने उल्लेख भएको हुँदा राय माँग । | ०५९।६।१५ मा आवास तथा भौतिक योजना मन्त्रालयमा सोधिएको | PWD स्वीकृत हुँदा आ.प्र. सम्वन्धी नियमावली र निर्देशिकामा उल्लेखित कुराहरुमा फरक परेको अवस्थामा आ.प्र. सम्वन्धी नियमावलीको व्यवस्था मान्य हुने भन्ने प्रष्ट उल्लेख भएको हुँदा सोही अनुसार गर्ने । |
| ४७. | श्री नं. ११, बाहिनी अड्डा, त्रिभुवन विमानस्थल, गौचर । | प्रथम पटक बोलपत्र आह्वान गरिएकोमा २ वटा मात्र वोलपत्र दर्ता भएकोले उक्त बोलपत्र नखोली पुनः बोलपत्र मांग गरी सूचना प्रकाशित गर्न मिल्ने नमिल्ने । | ०५९।८।९ | दुईवटा मात्र बोलपत्र परेको अवस्थामा वोलपत्र खोल्न सकिने र त्यसरी खोल्दा दुवै रीत पूर्वकको भए नियमानुसार कार्वाही गर्न सकिने तर दुई मध्ये एक मात्रा रीत पूर्वकको भए वा दुवैमा रीत नपुगेको भएमा दुवैलाई रद्द गरी पुनः बोलपत्र आह्वान गर्न सकिने । |
| ४८. | गृह मन्त्रालय | बोलपत्र आव्हान गरेको सूचनामा रकम तोकी भवन निर्माण गरेको कार्य गरेको अनुभवको प्रमाणपत्र बोलपत्र खरिद गर्दा नै पेश गर्नु पर्ने उल्लेख भएको र त्यसरी बोलपत्र खरिद गर्नलाई नै सम्बन्धित ठेकेदारले रकम खुलेको अनुभवको प्रमाणपत्र पेश गर्न उपयूक्त हुने वा नहुने ? | ०५९।१२।१८ | प्रस्तुत सूचना आ.प्र. सम्वन्धी नियमावली, २०५६(संशोधन सहित) को नियम ६६ को उपनियम(५) अनुकूल भए गरेको नदेखिंदा नियमसम्मत नभएको । |

| | | | | |
|---|---|---|---|---|
| ४९. | जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक | जिल्ला विकास समिति, सिन्धुपाल्चोकवाट प्रकाशित सूचना बमोजिम जिल्ला विकास समितिवाट खरिद गरी जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा दर्ता गरेको वोलपत्र समावेश गर्न मिल्ने नमिल्ने ? | ०६०।१०।९ | सुचना प्रकाशित गर्दा नै वोलपत्र खरिद गरिएको कार्यालयमा टेण्डर दाखिला गर्नुपर्ने ( सूचनामै सो शर्त रहेको) मा एक ठाउँमा खरिद गरी अर्को कार्यालयमा दाखिला गरेको वोलपत्रलाई समावेश गर्न नमिल्ने । |
| ५०. | राजस्व विभाग | २० लाख भन्दा मुनि कारोवार भएको निर्माण व्यवसायीहरुले मु.अ.कर दर्ता नभए पनि वोलपत्रमा भाग लिन पाउने कि नपाउने ? | ०६०।१०।२१ | मूल्य अभिवृद्धि कर लाग्ने सेवा मालसामान खरिद वा निर्माण कार्य सिलवन्दी दरभाउपत्र वा वोलपत्रबाट गराउँदा मु.अ.कर. दर्ता भएका व्यक्ति फर्म वा कम्पनी वा संस्थावाट मात्र गराउनु पर्ने । |
| ५१. | क्षेत्रीय कोष निर्देशनालय,पोखरा | सिलवन्दी दरभाउपत्र आव्हान भए बमोजिम सवै भन्दा घटी कवोल गर्ने निर्माण व्यवसायीलाई ठेक्का सम्झौताको आव्हान गर्दा निजले सम्झौता गर्न सक्ने लिखत जानकारी दिएको अवस्थामा दोस्रो घटिवाला निर्माण व्यवसायीसंग ठेक्का सम्झौता गर्न सकिने वा नसकिने । | ०६०।१०।२२ | आ.प्र.नियम ७७ मा भएको “ठेक्का स्वीकृतिको सूचना दिने तथा ठेक्का सम्झौता गारउने” व्यवस्था तथा कार्यविधीहरु दरभाउपत्रको हकमा समेत लागु गर्न सकिने भएकोले सोही अनुसार गर्न सकिने । |
| ५२. | भौतिक योजना तथा निर्माण मन्त्रालय | नारायणघाट मुंग्लाङ सडक पुनस्थापनाका लागि सडक विभागको RMDP को दोश्रो Restruckring मा समावेश गराई विश्व वैंकको Loan अवधी भित्र नै सम्पन्न गर्नका लागि RMDP अर्न्तगत काम गरिरहेका Consultant वाट आर्थिक प्रस्ताव लिई उनीहरुकै Concepmal Design अनुसार ICB Contract का लागि सूचना समेत प्रकाशित गरी कार्य गराउने र यसो गर्दा १५% भन्दा कम भरियशन पर्ने हुदां Variation स्वीकृत गर्न सकीने नसकिने । | ०६०।१०।२८ | Road Maintenance and Development Project विश्व वैंकको ऋण सहायतावाट संचालन भैरहेको हुदां आर्थीक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम ९६ वमोजिम श्री ५ को सरकार र अन्तरराष्ट्रिउ दातृ संस्थाहरु विच भएको अनुदान वा ऋण सहायता सम्वन्धी सम्झौता बमोजिम प्राविधिक सेवा लिदा वा निर्माण सुधार खरिद वा अन्य कार्य गराउंदा सोही सम्झौता बमोजिम गर्न वाधा नपर्ने । |
| ५३. | सशस्त्र प्रहरी प्रधान कार्यालय | आतंककारी गतिविधिबाट निर्माणाधिन भवनमा क्षति पूऱ्याएकोले निर्माण व्यवसायीसंग भएको सम्झौता बमोजिमको भुक्तानी गर्नुपर्ने क्षतिपूर्ति रकम चालु आ.ब.को सा.नि.पु.स. (व.र.नं.६.०५) वाट खर्च लेख्न सकिने वा नसकिने । | ०६०।१२।२ | सम्झौता वमोजिम दिनुपर्ने क्षतिपूर्ति रकम स्वीकृत विनियोजित बजेट भित्रवाटै दिन वाधा नपर्ने । |
| ५४. | कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देही । | वोलपत्र दाखिला गर्ने अन्तीम मिति भन्दा अगावै अर्थ मन्त्रालय र निर्माण व्यवसायी महासंघको विच भएको सहमती कार्यान्वयनको परिपत्रलाई आधार मानी वोलपत्र मूल्यांकन गर्न मिल्न वा नमिल्ने ? | ०६०।१२।१८ | निर्माण व्यवसायी महासंघ र श्री ५ को सरकारसंग भएको सहमतीको व्यवस्था अनुसार मूल्यांकन प्रक्रियालाई समावेश गर्नुपर्नेमा सो नभएको हुदा म.ले.नि.को परिपत्रमा व्यवस्था भएको मुल्यांकनको आधारलाई समावेश गरी वोलपत्र सम्वन्धी कागजात पत्र तयार गरी नियमानुसार छोटो समय दिएर पुनः वोलपत्र आव्हान गर्नुपर्ने । |
| ५५. | भौतिक योजना तथा निर्माण मन्त्रालय | सिलवन्दी दरभाउपत्र आव्हान गरे वमोजिम प्राप्त हुन आएका ३ वटा दरभाउपत्रहरु मध्ये १ वटाले धरौटी रकम नराखी पंदा गरेकोले वांकी २ वटाको मात्र मुल्यांकन गरी निर्णय गर्न सकिने वा नसकिने ? | ०६१।१।३१ | माग भए बमोजिम प्राप्त भएका दरभाउपत्रहरु मध्ये एउटा सिलवन्दी दरभाउपत्र साथ धरौटी नराखेको र वाँकी २ वटाको आधारमा सिलवन्दी दरभाउपत्र स्वीकृत गर्न नसकिने । |
| ५६. | पशु सेवा विभाग | आ.प्र.निमयावली, २०५६ वमोजिम सिलवन्दी वोलपत्र माग गर्दा आएका वोलपत्रमा घटाघट गराउन सकिने वा नसकिने ? | ०६१।२।१४ | आ.प्र.नियमावली २०५६ मा सिलवन्दी वोलपत्रमा घटाघट गराउन सकिने व्यवस्था नभएको । |
| ५७. | राष्ट्रिय सर्तकता केन्द्र | (१) तोकिएको म्याद भित्र पर्न आएका वोलपत्रहरको मुल्यांकन नगरी पुनः वोलपत्र माग गर्न सकिने वा नसकिने ।<br>(२) मुल्यांकन पछि छनौट भएको वोलपत्र | २०६१/५/१५ | (१) म्याद भित्र पर्न आएका प्रस्तावहरु खोली सकेपछि मूल्यांकन गर्नु पर्ने, कुनै मनासिफ माफिकको कारणवाट रद्द भएमा मात्र पुनः वोलपत्र माग गर्न पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | दरखास्तवालाले ठेक्का सम्झौता गर्न नआउने सम्वन्धमा लिखित निवेदन दिएमा धरौटी मात्र जफत गर्ने की कालो सुचीमा राख्ने । | | (२) आ.प्र. निमयावली २०५६ को नियम ७७ को नियम ३ को व्यवस्था अनुसार स्विकृत भएको वोलपत्रदाताले ठेक्का सम्झौता गर्न मञ्जुर नगरेमा जमानत सम्म जफत गरिने व्यवस्था भएको । |
| ५८. | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | वोलपत्र स्वीकृत गर्ने अधिकारीले काम सम्पन्न गर्नुपर्ने म्याद थपेको अवधि भन्दा वढी थप गर्नुपर्ने भएमा एक तह माथीको अधिकारीले कति अवधि सम्म थप गर्न सक्छ । | २०६१/५/१५ | एक तह माथीको अधिकारीले यति नै म्याद थप गर्न सक्ने भन्ने व्यवस्था आ.प्र. नियमावली २०५६ मा नभएकोले नियममा भएको व्यवस्था अनुसार गर्नुपर्ने । |
| ५९. | को.ले.नि.का. झापा | हुलाक मार्फत वोलपत्र सम्वन्धी कागजात माग गरी पठाएमा वोलपत्र सम्वन्धी कागजात उपलब्ध गराउन सकिने तर हुलाक मार्फत प्राप्त सवै किसिमका कागजात(वोलपत्र) दर्ता गर्न मिल्ने वा नमिल्ने ? | २०६१/५/२९ | हुलाक मार्फत प्राप्त हुन आएको वोलपत्र दर्ता गर्न मिल्ने र म्याद भित्र दर्ता भएको वोलपत्रलाई मूल्यांकनमा समावेश गर्न र वोलपत्र पेश गर्ने अन्तिम म्याद पछि प्राप्त भएको वोलपत्र नखोली फिर्ता गर्नुपर्ने । |
| ६०. | गृह मन्त्रालय | पूर्व योग्यता निर्धारणको लागि प्रकाशीत सूचनमा उललेखित शर्त अनुसारको वर्ग मध्येवाट मात्र छनोट गर्नुपर्ने वा म.ले.नि.का.को पछिल्लो परिपत्र मिति २०६१।११।१८ को परिपत्रको क.स.५(घ) को परिधि भित्र छनौट गर्न सकिने । | २०६१/७/२० | प्रिक्वालीफिकेशन सम्वन्धी कार्य यस कार्यालयको च.नं.११९ मिति २०६०।११।१८ गतेको परिपत्रको वुदाँ नं.५(घ) मा स्पष्ट नै भएकोले सोही अनुरुप गर्न हुन । |
| ६१. | पर्यटन तथा नागरिक उडडयन मन्त्रालय | परामर्शदातृ सेवाको लागि आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्न छुट्टा छुट्टै रुपमा TOR खरिद गरेका व्यक्ति फर्म वा कम्पनीले Joint Venture को रुपमा पेश गरेको प्रस्ताव लाई मुल्यांकनमा समावेश गर्न सकिने वा नसकिने ? | २०६१/७/२४ | आ.प्र.नियमावली २०५६ (संशोधन सहित) को नियम ६६ को (२) को व्यवस्था अनुसार जसको नामवाट वोलपत्र खरिद भएको छ, सोही व्यक्ति फर्म वा कम्पनीको नामवाट खरिद गरिएको वोलपत्र मात्र दाखिला गर्नुपर्ने र एउटाको नामवाट खरिद भएको वोलपत्र अर्काको नामबाट दाखिला गर्न नपाइने व्यवस्था छुट्टा छुट्टै व्यक्तिको नामवाट खरिद गरेको वोलपत्र Joint Venture को रुपमा दाखिला गर्न नपाउने । |
| ६२. | अर्थ मन्त्रालय | वीरगञ्ज चिनी कारखाना निजीकरण गर्न प्रस्ताव माग भए अनुसार प्राप्त प्राविधिक प्रस्तावसाथ विडवण्ड समावेश हुनपर्नेमा भुलवश सक्कल प्रति आर्थिक प्रस्तावमा परेकोले सो सम्वन्धमा के गर्ने ? | २०६१/८/२१ | वोलपत्र सम्वन्धी कार्वाही अपनाउदा आ.प्र.सम्वन्धी नियमावलीको कुन नियममा द्विविधा परेको हो सो उल्लेख गरी मन्त्रालयको राय सहित आउनु पर्ने । |
| ६३. | आन्तरिक राजश्व विभाग | Pre Qualification भएका चारवटा फर्महरु मध्ये ३ वटाले मात्र Tender दाखिला गरेकोमा एउटा मात्र रित पूर्वक भएकोले पुनः Pre Qualification गर्ने वा सिधै Tender आव्हान गर्ने । | २०६१/९/२० | Pre Qualification मा भाग लिइएकाहरु पुनः प्रतिस्पर्धामा आउने नआउने भनी अवस्था निश्चित नभएको र छनौंट भएर पनि प्रतिस्पर्धामा भाग नलिने र भाग लिदा पनि प्रतिस्पर्धाको सामान्य सिद्धान्तलाई मनन नगर्ने संस्थाहरुसँग पुनः प्रतिस्पर्धा गराउनु औचित्यपुर्ण नभएको हुदाँ Pre-Qualification को माध्यम अपनाउन सकिने । |
| ६४. | क्षे.को.नि. पूर्वाञ्चल विराटनगर | २०६१ पौष मसान्त अगाडी भएको निर्माण कार्य सम्वन्धी विलहरुमा विजक जारी हुन वाँकी रहेको भ्याट विलमा १३% कायम भएको हुदाँ पूर्व सम्झौता भएको ठेक्कामा १०% कायम हुने वा १३% कायम हुने । | २०६१/१२/५ | आन्तरिक राजश्व विभागको मिति २०६१।११।१८ निर्णयानुसार २०६१ माघ १ देखी जारी हुने विजनकमा मु.अ.कर ऐन २०५२ को दफा ७ को उपदफा १ बमोजिम १३५ कायम हुने । |
| ६५. | भौतिक योजना तथा निर्माण मन्त्रालय | सिलवन्दी दरभाउपत्र पहिलो घटिवालाले सम्झौता गर्न नआएकोले दोस्रो घटिवालाको दरभाउपत्र स्वीकृत गरी ठेक्का वन्दोवस्त गर्न आ.प्र.नियमावली २०५६ को नियम ६१ मा स्पष्ट नभएकोले वोलपत्र | २०६२/१/२३ | आ.प्र नियमावली २०५६ को नियम २(ज) को ठेक्काको परिभाषा भित्र सिलबन्दी दरभाउपत्र पनि पर्ने र ठेक्का सम्झौता गराउन आ.प्र. नियमावली २०५६ को नियम ७७ सिलबन्दी दरभाउपत्रको लागि पनि आकृष्ट हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | सम्वन्धी गरेको उक्त नियमावलीको नियम ७७ को व्यवस्था दरभाउपत्रको सन्दर्भमा लागु हुने नहुने स्पष्ट नभएको । | | |
| ६६. | भौतिक योजना तथा निर्माण मन्त्रालय | बोलपत्र स्वीकृत गर्ने सम्वन्धमा वा अनुदान सहायतावाट संचालित आयोजनाहरुमा दातृ संस्थाको guide line अनुसार गर्ने वा नगर्ने आ.प्र.नियमावलीलाई आधार मान्ने ? | २०६२/२/१६ | वैदेशिक ऋण वा सहयोगबाट संचालित आयोजनाको लागि श्री ५ को सरकारले मालसामान उपलब्ध गराउने व्यवस्था भएको अवस्थाको खरिद गर्ने प्रक्रियागत व्यवस्था आ.प्र.नियमावलीको नियम ५८(१) मा विदेशी सहायतावाट संचालित आयोजनाको खरिद तथा निर्माण सम्वन्धी कार्य गर्दाको प्रक्रियागत व्यवस्था उक्त नियमावलीको नियम ७३(ड) तथा ९६ मा स्पष्ट व्यवस्था रहेको । |
| ६७. | सडक विभाग | सि.वि.ओ.वाट काम गराउने सम्वन्धमा तयार गरिएको निर्देशिका (F) खण्डमा The value of work quarded to a CBO shall not exceed NRs.500,000.00 at one time भन्ने उल्लेख रहेको र उक्त निर्देशिका मिति २०५७।१०।१८ को निर्णयवाट स्वीकृत भएकोमा आ.प्र. नियमावली २०५६ को पहिलो संशोधन नियम ८०(१) मा उक्त सिमा रु.२५,००,०००।- कायम गरिएकोले उपरोक्त guide lines को clause (F) मा पनि सोही सीमा कायम गर्न सहमती मात्र भएको । | २०६२/२/२४ | CBO को प्रकियागत व्यबस्था उपभोक्ता समिती भन्दा भिन्न रुपमा देखिन्छ । तसर्थ CBO को Guidelines कुन कानूनी व्यबस्थाको आधारमा तयार भई लागू गरिएको हो र हाल CBO ले गर्न पाउने कारोबारको सिमा बृद्धि गर्ने प्रस्ताब गरिएको छ सो सम्बन्धमा स्पष्ट खुलाई राय माग गर्नुपर्ने साथै यस कार्यालयको सहमती आबश्यक छ भने भौतिक योजना तथा निर्माण मन्त्रालय मार्फत कार्बाही भई आउनुपर्ने । |
| ६८. | क्षेत्रिय कोष निर्देशनालय, कैलाली | सुदुर पश्चिम क्षेत्रिय सिचाई निर्देशनालयले स्ट्रक्चर कार्य गराउन वोलपत्र (NCP) आव्हान गर्दा प्राविधिक पक्षको मुल्यांकन आधारमा विदेशी (सरकारी/अर्धसरकारी) र स्वदेशका प्राइभेट कम्पनीहरुमा काम गरेको अनुभवलाई मान्यता दिने वारे केही उल्लेख नभएको कारणवाट हाल विदेशी राष्ट्र भारतको अनुभव समावेश भएवाट यसलाई मान्ने वा नमान्ने विषयमा द्विविधा परेको देखिन्छ । | २०६२/४/१७ | १. कुनै पनि सरकारी कार्यालयले राय माग गर्दा सम्वन्धीत मन्त्रालयवाट सिफारिस भई आउनु पर्नेमा यो प्रक्रिया नै पुरा भएको नदेखिएको ।<br>२. प्रस्तुत विषय प्राविधिक पक्ष भएकोले सिचाई विभागले आफ्नो स्पष्ट धारणा सहित जलस्रोत मन्त्रालयमा निर्देशन माग गरी पठाई जलस्रोत मन्त्रालयले Public Works Directory समेतलाई आधार लिई ठेकेदार वर्गीकरण गर्ने मन्त्रालय भौतिक योजना तथा निर्माण मन्त्रालय समेतको राय लिएर N.C.B. को प्राविधिक मुल्यांकनको विदेशी अनुभव लिन हुने वा नहुने वारे जलस्रोत मन्त्रालय समेतको स्पष्ट राय सहित दृष्टिकोण प्रस्तुत हुन आएमा मात्र यस कार्यालयले आ.प्र. सम्वन्धी व्याख्या गर्न उपयुक्त हुने । |
| ६९. | कौषीतोषाखाना कार्यालय | कार्यालयमा आवश्यक पर्ने जिन्सी सामानहरु एवं लत्ताकपडाको लागि वोलपत्र आव्हान गर्दा प्राप्त हुन आएका ४ वटा वोलपत्र फारामहरु मध्ये ३ वटाको आ.प्र. सम्वन्धी नियमावली २०५६ बमोजिम रित नपुगेको अवस्थामा चारै वटा वोलपत्रलाई रितपुर्वक मानी सवै भन्दा घटीवालाको वोलपत्र स्वीकृत गर्ने वा घटी जमानत राख्ने ३ वटा फर्मको वोलपत्रलाई रीत पुगेको मानी वाँकी एउटा रित पुगेको वोलपत्र समेत रद्द गर्ने भन्ने विषयमा द्विविधा भएको । | २०६२/४/१७ | धरौटी रकम नै कम भएको कारणवाट वोलपत्र स्वीकृतीको पूर्व शर्त पुरा नभएको देखिएकोले यस सम्वन्धमा आ.प्र. सम्वन्धी नियमावली २०५६ मा स्पष्ट व्यवस्था भएकोले राय दिइरहन नपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ७०. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १. सिलवन्दी वोलपत्र पेश गर्ने फारामको विक्री मुल्य कति हुनु पर्ने हो ?<br>२. धरौटी/जमानत वा अर्नेष्ट मनी लिनुपर्ने हो होइन र भए के कति दरले लिनुपर्ने हो ?<br>३. पसल कवल भाडामा लिदने सम्वन्धीमा उच्च भाडादर प्रस्ताव गर्नेहरु पाचै जनाले छैठौले पाउने गरी सयूक्त निवेदनवाट सिफारिश गरेको व्यक्तिलाई मान्यता दिदै जान मिल्छ वा मिल्दैन ?<br>४. पसल कलव भाडामा दिदा पालना गर्नुपर्ने निश्चित कार्य विधिहरु के के हुन ? | २०६२/६/१६ | १) सार्वजनिक खरिद व्यवस्था गर्न सिलवन्दी वोलपत्र पेश गर्न फारामको विक्री मुल्य व्यवस्था गरिएको तर सरकारी सम्पत्ती भाडामा दिन वोलपत्र आव्हान गर्दा वोलपत्र फारामको मुल्य लिनु पर्ने व्यवस्था आ.प्र. सम्वन्धी नियमावलीमा भएको छैन ।<br>२) आर्थीक प्रशासन सम्वन्धी नियमावली २०५६ मा भएको व्यवस्थाले यस्तो प्रक्रिया समेटेको छैन । तर जुनसुकै वोलपत्र आव्हान गर्दा धरौटी/जमानत माग नगर्दा वोलपत्रमा विश्वसनियमता नहुने हुदा खरिद सम्वन्धी व्ढवस्थामा भएको २.५% धरौटी जमानतलाई लागु गर्ने उपयूक्त हुने । साथै सम्पत्ती भाडामा दिन वढावढको वोलपत्र निकाल्दा वोलपत्रको मर्म र सरकारी हित संरक्षण हुने गरी वोलपत्रको शर्तमा उल्लेख हुनु पर्नेमा जामानत लिनु पर्ने जस्तो परिलक्षित शर्त Implied condition पनि वोलपत्रमा नरहदा वढावढवाट सम्पत्ती भाडामा लागाउने मनसाय भएतापनि सरकारी हित संरक्षण गर्ने आधारलाई अवलम्वन गरेको भन्न सक्ने अवस्था नदेखिएको ।<br>३) कुनै पनि वोलपत्र धरोटी/जमानत विना अविश्वसनिय नहुने अवस्थामा निवेदनका आधारमा (एकले अर्कालाई ठेक्का दिलाई पाउँ भन्ने) अर्को व्यक्तिलाई मान्यता दिन नमिल्ने ।<br>४) पसल कवल भाडामा दिदां पालना गर्नुपर्ने निश्चीत कार्यविधि हालको प्रचलित नियममा रहेको । |
| ७१. | सामान्य प्रशासन मन्त्रालय | आर्थिक वर्ष, विनियोजित बजेट र यस आ.व.मा दररेटमा आउने फरक अस्था एवं सुचनाका शर्तहरुमा प्राविधिक सामान लोडर हटाउने मुल्यांकन समितीको सिफारिस समेतका विषय उपर विचार गरी पूर्व स्वीकृत ल.ई. वमोजीम मूल्यांकन समिति र मन्त्रालयको गत आ.ब. को निर्णयानुसार नै पुनः वोलपत्र आव्हानको सुचना गर्न मिल्ने वा नमिल्ने ? | २०६२/७/०१ | वहुवर्षिय परियोजना वाहेक जुन आ.ब. मा वोलपत्र आव्हान गरिने हो त्यो वर्ष नै सम्पादन गर्नुपर्ने कार्यको सक्षम प्राविधिकवाट लगत इष्टीमेट गर्न लगाई अधिकार प्राप्त अधिकारीवाट त्यस्तो लगत इष्टीमेट स्वीकृत गराई आ.प्र.सम्वन्धी नियमहरुको प्रावधानहरु समेटने गरी वोलपत्रका शर्तहरु आवश्यकतानुसार परिवर्तन गरी वोलपत्र गर्न सकिने । |
| ७२. | भौतिक योजना तथा निर्माण मन्त्रालय | सक्कल Bid Bond वोलपत्र साथ संलग्न नगरी Fax वाट प्राप्त भएको विड वण्ड प्रति संलग्न गरेको वोलपत्रलाई स्वीकार गर्न मिल्छ की मिल्दैन ? | २०६२/७/१४ | Fax Copy लाई मान्यता दिने सम्वन्धी कुनै कानूनी व्यवस्था नभएको र Fax Copy लाई मान्यता दिदा फाटोकपीलाई मान्यता दिए सरह हुने एवं आ.प्र.नियमालीले गरेको अनिवार्य शर्त भित्र Fax Copy लाई मान्यता दिने प्रावधान नदेखिएको" । |
| ७३. | निर्वाचन आयोग | कम कवोल अंकको दरभाउपत्र स्वकित भएको फर्मले दरभाउपत्र सुचनाको वुदा नं.३ मा उल्लेखित आयकरदर्ता, मु.अ.कर दर्ता र फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेमा प्रमाणपत्र पेश नभएकै कारणले दरभाउपत्र रद्द गर्ने वा सक्कल प्रमाणपत्रहरु झिकाई भिडान गरी दरभाउपत्र स्वीकृत गर्न सकिने वा नसकिने ? | २०६२/८/७ | फोटोकपी प्रमाणित हुनुपर्ने भन्ने सुचनामा नै उल्लेख गर्ने गरी यदी त्यस्तो अनिवार्य शव्द सुचनामा नपरेको भए यसैलाई नजिर नवनाउने गरी सक्कल प्रमाण माग गरी फोटोकपीसँग भिडाउदा सत्यता पुष्टी भएमा कार्वाही भित्र ल्याउन सकिने । |
| ७४. | स्वास्थ्य तथा वनसंख्या मन्त्रालय | पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराको लागि चालु आ.ब. मा छपाई सम्वन्धी कामको लागि एकमात्र दरभाउपत्र परेकोले पुनः दोस्रो पटक सुचना प्रकाशित गर्दा पनि | २०६२/८/७ | सिलवन्दी दरभाउपत्र मागको सुचना प्रकाशित गर्दा व्यापक सहभागीता हुने अवस्था श्रृजना गर्ने गरी सुचना प्रकाशित गर्ने र त्यस्तो अवस्थामा पनि एक मात्र |

| | | | | |
|---|---|---|---|---|
| | | दरभाउपत्र विक्री नभएकोले पहिलो पटकको एकमात्र दरभाउपत्र कायम भएकोले<br>(क) यस अवस्थामा पुन तेस्रो पटक सुचना प्रकाशित गर्नुपर्ने हो वा प्रथम पटकको सुचना अनुसार पर्न आएको सो उकमात्र दरभाउपत्र खोली नियमानुसार ठेक्का वन्दोवस्त गर्नुपर्ने हो ?<br>(ख) आ.प्र.नियमावली २०५६ को नियम ७३ को उपनियम (२) को खण्ड(छ) आकृष्ट हुन नहुने ? | | दरभाउपत्र पर्न आएमा स्वीकृत गर्न वाधा नहुने । |
| ७५. | भौतिक योजना तथा निर्माण मन्त्रालय | आ.प्र.नियमावली २०५६ को नियम ७३(३) मा परामर्श सेवा सम्वन्धी कार्यको Variation गर्न सकिने व्यवस्था उल्लेखित भएको छैन । उपरोक्त कार्य सम्वन्धीत नगरपालिकाहरुमा कार्यरत Detail Engineering Disigning and construction suspension consultant (DEDCS) परामर्शदाताहरुको कार्यमा Variation वाट गराउन ADB को Loan Review Mission, 25 September देखि 7 October, 2005 ले Aide memorie मा उल्लेख गरे अनुसार Variation वाट काम गराउन हुने नहुने ? | २०६२/८/२६ | ADB को Loan Agreement मा व्यवस्था भए अनुसार गर्न आ.प्र.सन्वन्धी नियम ९६ ले गरेको व्यवस्था वमोजिम गर्न सकिने । |
| ७६. | शहीद गगांलाल राष्ट्रिय ह्दय केन्द्र | केन्द्रले गाडी खरिदको लागि वोलपत्र सुचना गरी बैंक मार्फत प्रतितपत्रको माध्यमवाट भुक्तानी हने शर्तमा सो सामानमा लाग्ने भन्सार महसुल तथा मुल्य अभिवृद्धी कर केन्द्रले आफै व्यहोर्ने गरी सिलवन्दी वोलपत्र माग गरिएकोमा नियमानुसार कम मुल्य पेश गर्ने Hundai Co. को नेपाल स्थीत आधिकारीक प्रतिनिधी AVCO International ले वोलपत्रमा उल्लेख गरे वमोजीमको गाडी मगाई केन्द्रलाई उपलव्ध गराउने र AVCO International लाई केन्द्रले भन्सार महसुल र मु.अ.कर समेत जोडी नेपाली रुपैयामा भुक्तानी गर्न मिल्ने वा नमिल्ने ? | २०६२/९/४ | बोलपत्र आव्हान गर्दा र वोलपत्रमा उल्लेख गरेको शर्तहरुको अधिनमा रही खरिद गर्न उपयूक्त हुने । |
| ७७. | को.ले.नि.का. कंचनपुर | (१) वोलपत्र आव्हान गर्दा दररेट भ्याट सहित पेश गर्न भनी सुचनामा अनिवार्य रुपमा खुलाउनु पर्ने वा नपर्ने ।<br>(२) पेश भएका दररेटहरु भ्याट वाहेक वा भ्याट सहित भनी किटान नगरिएको अवस्थामा कुन दररेट भनी मान्नु पर्ने ।<br><br>(३) वोलपत्रमा एकमुष्ट रुपमा VAT सहित वा VAT वाहेक हो भनी उल्लेख गरिएकोमा वोलपत्र पउपर कार्वाही हुन्छ हुदैन । | २०६२/९/१२ | (१) आर्थिक प्रशासन नियमावली २०५६ को नियम ६६ को उपनियम ४ अनुसार हुने ।<br><br>(२) संक्षीप्त कर विजनक भएमा VAT सहित जनाउने (नियम १८ को अनुसुची ६ वमोजीम) र कर विजक भएकोमा VAT बाहेक नियम १७ अनसुची-५ अनुसार हुने ।<br>(३) वोलपत्र सुचनामा के शतृ छ सोही अनुसारको व्यवस्था हुनपर्ने । |
| ७८. | भौतिक योजना तथा निर्माण मन्त्रालय | शहरी विकास आयोजना अर्न्तगत संचालीत दुँडिखेल फेन्सीङ्ग सम्वन्धी वाँकी कार्य पुरानै ठेकेदारवाट गराउन सकिने वा नसकिने ? | २०६२/९/१७ | साविक ठेक्काको सम्पुर्ण प्रक्रिया भै करार क्रियाशिल रहन सक्ने स्थीति नहँदा तथा ठेक्का व्यवस्था गर्न मनासिव हुने । |
| ७९. | अर्थ मन्त्रालय | विद्यमान आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५६ मा श्री ५ को सरकारको स्वामित्व प्राप्त सञ्चार माध्यमवाट छपाई सम्वन्धी कार्यको लागि टेण्डरमा प्रतिस्पर्धा | २०६२/१२/२९ | सार्वजनिक खरिद कार्यलाई वढी एवं प्रतिस्पर्धात्मक हुनपर्ने सिद्धान्त एवं मान्यता अनुरुप सार्वजनिक खरिद सम्वन्धी छुट्टै कानून (अध्यादेश) तर्जुमा भई छुट्टै नियमावली समेत |

| | | | | |
|---|---|---|---|---|
| | | गर्नुपर्ने छैन भन्ने वुदाँ राखी संशोधन गर्ने विषयमा राय माग भएको । | | तर्जुमा हुदै गरेको सन्दर्भमा संरक्षणात्मक सोच लिइ नियमावली संशोधन गर्नु हालको अवस्थामा सान्दर्भिक नहुने । |
| ८०. | लोक सेवा आयोग | पूर्व स्वीकृत स्पेसीफिकेशनमा १००० देखी १३०० सि.सि. सम्मको कार खरिद गर्ने भनिएकोमा न्यून अंक कवोल गर्ने सिप्रदी ट्रेडिङ्ग प्रा.लि. को TATA INDICA CAR को 1396 CC भएकोले स्पेसीफिकेशनको रेन्ज भन्दा 96 C.C. वढीको वोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ? | २०६३/२/७ | माग भएको Specification भन्दा वढी गुणस्तरको Specification भएको वोलपत्र पर्न आएमा स्वीकृत गर्न वाधा नपर्ने । |
| ८१. | भौतिक योजना तथा निर्माण मन्त्रालय | आर्थिक प्रशासन सम्वन्धी नियमाली २०५६ को नियम ८० मा उपभोक्ता समितिको माध्यमवाट काम गराउन सकिने व्यवस्था भएको तर के कस्ता क्षेत्रगत (Sectoral) निकायहरु अर्न्तगत उपभोक्ता समितिको परिभाषा भएको हो ? शिक्षा क्षेत्रको सन्दर्भमा स्पष्ट भएको नदेखिएकोले विद्यालय व्यवस्थापन समितिलाई उपभोक्ता समितिको स्वरुपमा कार्य गराउन मिल्ने नमिल्ने सन्दर्भमा व्याख्या हुनुपर्ने । | २०६३/२/२९ | सामुदायिक वा सार्वजनिक व्ययभारमा संचालित विद्यालयको निर्माण, मर्मत सम्भार आदि गर्दा उपभोक्ता समिति सरह नै विद्यालय व्यवस्था समितिहरुसँग सम्झौता गरी कार्य गराउन मिल्ने । विद्यालयको कार्य वाहेक अन्य सामाजीक उत्थान कार्यहरु विद्यालय व्यवस्थापन समितिवाट गराउन नमिल्ने हुदाँ उपभोक्ता समितीको रुपमा व्यवहार गर्न नहुने । |
| ८२. | सूचना तथा संचार मन्त्रालय | दुवै बोलपत्रवालाको फर्मको नाम, ठेगाना फरक फरक भएता पनि दुवै फर्मको आयकर दर्ता प्रमाणपत्रमा एउटै व्यक्तिको नाम तथा फोटो समेत भएकोले त्यस्तो बोलपत्रलाई रीत पूर्वकको मान्ने नमान्ने ? | | बोलपत्रमा प्रतिस्पर्धा भएको नदेखिएकोले त्यस्तो बोलपत्रलाई रीत पूर्वकको मान्न नसकिने । |

# ६. खरिद व्यवस्था

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | रक्षा मन्त्रालय | श्री ५ को सरकारको पूर्ण स्वामीत्व भएको उद्योग ( हेटौडा कपडा उद्योग) ले शाही नेपाली सेनाको संभाररथी विभाग (प्राप्ती) संग मिति ०५४।६।१ जम्मा रकम ५,२३,६३,६०४।८७ मा खरिद गर्ने संझौता भएको र विना धितो २० प्रतिशत पेश्की दिदै आएको (पूर्ण स्वामीत्व भएको कारणले)/ हाल उद्योगमन्त्रालय बाट उक्त कपडा उद्योगलाई सत प्रतिशत अग्रिम भुक्तानी दिने व्यवस्थाको लागि अनुरोध भएकोले माग वमोजिम सत प्रतिशत अग्रिम भुक्तानी गर्ने सम्वन्धमा राय माग भएको । | ०५४/७/८ | आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५६ को नियम १९१ (४) मा ठेक्का संझौतामा पेश्की दिने सर्त रहेकोमा वा नयाँ उपकरण खरिद गर्नको निमित्त बैंक जमानत लिई बढीमा बिस प्रतिशत सम्म कार्यालयको प्रमुखले पेश्की दिन सक्नेछ । |
| २. | वाणिज्य मन्त्रालय | समान खरिद गर्दा वोलपत्र आव्हान गरी पर्न आएको मध्ये सबैभन्दा कम्तिवाला आव्हान गरिएको सर्तअनुसार नभएको र सर्त अनुसारको वोलपत्र इष्टिमेट भन्दा बढी भएकोले आ.प्र. नियमहरुको नियम २०४२ को नियम २९ (२) (ख) मा गरिएको व्यवस्था भन्दा अर्को मेल नखाने वोलपत्र हटाई मेलखाने वोलपत्र स्विकृतिको लागि आ.प्र. नियम ०४२ मा व्यवस्था नभएकोले के गर्ने ? | ०५४/८/२ | जारी भएको वोलपत्र फाराम निर्धारित Specification र वोलपत्रदाताहरुले पेस गरेको Brochure मा उल्लेख भएको Specification सँग फरक पर्न गएको सम्वन्धमा निर्णय प्रक्रीयामा ढिलासुस्ती हुन नदिन श्री ५ को सरकार मन्त्रीपरिषद बाट मिीति ०५३।३।१० को दफा (ख) मा वोलपत्रको सूचनामानै कुनकुन प्रक्रीया र शर्त पुरा नगरेमा वोलपत्र मान्य हुनेछैन भनि स्पष्ट किटान गर्ने । त्यस्तो प्रक्रीया र सर्त पुरा नगरेको वोलपत्रलाई मान्यता नदिने भन्ने निर्णयभै सोही अनुसार यस कार्यालयबाट पनि मिति ०५३।३।१० मा परिपत्र भैसकेको हुँदा सोही अनुसार गर्ने । |
| ३. | घरेलु तथा शिल्पकला विक्री भण्डार लिमिटेड | घरेलु तथा शिल्पकला विक्री भण्डार लिमिटेड कम्पनीलाई पूर्णरुपमा नाफामुलक उद्धेश्य नराखीएकोले नाफामुलक संस्थालाई गरिने नियमसँग नगासी छुट्टै सेवामुलक संस्थालाई गरिने व्यवहार गरी अन्य प्राइभेट सँग प्रतिस्पर्धा गरिरहन ुनपर्ने व्यबस्थ ागर्न सकिने वा नसकिने ? | ०५४/९/२९ | आर्थिक प्रशासन सम्वन्धी नियमहरु ०४२ को नियम १९ को उपनियम २ को खण्ड (ख) माश्री ५ को सरकारको ५० प्रतिशत भन्दा बढी पूँजी लगाएको कम्पनीबाट उत्पादित वा विक्री वितरण गरेको सामान निर्धारित मूल्यमा खरिद गर्दा दरभाउपत्र वा वोलपत्र आवश्यक नपर्ने उल्लेख भएको र श्री ५ को सरकारको ५० प्रतिशत भन्दा बढी पूँजी लगानी भएको दखिदा उक्त कम्पनीको प्रवन्धपत्रमा उलेख भएको व्यवस्था अनुसारको मालसामान श्री ५ को सरकारको निकायलाई विक्री गर्दा दरभाउपत्र वा वोलपत्र आवश्यक नहुने सो वाहेक अन्य वस्तुहरु विक्री गर्दा भने उक्त कम्पनीलेपनि व्यापारिक फर्मसँग प्रतिस्पर्धा गर्नुपर्ने । उक्त कम्पनीको प्रवन्धपत्रको दफा ५ मा यसले मुख्य रुपमा निम्न कारोवार गर्दछ ।<br>(क) स्वेदेशी उद्योगबाट उत्पादित मालसामन विक्री गर्ने ।<br>(ख) उद्योगलाई चाहीने कच्चा पदार्थ, मेशीनरी र पार्टपुर्जा आयात गर्ने ।<br>(ग) श्री ५ को सरकारलाई चाहिने सामान स्वदेशी उद्योगवाट उपलव्ध गराउने । |
| ४. | बीर अस्पताल | समस्या (१) विभिन्न सामान खरिद गर्न वोलपत्र आव्हान गरिएकोमा आयकर प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र फर्म रजिष्ट्रेशनको प्रमाणपत्र प्रतिलिपी माग गरिएकोमा सो | ०५४/८/२४ | फर्म रजिस्ट्रेशन र आयकर दर्ता प्रमाणपत्र लिने र नविकरण गर्ने क्रममा नै नागरिकताको प्रमाणपत्र पेश गर्नुपर्ने प्रावधान रहेको र बोलपत्र पेस गर्दा फर्म रजिस्ट्रेशन र आयकर |

| | | | | |
|---|---|---|---|---|
| | | अनुसारको सवै कागजात नभएकोमा के गर्ने ? | | दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने अनिवार्य व्यवस्था नरहेको अवस्थामा वोलपत्र दाखिला गर्दा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य गर्न आवश्यक देखिदैन । यस प्रसंगमा विचार गरी आ.प्र. सम्वन्धी नियमहरु ०४२ को नियम २९ अनुसार हुने । |
| | " | समस्या (२) (क) वोलपत्रमा पुरै आइटम भरी नआएको वोलपत्रको सन्दर्भमा | ०५४/१०/२ | प्राप्त वोलपत्रहरु अध्ययन गर्दा पुरै आइटम भरी कवुल गर्ने वा न्यूनतम अंक रु. २३,०२,६०३।- भएको र वोलपत्रको आइटम वाइज न्यूनतम दरको आधारमा हिसाव गर्दा कूल न्यूनतम रकम १५,३१४२७।३८ हुने देखिदा यस्तो अवस्थामा कार्यालयले आर्थिक प्रशासन सम्वन्धी नियमहरु ०४२ को नियम २९ को २ (ख) र २ (ग) अनुसार गर्नुपर्ने । |
| | " | ग) धरौटी खातामा रकम जम्मा गरी वैंक भौचर बोलपत्रसाथ संलग्न गर्नुपर्नेमा वैंक ग्यारेण्टी (विडवण्ड) पेश गरेको सम्वन्धमा | ५४/१०/२ | प्रचलित आ.प्र. नियामावलीमा वोलपत्र दिने व्यक्तिले वोलपत्रसाथ नगद जमानत वा वैंक ग्यारेण्टी (विडवण्ड) पेश गर्नुपर्ने भन्ने उल्लेख भएको देखिदा जमानतमा वैंक ग्यारेण्टी ( विडवण्ड) वा वैंक भौचर दुवै मान्य हुने । |
| | " | स्टेशनरी तर्फ<br>(घ) आंशिक रुपमा सस्तो पर्दा के गर्ने ? | ०५४/१०/२ | प्रचलित आ.प्र. नियामावली नियम २९ को उपनियम २ लाई आधार लिई कार्यालयलेनै प्रशासकीय निर्णय लिई निर्क्यौल गर्नुपर्ने । |
| | " | (ग) सूचना अनुसार आवश्यक कागजातको प्रतिलिपी प्रमाणित गरी पेश गर्नुपर्नेमा नगरेको समवन्धमा के गर्ने ? | | यसमा ४ वोलपत्र मध्ये ३ वोलपत्रदाताले प्रतिलिपी प्रमाणित नगरी पेस गरेको सन्दर्भमा प्रचलिति आर्थिक प्रशासन सम्वन्धी नियमावलीमा यस सम्वन्धमा स्पष्ट उल्लेख नभएको शंका लागेमा कार्यालयले सक्कल प्रमाणपत्रहरु मागाएर हेर्न सक्ने हुँदा प्रतिलिपीमा प्रमाणित गरि पेस नगरेको आधारमा रित नपुगेको भन्न नमील्ने । |
| | " | (छ) आयकर फर्म रजिष्ट्रेशन र नागरिकता प्रतिलिपि संलग्न नभएको वोलपत्र रित पुगे नपुगेको के हुने ? | ०५४/१०/२ | यसमा प्राप्त फाइल अध्ययन गर्दा पुष्पाञ्जली ट्रेडर्स, रोहीत छापाखाना र मनकामना ट्रेडर्सले नागरिकताको प्रमाणपत्रको प्रतिलीपी र सोभीत स्टेशनर्सले फर्म रजिष्ट्रेसनको प्रमाणपत्रको प्रतिलिपी पेस नगरेको सन्दर्भमा यस कार्यालयवाट मिति ०५४।८।२४ मा नागरिकताको प्रतिलिपी पेश नगरेको वोलपत्रको स्थिति के हुने भनि त्यस समितिलाई राय उपलव्ध गराइ सकिएको हुँदा पुन: राय दिइरहनुपरेन । सोमित स्टेशनर्सको प्रतिलिपी पेश नगरेकोको सम्वन्धमा निजले पेस गरेको आयकर दर्ता प्रमाणपत्र फाररमा पनि सोमित स्टेशनर्सको तर्फवाट वोलपत्र पेश गरेको छ । आयकर दर्ता प्रमाणपत्रको प्रोपाइटरको नाम र वोलपत्र पेस गर्ने प्रोप्राइटरको नाम छुट्टाछुट्टै नभएकोले फर्म रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपी पेस नगरेकै कारणवाट उक्त फर्मलाई प्रतिस्पर्धा वाट वाहिर गर्नु उपयुक्त नहुने । |
| ५. | रक्षा लेखा नियन्त्रक कार्यालय | शाही नेपाली जग्गी अड्डा संभाररथी विभाग ( प्राप्तीले) यस आ.व.मा स्वीकृत वजेटमा व्यवस्था भए अनुरुप आवश्यक EPBX टेलिफोन सेट र ओभरहेड प्रोजेक्टको लागि वोलपत्र आव्हान गरेकोमा R.P.P. Enterprise त्रिपुरेश्वरको वोलपत्र आंशिक | ०५४/१२/४ | यसमा सूचना आव्हान गर्दा उत्पादक कम्पनीको नाम खुलाउन पर्ने, एजेण्ट नियुक्त गरेको प्रमाण संलग्न गर्नुपर्ने कुरा उल्लेख छ । R.P.P. Enterprize ले वोलपत्र दिदा Overhead Projector को दर मात्र खुलाएको कम्पनीको नाम नलेखेको देखिन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | | रुपमा स्वीकृत गरेको (ओभरहेड प्रोजेक्टको मात्र) र हाल आएर उक्त Enterprize ले प्रिन्सीपल पार्टी परिवर्तन गरी प्रतितपत्रखोली पाउन निवेदन दिएको छ । सो गर्न मिल्छ वा मिल्दैन ? | | कार्यालयलाई लेखेको पत्रमा Principle Campany टेलर्डको उल्लेख गरेपनि Teldico को उत्पादन को क्याटलग मा उस्को उत्पादनमा Overhead Projector उलेख गरेको देखिन्न । कार्यालयले Overhead Projector मा न्यूनतम कवोल गर्ने र सम्वन्धित प्राविधिक ले पनि त्यसैलाई सिफारिस गरेको हुँदा आंशिक रुपमा वोलपत्र स्वीकार गरी Principle को नाम परिवर्तन गरि ०५४।१९।२४ मा संझौता गरिसकेको देखिन्छ।  यसरी प्रस्तुत त्रुटीपूर्ण कार्यविधि न्यूनतम कवोल गरेको कारणले नै ठीक छ भनी राय दिदा गलत प्रक्रियालाई प्रोत्साहन हुने देखिन्छ । तर अधिकार प्राप्त अधिकारीले संझौता गरिसकेको हुँदा रद्ध गर्ने राय दिदा पनि कानुनी प्रश्न खडाहुने स्थिती देखिन्छ । यसर्थ प्रस्तुत सन्दर्भमा अधिकार प्राप्त अधिकारीले कागजात विपरित Principle Company परिवर्तन गरी संझौतानै गरिसकेको हुँदा यस कार्यालयवाट औपचारिक राय दिइरहनु नपर्ने व्यहोरा उल्लेख गरि पठाउने । |
| ६. | संभारथी विभाग (प्राप्ती) शाही नेपाली जंगी अड्डा | शाही नेपाली सेनाको लागि आवश्यक हरियो टेरिकटनको कपडा खरिद गर्नुपर्ने भएकोले प्रचलित आर्थिक नियम वमोजिम वोलपत्र र दरभाउपत्र विना खरिद गर्न सकिने प्रमाण र कागजातहरु श्री नेपाल सिन्थेटिक इण्डस्ट्रीज प्रा.लि. हेटौडा आद्योगिक क्षेत्र मकवानपुर हेटौडा बाट प्राप्त भएकोले उक्त कपडा खरिद गर्न आर्थिक नियम सम्मत हुन्छ हुदैन? | ०५५/१/३ | प्रतिस्पर्धा गराई अन्य जिल्लास्थित उद्योगहरुबाट भाग नलिएमा सिधै खरिद गर्न वाधा पर्दैन तर प्रतिस्पर्धा नै नगराई खरिद ( वेजिल्लाको लागि खरिद गर्न) सोझै गर्न नसकिने । |
| ७. | को.ले.नि.का. कास्की | क) आयकर दर्ता प्रमाणपत्र भएको व्यक्ति वा फर्म नभएको अवस्थामा कुनै  वस्तु वा सेवा खरिद गर्ने सम्वन्धमा आ.प्र. सम्वन्धी नियमहरुमा अन्य वैकल्पिक व्यवस्था भएको हुँदा मु.अ.क. नियमावली, ०५३ ले आर्थिक आ.प्र. सम्वन्धी नियमहरुको व्यवस्थालाई निष्क्रीय गराइएको हो, होइन र निष्क्रीय गराएको हो भने मु.अ.क. मा दर्ता गराएको व्यक्ति वा फर्म नभएको अवस्थामा के कसरी मालसामान वा सेवा खरिद गर्ने सम्वन्धमा मु.अ.क. कार्यालयमा दर्ता गरेको व्यक्ति वा फर्म नभएको अवस्थमामा कुनै वस्तु वा सेवा खरिद गर्दा के गर्ने ?<br>ख) आ.प्र. सम्वन्धी नियमावली र मुल्य अभिवृद्धि कर नियमावली, ०५३ वाझिएको अवस्थामा के गर्ने ? | ०५५/२/६ | क) आयकर दर्ता प्रमाणपत्र भएको व्यक्ति वा फर्म नभएको अवस्थामा कुनै वस्तु वा सेवा खरिद गर्ने सम्वन्धमा आ.प्र.सम्वन्धि नियमहरुमा अन्य वैकल्पकि व्यवस्था भएको हुँदा मु.अ.कर नियमावली ०५३ ले आ.प्र. सम्वन्धी नियमहरुको व्यवस्थालाई निष्क्रीय गराएको होइन र निष्क्रीय गराएको हो भने मु.अ.क. मा दर्ता गरेका व्यक्ति वा फर्म नभएको अवस्थामा कुनै वस्तु वा सेवा खरिद गर्नुपर्दा आ.प्र. सम्वन्धी नियमहरु ०४२ को नियम २१ को उपनियम (२) अनुसारको प्रक्रिया अवलम्वन गरी विक्रेताको सूची तयार गरी सो सूची भित्रका विक्रेताबाट खरिद गर्न सकिने व्यवस्था भएको हुँदा यस सम्वन्धमा पनि सोही अनुसार गर्न सकिने र त्यसरी तयार भएको सूची को.ले.नि.का.ले सम्वन्धीत कर कार्यालयमा पठाउने सम्वन्धमा उपनियम ३ अनुसार गर्ने ।<br>ख) यसरी वाझिएको सम्वन्धमा सो नियम संसोधन नभएसम्म अन्य ऐन नियमले संकुचन वा संसोधन गरेको मान्न मिल्दै नमिल्ने सम्वन्धमा केसको अवस्था हेरी स्पष्ट पार्ने । |
| ८. | स्वास्थ्य मन्त्रालय | वीर अस्पतालमा कार्यरत कर्मचारीहरुलाई नियमानुसार वितरण गरिने ड्रेसको वोलपत्र स्वीकृत भै सम्झौता गर्न मूल्य अभिवद्धि कर सम्वन्धमा द्विविधा भएको । | ०५५/८/११ | मूल्य अभिवृद्धि कर विभागको च.नं. १२४२ मिति २०५५।६।७ को पत्रानुसार मूल्य अभिवृद्धिकर विक्रेताले तिर्नेकर नभई खरिद कर्ताले तिर्ने भएकोले मूल्य अभिवृद्धिकर |

| | | | | |
|---|---|---|---|---|
| | | | | वाहेकको टेण्डर मूल्य जुन वोलपत्रदाताको सवभन्दा कम छ त्यसलाई नै स्वीकृति गर्नुपर्ने |
| ९. | स्वास्थ्य मन्त्रालय | स्वास्थ सेवा विभागबाट आ.व.०५४।५५ मा खरिद गरिएका सामानहरु मध्ये केही सामानहरु रु. ५०००। सम्मको भएतापनि वील तथा दाखिला रिपोर्टहरु एउटै मिति पर्न गएको हुँदा सो विलहरु भुक्तानी गर्न मिल्ने नमिल्ने ? | ०५५/७/२९ | यसमा आर्थिक प्रशासन सम्वन्धी नियमहरु २०४२ को नियम १९ विपरित देखिएकोले भुक्तानी गर्न नमिल्ने भनि श्री स्वास्थ्य सेवा विभागबाट मिति २०५४।११।२१ मा निर्णय भैसकेकोले यसमा सोही अनुसार हुनुपर्ने । |
| १०. | अर्थ मन्त्रालय | श्री ५ को सरकार र एशियाली विकास वैंक वीच भएको ऋण सम्झौताको Schedule-3.6.9 वमोजिम Each supply contract estimated to cost less then $50000.00 shall be awarded on the basis of the borrow Direct Purchare Procedure acceptable to the Bank भन्ने उल्लेख भएको र आर्थिक नियमानुसार रु. ५०,०००। सम्मको सामान मात्र कोटेशन माग गरी खरिद गर्न सकिने भएकोले आयोजनाको लागि आवश्यक उपकरण तथा अन्य सामानहरु खरिद गरी आपूर्ति गर्न वाधा भै रहेको हुँदा A.D.B का आवासिय प्रतिनिधि को मिति ३१ जुलाई १९९८ को पत्रानुसार $50000.00 सम्मको सामानहरु Direct Purchase गरेमा कुनै Objection नभएको भन्ने लिखित जानकारी आएकोले Borrower's Direct Purchase Procedures को वदलामा Direct Prchase Procedures Acceptable to the Bank गरी ऋण सम्झौतामा संशोधन मिल्ने नमिल्ने । | ०५५/७/३० | यसमा आर्थिक प्रशासन सम्वन्धी नियमहरु २०४२ मा भई रहेकै व्यवस्था उपयुक्त हुने । |
| ११. | अर्थ मन्त्रालय | निर्माण तथा यातायात मन्त्रालयबाट खरिद गरिएको डोजरको भुक्तानीको लागि आवश्यक पर्ने रकम रु. १८,००,०००।– कार्य संचालन कोषबाट खर्च गर्ने व्यवस्थाको लागि राय माग भै आएको । | ०५६/१/३० | निर्माण तथा यातायात मन्त्रालयबाट खरिद गरिसकिएको डोजर को भुक्तानीको लागि आवश्यक पर्ने रकम सो मन्त्रालयले स्वीकृतिको लागी प्रस्ताव गरे वमोजिम गर्नु उपयुक्त हुने । |
| १२. | स्वास्थ्य मन्त्रलाय | स्वास्थ्य सेवा विभागबाट एक थान Mortury chamber खरिद गर्न वोलपत्र आव्हान गरेकोमा प्राप्त हुन आएको वोलपत्रको दररेट वाट ४ यूनिट थप गरी खरिद गर्न सकिने नसकिने ? | ०५६/३/२० | आ.प्र. सम्वन्धी नियम र Bid Document को प्रावधान अनुसार २० प्रतिशत सम्म मात्र थपघट गर्न सकिने देखिन्छ । सामान्यतया वढी परिमाण माग गर्दा कमदरमा प्राप्त हुनसक्ने सम्भावना रहने हुँदा घटीमाग गरी ४०० प्रतिशत बढी सामान लिंदा स्वभावत: बढी मूल्य पर्न जाने हुन्छ अत: नियमले प्रावधान नगरेको विषयमा यस कार्यलयको राय आवश्यकता नरहने । |
| १३. | मुद्रण विभाग<br><br>खरिद | विभागको मुद्रण सम्वन्धी आवश्यक मेसिनरी जर्मनको Heidelberg Company को Heidlberg Coutiweb B.V. Export Department AAB Ir. The Netherlands बाट झिकाउन सो Company n] Confiromed Irrevocable Letter Of Charge Credit द्वारा मात्र सामान दिन राजि भएको र खरिद कर्ताले Confirmation charge व्यहोर्नु पर्ने भएकोले सो Charge श्री ५ को सरकार मुद्रण विभागले व्यहोर्न मिल्ने नमिल्ने ? | ०५७/२/३ | विदेशबाट मालसामान L.C.बाट झिकाउदा सम्वन्धित देशको भुक्तानी दिने वैंकको नियमानुसार गर्नुपर्ने हुँदा कानूनी प्रक्रिया पूरा गरी Irrevocable Confirmed Letter of Credit बाट मालसामान झिकाउदा लाग्ने Confirmation Charge भुक्तानी दिन वाधा नपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १४. | परराष्ट्र मन्त्रालय | यस आ.ब.मा राहदानी छपाईको लागि बोलपत्र आह्वान गरिसकिएतापनि छपाई गरी राहदानी प्राप्त गर्न करिव ४।५ महिना लाग्ने देखिंदा हाल २ महिनाको लागि करिव ३५,००० राहदानी आवश्यक पर्ने परिप्रेक्ष्यमा २५,००० थान साधारण राहदानी तत्काल आवश्यक भएको र नियममा व्यवस्था भए वमोजिम दरभाउपत्रद्वारा खरिद गर्न नेपालमा त्यस किसिमको Security Printing press नभएकोले आ.व. २०५५।५६ को वोलपत्रमा सवभन्दा कम दररेट कवुल गरी Passport छपाई गर्ने CHAN WANICH SECURITY PRINTING CO, LTD, THAILAND बाट पुरानै दररेटहरुमा प्रतितपत्र खोली छपाई गर्न सकिने हो, होइन ? | ०५७/२/२५ | संझौतामा संख्या र ठेक्काको अवधि किटान भएको देखिएको र ठेक्का अवधि समाप्त भैसकेकोले सोही पार्टीबाट अरु थप समान खरिद गर्न नमिल्ने । |
| १५. | भौतिक योजना तथा निर्माण मन्त्रालय | विटुमिन खरिदको लागि वोलपत्र माँग भएकोमा नेपाल विटुमिन एण्ड व्याटेल उद्योग लि.र लक्ष्मी मोविल आयल स्टोर्सको २ वटा वोलपत्रहरु पर्न आएको मध्ये सवैभन्दा घटी नेपाल विटुमिन तथा व्याटेल उद्योगको रहेकोले र लक्ष्मी मोविल आयल स्टोर्सको विडवण्ड नपुगी टेण्डर Responsive नभएको अवस्थामा एक मात्र रितपूर्वकको नेपाल विटुमिन तथा व्याटेल उद्योगको वोलपत्र स्वीकृत गर्न सकिने / नसकिन साथै उक्त वोलपत्रमा लागत अनुमान तयार नगरेको र स्वीकृत कार्यक्रम अनुसारको रकमलाई नै ल.इ.को आधारमानिएको भनि उल्लेख भएकोले कार्यक्रममा उल्लेख भएको रकमलाई नै लागत अनुमानको आधार मान्न हुने नहुने ? | ०५७/१०/६ | नियममा रीत पुगेका वोलपत्रहरु मध्ये भनी व्यवस्था भएकोले एउटा मात्र रीतपूर्वकको वोलपत्र स्वीकृत गर्न मिल्ने देखिदैन । साथै लागत अनुमान तयार नै नगरेको भन्ने सम्वन्धमा उपरोक्त नियमावली अनुसार सरकारी खरीद सम्वन्धी कार्यमा लागत टेण्डर हुनु अगावै तयार पारी नियमानुसार सम्वन्धित अधिकारीवाट स्वीकृत भएको हुनु पर्ने । |
| १६. | संभार रथी विभाग | हाल प्रचलनमा रहेको सवारी साधनहरु, उपलव्ध प्राविधिक जनशक्ति, ,मेन्टिनेन्सको लागि उपलव्ध सुविधा तथा मौज्दात स्पेयर पार्टस र सवारी साधनहरुमा एक रुपता ल्याउनु पर्ने अवश्यकतालाई मध्यनजर राखी निम्नानुसारका सवारी साधनहरु प्रयोग गर्ने नीति रहेकोमा खरिद कार्य के कसरी गर्न सकिन्छ ?<br>१. मिनीवस - टाटा कम्पनी<br>२. पानीट्यांकर - टाटा कम्पनी<br>३. ट्रक - टाटा कम्पनी<br>४. मिनी ट्रक - टाटा कम्पनी<br>५. रथीवृन्दको लागि स्टेशन वाइगन जीप - निशान कम्पनी ।<br>६. विशिष्ट व्यक्तिहरु लागि कार -निशान कम्पनी ।<br>७. डवल क्याव पिकअप -निशान कम्पनी<br>८. अति विशिष्ट व्यक्तिहरु लागि स्टेशन वाइगन<br>जीप -टोयोटा कम्पनी ।<br>९. सहुलियतको हार्डटप जीप - सुजुकी जिम्नी कम्पनी | ०५७/१०/९ | निर्माता कम्पनीको नाम किटान गरी त्यसै कम्पनी द्वारा निर्मित सवारी साधन मात्र खरिद गर्न आ.प्र. सम्वन्धी नियमावली, २०५६ मा उल्लेख भए अनुसार पूर्ण प्रतिस्पर्धा हुनु पर्ने प्रावधान अनुरुप नहुने हुँदा कुनै एउटा निर्माता कम्पनी द्वारा उत्पादित सवारी साधन मात्र खरीद गर्न उपयुक्त नहुने भएकोले अन्य सवारी साधन निर्माताहरु पनि वोलपत्र पेश गर्न पाउने र सक्ने गरी खरीद सम्वन्धी कार्य हुनु पर्ने ।<br>आ.प्र.सम्वन्धी नियमावली ,२०५६ को नियम ५९ मा दरभाउपत्र वा वोलपत्रद्वारा खरीद गर्न आवश्यक नपर्ने अवस्था स्पष्ट रुपमा उल्लेख गरेको छ । सोही देखि वाहेकका अवस्थामा दरभाउपत्र वा वोलपत्र आहवान गरी खरिद गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १७. | महालेखा नियन्त्रक कार्यालय | आर्थिक प्रशासन सम्वन्धी (पहिलो संशोधन सहित) नियमावली, २०५६ को नियम ६१(२) मा सीलवन्दी दरभाउपत्रवाट मालसामान खरिद गर्दा दश दिनको म्याद दिई नियम ६६(५) मा उल्लेखित कार्यालयमा सूचना टाँस गर्नु पर्नेछ भन्ने उल्लेख भएको र नियम ६४ को (१) को खण्ड (ग) मा दश लाख रुपैयासम्मको काम गर्दा दश दिनको म्याद दिई नियम ६६(५) मा उल्लेखित कार्यालयहरुमा सूचना टाँस गरी सिलवन्दी दरभाउपत्र माँग गर्नु पर्नेछ भन्ने सम्वन्धी स्पष्ट व्याख्या गर्नु पर्ने आवश्यक भएको । | ०५८/७/१७ | नियमावलीमा भएको उपरोक्त प्रावधानले सिलवन्दी दरभाउपत्रको सूचना टाँस गरेको जानकारी सार्वजनिक पत्र पत्रिकावाट गराउदा प्रचार प्रसारमा व्यापकता आई वढी प्रतिस्पर्धा हुने भएकोले सूचना टाँस गर्न पठाएको कार्यको व्यहोरा पत्रपत्रिका मार्फत सार्वजनिक गर्नु पर्ने । |
| १८. | स्वास्थ्य मन्त्रालय | मलेरिया तथा कालाज्वर नियन्त्रण कार्यको लागि आवश्यक पर्ने विषादि खरीद गर्ने कार्यक्रम अनुसार कृषि विभाग वाली संरक्षण निर्देशनालयमा पञ्जीकृत भएका ८ वटा कम्पनीहरुको सूचि अनुसार आ.प्र.सम्वन्धी नियमावली, २०५६ को निमय ५९ को (झ) प्रयोग गरी खरिद गर्न आकर्षित हुने नहुने ? सो अनुसार खरीद गर्न मिल्ने नमिल्ने ? | ०५८/७/२१ | खरीद गर्नु पर्ने विषादीको रसायनिक संरचना समेतको आधारमा वोलपत्र आह्वान गर्नु पर्ने दखिन्छ । आ.प्र.सम्वन्धी नियमावली २०५६ (पहिलो संशोधन सहित) को नियम ५९(झ) मा यस्तो समान्य प्रकारको किटनाशक विषादी (लामखुट्टे र कालाज्वरोको किटाणु) को लागि होइन । नेपालका त्यस्ता इकाइहरु ८ वटा देखिएकोले दर्ता भएका इकाइहरुले वोवपत्र दिन पाउने शर्त राखी वोलपत्र आह्वान गर्ने । |
| १९. | महालेखा नियन्त्रक कार्यालय | आर्थिक प्रशासन सम्वन्धी नियमावलीको नियम ९८ को (३) जुनसुकै प्रकृयावाट मालसामान खरीद गर्दा विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान दश प्रतिशत सम्म महगो भए तापनि नेपाली नै मालसामान खरिद गर्नु पर्नेछ भन्ने व्याख्या गर्नु पर्ने आवश्यक भएको । | ०५८/७/२४ | उपयुक्त प्रावधान अनुसार कार्यालयलाई सामान खरिद गर्दा अधिकार प्राप्त अधिकारीले खरीद आदेशमा नै विदेशी सामान भन्दा दश प्रतिशतसम्म मँहगो भएतापनि स्वदेशी सामान नै खरिद गर्नु भनि आदेश दिनु पर्ने र खरिद गर्दा विदेशी मालसमान भन्दा स्वदेशी मालसमान दश प्रतिशत महंगो भए तापनि आ.प्र.सम्वन्धी नियमानुसार स्वदेशी मालसामान खरिद गर्नु पर्ने । |
| २०. | को.ले.नि.का.पाँचथर | भवन निर्माणको लागि जग्गा खरीद गर्न आ.प्र. सम्वन्धि नियम अनुसार सिल्ड कोटेशन माँग गरेको अवस्था रहेको र उक्त जग्गा खरिद गर्न आ.प्र.नियमानुसार गर्ने वा जग्गा प्राप्ती ऐन २०३४ अनुसार कुन नियमानुसार गर्ने ? | ०५८/१०/१२ | भवन निर्माणको जग्गा खरिद गर्दा जग्गा प्राप्ती ऐन ,२०३४ अनुसार गर्नु पर्ने । |
| २१. | महिलावालवालिका तथा समाज कल्याण मन्त्रालय | महिला विकास विभागको पाठ्यक्रमसामाग्री छपाईको लागि वोलपत्र माँग गरिएकोमा पर्न आएका वोलपत्र मध्ये सवैभन्दा घटी दर हुने क्रियटिभ प्रेंस प्रा.लि. कमलादीले धरौटी वापत नेपाल वंगलादेश वैंक रु.५०,०००।- को ग्यारेन्टी पेश गरेको हो । सो विडवण्ड वोलपत्र आह्वान गर्ने महिला विकास कार्यालयको नाममा नभई मन्त्रालयको नामको भएकोले सो विड वण्डलाई मान्यता दिने मिल्ने नमिल्ने ? | ०५८/१२/३० | आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम ७२ को उपनियम(१)को खण्ड(छ) बमोजिम नदेखिएको । |
| २२. | दुर्गम क्षेत्र विकास समिति | स्थानीय विकास मन्त्रालय स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग सस्पेन्सन वृज डिभिजनवाट विभिन्न साइजका लट्ठाहरुको वोलपत्र आह्वान गरी न्यून कवोल अंक भएका शम्भू इम्पेक्स गौशालाको वोलपत्र स्वीकृत भै सम्झौता समेत भैसकेको हुँदा सोही सस्पेन्सन वृज डिभिजनद्वारा वोलपत्रलाई आधार मानी त्यहाको स्वीकृत वोलपत्रमा भएको दररेटमा लट्ठाहरु खरिद गर्न सकिने नसकिने ? | ०५९/१/११ | सिलवन्दी दरभाउपत्र र वोलपत्र नै नलिई मालसामान खरिद तथा निर्माण सम्वन्धी कार्य गर्दा आर्थिक प्रशासन सम्वन्धी नियमावली , २०५६ को नियम विपरित हुने । |
| २३. | सशस्त्र प्रहरी प्रधान कार्यालय | सर सामान ढुवानी गर्न तत्काल ९ सिट क्षमता को हेलिकोप्टर १ भाडामा लिन वोलपत्र आह्वान गरिएकोमा ९ सीट क्षमताको | ५९/३/११ | आर्थिक प्रशासन सम्वन्धी नियमावली ,२०५६ को नियम १३८ (ख) मा सवारी साधन मेशिनरी औजार र उपकरण भाडामा लिने |

| | | | | |
|---|---|---|---|---|
| | | हेलीकोप्टर संचालन गर्ने एक मात्र कर्णाली एयरलाइन्स भएको हवाइ उड्डयन प्राविधिकरणको पत्र साथ वोलपत्र दाखिला हुन आएको र सोदेखि वाहेक अरु कसैको वोलपत्र दाखिला नभएको सन्दर्भमा पेश भएको वोलपत्र आ.प्र.सम्वन्धी नियमावली २०५६ को नियम ५९ को खण्ड(घ)अनुसार स्विकृत गर्न मिल्छ मिल्दैन ? | | सम्वन्धमा गरेको व्यवस्थालाई अनुसरण गरेर सोही नियमको परिच्छेद ७ मा उल्लेख भएको प्रकृयावाट भाडामा लिने कार्वाही गर्ने । |
| २४. | क्षेत्रीय कोष निर्देशनालय, पोखरा | मेडिकल सर्जिकल सामान खरद गर्न संभावित आइटमहरुको दररेट लिने उद्देश्यले अनुमानित परिमाण राखी वोलपत्र फारम तयार गरिएकोमा एउटा आइटममा हाल यो सामान वजार उपलव्ध छैन भनी उल्लेख गरी दर रेट नगरी अन्य सवै आइटमको दररेट भरी दाखिला भएको वोलपत्रलाई रित पूर्वकको वोलपत्र मान्न सकिने/ नसकिने ? | ०५९।४।२२ | एक आइटममा दररेट उल्लेख नगरिए तापनि सो आइटमले अन्य आइटमहरुलाई असर नपार्ने र सो आइटम विना खरिद गरिने अन्य आइटमको कार्यमा प्रतिकूल असर नपर्ने अवस्थामा त्यस्तो देण्डर स्वीकृत गर्न सकिने । |
| २५. | गृह मन्त्रालय | सिजन नेपाल प्रा.लि.सँग विभिन्न सामान आपूर्ति गर्न सम्फौता भएकोमा ती सामानहरु मध्ये डट मेट्रिक प्रिन्टर ४२ थान आपूर्ति गर्न नसकी आ.प्र. सम्वन्धी नियमावली अनुसार यस मन्त्रालयको नाममा जारि गरेको रु. २,८१,१५०।- को परफरमेन्स वण्ड जफत गर्ने निर्णय भएकोमा उक्त प्रा.लि.ले उक्त प्रिन्टरको मात्र रु. ९४,५००।- मात्र जफत हुनु पर्ने भनी अनुरोध गरेको हुदां राय मांग । | ०५९।५।३१ | ठेक्का सम्फौतानुसार तोकिएको म्याद भित्र काम पूरा नगरेको र आंशिक मात्र पूरा गरेको देखिएकोले प्रस्तुत केशमा पूरै धरौटी जफत गर्ने । |
| २६. | को.ले.नि.का. मकवानपुर | औषधी सप्लाई कार्यको लागि माँग गरेको दरभाउपत्रमा दरभाउपत्र वालाको सही भएको तर छाप नभएकोमा उक्त दरभाउपत्र उपर कार्वाही गर्न मिल्ने नमिल्ने ? | ०५९।८।११ | बोलपत्र (दरभाउपत्र) को विश्वासनीयता र आधिकारिकता जाँच्न सहीछाप हुनु पर्ने नियमको आशय हो र “सहीछाप” भन्नाले सम्बन्धितको हस्ताक्षर वा ल्याप्चे सही हुनु पर्ने भन्ने हो । अतः बोलपत्र (दरभाउपत्र)मा सही वा हस्ताक्षर भएकोलाई छाप नभएको भनी रित नपुगेको भन्न नसकिने । |
| पुनःपेश | को.ले.नि.का. धनकुटा | (१) नियम ५८(१) को खण्ड -ख) वमोजिम सिलबन्दी दरभाउपत्रद्वारा मालसामान खरिद गर्दा वा अन्य कार्य गराउदा नियम ६१(२) मा सिलबन्दी दरभाउपत्रद्वारा मालसामान खरिद गर्न १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्ने उल्लेख भएकोमा सार्वजनिक निर्माण तर्फ प्रकाशन गरिने सूचनामा यति दिन म्याद पर्ने व्यवस्था नभएको<br>(२) नियम ६१(२) को, सिलबन्दी दरभाउपत्रद्वारा मालसामान खरिद गर्दा १५ दिनको म्याद दिनु पर्ने सम्वन्धमा | ०६०।७।२४ | (१) नियम ५८ (१) मा अधिकार प्राप्त अधिकारीको लिखित आदेश प्राप्त गरेपछि कार्यालयले देहाय बमोजिमको रकमको सामान खरिद गर्दा देहायको रीत पुऱ्याई गुर्न पर्नेछ । ....... “भनिएकोमा नियम ६२(क) मा उल्लेख गरिएको सार्वजनिक निर्माण सम्बन्धी व्यवस्था भन्दा वाहेकको अन्य कार्य यसै अनुसार गराउनु पर्ने<br>(२) सिलबन्दी दरभाउपत्रद्वारा मालसामान खरीद गर्दा १५ दिनको म्याद दिन नियम ६६ को उपनियम (५) मा उल्लेखित कार्यालयमा सूचना टाँस गरी आवश्यकतानुसार त्यस्तो सूचना राष्ट्रिय वा स्थानिय स्तरको पत्र पत्रिकामा प्रकाशित गर्नु पर्नेछ । भनि उल्लेख भएकोमा नियम ६१ को शीर्षक अनुसारको शिलबन्दी दरभाउपत्रद्वारा खरीद र अन्य कार्यको लागि पनि १५ दिन नै म्याद दिनु पर्ने । |
| २७. | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | विरगञ्ज सुख्खा बन्दरगाह (ICD) संचालन को लागि ठेक्का (लिजमा) दिन आ.प्र. सम्वन्धी नियमावली २०५६ को नियम ६६(१४) अनुसार बोलपत्र आव्हान गर्न मिल्ने नमिल्ने ? | ०६०।८।२६ | व्यवस्थापन सञ्चालन समेत एक किसिमको खरिद नै भएकोले उक्त कार्य समेत नियम ६६(१४) को कार्यविधि अपनाई गर्न सकिने राय पठाउने । |

| | | | | |
|---|---|---|---|---|
| २८. | भौतिक योजना तथा निर्माण मन्त्रालय | आ.प्र. सम्बन्धी नियमावली, २०५६ को नियम ७३(३) मा सार्वजनिक निर्माणको मात्र Variation उल्लेख भएको तर ढुवानी र परामर्श सेवाको सम्बन्धी केही उल्लेख नदेखिंदा ममालसामान खरिद गर्न सम्झौता भएको रकम घटिवढि दिन हुने नहुने । परामर्श सेवाको लागि सम्झौता भएको रकम घटि बढि दिन हुने नहने । ढुवानी सेवाको लागि सम्झौता भएको रकम घटी बढी दिन हुने नहुने । | ०६०।९।२४ | १.) मालसामान खरीद र ढुवानी सम्वन्धमा थप घट गर्न सकिने व्यवस्था सम्झौतामा भएकोमा व्यवस्था भएको हदसम्म थप घट गर्न सकिने । २.) आ.प्र.सम्वन्धी नियमावली, २०५६ को नियम ७३(३) मा सार्वजनिक निर्माण कार्यको Variation गर्न सकिने स्पष्ट व्यवस्था भएको तर परामर्श सेवाको विषियमा नियम मौन भएकोले निर्माण कामको Variation भएमा परामर्श सेवामा समेत प्रत्यक्ष असर पर्ने खालका निर्माण कार्यसँग आवद्ध परामर्श सेवाको आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम ७३(३) र (४) वमोजिम Variation गर्न सकिने र अन्य परामर्श सेवाको Variation गर्न नमिल्ने । |
| २९. | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | केन्द्रिय कारागार कारखानाको वन्दी तालिम तथा उत्पादन कार्य संचालन गर्न आवश्यक पर्ने कच्चा पदार्थ आपूर्ति गर्न सिलवन्दी दरभाउपत्र आव्हान गरेपनि दरभाउपत्र प्राप्त हुन नसकेकोले आपूर्ति व्यवस्था नियमित गर्न के गर्न सकिन्छ भन्ने वारे राय माग भएको । | ०६०।१०।२१ | प्रस्तावित उद्योग संचालनको भरपर्दो व्यवस्था मिलाउन र सुती कपडाको नियमित आपूर्ति व्यवस्था अनुकुल वनाउन मन्त्रीपरिषदमा प्रस्ताव पेश गरी मन्त्रीपरिषदको निर्णय वमोजिम खरिद गर्न सकिने । |
| ३०. | क्षेत्रिय कोष निर्देशनालय काठमाडौं | नेपाली रुपैयामा नेपाल भित्र नेपाली फर्म वा संस्थाको नाममा प्रतितपत्र खोल्ने कार्य आर्थिक अनुशासन विपरित हुने हो वा होइन ? | २०६१/५/१५ | नेपाल अधिराज्य भित्रवाट मालसामान खरिद गर्दा वैंकमा प्रतितपत्र खोली प्रतितपत्रको माध्यमवाट भुक्तानी गर्ने प्रक्रिया नियम विपरित भन्न नमिल्ने हुदां आर्थिक वर्षको अन्त्यमा मात्र फ्रिज हुन नदिने उद्देश्यले यस्तो गर्न लागिएको हो भने नियन्त्रण गरिनु पर्ने तर कार्यालयको Procurement Plan अनुसार आषाढमा पर्न गएको अवस्थामा नियन्तण गरि रहनु नपर्ने । |
| ३१. | स्वास्थ्य मन्त्रालय | राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा संचार केन्द्रले वार्षिक कार्यक्रममा भए अनुसार सन्देश मुलक सूचना सामाग्रीहरु, कार्यक्रम र विज्ञापनको रुपमा नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र संस्थान जस्ता श्री ५ को सरकारको स्वामीत्व रहेको निकायवाट सोझै गराउन सकिने वा नसकिने । | २०६१/५/२८ | आ.प्र.सम्वन्धी नियमावली २०५६ को दोस्रो संशोधन हुदा श्री ५ को सरकारको स्वामित्व भएको संस्थावाट हुने सोझै खरिद गर्ने व्यवस्था हटाएको हुदाँ राष्ट्रिय स्वास्थ्य शिसुस केन्द्रले वार्षिक कार्यक्रममा भए अनुसारको सन्देशमुलक सूचना सामाग्रीहरु कार्यक्रम एवं विज्ञापनको रुप्मा प्रकाशिन एवं प्रसारण गर्ने कार्य प्रतिस्पर्धाको माध्यमवाट गर्नुपर्ने । |
| ३२. | गृह मन्त्रालय | हेलिकोप्टर भाडामा लिने वोलपत्र सम्वन्धमा मालसामान ढुवानीको लागि भाडाम ालिनुपर्ने नभई सुरक्षा व्यवस्थापनको लागि प्रस्तुत विषयलाई प्राथमिकता दिई काम गर्नु परेको र प्रति घण्टाको हेलिकोप्टर भाडाको लागत अनुमान गर्न नागरिक उडडयन प्राधिकरणलाई अनुरोध गरिएकोमा सो लागत अनुमान प्राप्त हुन नसकेको अवस्थामा टेण्टर आव्हान भई निर्णय गर्न आ.प्र.निममावली बमोजिम वाधा पर्ने वा नपर्ने ? | २०६१/७/२० | लागत अनुमान तयार गर्न स्वीकृत नर्मस र दररेटको आवश्यक पर्ने तर हेलिकोप्टर भाडामा लिदा सोको दररेट र नर्मस नहुने भएकोले लागत अनुमान तयार नहुने हुदाँ यस्तो साधन भाडामा लिदाँ स्वीकृत बजेटको अधिनमा रही आ.प्र.सम्वन्धी नियमावली २०५६ को नियम १३८(ख) बमोजिमको प्रक्रिया पुरा गरी भाडा लिन सकिने । |
| ३३. | स्वास्थ्य मन्त्रालय | कुनै पनि वोलपत्रमा प्रतिस्पर्धा गर्दा एउटै उत्पादक कम्पनी र उ द्धारा नियूक्त आधिकारीक प्रतिनिधिहरु वीच भएको प्रतिस्पर्धालाई फरक फरक प्रतिस्पर्धा मान्न सकिने वा नसकिने ? | ०६१/१०/१८ | उत्पादक कम्पनी र एजेण्ट विच भएको प्रतिस्पर्धालाई फरक फरक प्रतिस्पर्धा भएको मान्न नमिल्ने । |
| ३४. | गृह मन्त्रालय | आ.प्र.नियम २०५६ को नियम ६१ बमोजिम उपलव्ध भए सम्म ३ वटा दरभाउपपत्र लिने भन्ने व्यवस्था भएकोमा वढी संख्यामा दरभाउपत्र विक्री भए पनि २ वटा मात्र दर्ता हुन आएमा के गर्ने ? | २०६१/१२/४ | आ.प्र.सम्वन्धी नियमावली २०५६ को नियम ६१ मा उपलव्ध भए सम्म घटीमा तीनवटा उल्लेख भएको हुदाँ ३ वटा दरभाउपत्र प्राप्त नभएको अवस्थामा खुलाई दुईवटा सिलवन्दी दरभाउपत्र परेमा स्वीकृत गर्न सकिने । |

| | | | | |
|---|---|---|---|---|
| ३५. | गृह मन्त्रालय | गृह मन्त्रालयको पूर्व अनुमती नलिई आपतकालिन अवस्थामा भएका हेलिकोप्टर उडानहरुको समर्थन प्रदान गरी भुक्तानी दिन सकिने वा नसकिने ? | २०६२/१/८ | परामर्श माग भएको विषय आ.प्र.सम्वन्धी नियमावलीको द्विविधाको विषय नभएकोले र उक्त विषयमा गृह मन्त्रालयले नै निर्णय लिन सक्ने । |
| ३६. | स्वास्थ्य मन्त्रालय | (१) सिलवन्दी दरभाउपत्रको माध्यमबाट गरिनु पर्ने खरिदलाई बोलपत्रको माध्यम अपनाई खरिद गर्न मिल्ने नमिल्ने ?<br>(२) दोस्रो/तेस्रो पटक दरभाउपत्र आव्हान गर्दा पनि ३ वटा दरभाउपत्र नपरेमा जतिवटा पर्छ त्यसलाई वोलपत्रको कार्यविधि अनुसार गर्न मिल्छ वा मिल्दैन । | २०६२/३/३ | आ.प्र.नियमावली २०५६ को नियम ६१ मा उपलब्ध भएसम्म घटीमा ३ वटा सिलवन्दी दरभाउपत्र लिने भन्ने उल्लेख भएको हुदां २ पटक सूचना प्रकाशन गर्दा पनि २ वटा मात्र दरभाउपत्र परेको अवस्थामा ३ वटा दरभाउपत्र प्राप्त नभएको अवस्था खुलाई स्वीकृत गर्न सकिने । (निर्णय नं.५०-६१।६२) |
| ३७. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | (१) दरभाउपत्रमा समामानको मुल्य र VAT रकम छुट्टाछुट्टै उल्लेख गर्ने गरी माग गरिएकोमा दरभाउपत्रदाताले सामानको मुल्य मात्र उल्लेख गरी VAT उल्लेख नगरेको सम्वन्धमा सामानको मुल्यलाई VAT सहितको मान्ने वा VAT वाहेकको मान्ने भनी द्वविधा पर्न गएको ।<br>(२) दरभाउपत्र माग गर्नु अगाडी सामानको विववरण तयार गरी आ.ब.०६१.६२ को खरिद गर्दाको मुल्य र हालको बजार मुल्यको दररेट समेतलाई दृष्टीगत गरी तयार गरेको अनुमानित लागत रकमलाई लागत अनुमान मान्ने नमान्ने सम्वन्धमा द्विविधा पर्न गएको ।<br>(३) दश लाख रुपैया सम्मको खरिद कार्यमा केवल Specification मात्र हुन पर्ने कि खरिदको कार्यमा पनि लागत अनुमान आवश्यक पर्ने हो ?<br>(४) नियम ५८(क) वमोजिम खरिद कार्य योजना तयार गर्दा लागत अनुमान गर्नुपर्ने भन्ने उल्लेख नभएको अवस्थाम नियम ६१ को उपनियम (१५) ले Refer गरेको नियम ६६ को खण्ड(च) खरिदको कार्यमा पनि लागु हुने वा नहुने ?<br>(५) नियम ६६(च) मा उल्लेखित “कामको लागत अनुमान” र “कन्टीजेन्सी” भन्ने शव्दावली केवल निर्माणको कार्यमा मात्र लागु हुने हो वा खरिदको कार्यमा पनि आकर्षित हुने हो ? | ०६२/९/१२ | (१) संक्षीप्त कर विजक भएमा मुल्य अभिवृद्धी कर सहित जनाउने (नियम १८ को अनुसुची-६ वमोजिम) र कर विजक भएकोमा मुल्य अभिवृद्धी कर वाहेक नियम १७ अनुसुची-५ अनुसार हुने ।<br>(२) अनुमानित लागत रकम अधिकार प्रापत अधिकारीवाट स्वीकृत भएमा लागत अनुमान मान्न उपयूक्त हुने ।<br>(३) वुदाँ नं.२ को राय पठाउने ।<br>(४) आ.प्र.नियमावली २०५६ को नियम(१५) मा भएको व्यवस्था लागु हुने ।<br>(५) आ.प्र.नियमावली २०५६ को नियम ६६(५)(च) को व्यवस्था कामको लागत अनुमान अंक खोल्न सकिनेमा मत्र कन्टीजेन्सी र मुल्य अभिवृद्धि कर वाहेकको लागत अनुमान अंक खुलाउनु पर्ने तर मालसामान खरिदमा कन्टीजेन्सी रकम समावेश नभएकोले मुल्य अभिवृद्धी कर समावेश गरी लागत अनुमान गरेको अवस्थामा मुल्य अभिवृद्धी कर वाहेकको लागत अनुमान खालउन उपयूक्त हुने । |

# ७. लिलाम

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | अर्थ मन्त्रालय | श्री ५ को सरकारलाई जापान सरकारवाट सहायता स्वरुप उपलब्ध गराएको सामानहरु मध्ये खासगरि काममा नआउने मेशीनरी पार्टसहरु लिलाम गर्ने सम्वन्धमा जापानी राजदुत समेतको उपस्थितिमा ०५४।९।४ मा मन्त्रालयमा वसेको वैठकले यसरी काममा नआउने सामानहरु लिलाम विक्री गर्दा प्राप्त रकममध्ये दुईतिहाई रकम छुट्टै खाता खोली जम्मा गर्नुपर्ने र उक्त दुईतिहाई रकम सोही आयोजनामा खर्चगर्नुपर्ने निर्णय भएकोले सो गर्न मील्ने वा नमील्ने ? | ०५४/१०/९ | यसमा श्री ५ को सरकार अर्थ मन्त्रालय र जापानी सरकारविच भएको संझौताको प्रतिलिपीको संलग्न २१ फेब्रुअरी १९९१,१८ जुन १९९६ को पत्रमा लिलाम गरेको रकमको २।३ KR2 फण्डमा जम्मा गर्नुपर्ने स्पष्ट उल्लेख गरेको छ । यसर्थ जापानी सहायतावाट प्राप्त सामान लिलाम विक्री श्री ५ को सरकारको नियमानुसार गरी कूल रकमको २।३ KR IIFund मा र १।३ राजश्व खातामा जम्मा गरी सो को जानकारी म.ले.नि.का. कोष प्रशासन शाखालाई दिनु उपयुक्त हुने । |
| २. | शहिद गंगागाल राष्ट्रिय हृदय रोग केन्द | १) पुराना भवनको ढुंगा, माटो, झ्याल, ढोका काठपात आदि सम्पूर्ण लिलाम सकार गर्नेले उठाई लैजान पाउने र सो पछि जग्गा सम्याई ठीक गर्नुपर्ने समेत शर्त राखी पुराना भवनहरु भत्काउदै नभत्काई यथावत अवस्थामा लिलाम गर्ने वोलपत्र आव्हान गरि लिलाम गर्न गराउन हुन्छ हुदैन ?<br>२) पुराना भवन भत्काएर मालसामान लिलाम गर्नुपरेमा त्यसवाट मूल्य रकम कम आउन सक्ने र समय बढी लाग्न सक्ने भई सम्वन्धीत अस्पताल संचालनमा विलम्व हुन सक्ने अनुमान भएकोले प्रकरण १ वमोजिम सवै कामको कवोल एकैपल्ट गर्नु पर्ने गरि यथावत रुपमा लिलाम गर्न मिल्छ मिल्दैन ?<br>३) यदि समस्या १ वमोजिम गर्न नमील्ने भए के कस्तो प्रक्रीया अपनाउनुपर्छ ? | ०५५/४/१० | श्री ५ को सरकारको स्वामित्वमा घर भत्काई हटाउने सम्वन्धि प्रकृया वारे आर्थिक नियमहरुमा स्पष्ट व्यवस्था भएको नदेखिएको अवस्थामा प्रचलित आ.प्र. सम्वन्धी नियमहरुमा व्यवस्था भएको लिलामी सम्वन्धी व्यवस्था अन्तर्गत लिलाम गरिनु पर्ने र लिलामको प्रकृया शुरु गर्न भन्दा अघि भत्काउने भनीएको घर भत्काएपछि निस्कने सामान (ईटा, काठ आदि) को सम्भावित विक्री मूल्य अनुमान र घर भत्काई हटाई साईट क्लियर गर्न लाग्ने ज्याला खर्च समेतको इष्टिमेट गरी यी दुई इष्टिमेट विचको फरकलाई न्यूनतम मूल्य भनी लिलाम बढाबढ द्वारा काम गराउन सकिने । |
| ३. | क्षेत्रिय कोष निर्देशनालय विराटनगर | पुरानो घर भत्काई लाने लिलाम वढावढ प्रथम कवोलवालाको १,५४,८०८।०८ , दोश्रोले रु.१,६०,०००।- तेश्रोले रु.४,७५,००००।- कवोल पश्चात चौथो ,पाचौले नवोली छैठोले तेश्रोले कवोल गरेको अंक मध्ये घटि रु.१,६५,०००।- वोलेकोले यसरी तेश्रोले वोलेको अंक भन्दापछि घटी वोल्ने प्रकृया नियमित भएको हो वा होइन ? | ०५७/४/२३ | लिलाम वढावढको कममा सवैभन्दा वढी रकम वोल कवोल गर्नेको वोलकवोल स्वीकृत गर्नु पर्ने । |
| ४. | को.ले.नि.का., मुगु | (क) नियम १०४(१७) वमोजिम आवश्यक पर्ने आइटम वाइज लागत अनुमान नियम ६३ को आधारमा वनाइनु पर्ने हो वा अन्य व्यवस्था छ ?<br><br>(ख) नियम १०४ (१७) वमोजिम प्राविधिकवाट आइटमवाइज लागत अनुसार जाँच समेत भई कार्यालयमा प्राप्त भए पछि निमय ६३ (७) अनुसार स्वीकृत हुने नहुने ?<br><br>(ग) भवनमा साविकमा प्रयोग भएका सामानहरु<br>(जस्ता, काठ ,ढुङ्गा)को मूल्यमा ह्रास कट्टी गर्न | ०५७/४.३० | लिलाम विकीको लागि भौतिक संरचना भत्काउने कममा सरसामानको आइटमवाइज लागत अनुमान तयार पार्नु पर्ने हुँदा साविकको मूल्य खुलेकोमा सोही अनुसारको अंक र परलमूल्य नखोलेको भए हालको मूल्यांकन अनुसार हुन आउने रकमको कुल लागत अनुमान तयार पार्नु पर्ने ।<br><br>नियमावलीको नियम १०४(१) देखि (६)सम्मका अवस्था तथा आधारहरुलाई दृष्टिगत गरी सोही उपनियम हरुमा उल्लेख भए बमोजिम अधिकारीवाट स्वीकृत हुनुपर्ने ।<br><br>लिलाम गरिने सामान (भौतिक संरचना भत्काउदा निक्लने वस्तुहरुको ह्रासकट्टि हालको मूल्यांकन भए सो अनुसार कायम भएको |

| | | | | |
|---|---|---|---|---|
| | | साविकको लागत अनुमानमा वा हालको मूल्यलाई आधार मान्ने ?<br><br>(घ) कार्यालय भवन लिलाम विक्री गर्नु पर्दाको अवस्थामा नियम १०४(१६) आकर्षित हुन्छ , हुदैन ?<br><br>(ङ) नियम १०४(३) बमोजिमको समिति गठन गर्नु नपर्ने भएमा रा.प.तृतिय श्रेणीको कार्यालय प्रमुखले कति मूल्यसम्मको लिलाम विक्री गर्न सक्ने लिलाम कुन कुन कार्यालयको रोहवरमा गर्नु पर्ने सहभागीलाई भत्ता दिन मिल्ने नमिल्ने कुन शीर्षक र दरमा दिने ? | | अंकलाई आधार मान्नुपर्ने, साविकको लागत अनुमान भएको उपनियम (६) तथा लिलाम कार्यविधि निर्देशिकाको अनुसूचि १ मा उल्लेख भएको दर अनुसार आधार मानी ह्रासकट्टि गर्नु पर्ने ।<br><br>कार्यालय भवन जिर्ण भै त्यसलाई लिलामविक्री गर्नु पर्दाको अवस्थामा नियम १०४(१७) आकर्षित हुने हुँदा त्यस्तो अवस्थामा नियम (१६) सान्दर्भिक हुन आउदैन ।<br><br>नियम १०४(३) वमोजिमको समिति गठन गर्न नपर्ने भएमा रा.प.तृ.श्रेणीको कार्यालय प्रमुखले कति मूल्यसम्मको लिलामविक्री गर्ने सक्ने सम्वन्धमा नियम १०४(३) बमोजिमको अवस्था नपरी उपनियम ३ वमोजिम समिति गठन गर्नु नपर्ने भएमा कार्यालय प्रमुखले लिलाम विकी गर्न सक्ने रकमको हद .............. नियम १०४(१)मा स्पष्ट उल्लेख भएको हुँदा सोही अनुसार गर्नु पर्ने र कुन कुन कार्यालयको रोहवरमा लिलाम विकी गर्नु पर्ने भन्ने सम्वन्धमा लिलाम कार्यविधि निर्देशिकाको सि.नं.५ को खण्ड(ग)वमोजिम परल मूल्य खुलेकोमा लिलामको लागि मूल्यांकित रु. एकलाख वा परल मूल्य नखुलेकोमा रु.पचास हजारसम्मको जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय,क्षेत्रिय कोष निर्देशनालय वा कोलेनिका जिल्लास्थित निर्माण व्यवसायी संघ र लिलाम विकी गर्ने कार्यालयमा सूचना प्रकाशित गर्ने र उक्त रकमभन्दा वढेको हकमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकासित गरी माथि उल्लेखित कार्यालयका प्रतिनिधिको रोहवरमा लिलाम विकी गर्ने । |
| ५. | अधिकार सम्पन्न वाग्मति क्षेत्रदल निर्माण सुधार आयोजना | जफत गरिएका मोटरसाइकल मालसामान तथा उपकरणहरुको भौतिक योजना तथा निर्माण मन्त्रालयको निर्णयानुसार गठित मूल्यांकन समितिले मूल्याकंन गरे अनुसार पहिलो र दोश्रो पटक लिलामको लागि सूचना प्रकाशन गर्दा समेत लिलाम हुन नसकी उक्त सामानहरुलाई ५ वटा Grouping तथा मूल्यांकन गरी पुन : सूचना प्रकासित गरिएकोमा A,B र c' group को मालसामानहरु लिलाम भएको तर मूख्य "D Group र Rx मोटरसाइकल थान-(एक) लिलाम हुन नसकेकोले ३।३ पटक मूल्याकंन गर्दा र ४।४ पटक सूचना प्रकाशित गर्दा पनि लिलाम विकी हुन नसकेको हुंदा उक्त मालसामान उपकरण र मोटरसाइकल के कसरी लिलाम विकी गर्ने हो ? | ५८/९/२३ | लिलाम विकी सम्वन्धी व्यवस्था आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम १०४ मा स्पष्ट व्यवस्था भएको हुँदा सोही वमोजिम हुन साथै विकीको मूल्य वोलपत्रको मूल्यलाइ आधार मान्नु पर्ने र Direct विकीको प्रचार प्रसार पर्याप्त मात्रामा गर्नु पर्ने । |
| ६. | भन्सार विभाग | विभागमा रहेको सवारीसाधन-३ लिलामविकीको लागि गो.प.मा प्रकाशित सूचनामा कवूल अंकको हुन आउने १० प्रतिशत रकम वैंक दाखिला गरी सक्कलै भौचर वा वैंक ग्यारेटी पेश गर्नु पर्नेछ भन्ने उल्लेख भएता पनि धरौटी खातामा जम्मा नगरी सिलवन्दी वोलपत्रसाथ नगदै पेश गरेकोले प्राप्त वोलपत्र उपर कार्वाही गरी निर्णय गर्न मिल्ने नमिल्ने ? | ५८/१०/१९ | निर्णयसार संग्रह २०५४ मा नगद जमानत राखेको कार्य नियमित हुने भन्ने स्पष्ट उल्लेख भएकोले नगद जमानत राखेकोलाई नियम अनुसार नभएको भन्न नमिल्ने । |

| | | | | |
|---|---|---|---|---|
| ७ | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | पुरानो कार काठमाडौं उपत्यकामा दर्ता नहुने र चलाउन नपाइने सन्दर्भमा लिलाम गर्ने प्रयोजनको लागि कवाडीको मूल्यमा मूल्यांकन गर्न मिल्छ मिल्दैन ? | ०५९।८।१६ | उपत्यका बाहिर दर्ता हुन सक्ने अवस्था भएमा सोही व्यहोरा सूचनामै खुलाई लिलाम गर्न सकिने अवस्था देखिएकोले बाहिर पनि दर्ता नहुने एकीन भएमा सो विवरण लिई लिलाम हुन नसक्ने व्यहोरा जनाई पुनः मूल्यांकन गर्न वाधा पर्ने नदेखिएको । |
| ८. | को.ले.नि.का. भरतपुर, चितवन (जि.वन.कार्यालय) | लिलाम गरिने काठको मूल्यमा अग्रिम आयकर कट्टी गर्ने कि नगर्ने ? | ०५९।११।१४ | आयकर आय भएको वा हुनेमा मात्र लाग्ने कर हो । काठ लिलाम गरी विक्रि गरिने भएपनि त्यसमा खरीद कर्ताले आय गरेको हुदैन, न त खरीद कर्ताले कुनै आयको भूक्तानी गरेको हुन्छ, यसवारेमा आन्तरिक राजस्व विभागबाट स्पष्ट नभए सम्म लिलाम बढावढ गरी विक्रि गरिने सेवा वा वस्तुको भूक्तानी लिदां आयकर असूल गरी राख्न नपर्ने । |
| ९. | को.ले.नि.का. दार्चुला | भन्सार कार्यालयवाट जफत भएका सामान लिलाम विक्रि गर्न अन्तशुल्क नियमावली २०५९ बमोजीम गर्ने की आ.प्र.नियमावली २०५६ बमोजिम गर्ने । | २०६१/७/२० | भन्सार कार्यालयवाट जफत भई प्राप्त भएको सामान लिला विक्रि गर्दा सर्वप्रथम अन्तशुल्क नियमावली २०५९ को नियम १० बमोजिमका प्रकृया पुरा गर्नुपर्ने, सो प्रकृया अपुरो हुने अवस्थामा मात्र आ.प्र.नियमावलीका प्रावधान आकर्षित हुने भएकोले मुल्यांकन समिति गठन गरिरहन नपर्ने अवस्था नदेखिएको भन्ने राय आन्तरिक राजश्व विभागवाट प्राप्त भएको । |
| १०. | भौतिक योजना तथा निर्माण मन्त्रालय | (१) सवारी साधनहरुको लिलाम गर्ने सूचना प्रकाशन गर्दा वोलपत्र वा सिलवन्दी दरभाउपत्र कुनद्धारा सूचना प्रकाशन गर्ने ?<br>(२) फाराम विक्री गर्दा रु.१० लाख भन्दा कम मुल्य भएकोले फाराम विक्री वापत के कति दस्तुर लिई विक्री वितरण गर्ने ? | अर्थ मन्त्रालयको मिति ०६२/२/२९को मन्त्रीस्तरीय निर्णय | दस लाख भन्दा कम मुल्यांकन भएको सामानको वोलपत्र फाराम दस्तुर रु.३०० र सो भन्दा बढी रकमको लागि आ.प्र.नियमावली २०५६ को नियम ६६(२) वमोजिम फाराम दस्तुर लिने । |

# ८. मिनाहा

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | शिक्षा मन्त्रालय | श्री प्रसाद सिंह मा.वि. महोत्तरीको आफ्नो नाममा रहेको जग्गा मा ०५४ असोज मसान्त सम्मको लागि ठेक्का वन्दोवस्त द्वारा वजार (हाट) लगाइ आएकोमा ठेकेदारले कवोल गरेको ठेक अंक रु. १,६६,१०११० मध्ये १,१६,१०११० बुझाई सकेको र सोही अवधिमै १ कि.मी. टाढा अर्को वजार (हाट) लाग्न गै ठेकेदारलाई मर्का पर्न गएकोले वुझाउनुपर्ने वाँकी रकम ५०,०००। मिन्हाको लागि लेखि आएकोमा मिल्ने वा नमील्ने राय माग । | ०५४/१२/१७ | श्री शिक्षा नियमावली, ०४९ को नियम ११९ को उपनियम २ को आशय विद्यालयको सम्पत्ती हिनामिना हुनमा नियन्त्रण राख्नु रहेको देखिन्छ । नियममा आफ्नो कावु वाहिरको परिस्थिति भन्ने उल्लेख भएको र हाट संचालन गर्न स्वीकृति पाएको ठेकेदारको काबु वाहिरको परिस्थितिमा नजिकै अन्य हाट संचालन गरिनाले निजले कवोल गरे अनुसारको रकम वुझाउन नसकेको भन्ने वुझिन्छ र परिस्थिति वाहिर भएको कारणले ईलाका प्रशासन कार्यालय, विद्यालय संचालक समिति र स्थानिय भलादमीहरुको रोहवरमा रु. ५० हजार कट्टा गरि बाँकी सम्पूर्ण रकम वुझाएमा मिन्हाको कारवाही गर्ने सहमति भएको र सहमति अनुरुप ठेकेदारले ठेक अंक रु. १,६६,१०११० मध्ये रु. ५०,०००। बाँकी राखी १,१६,१०११० विद्यालयलाई वुझाइसकेको भन्ने जानकारी समेत प्रस्तुत कागजात बाट हुन आएकोले शिक्षा मन्त्रलायको सिफारिस अनुरुप मिनाह दिन सकिने । |
| २. | को.ले.नि.का. आछाम | जिल्ला प्रहरी कार्यालय आछामको प्रहरीको राशन ठेक्का लिंदा ठेकेदार सँग वाँकी रहेको पेश्की रकम ४,५४,७७७- हिनामीना गरि फरार रहेको र धरौटी १,९८,३००।- संचित कोषमा जफत गरी दाखिला गरेको तथा हाल ठेकेदार पक्राउ परेकोले रासन ठेक्कामा ठेकेदारसँग वाँकी रहेको पेश्की रकमबाट ठेकेदारले राखेको धरौटी वापतको रकम कटाउन मिल्ने, नमिल्ने ?<br>ख) निजको जफत गरिएको धरौटी निजले लगेको पेश्कीबाट घटाउन मिल्ने भए १० प्रतिशत खुद वाँकी रहेको रकमको मात्रै हो वा पुरै रकमको हो ?<br>ग) उक्त १० प्रतिशत खुद प्रत्येक आ.व.को लिनुपर्ने वा रकम असूल गर्दा एक पटक मात्र १० प्रतिशत खुद लिनुपर्ने हो ? | ०५५/१/६ | जि.प्र.का.आछामको आ.व. ०५०।५१ मा रासन ठेक्का वन्दोवस्त गरेको ठेकेदार पेश्की लिइ भागी गएको सम्वन्धमा निजको जमानत वापतको रु. १,९८,३००।- आम्दानी वाध्ने गरी जफतगरेकोमा निम्नानुसार को.ले.नि.का. आछामलाई राय दिने ।<br>क) निजले लिएको पेश्की रु. ४,५४,७७७- बाट जफत गरिएको धरौटी रु. १,९८,३००।- घटाउन मिल्दछ वा मिल्दैन भन्ने सम्वन्धमा उक्त जमानत वापतको रु. १,९८,३००।- प्रचलित आ.प्र. नियम अनुसार जफत गरि संचीत कोष दाखिला गर्नुपर्ने हुँदा त्यसलाई पेश्की वाट घटाउन नमिल्ने । पेश्की वाँकी रु. ४,५४,७७७- छुट्टै असुल गर्नुपर्ने ।<br>ख) पेश्की घटाउन मिल्ने भए खुद लिदा वाँकी रकमको १० प्रतिशत हो कि पुरै रकमको हो भन्ने सम्वन्धमा उल्लेखित नियम अनुसार नै अपुरो काम पुरा गर्न बढी लगेको रकम पनि निजबाट असुल उपर गर्ने ।<br>ग) व्याज प्रत्येक आ.व.को लिनुपर्ने हो वा पुरैको भन्ने सम्वन्धमा पेश्की वाँकी माथि ज्याज लिदा प्रचलित आर्थिक नियमावली अनुसार वार्षिक दस प्रतिशत दरले व्याज लिने । |
| ३. | रक्षा लेखा नियन्त्रक कार्यालय | आर्थिक प्रशासन सम्वन्धी, नियमावली, २०५६ को नियम १०१ अनुसार " पेश्की रकम वाँकी भएमा सो वाकी रकममा पेश्की दिएको मिति देखि नै वार्षिक १० प्रतिशत दरले व्याज समेत लगाई सरकारी वाकी सरह असूल उपर गर्नु पर्ने " व्यवस्था छ । १० वर्ष भन्दावढी अवधिको पेश्की वाँकी सम्वन्धमा साँवा भन्दा व्याज वढी हुन जाने हुँदा साँवा भन्दा वढी | कानून न्याय तथा व्यवस्था मन्त्रालयको मिति ०५७/७/१६ को पत्रानुसार | आर्थिक प्रशासन सम्वन्धी नियमावली , २०५६ को नियम १०१ मा पेश्की दिएको मिति देखि नै वार्षिक दश प्रतिशतका दरले व्याज समेत लगाई असूल गरिने भनी अधिकतम यतिसम्म व्याज लिने भन्ने उल्लेख नभएको । आर्थिक कार्यविधि ऐनमा यस सम्वन्धि अन्य खास उल्लेख भएको पाइदैन । अर्को तर्फ मूलूकी ऐन, लेनदेन व्यवहारको ७ नं.मा व्याज भराई |

| | | | | |
|---|---|---|---|---|
| | | व्याज असूल उपर गर्न मिल्छ मिल्दैन ? साथै हर्जाना रकममा व्याज लगाउन मिल्छ मिल्दैन ? | | लिनुपर्दा साँवा मध्ये केही पनि असूल नभएको भए त्यस साँवाको र केही असूल भएको रहेछ भने , वाँकी साँवाको वरावर भन्दा वढी भराइने छैन भन्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत सन्दर्भमा मुलुकी ऐन, लेनदेन व्यवहारको ७ नं. आकर्षित हुने । |
| ४. | मन्त्रिपरिषद सचिवालय | मेडिकल वोर्डको सिफारिसमा नि.से.नि. को नियम ९५ अनुसार पूर्व सचिव विद्युतराज चालिसेको उपचारको लागि रु. १,००,०००।- थप आर्थिक सहायता दिने निर्णयानुसार गत: आ.व.मा लिएको उक्त रकम पेश्की वाँकी रहेकोमा उक्त नियममा थप आर्थिक सहायता प्रदान गर्दा निकाशा भएको रकम सिधै खर्च लेख्ने , वा तत्काल पेश्की लेखी पछि विल भपाई पेश गरी फछर्यौट गर्ने वा अन्य कुनै प्रकृया द्वारा भुक्तानी फरफारक गर्ने सम्वन्धमा विल भरपाई पेश गर्नु पर्ने वा नपर्ने ? | ०५८/३/४ | आर्थिक सहायता वापत दिएको रकमको फाँटवारी पेश गर्ने व्यवस्था भैसकेको देखिएकोले सम्वन्धित कर्मचारीवाट खर्चको फाँटवारी लिई सोही आधारमा पेश्की फछ्र्यौट गर्न सकिने फाँटवारीसाथ विल भरपाई आवश्यक नपर्ने । |
| ५. | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | पूर्व शा.अ. वासुदेव श्रेष्ठले पेश्कि लिएकोमा निज दुर्घटनामा परी मृत्यु भएकोले निजले लिएको पेश्की मिन्हा गर्ने । | २०५९।५।२५ को सचिबस्तरिय निर्णय | आ.प्र.सम्वन्धी नियमावलीको २०५६ को नियम १४९(४) बमोजिम मिन्हा दिन बाञ्छनीय भएकोले सहमति प्रदान गर्ने । |
| ६. | प्रवन्धरथी विभाग | आ.प्र. सम्वन्धी नियमावली २०५६ को नियम ९९ मा ठेक अंकको २५% पेश्की दिन सकिने व्यवस्थानुसार स्वीकृत ठेक अकंको आधारमा पहिलो किस्ता पेश्की दिई फछर्यौट भैसकेको । हाल नेफ्रि (१५० र २३९ बाट बुकिङ भै) ७५० को लागि श्रावणदेखि पौष मसान्तसम्ममा फछर्यौट गर्ने गरी पुन: दोश्रो पेश्कि माँग भै आएकोले परामर्श माँग भएको । | ०६०।५।२६ | आ.प्र.सम्वन्धी निमयावली, २०५६ को नियम ९९ को उपनियम (३) मा स्पष्ट व्यवस्था भएकोले सोही अनुरुप गर्न मनासिव हुने राय पठाउने |
| ७. | को.ले.नि.का. पाँचथर | आ.प्र. नियम १०६(क) नष्ट गर्नुपर्ने व्यवस्था अर्न्तगत नष्ट गरेपछि जिन्सी खातामा मिन्हा खर्च जनाउनु पर्ने व्यवस्था रहेको तर नियम १५५ को व्यवस्थामा कुन तहको अधिकारीले कति सम्मको सामान मिन्हा गर्न पाउने हो ? | ०६१/१०/२२ | आ.प्र.नियमावली २०५६ मा नष्ट गर्नुपर्ने (नियम १०६क) तथा मिन्हा गर्नुपर्ने (नियम १५५) छुट्टा छुट्टै व्यवस्था भएको पाइन्छ । नियम १०६ क नष्ट गर्नु पर्ने व्यवस्था अर्न्तगत नष्ट गरी सकेपछि जिन्सी खातामा मिन्हा खर्च जनाउनु पर्ने व्यहोरा उल्लेख छ । तर रकमगत र तहगत पदाधिकारीको व्यवस्था उल्लेख नभएकोले नष्ट गर्नुपर्ने मालसामानको हकमा नियम १०६ क को व्यवस्था नै आकृष्ट हुने । |
| ८. | अर्थ मन्त्रालय | शान्ती सुरक्षा कायम गर्ने सिलसिलामा सशस्त्र प्रहरी र नेपाल प्रहरीवाट विभन्न घटनामा खर्च भएका एवं लुटिएका गोलीगठा एवं हातहतियार तथा टुटफुट भै काम नलाग्ने अवस्थाम पुगेको पुरानो हतियार धुलाई एवं मर्मत गर्ने सम्वन्धमा राय माग भएको । | २०६२/८/१६ | टुटफुट भएको हातहतियार एवं गोलीगठा मिन्हा दिने सम्वन्धमा मुल्य खुल्ने भएमा आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५६ को नियम १५५ वमोजिम मिन्हा सम्वन्धी कार्वाही गर्न उपयूक्त हुने र नखुल्ने भएमा उल्लेखित नियम १५५ मा रहेको समितिको सिफारिसमा मन्त्रीपरिषदवाट मिन्हा गराउने गरी व्यवस्था हुन उपयूक्त हुने । |

# ९. दण्ड जरिवाना र बेरुजु असूली

| निर्णय सख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | को.ले.नि.का. लमजुङ्ग | प्रधानाध्यापक शंकर वावु तिवारीले आ.व. ०३८।३९ देखि आ.व. ०४२।४३ सम्म आफू लगायत ८ जना शिक्षकहरुको संचयकोष कट्टामा सरकारी थप वापतको रकम रु. १८४५९।९० संचयकोष खातामा दाखिला नगरी हिनामिना गरेको रकम हिनामिना गर्ने निज प्रधानाध्यापक बाट विगो रकम ज्याज सहित असूल उपर हुनुपर्नेमा उक्त रकमको व्याज कति प्रतिशतले कहिले सम्म लिने र असूल भएको रकम क-१-६ वेरुजु वा क.सं. कोष खातामा कहाँ दाखिला गर्ने साथै विद्यालयमा कार्यरत शिक्षकहरुले आफ्नै तलवबाट अनिवार्य रुपमा कट्टा गर्नुपर्ने १० प्रतिशत रकम कट्टा गरिएको देखिदैन । | ०५६/१/३ | व्याजको प्रतिशत र व्याज असूल उपर सम्वन्धमा मुलुकी ऐन को महल २ नं. वाँकी नतिर्नेको दफा ५ अनुसार तहविल मासिएका दिन देखिको दशौंका हिसावले सूद समेत तिर्नु पर्दछ भनी उल्लेख भएकोले सोही अनुसार धरौटी राखेको मिति सम्मको मुलुकी ऐन अनुसार व्याज असूल गर्ने र असूल हुने रकम जम्मा गर्ने सम्वन्धमा लेखापरिक्षणबाट रकम हिनामिना भएको व्यहोरा उल्लेख भै प्रतिवेदन प्राप्त भएकोले त्यस प्रकारको रकमलाई वेरुजुको रुपमा लिई असूल उपर हुने रकम क-१-६ वेरुजु खातामा दाखिल हुनपर्ने । |
| २. | स्थानीय विकास मन्त्रालय | बालाजु यन्त्रशालालाई तोकिएको समयभित्र कार्यसम्पन्न नगरेको कारण ०.०५% हर्जाना लिने निर्णय गरेकोमा संझौताको शर्तमा उललेख भएको ०.०१% दरले मात्र हर्जाना लागु पर्ने भनी निवेदन गरेको हुँदा शर्त बमोजिमकै हर्जाना लाग्ने हो वा म्याद थप गर्दाको समयमा प्रचलित नियमावली अनुसारको दरले हर्जाना लाग्ने हो ? | ०६०।४।२० | सम्वन्धित ठेकेदारबाट आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३४ वा ३५ ले व्यवस्था गरेको म्यादभित्र चित्त नबुझेको विषयमा कार्वाही गरेको नदेखिंदा थप राय दिइरहन नपर्ने व्यहोराको राय पठाउने । |
| ३. | गृह मन्त्रालय | वागमती अंचलाधिस कार्यालयवाट दिइएको ऋण रकम असुल उपर गर्ने सम्वन्धमा तोकिएको मिति भन्दा पछी दाखिला गरेकोमा व्याजा माथी व्याज लिने वा नलिने ? | २०६१/१०/२० | महान्यायाधिवक्ता कार्यालयको मिति २०६१।१०।१४ को पत्रानुसार मुलुकी ऐन लेनदेन महलको ६ नं. बमोजिम कार्वाही गर्ने । |
| ५. | गृह मन्त्रालय | सर्वोदय प्रिन्टर्स प्रा.लि.ले त्रुटीपूर्ण मतदाता परिचयपत्र छापेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निज प्रा.लि.लाई १ महिना भित्र असुल उपर गर्ने भनी तोकेको रकम रु.७२१६८७।२० मध्ये रु.३७५६४०।२० निजको जमानत रहेको धरौटीवाट सदर स्याहा गरी वाँकी रु.३४६०४७- निजको घर घरानावाट असुल गर्न केन्द्रिय तहसिल कार्यालयसित पत्राचार गर्दा उक्त वाँकी रकममा व्याज लाग्ने वा नलाग्ने ? | २०६३/२/२३ | रकम र सरकारी ठेक्का वन्दोवस्त ऐन २०२० मा भएको ठेक्काको परिभाषाले प्रस्तुत सम्झौदा समेतलाई समेटेको र उक्त ऐनमा १०% व्याज लिनुपर्ने भन्ने व्यवस्था भएकोले प्रस्तुत विषयको असुल उपर हुन वाँकी रकममा व्याज लाग्ने । |
| ६. | शिक्षा तथा खेलकुद मन्त्रालय | आठौं दक्षिण एशियाली खेलकुदका वखत नेपाल टेलिभिजनवाट खेलकुद प्रतियोगिता हाइलाइट प्रसारित गर्दा विज्ञापन एजेन्सीहरुले विज्ञापन प्रसारण गरी विज्ञापन वापत रकम वुझाउन वाँकी रकममा व्याज लिनुपर्ने वा नपर्ने र लिनुपर्ने भएमा कुन मितिबाट कुन व्याजदरमा लिनुपर्ने हो । | २०६३/२/११ | सरकारी वाँकी असुल उपर गर्दा व्याज लिने र लिने भए कुन समय देखी लिनु पर्ने भन्ने आर्थिक प्रशासन सम्वन्धी नियममा स्पष्ट नभएकोले शिक्षा मन्त्रालयको राय अनुसार नै सरकारलाई लिनु पर्ने समय देखीको व्याज समेत संलग्न गरी मुलुकी ऐन २०२० को महल नं.५ अनुसार असुल उपर गराउन उपयूक्त हुने । |

# १०. निबृत्तिभरण

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | क्षेत्रिय कोष विराटनगर (को.ले.नि.का.) खोटाङ | आ.व.०५८/५९ को वजेट वक्तव्य मार्फत नयाँ नियुक्ति हुने सवै श्री ५ को सरकारको निवृत्तिभरण पाउने स्थायी कर्मचारीलाई तलव भुक्तानी गर्दा निश्चित रकम कट्टा गरी छुट्टै कोषमा जम्मा गर्ने भनिएकोमा यस अवधिमा नियुक्ती भएका स्थायी कर्मचारीको तलववाट रकम कट्टा गर्नु पर्ने हो होइन ? | ०५९/२/३० | निवृत्तिभरणको लागि छुट्टै कोष व्यवस्था भैनसकेकोले छुट्टै व्यवस्था नभएसम्म नयाँ नियुक्ती हुने कर्मचारीको तलव वाट त्यस्तो रकम कट्टा गर्न नपर्ने । |
| २. | को.ले.नि.का. सुर्खेत (क्षे.वन तालिम केन्द्र सुर्खेत) | सेवा निवृत्त स्व. भूवान सिंह गुरुङ्गको मृत्यु पश्चात निजले पाउने निवृत्तभरणको रकम निजका छोराहरु लाई दिन मिल्छ कि मिल्दैन ? | ०५९।११।२९ | पेन्सन पट्टा तयार भई पेन्सन बुझि रहेको व्यक्तिको मृत्यु भएमा ऐनले तोकेको म्याद सम्म परिवारका अन्य सदस्य समेतले पाउने हुदाँ सो को लागि सम्वन्धित कार्यालयमा प्रमाण सहित कारवाही अगाडी बढाउने । |
| ३. | कौषी तोषाखाना कार्यालय | तत्कालिन ना.सु. हाल पेन्सन प्राप्त श्री खिलनाथ उपाध्यायले आफु गरोगी भई उपचार गर्नका लागि १५ बर्षको एकमुष्ट निवृत्तिभरण रकम पाँउ भनी माग गरेको । | २०६१/५/२९ | नि.से.ऐन २०४९ को दफा ३७(१) मा मासिक निवृत्तिभरण दिने व्यवस्था रहेको र ऐनमा १५ वर्षको एकमुष्ठ निवृत्तिभरण रकम दिने व्यवस्था नभएको । |
| ४. | कौषी तोषाखाना कार्यालय | सेवा निवृत कर्मचारीहरुको पेन्सन वितरण कार्य अन्य बैंकवाट गराउन सकिने वा नसकिने ? | २०६१/७/२४ | नेपाल राष्ट्र बैंकसंग नीतिगत सहमती नभई अन्य वित्तिय संस्थावाट पेन्सनको कारोवार गराउन उपयुक्त नहुने । |
| ५. | को.ले.नि.का. धादिङ्ग | प्रहरी हवल्दार कुल वहादुर भण्डारीको नोकरी अवधी ४ वर्ष ११ महिना ३० दिन मात्र भएतापनि निजलाई निवृत्तभरण पाउने गरी अशक्त अवकाश दिएको देखिन्छ । यसरी समय अगावै निवृत्तीभरण पाउने गरी अवकाश दिएको अवस्थामा औषधी उपचारको रकम पुरै २१ महिनाको उपलब्ध गराउने हो वा दामासाहीमा उपलब्ध गराउने । | २०६२/९/१२ | गृह मन्त्रालयको मिति २०६२।८।१२ को निर्णयानुसार "२०५७।१।५ मा श्री ५ को सरकार (म.प.) स्तरवाट आतंककारीहरुको आक्रमणमा परी घाइते हुने सुरक्षाकर्मीहरु मध्ये उपचार पछी साधारण भाइते र अंगभंग भएकालाई आर्थिक सहयोग प्रदान गर्ने निर्णय भएको र सो वाहेक प्रहरी राष्ट्र सेवकहरुलाई असक्त भई निवृत्तीभरण पाउने गरी अवकाश दिदां के कस्तो थप सुविधा पाउने भन्ने विषयमा कुनै नितिगत निर्णय नभएको" । |

# ११. जमानत (धरौटी) सम्बन्धी

| निर्णय सख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | शाही नेपाली जंगी अड्डा | बील अनुसारको रकममा १० प्रतिशत VAT जोडी हुन आउने रकममा १ प्रतिशत अग्रिम आयकर तथा ५ प्रतिशत धरौटी कट्टा गरी बाँकी हुन आउने रकम मात्र ठेकेदारलाई भुक्तानी दिनु पर्ने हो वा बील अनुसारको रकमको १ प्रतिशत अग्रिम आयकर तथा ५ प्रतिशत धरौटी कट्टा गरी बाँकी रकममा VAT जोडी विल भुक्तानी गर्नुपर्ने हो । | ०५५/१२/१४ | आर्थिक ऐन, २०५५ को अनुसूची ६ आयकरको उपदफा १८ अनुसार ठेक अंकको गणना गर्दा मूल्य अभिवृद्धि कर समेत गणना गरिने छ भन्ने उल्लेख भएको र प्रस्तुत विषय सम्वन्धमा मूल्य अभिवृद्धि कर विभागको च.नं. ३६९८ मिति ०५५।१२।७ को पत्रमा वस्तु वा सेवा वापतको बील वमोजिम को रकममा १० प्रतिशत मू.अ.कर लाग्ने भन्ने उल्लेख भएको हुदा यस विषय सम्वन्धमा विल अनुसारको रकममा १० प्रतिशत मूल्य अभिवृद्धि कर रकम जोडि हुन आउेन रकममा १ प्रतिशत अग्रिम आयकर तथा ५ प्रतिशत धरौटी कट्टा गरी बाँकी हुन आउने रकम मात्र भुक्तानी दिनुपर्ने । |
| २. | वन विभाग | दोलखा सामुदायिक वन विकास परियोजना अन्तर्गत इलाका वन कार्यालय मन्थलीको भवन निर्माण गर्दा ठेकेदारको विलवाट कट्टा भएको ठेक्का कर रकम धरौटी खातामा राखिनु पर्नेमा मूलवाट राजश्व खातामा जम्मा हुन गएको हुँदा उक्त रकम फिर्ता गर्ने सम्वन्धमा अर्थ मन्त्रालयमा लेखी पठाउन मिल्ने नमिल्ने ? | ०५६/३/२ | वोलपत्र आव्हान गर्दाको सूचना ( २०५३।४।११ को गोरखापत्र) मा कर नलाग्ने प्रावधान उल्लेख भएकोले प्रतिस्पर्धामा भाग लिने ठेकेदारले आफ्नो वोलपत्रमा ठेक्काकर कट्टी नगरी पेश नगरी पेश गरेको स्पष्ट छ । साथै श्री ५ को सरकार र स्वीस एजेन्सी फर डेभलपमेण्ट एण्ड को अपरेशन वीच २१ मार्च १९९७ मा भएको समझौताको दफा १३.२ को प्रावधानले स्वीस सरकारले दिएको रकमबाट ठेक्का कर भुक्तानीको लागि प्रयोग गरिने छैन भनेको छ तसर्थ ठेकेदारले ठेक्काकर वापत कट्टी भई राजश्वमा दाखिला भएको रकम ठेकेदारलाई फिर्ता गर्नु नपर्ने । |
| ३. | शिक्षा मन्त्रालय | शिक्षा क्षेत्रसँग समवन्धित एक मात्र आर्थिक कारोवार गर्ने शैक्षिक समाज सहकारी लि.ले उपत्यका भित्रका विद्यालयकहरुको विद्यालय स्वीकृतिको लागि राख्ने धरौटी रकम शैक्षिक समाज सहकारी लिमिटेडमा राख्ने व्यवस्था मिलाउन मिल्ने नमिल्ने ? | ०५६/३/७ | धरौटी नियमावली, २०४५ मा सरकारी कारोवार गर्ने स्वीकृत प्राप्त वैंकहरुमा मात्र यस्तो धरौटी राख्न सकिने । |
| ४. | को.ले.नि.का. ललितपुर | यान्त्रिक तालिम केन्द्र ललितपुरले सडक विभाग वाहेक अन्य संस्थाका व्यक्तिहरुलाई तालिम दिए वापत आर्जन गरको शुल्क रकम सडक विभागका उपमहानिर्देशकबाट धरैटी खातामा जम्मा गर्ने निर्णय भएको व्यहोराको प्रतिलिपी संलग्न गरी सिंचाई विभागबाट प्राप्त रु. ५८,६००। धरौटी खातामा जम्मा गर्ने सहमति उपलव्ध गराउन यस (को.ले.नि.का.) लाई अनुरोध भएकोमा यसरी कुनै संस्थाले गरेको आर्जन राजश्व मानी सर्वसंचित कोषमा दाखिला नगरी अनुकुल निर्णय हुने प्रतिक्षामा धरौटी खातामा रकम जम्मा गर्ने सहमति माग गरेकोमा दिन मिल्ने नमिल्ने ? | ०५६/३/१४ | धरौटी नियमावली २०४५ मा धरौटी राख्ने अवस्था नियम ४ मा उल्लेख गरिएको छ । यस्तो प्रकृतिको रकम धरौटीमा राख्ने प्रावधान नभएकोले यान्त्रिक तालिम केन्द्र ललितपुरलाई प्राप्त रु. ५८६००।- धरौटी खातामा राख्न मिल्ने देखिदैन । उक्त केन्द्रमा कार्य संचालन कोष खडा भएको भए उक्त रकम सो कोषमा राखी संचालन गर्न सकिन्छ । तर कोष नखुलेकोमा श्री ५ को सरकारको राजश्व खातामा जम्मा गरी कार्यक्रम स्वीकृति गराई वजेटमा समावेश गराई खर्च गर्न मिल्ने तर धरौटीमा जम्मा गरी खर्च गर्न नमिल्ने । |
| ५. | को.ले.नि.का.झापा | घटाघटको सूचना प्रकाशन गर्दा लागत अनुमान अंकको ५ प्रतिशत ले हुने वरावरको रकम खोली सूचना प्रकाशित गरी उक्त ठेक्का ठे.श्री ज्वालामूखी कन्स्ट्रक्सनलाई दिने गरी | ०५६/४/२२ | सूचना प्रकाशित गर्दा स्पष्ट किटान गरी धरौटी राख्नु पर्ने अंक खुलाएको अवस्थामा सो अनुसार धरौटी जफत गर्नुपर्ने सूचनामा नखुलेको हकमा ठे.ले कवोल गरेको रकमको |

| | | | | |
|---|---|---|---|---|
| | | स्वीकृत भएकोमा निजको संझौता गर्न नआएको हुँदा धरौटी जफत गर्दा के कत्ति रकम (प्रतिशत) सम्म जफत गर्न उचित हुन्छ ? | | २.५ प्रतिशतको रकम जफत गर्नु पर्ने । |
| ६. | अर्थमन्त्रालय | सडक विभाग अन्तरगतको यान्त्रिक तालिम केन्द्रले निजी क्षेत्रबाट शुल्क बुझाई तालिममा सरीक हुन पाउने व्यवस्था भै आएकोमा त्यस्ता प्रशिक्षार्थीहरुको शुल्क रकम शुरुमा धरौटीको रुपमा लिने र पछि तालिम समापन भएपछि तालिम केन्द्रले लाग्ने रकमको विलिङ्ग गरी विल वमोजिमको रकम राजश्वमा दाखिला गर्ने र बढी भएको रकम प्रशिक्षार्थि लाई फिर्ता गर्ने व्यवस्था गर्न सो तालिम केन्द्रलाई त्यस्तो रकम तालिम सम्पन्न नहुन्जेल धरौटीमा राख्ने सम्वन्धमा स्वीकृति माग भएको । | ०५६/५/१४ | तालिम केन्द्रले तालिम शुरु गर्दा तालिमको लागत स्पष्ट नहुने कारण केही रकम अग्रिम लिई धरौटी खातामा जम्मा गर्ने र तालिम सम्पन्न भैसकेपछि लागत एकिन गरी धरौटी सदरस्याहा गर्ने स्वीकृति माग गरेको देखिन आएकोले माग अनुसार स्वीकृति दिन सकिने । |
| ७. | श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष | नौका विहार संचालन गर्न माँग गरेको बोलपत्र अनुसार सवैभन्दा बढी कवुल गर्ने निर्मल वल्लव पन्तले आफूले नौका विहार संचालन गर्न नसकिने भनी जानकारी गराएको हुँदा दोश्रोवालालाई नौका विहार संचालन गर्न दिइएको हुँदा पहिलो वालाको धरौटी रकम जफत गर्नु नपर्ने कुनै कारण भएमा सोको जानकारी पेश गर्ने भनी सोधिएकोमा निजले अनाधिकृततवरबाट धरौटी जफत गर्न नपाउने भनी जानकारी पेश गरेको हुँदा सो धरौटी रकम जफत गर्ने वा फिर्ता गर्ने । | ०५६/६/२५ | उक्त कोष छुट्टै ऐन, अन्तर्गत संचालन भएकोले सोही ऐन अन्तर्गत वनेका नियमावली अनुसार कारवाही गर्नुपर्ने हुन्छ । श्री ५ को सरकारको आर्थिक प्रशासन सम्वन्धी नियमावली अनुसार गर्ने भए पहिलो क्रममा परेको डाँकवालाले सम्झौता गर्न इन्कार गरेको खण्डमा निजले राखेको धरौटी जफत गरेर दोश्रो क्रमको सँग सम्झौता गर्नुपर्ने । |
| ८. | को.ले.नि.का. झापा | लागत अनुमान अंक ९,९२,९०४।२५ भएको घटाघट गराउँदा ठेकेदारबाट वोलकवोल अंक रु. ६५७२१८।२० गरेको ठेकेदारबाट सम्झौता गर्न नआएको हुँदा ठेकेदारको सम्झौता गर्न नआए बापत के कति प्रतिशत धरौटी जफत गर्नुपर्ने हुन्छ ? | ०५६/८/२० | नियम ७५ (२) को खण्ड (ङ) मा धरौटी बापत कवोल अंकको ५ प्रतिशत (पाँच प्रतिशत) ले हुने रकम नगद वा वैंक जमानतको रुपमा राख्नु पर्ने भनी उल्लेख भएको हुँदा धरौटी वापतको कवोल अंकको ५ प्रतिशत राख्नु पर्ने हुँदा धरौटी जफत गर्नुपर्ने आवस्थामा पनि कवोल अंकको ५ प्रतिशत मात्र जफत गर्नुपर्ने । |
| ९. | रुपन्देही | ठेक्का सम्झौता गर्न मन्जूर नगरेमा वोलपत्र दाताले कवोल गरेको अंकको २.५ प्रतिशतको रकम जफत गरिने हो वा कार्यालयले बोलपत्र आह्वान गर्दा माँग गरेको धरौटी रकम जफत गरिने हो ? | ०५६/११/२४ | बोलपत्र सूचना प्रकाशित गर्दा राख्नु पर्ने धरौटी रकम खुलेको हकमा सूचनामा प्रकाशित भए अनुसारको धरौटी रकम जफत गर्ने र सूचनामा नखुलेको हकमा ठेकेदारले कबोल गरेको रकमको साढे दुई प्रतिशतको रकम जफत गर्ने । |
| १०. | नेशनल कन्स्ट्रकशन कं.लि. | आर्थिक प्रशासन सम्वन्धि नियमावली २०५६ को नियम ८६ मा जमानत लिनु पर्ने वारे उपनियम(१) मा " श्री ५ को सरकारको ५० % भन्दा वढी पूंजि परेको संस्थावाट कुनै प्रकारको जमानत लिनु पर्ने छैन " र उपनियम (२)मा उपनियम (१) वमोजिम "जमानत नलिए पनि रनिंग विलको भुक्तानी दिंदा यस नियमावली वमोजिम लाग्ने अतिरिक्त २ % कट्टा गरी कार्य सम्पन्न भएपछि दिने गरी धरौटी मा राख्नु पर्नेछ " भनि प्रष्ट उल्लेख भएको हुँदा निर्माण तथा यातायात मन्त्रालयको उक्त पत्रको आधारमा सडक विभागको प.सं.आ.प्र.०५६/५७ च.नं.८८४ मिति २०५६।११।१९ द्वारा २ % मात्र धरौटी कट्टा गर्ने व्यवस्थाको लागि लेखिएकोमा क्षेत्रिय सडक कार्यालय निर्देशनालय नं.२ ले सो व्याख्याको विपरित ७ % ले रिटेन्सन कट्टी गरेकोमा यस | ०५७/४/३२ | नियम ८६ को उपनियम(१) अन्तर्गत उपनियम (२)मा उपनियम(१) वमोजिम जमानतमा नलिए पनि रनिङ्ग विलको भुक्तानी दिंदा यस नियमावली अनुसार लाग्ने अतिरिक्त २ % कट्टा गरी कार्य सम्पन्न भएपछि दिने गरी धरौटीमा राख्नु पर्नेछ भन्ने उल्लेख भएको । उक्त नियमावली बमोजिम लाग्ने अन्य कर कट्टा गर्नुको अतिरिक्त २ प्रतिशत रकम कट्टा गरी कार्य सम्पन्न भएपछि दिने गरी धरौटीमा राख्नु पर्ने ब्यवस्था गरेको हुंदा नियमावलीको नियम ८६ अन्तरगतको अवस्थामा गरिने भूक्तानीहरुमा रनिङ्ग बिलको२ प्रतिसत कट्टा गरी धरौटीमा राख्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | कम्पनीले २ % ले कट्टि गर्न अनुरोध गरेता पनि महालेखा नियन्त्रक कार्यालयको पत्रद्वारा कट्टि गरेको भनी भ्रम उत्पन्न भयो । | | |
| ११. | कर बिभाग | जीप थान १ को निमित्त सिप्रदी ट्रेडिङ्ग प्रा . लि.को दरभाउपत्र स्वीकृत भै सम्झौता गर्न आउन पत्र पठाएकोमा सवारी साधन आयत गर्न सक्ने अबस्थामा नभएको भनी जानकारी दिएकोले निजले राखेको जमानत जफत गर्न मिल्ने नमिल्ने ? | ०५७/५/२ | नियम ७७(३) मा "ठेक्का संझौता गर्न मन्जूर नगरेमा निजको जमानत बापतको रकम जफत गरिने छ " भन्ने उल्लेख भएकोले सोही अनुसार जफत हुनु पर्ने । |
| १२. | को.ले.नि.का.,ललितपुर | ६ प्याकेजका सामानहरु वोलपत्र प्रकाशित गरी विक्री गर्न खोज्दा भैरव निर्माण सेवाले प्याकेज नं.७ को लागि सवैभन्दा वढी रु.६२,०००।- प्रस्ताव गरेको र प्याकेज ७ अनुसारको सामान मात्र खरिद गर्न लैजान भैरव निर्माण सेवालाई पत्र वुझाएकोमा म्याद भित्र रकम जम्मा नगरेकोले के कति रकम जफत गर्ने हो ? | ०५७/८/३० | आंशिक स्वीकृत गर्ने अधिकार राखेको र सोही अनुसार आंशिक स्वीकति गरेको देखिदा सामान उठाई नलगेको अवस्थामा जति मूल्यको सामान उठाउनु पर्ने निर्णय भएको छ सो को दश प्रतिशतले हुने धरौटी रकम जफत गर्नु मनासिव हुने । |
| १३. | राजापुर सिंचाई योजना | ए.डी.वि. सँग भएको संझौताको म्यादभित्र आफ्नो पाउनु पर्ने रकमको दावी गर्न नसकेको अवस्थामा वैंक Guarenttee लिएर त्यति नै रकम भुक्तानी गरी ए.डि.वी. Defect Liability Period वाकी हुदै बैंक Guaranttee लिई भुक्तानी दिने सम्वन्धमा राय मांग । | ०५८/२/५ | विदेशी सहायतामा संझौतामा उल्लेखित शर्तको विषयमा संझौता वमोजिम नै गर्न सकिने र उल्लेख नभएको विषयमा आ.प्र.सम्वन्धि नियमावली २०५६ को निमय ६६ (९) वमोजिम गर्नु पर्ने राय । |
| १४. | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | नौविसे सडक पहिरो नियन्त्रणको लागि लागत अनुमान रकमको २.५ % ले रु. ९५,०००।- को ग्यारेन्टी मागी दरभाउपत्र आह्वान गरिएकोमा. कम वोल कवोल रु. १३,१०,६९८।४७ कविर कन्स्ट्रक्सनको पर्न आएकोमा ठेक्का संझौता गर्न नआएको कारणवाट धरौटी जफत गर्न कारवाही चलाउदा कवोल गरेको रु. १३,१०,६९८।४७ को २.५ % ले रु ३२,७६७।४६ मात्रजफत गरी अरु रकम फिर्ता पाउँ भनि निवेदन दिएको हुंदा लागत अनुमानको २.५ % वा ठेक्काले कवोल गरेको अंक २.५ % जफत गर्नु पर्ने हो ? | ०५८/२/२ | लागत अनुमान खुलाउन नसकेको अवस्थमा वोल अंकको र लागत अनुमान खुलाएको अवस्थामा लागत अनुमानकै २.५ % ले हुने रकम जफत गर्नु पर्ने । |
| १५. | श्रम तथा यातायात मन्त्रालय | लिलाम बढावढमा भाग लिई कवुल गरेको अंकमा ५% धरौटी जम्मा गरेको तर २५% धरौटी सोही दिन जम्मा गर्नु पर्नेमा जम्मा गर्न अस्वीकार गरेको । | ०५९।५।१९ | लिलाम बढावढमा भाग लिनेले थप रकम जम्मा गर्ने स्वीकार नगरेमा साकिवकको धरौटी रकम जफत गरी पुनः लिलाम बढावढ गराउनु पर्ने । |
| १६. | आन्तरिक राजश्व विभाग | सवैभन्दा कम वोल कवोलको गर्ने फर्मले निर्धारित समयमा सम्झौता गर्न उपस्थित नभएकोले धरौटी जफत गर्ने निर्णय भएकोमा फर्मले कवोल गरेको रु. ३,९३,२७०।- को २½ प्रतिशतले हुने रु. ९,८१३।७५ जफत गरी वांकी ४०,१६८।२५ फिर्ता माग गरेको स्थितिमा उक्त रकम फिर्ता दिन मिल्छ मिल्दैन ? | ०५९।६।१६ | आ.प्र. सम्वन्धी नियमावली २०५६ को नियम ७७(३) मा भएको व्यवस्थानुसार म्याद भित्र हाजिर नभएमा वा सम्झौता गर्न मञ्जुर नगरेमा वोलपत्रको सूचनमा उल्लेखित जमानत बापतको रकम जफत गरिने छ भन्ने उल्लेख । |
| १७. | संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली २०६२ को नियम ५(२) अनुसार ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको रुपमा दर्ता इजाजत प्राप्त गर्नको लागि ट्राभल एजेन्सीहरुले इजाजत पत्रमो अवधी भर संलग्न वापत बैंक ग्यारेन्टी मन्त्रालयको नाममा राख्नु पर्ने व्यवस्था भएको छ । यस्तो बैंक ग्यारेन्टी राख्नका लागि ट्रेकिङ्ग तथा ट्राभल एजेन्सीहरुले फाइनान्स कम्पनी तथा अन्य बैंकहरुवाट जारी गरिने परफरमेन्स | २०६२/१०/२७ | वाणिज्य बैंक वा स्वीकृत प्राप्त वित्तीय संस्थाले जारी गर्ने बैंक ग्यारेन्टी कस्को स्वीकार गर्ने वा नगर्ने विषयको निर्णय सम्वन्धीत कार्यालय प्रमुख/योजना प्रमुख वा विभागीय प्रमुखले विश्वास गर्न सक्ने वित्तीय स्थीती भएको वित्तीय कम्पनी वा वाणिज्य बैंक मध्येवाट नै तोक्नु उपयुक्त हुने । विदेशी सहायतावाट संचालीत परियोजनामा विदेशी वाणिज्य बैंकको बैंक ग्यारेन्टी लिनु |

| | | | | |
|---|---|---|---|---|
| | | वण्ड राखी निवेदन दिएकोमा नेपाल राष्ट्र बैंकवाट सुचीकृत वाणिज्य बैंक, विकास बैंक र वित्तिय संस्थाहरु मध्ये कुन निकायको परफरमेन्स वण्डलाई श्री ५ को सरकारले मान्यता दिई बैंक ग्यारेन्टी स्वीकार गर्न सकिने हो वा होइन ? | | पर्दा समेत स्वदेशी विश्वसनिय वाणिज्य बैंकहरुवाट जारी भएको Counter Guarantee वा Endorse गरि गराएको शर्त राख्नु पर्ने गरी सम्झौता गर्ने गराउने परम्परा र अन्तराष्ट्रिय प्रचालन रहेको छ । प्रस्तुत विषयमा कालो सुचीमा नपरेका वाणिज्य बैंक तथा वित्तिय कम्पनीको बैंक ग्यारेन्टी प्रयोगकर्ताले विश्वास गरेमा त्यस्तो Bid Bond वा Performance Bond लिन वाधा नहुने |

# १२. खर्च रकमको बर्गीकरण

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | भन्सार विभाग | धरोटी रकम (सेवा शुल्क) बापत प्राप्त भएको रकमबाट विधुत महसूल र घर भाडा भूक्तानी गर्न सकिने वा नसकिने ? | ०५९।६।३ | शुल्क प्राप्त रकम मध्ये निश्चित प्रतिशत सम्मको रकम गोदामको विधुत लगायत अन्य कार्यमा खर्च गर्ने व्यवस्था मिलाउन आवश्यक भएमा कार्य संचालन कोष ऐन, २०४३ को दफा ३ र ४ मा उललेख भए अनुसार कार्य संचालन कोष खडा गराई सोही कोषबाट खर्च गर्ने व्यवस्था मिलाउने । |
| २. | अर्थ मन्त्रालय | प्रस्तावित Special objective Gremt Agreeement between the USA and HMGIN for mitigating conflict through improved Governance and incomes in targeted Areas सम्वन्धमा राय प्रतिकृया माग भएको । | २०५९।६।७ | USAID बाट सोझै भूक्तानी हुने रकम आगामी आ.ब.को विनियोजन बजेटमा समावेश हुनु पर्ने र यस्तो रकम खर्च गर्दा विशेष खाता खोली रकम जम्मा गर्ने व्यवस्था हुनुपर्ने, ले.प.सम्बन्धमा म.ले.प.को विभागको लेखापरीक्षण मान्य हुने । |
| ४. | गृह मन्त्रालय (सम्पति न्यायिक जाँचबुझ आयोग) | सम्पति न्यायिक जाँचबुझ आयोगलाई निकासा गएको रकम सम्बन्धमा आयोगलाई छुट्टै अख्तियारी पत्र नदिएकोमा स्रेस्ता नियमित गर्ने कार्य कसको हो ? | ०५९।११।२९ | खर्च अनियमित भएको अवस्थमा पनि अन्तमा गएर श्रेस्ता नियमित गर्ने कार्य मन्त्रालयको सचिवाटै हुने हुदाँ त्यस्तो अख्तियारी र खर्च समर्थन गर्न नमिल्ने नदेखिएको । |
| ५. | कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुंगा | व.शि.नं.२.०७ वाट के कस्तो खर्च लेख्न सकिन्छ र यस्तो खर्च लेखिएको रकममा आयकर के कति लगाउने ? | ०६०।१२।१९ | अर्थ मन्त्रालयको खर्च शिर्षक वर्गिकरण र व्याख्याको व.र.न.२.०७ मा लेखिए अनुसारका विषयहरु खर्च लेख्न सकिने र आयकरको हकमा आयकरको हकमा आयकर ऐन २०५८ तथा बार्षिक रुपमा आउने आर्थिक ऐनको अनुसुचि वमोजिम गर्नुपर्ने । |
| ६. | गृह मन्त्रालय | विगत आ.ब.मा भएको खर्चको भुक्तानी गर्ने सम्वन्धमा | ०६१।२।२७ | बिगत आ.ब.मा भएको खर्च रकम भूक्तानी गर्ने सम्बन्धी सम्वन्धीत मन्त्रालययको सचिवको सिफारिश अर्थमन्त्रालयले नियमित गरिदिन सक्ने व्यवस्था रहेको । |

# १३. पेश्की फछ्र्यौट

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | परराष्ट्र मन्त्रालय | विदेश स्थित शाही नेपाली नियेगहरुमा कार्यरत नियोग प्रमुख वा कर्मचारीहरु आफ्नो कार्यकाल पुरा गरी वा सरुवा भई स्वदेश फर्कदा निजको आस्रित परिवारहरु निजसँग फर्कन नसक्ने भई विदेशमा बस्नु परेमा स्वदेश नफर्कदै विल भर्पाई विना दैनिक भ्रमण भत्ता पेश्की फछ्र्यौट गर्न मिल्ने वा नमील्ने ? | ०५४/४/१४ | यसरी आस्रीत परिवार कर्मचारी वा नियोग प्रमुख सँग स्वदेश फर्कन नसकी विदेशमै वस्नुपरेमा स्वेदश नफर्कदै विल भर्पाई विनानै पेश्की फछ्र्यौट गर्नु विपरित हुने हुदा नियोगमा कार्यरत नियोग प्रमुख वा कर्मचरी कार्यकाल पुरागरी वा सरुवा भै स्वदेश फर्कदा निजको साथमा आउने आस्रीत परिवारहरुलाई पेश्की दिने तर साथमा आउन नसकी विदेशमा वस्ने आस्रितको लागि भविष्यमा स्वदेश फर्किदा आफ्नै खर्चमा फर्कि उपनियम १६ वमोजिम नियोग प्रमुख वा कर्मचारीले त्यस्ता परिवार सदस्यहरुले नियमअनुसार पाउने सुविधाको विलभर्पाई पेश गरिहालको कार्यालय वा परराष्ट्र मन्त्रालयवाट भुक्तानी लिने दिने गरेमा प्रस्तुत समस्या समाधान हुनुका साथै वेरुजु नवढ्ने र श्री ५ को सरकारको रकम लामो समय सम्म पेश्कीको रुपमा लामो समयसम्म नरहने हुँदा विपरित विलभर्पाई वेगर पेश्की फछ्र्यौट गर्नु कानून विपरीत हुने हुदा स्वदेश नफर्केको परिवारको पनि कर्मचारी स्वदेश फर्केको आधारमा निजको नामको पैश्की विलभर्पाई विनानै फछ्र्यौट गर्न नमिल्ने। (०५४।४।१४) |
| २. | को.ले.नि.का. आछाम | जिल्ला प्रहरी कार्यालय आछामको प्रहरीको राशन ठेक्का लिंदा ठेकेदार सँग वाँकी रहेको पेश्की रकम ४,५४,७७७- हिनामीना गरि फरार रहेको र धरौटी १,९८,३००।- संचित कोषमा जफत गरी दाखिला गरेको तथा हाल ठेकेदार पक्राउ परेकोले रासन ठेक्कामा ठेकेदारसँग वाँकी रहेको पेश्की रकमबाट ठेकेदारले राखेको धरौटी वापतको रकम कटाउन मिल्ने, नमिल्ने ?<br>ख) निजको जफत गरिएको धरौटी निजले लगेको पेश्कीबाट घटाउन मिल्ने भए १० प्रतिशत खुद वाँकी रहेको रकमको मात्रै हो वा पुरै रकमको हो ?<br>ग) उक्त १० प्रतिशत खुद प्रत्येक आ.व.को लिनुपर्ने वा रकम असूल गर्दा एक पटक मात्र १० प्रतिशत खुद लिनुपर्ने हो ? | ०५५/१/६ | जि.प्र.का.आछामको आ.व. ०५०।५१ मा रासन ठेक्का वन्दोवस्त गरेको ठेकेदार पेश्की लिइ भागी गएको सम्वन्धमा निजको जमानत वापतको रु. १,९८,३००।- आम्दानी वाध्ने गरी जफतगरेकोमा निम्नानुसार को.ले.नि.का. आछामलाई राय दिने ।<br>क) निजले लिएको पेश्की रु. ४,५४,७७७- बाट जफत गरिएको धरौटी रु. १,९८,३००।- घटाउन मिल्दछ वा मिल्दैन भन्ने सम्वन्धमा उक्त जमानत वापतको रु. १,९८,३००।- प्रचलित आ.प्र. नियम अनुसार जफत गरि संचीत कोष दाखिला गर्नुपर्ने हुँदा त्यसलाई पेश्की वाट घटाउन नमिल्ने । पेश्की वाँकी रु. ४,५४,७७७- छुट्टै असुल गर्नुपर्ने ।<br>ख) पेश्की घटाउन मिल्ने भए खुद लिदा वाँकी रकमको १० प्रतिशत हो कि पुरै रकमको हो भन्ने सम्वन्धमा उल्लेखित नियम अनुसार नै अपुरो काम पुरा गर्न बढी लगेको रकम पनि निजबाट असुल उपर गर्ने ।<br>ग) व्याज प्रत्येक आ.व.को लिनुपर्ने हो वा पुरैको भन्ने सम्वन्धमा पेश्की वाँकी माथि ज्याज लिदा प्रचलित आर्थिक नियमावली अनुसार वार्षिक दस प्रतिशत दरले व्याज लिने । |
| ३. | रक्षा लेखा नियन्त्रक कार्यालय | आर्थिक प्रशासन सम्वन्धी, नियमावली, २०५६ को नियम १०१ अनुसार " पेश्की रकम वाँकी भएमा सो वाकी रकममा पेश्की दिएको मिति देखि नै वार्षिक १० प्रतिशत दरले व्याज समेत लगाई सरकारी वाकी सरह असूल उपर गर्नु | कानून न्याय तथा व्यवस्था मन्त्रालयको मिति | आर्थिक प्रशासन सम्वन्धी नियमावली , २०५६ को नियम १०१ मा पेश्की दिएको मिति देखि नै वार्षिक दश प्रतिशतका दरले व्याज समेत लगाई असूल गरिने भनी अधिकतम यतिसम्म व्याज लिने भन्ने उल्लेख नभएको । आर्थिक |

| | | | | |
|---|---|---|---|---|
| | | पर्ने " व्यवस्था छ । १० वर्ष भन्दावढी अवधिको पेश्की वाँकी सम्वन्धमा साँवा भन्दा व्याज वढी हुन जाने हुँदा साँवा भन्दा वढी व्याज असूल उपर गर्न मिल्छ मिल्दैन ? साथै हर्जाना रकममा व्याज लगाउन मिल्छ मिल्दैन ? | ०५७/७/१६ को पत्रानुसार | कार्यविधि ऐनमा यस सम्वन्धि अन्य खास उल्लेख भएको पाइदैन । अर्को तर्फ मूलुकी ऐन, लेनदेन व्यवहारको ७ नं.मा व्याज भराई लिनुपर्दा साँवा मध्ये केही पनि असूल नभएको भए त्यस साँवाको र केही असूल भएको रहेछ भने , वाँकी साँवाको वरावर भन्दा वढी भराइने छैन भन्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत सन्दर्भमा मुलुकी ऐन, लेनदेन व्यवहारको ७ नं. आकर्षित हुने । |
| ४. | मन्त्रिपरिषद सचिवालय | मेडिकल वोर्डको सिफारिसमा नि.से.नि. को नियम ९५ अनुसार पूर्व सचिव विद्युतराज चालिसेको उपचारको लागि रु. १,००,०००।- थप आर्थिक सहायता दिने निर्णयानुसार गत: आ.व.मा लिएको उक्त रकम पेश्की वाँकी रहेकोमा उक्त नियममा थप आर्थिक सहायता प्रदान गर्दा निकाशा भएको रकम सिधै खर्च लेख्ने , वा तत्काल पेश्की लेखी पछि विल भपाई पेश गरी फछ्र्यौट गर्ने वा अन्य कुनै प्रकृया द्वारा भुक्तानी फरफारक गर्ने सम्वन्धमा विल भरपाई पेश गर्नु पर्ने वा नपर्ने ? | ०५८/३/४ | आर्थिक सहायता वापत दिएको रकमको फाँटवारी पेश गर्ने व्यवस्था भैसकेको देखिएकोले सम्वन्धित कर्मचारीवाट खर्चको फाँटवारी लिई सोही आधारमा पेश्की फछ्र्यौट गर्न सकिने फाँटवारीसाथ विल भरपाई आवश्यक नपर्ने । |
| ५. | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | पूर्व शा.अ. वासुदेव श्रेष्ठले पेश्कि लिएकोमा निज दुर्घटनामा परी मृत्यु भएकोले निजले लिएको पेश्की मिन्हा गर्ने । | २०५९।५।२५ को सचिबस्तरिय निर्णय | आ.प्र.सम्वन्धी नियमावलीको २०५६ को नियम १४९(४) बमोजिम मिन्हा दिन बाञ्छनीय भएकोले सहमति प्रदान गर्ने । |
| ७. | प्रवन्धरथी विभाग | आ.प्र. सम्वन्धी नियमावली २०५६ को नियम ९९ मा ठेक अंकको २५% पेश्की दिन सकिने व्यवस्थानुसार स्वीकृत ठेक अकंको आधारमा पहिलो किस्ता पेश्की दिई फछ्र्यौट भैसकेको । हाल नेफ्रि (१५० र २३९ बाट बुकिङ भै) ७५० को लागि श्रावणदेखि पौष मसान्तसम्ममा फछ्र्यौट गर्ने गरी पुनः दोश्रो पेश्कि माँग भै आएकोले परामर्श माँग भएको । | ०६०।५।२६ | आ.प्र.सम्वन्धी निमयावली, २०५६ को नियम ९९ को उपनियम (३) मा स्पष्ट व्यवस्था भएकोले सोही अनुरुप गर्न मनासिव हुने राय पठाउने |

# १४. परामर्श

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | सडक निर्माण | सम्भाव्यता अध्ययन सम्वन्धी परामर्श सेवा वोलपत्र प्रकृयावाट छनौट गर्ने सम्वन्धमा प्रकासित सूचनानुसार परामर्शदाताले वोलपत्र साथ २.५ % विडवण्ड राख्नु पर्ने/ नपर्ने ? | ०५९/२/२ | परामर्शै सेवा खरिदको लागि पनि विडवण्ड राख्नु नपर्ने भन्न सकिने अवस्था नदेखिएकोले परामर्श सेवा लिन वोलपत्र आह्वान गर्दा विड वण्ड राख्नु पर्ने । |
| २. | क्षेत्रिय कोष कैलाली | ५० हजार भन्दा माथिको ठेक्का वा करारको भूक्तानीमा १.५% कट्टि गर्नु पर्ने प्रावधान छ । कन्सल्टयान्सी सेवा वा ढुवानी बापतको कार्यमा अग्रिम आयकर कट्टा गर्दा १५% वा १.५% कट्टा गर्नु पर्ने । | ०६०।९।१५ | परामर्श सेवामा १५% र व्यवसाय प्रकृतिका अन्य ५० हजार भन्दा माथिको ठेक्कामा १.५% का दरले अग्रिम आयकर कट्टा गर्ने, ढुवानी कार्य व्यवसाय प्रकृतिमा पर्ने भएकोले १.५% कट्टि गर्ने । |
| ३. | भौतिक योजना तथा निर्माण मन्त्रालय | आ.प्र.नियमावली, २०५६ को नियम ८१ अर्न्तगत परामर्शदाताको क्राइटेरिया निर्धारण गर्दा १ लाख भन्दा माथिको १० लाख सम्म र १० लाख भन्दा माथिको प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने क्राइटेरिया कुन कुन पदाधिकारीले स्वीकृत गर्ने भन्ने स्पष्ट नभएको । | ०६१।१।९ | आ.प्र.नियमावली, २०५६ को नियम ८१ को उपनियम १६ बमोजिम आर्थिक तथा प्राविधिक प्रस्ताव स्वीकृत गर्न अधिकारीले नै सो सिमा सम्मको आर्थिक र प्राविधिक प्रस्ताव मुल्यांकन क्राइटेरिया स्वीकृत गर्न सक्ने । |

# १५. राशन ठेक्का

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | प्रहरी प्रधान कार्यालय | क्षेत्रिय प्रहरी इकाई कार्यालय सुनसरीमा १४३१ जनालाई ०५४।१०।१ देखि ०५५।९ मसान्त सम्मको लागि राशन वोलपत्र आव्हान गरिएकोमा पर्न आएका टेण्डरमध्ये सवैभन्दा घटीवालाको टेण्डरमा वैंक ग्यारेण्टी (विडवण्ड) संलग्न नभएको आ.प्र. सम्वन्धी नियम ०४२ को ३० (च) वमोजिम रद्ध हुने भएकोले दोस्रो घटीवाला अनुभवी नभएकोले तेस्रो घटीवालालाई दिनको लागि रासनवोर्डको अध्यक्ष र एकजना सदस्यको सिफारिस भएको आ.प्र. ०४२ को २९ को २ (ख) गर्ने गरी ) तर पहिलावालाको वैंक ग्यारेण्टी ( विडवण्ड) सम्वन्धमा ०५४।८।६ मा नै ने.रा.वैंक धरानबाट रु. ३,८०,०००।- को क्षे.प्र.इ. का धरानको नाममा जारी भैसकेको ले वोर्डको २ जना सदस्यले सिफारिस गरेकोमा वोर्ड सदस्यको राय वाभिएको सम्वन्धमा के गर्ने ? | ०५४/३/२८ | बोलपत्र साथ जमानत संलग्न नरहेको वोलपत्र उपर कारवाही नहने कुरा आ.प्र. सम्वन्धी नियमहरु ०४२ को नियम ३० (च) र श्री ५ को सरकार ०५३।३।१० को निर्णयको खण्ड<br>(ख) ले स्पष्ट गरेको हुँदा वोलपत्रसाथ जमानत संलग्न नरहेको वोलपत्र स्वीकृत गर्न नमील्ने । राशन वोर्डको गठन नियम संगत भएनभएको सन्दर्भमा राशन ठेक्का वन्दोवस्त नियम २०१८ अनुसार गठन भएको वोर्ड नियम संगत हुने ारय पठाउनुपर्ने देखिन्छ । वहुमतको राय मान्य हुने नहुने भन्ने सम्वन्धमा वोर्डको अध्यक्ष समेतको वहुमत राय मान्य हुने भन्ने राशन ठेक्का वन्दोवस्त नियम २०१८ को नियम ४ ले स्पष्ट गरेको हुँदा सोही अनुसार गर्नृ । ठेक्का स्वीकृति गर्ने सम्वन्धमा रासनवोर्डले आफ्नजो प्रकृया पुरा गरी फाइल पठाइ सकेकोले अधिकार प्राप्त अधिकारीले आ.प्र. सम्वन्धी नियमहरु ०४२ को नियम २९ को २ (ख) को प्रकृया पुरा गरी निर्णय लिनुपर्ने । |
| २. | प्रहरी प्रधान कार्यालय | (१) आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम ९७ को (१) मा १ लाख भन्दा बढीको रासन व्यवस्था गर्नु परेमा प्रत्येक जिल्लामा एउटा रासन व्यवस्था समितिको व्यवस्था भएकोमा जिल्ला प्रहरी कार्यालयमा जि.प्र.का. प्रमुख सदस्य सचिव र क्षे.प्र.का.मा तालीम केन्द्र प्रमुख सदस्य सचिव रहेको वेग्ला वेग्लै रासन ठेक्का व्यवस्था समिति गठन गर्न नियमावलीले वाधा पार्छ वा पार्दैन ? | ०५६/६/२७ | प्रत्येक जिल्लामा एउटा रासन ठेक्का वन्दोवस्तत गर्न पनि उक्त समितिको स्वीकृति लिनु पर्ने ताथ समितिको सदस्य सचिवमा सम्वन्धित कार्यालय प्रमुखलाई तोकिएकोले जि.प्र.का. र तालिम केन्द्रको छुट्टा छुट्टै वोलपत्र आव्हान गर्न वाधा पर्ने देखिदैन । |
| ३. | क्षेत्रीय कोष निर्देशनालय, मोरङ्ग | रासन ठेक्काको व्यवस्था गर्दा लागत अनुमान तयार गरी ठेक्का वन्दोवस्त गर्नुपर्ने व्यवस्था भएको सो को लागि नियम ९८ (२) अनुसार विभिन्न निकायबाट विभिन्न दरभाउ उपलब्ध भए वमोजिम हुने औसत दरभाउलाई बजार दरभाउ भनी ९७ (३) अनुसार लागत अनुमान स्वीकृति गराउनु पर्ने भएको, यसमा सोही नियमावलीको नियम १०२ को २ (क) वमोजिम औसत दरमा कर एवं ठेकेदार मुनाफाको आधार मानी ठेक्का वन्दोवस्त गर्नुपर्ने समेत व्यवस्था उल्लेख भएको ९७ (३) वमोजिमको लागत अनुमानमा ठेकेदारको मुनाफा अंश एवं कर समावेश गर्नुपर्ने, नपर्ने ? | ०५६/१२/११ | नियम १०२ को खण्ड (ख) वमोजिम राशनको अन्य व्यवस्था गर्दा नियम ९८ (२) अनुसार उद्योग वाणिज्य संघ, स्थानीय व्यापारी, तथा वजारभाउ समेत वुझी तयार गरीएको लागत अनुमानलाई नै औसत रासन दर मान्नु पर्ने सोही नियमको खण्ड(क) वमोजिम गर्दा कर एवं ठेकेदारको मुनाफा अंक कट्टी करी हुने औसत दरलाई मान्नु पर्ने । |
| ४. | सशस्त्र प्रहरी प्रधान कार्यालय | प्रहरी अधिकृत तथा जवानहरुलाई शाही नेपाली सेनाको स्वीकृत राशन दर अनुरुपको नै राशन दरवन्दी स्वीकृत भै आएको सन्दर्भमा राशन ठेक्का सम्झौता भै कार्यान्वयन समेत भै रहेकोमा हाल स्वीकृत भएका शाही नेपाली सेनाको राशन दरवन्दी मध्ये कतिपय खाद्य सामाग्रीहरुको परिमाण घटी तथा वढि परिमाणको खाद्य सामाग्रीको हकमा साविक ठेकेदारको स्वीकृत दर रेटमा नै समायोजन गरी राशन आपूर्ति गर्ने र नयाँ थप आइटमहरुको हकमा स्थानीय शाही | ०५८/५/१ | स्वीकृत ठेक्का दरवन्दीको परिमाणमा थप घटको आइटममा सम्भौता वमोजिमको दरले समायोजना गर्न सकिने र थप भएको दरवन्दीको सम्वन्धमा सम्वन्धित मन्त्रालयको स्वीकृति लिई सम्वन्धित ठाउँको शाही नेपाली सेनाको दरमा राशन आपूर्ति गर्ने व्यवस्था मिलाउने । |

| | | | | |
|---|---|---|---|---|
| | | नेपाली सेनाको स्वीकृत दर प्राप्त गरी सोही अनुरुप साविक ठेकेदारवाट राशन आपूर्ति गराई भुक्तानी गर्ने व्यवस्था हुन मिल्छ , मिल्दैन ? | | |
| ५. | प्रहरी प्रधान कार्यालय | आ.प्र.सम्वन्धी नियमावली,२०५६ मा भएको व्यवस्था अनुसार रासन वोलपत्र अह्वानको सूचना प्रकासित गरिसकिएको मा आ.प्र.सम्वन्धी नियमावली संशोधन भै प्रमुख जिल्ला अधिकारीको अध्यक्षता लागत अनुसार समिति रहने व्यवस्था भएको । संशोधन पूर्वको आ.प्र.सम्वन्धी नियमावली अनुसार राशन व्यवस्था समितीवाट लागत अनुमान तयार गरी स्वीकृत समेत गराई वोलपत्र आह्वानको सूचना प्रकाशित गरि सकिएकोमा हाल उक्त लागत अनुमान मान्य हुन्छ वा हुदैन ? | ०५८/६/२३ | आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को पहिलो संशोधनमा उल्लेख भए बमोजिम गर्न आफ्ना मातहत निकायहरुलाई निर्देशन समेत पठाउने । |
| ६. | प्रवन्धरथी विभाग | आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५६ अनुसार राशन ठेक्का वन्दोस्त गर्ने सम्वन्धमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयवाट लागत अनुमान स्वीकृत गर्ने तर्फ कारवाही भैरहेको हुँदा स्वीकृत लागत अनुमान प्राप्त हुनु भन्दा अगावै वोलपत्र आह्वानको सूचना प्रकाशित गर्न मिल्ने नमिल्ने ? | ०५८/७/२४ | लागत अनुमान तयार नहुँदै वोलपत्र सूचना आह्वान गर्न वाधा नपर्ने तर वोलपत्र खोल्नु अगावै लागत अनुमान स्वीकृत भैसक्नु पर्ने । |
| ७. | जिल्ला प्रशासन कार्यालय, सल्यान | आ.प्र.सम्वन्धी नियमावली, २०५६ को नियम ९७(१) मा रासन ठेक्का व्यवस्थाको लागि लागन अनुमान स्वीकृत गर्ने समितिको पदाधिकारी मध्येमा अधिकृत स्तरको कोष नियन्त्रक हाजीर नभएको र ना.सु. स्तरको लेखापाल (नि.कोष नियन्त्रक) उपस्थित भै निर्णय गर्न मिल्ने नमिल्ने ? | ०६०।९।१४ | अधिकृत कर्मचारी नभएको अवस्थामा निमित्त भै दाम काम गर्नेलाई आमन्त्रण गर्न सकिने । |
| ८. | को.ले.नि.का. धादिङ्ग | आ.प्र.सम्वन्धी नियमावली २०५६ (दोस्रो संशोधन २०६०) को नियम १८६ वमोजिमको मुल्झांकन समिती र सो संग सम्वन्धीत नियम १८७ र १८८ वमोजीमको कार्य सोही नियमावलीको परिच्छेद ८ को राशन ठेक्का व्यवस्था सम्वन्धमा लागु हुने वा नहुने ? | २०६२/९/१ | आ.प्र.सम्वन्धी नियमावली सार्वजनिक खरिदको लागि एकिकृत कानून भएकोले रासन ठेक्का व्यवस्थाको हकमा पनि नियम १८७ र १८८ आकर्षित हुने । |

# १६. विविध

| निर्णय संख्या | कार्यालयको नाम | निर्णयको लागि पेश भएको विषय | निर्णय मिति | निर्णय |
|---|---|---|---|---|
| १. | गृह मन्त्रालय | दैवी प्रकोप उद्धार ऐन २०३९ अनुसार गठित केन्द्रीय दैवी प्रकोप उद्धार समितिले सोही ऐन अनुसारको जिल्ला दैवी प्रकोप उद्धार समितिमा पठाउने रकम पेश्कीको रुपमा ने.वै.लि. वा रा.वा.वैंक मार्फत पठाउने र श्रेस्ता प्राप्त भएपछि पेश्की फछ्र्यौट गर्ने गरेकोमा पेश्कीको नियमानुसार पेश्की फछ्र्यौट कार्य गर्न कठीन परेकोले जिल्लामा पठाउने रकम अनुदानको रुपमा दिने र त्यस्को लेखापरिक्षण अन्य जिल्लास्थित सरकारी कार्यालय सरह गर्ने वारे यस कार्यालयको राय माग गरिएको । | ०५४/५/८ | दैवी प्रकोप उद्धार कार्यको रकम वजेटमा प्रतिविम्वित नहुने भएकोले वजेटमा प्रतिविम्वित हुने रकम सरह गर्न नमिल्ने भएकोले पेश्की फछ्र्यौट र लेखापरिक्षण को जिम्मेवारी दैवीप्रकोप उद्धार समितिले नै निर्वाह गर्नुपर्ने । |
| २. | अर्थ मन्त्रालय | आ.व. ०५३।५४ मा फोहर मैला व्यवस्थापन कार्यक्रमको वजेट फोहरमैला व्यवस्थापन राष्ट्रिय परिषदको लागि निकासा रकम मध्ये वाँकी रकम फ्रिज नहुने खातामा रहेको हुदा उक्त रकम परिषदको तलव भत्तामा खर्च गर्न स्वीकृति दिन मिल्ने नमिल्ने ? | ०५४/५/२३ | प्रस्तुत समस्यामा गत आ.व.को वाँकी रकम फ्रिज नहुने खातामा जम्मा रहेको रकम चालु आ.व.मा निकासा दिदा उक्त रकम कट्टा हुनेगरी परिषदमा कार्यरत कर्मचारीहरुको तलवभत्तामा खर्च गर्न नमिल्ने । |
| ३. | को.ले.नि.का. (क्षे.स.) काठमाण्डौं | अदालतमा मुद्धापरि धरौटी फिर्ता गर्दा कर्मचारीको दै.भ्र.भ. भुक्तानी गर्दा वा संचित विदा,औषधि उपचार, उपदान घरभाडा भुक्तानी आदि कार्य गर्दा रु. १००००।– भन्दा बढीको रकम एकाउण्ट पेयी चेकबाट भुक्तानी गर्दा बढी अप्ठ्यारो पर्ने भएकोले पुनः विचार गर्ने भनि लेखि आएको । | ०५४/५/३१ | मुद्धाको धरौटी फिर्ता, मुआव्जा, आर्थिक सहायता , तलव भत्ता, पारिश्रमीक जस्ता रकमको चेकको पछाडी खाता संचालकहरुले Indorse (इन्डोर्स) गरी पठाएको अवस्थामा रु. १०,०००।- माथिको भएतापनि चेकको भुक्तानी हुने व्यवस्था गरि राष्ट्र वैंकलाई अनुरोध भएअनुसार नेपाल राष्ट्र वैंक केन्द्रिय लेखा महाशाखाको प.सं के.ले २।०५४.५५.४६ fax २३।१२, मिति ०५४।१०।१७ को पत्रवाट उक्त प्रकारको व्यवस्था हुने जानकारी प्राप्त । |
| ४. | कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय | कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको पुराना कागजातहरुमध्ये ऐतिहासिक महत्वका कागजातहरु राष्ट्रिय अभिलेखालयलाई वुझाई अन्य कागजात धुलाउने सम्वन्धमा । | | ऐतिहासिक महत्वका कहिल्यै नधुल्याउने कागजातहरु राष्ट्रिय अभिलेखालयमा वुझाउने र अन्य कागजातहरु धुल्याउने सम्वन्धमा सरकारी कागजात धुल्याउने नियमहरु २०२७ को नियम १८,१३,६ बमोजिम धुल्याइएका कागजातहरु लिलाम विक्री गर्न सकिनेछ भन्ने व्यवस्था भएअनुरुप ति कागजातहरु लिलाम गरी व्यक्तिलाई दिंदा कागजातहरु वजारमा गै अनावश्यक विवाद आउन सक्ने हुँदा Recycle गरी पुनः कागज निकाल्ने प्रविधि पनि भएको र पव्लिक लिमिटेड कम्पनी पनि भएकोले यस्ता धुल्याउने कागजहरु Recycle मा प्रयोग हुने र कागजातहरु वाहिर नजाने सुरक्षा व्यवस्था मिलाई भृकुटी पल्स एण्ड पेपर लिमिटेडलाई वार्ता द्वारा तय भएको मूल्यमा विक्री र सरकारी कर्मचारीको रोहवरमा धुल्याउन मिल्ने । |
| ५. | अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा | इलाका प्रहरी कार्यालय सुनसरीले दुर्गादेवी नेपालको सुनसरी, इटहरी गाविस- १ कि.न.२२५ को क्षेत्रफल ०-०-७/१२ जग्गा प्प्ति ऐन अनुसार अधिग्रहण भएकोमा मुआव्जा वापत रु. १३,१२,५००।- माग भै आएकोमा जग्गाको मुआब्जा कति र कसरी दिने भन्ने वारे | | जग्गा प्राप्ति ऐन, २०३४ अनुसार वार्ताद्वारा वा ऐनमा व्यवस्था भएको अन्य कार्यविधि पुरा गरी मुआब्जा निर्धारण गरिएको भए ऐन अनुरुप निर्धारित रकम निकासा दिन वाधा नपर्ने भएकोले कस्तो प्रकृयाबाट मुआब्जा निश्चित गरिएको भन्ने सम्वन्धमा गृह मन्त्रालयबाट स्पष्ट गरि लिई ऐन अनुरुप नगरिएको भए ऐनको प्रकृया पुऱ्याई माग गर्ने र निकासा दिने |

| | | | | |
|---|---|---|---|---|
| | | महालेखा नियन्त्रक ज्यूबाट राय लिनुपर्ने भएकोले अर्थमन्त्रालयबाट राय माग भएको । | | व्यवस्था हुनुपर्ने देखिएकोले सोही अनुरुप गर्ने । |
| ६. | गृह मन्त्रालय | मतदाता परिचयपत्र वितरण गर्नकोलागि आ.प्र. सम्बन्धी नियम २०४२ को नियम १० मा निर्माण तथा हेभी इक्वीपमेण्ट सम्वन्धी व्यवस्था भएको र यो परिभाषा अन्तर्गत नपर्ने तथा ठेकेदार सम्वन्धी नियम, ०३१ को व्यवस्था अनुरुप ठेकेदारहरु कायम गर्दा सर्वथा नविन शैलीको यस कार्यमा व्यवहारिक नहुने । अत: डिजिटल क्यामेराको प्रयोग गरी कम्प्यूटर र फोटोग्राफिक प्रविधिको माध्यमबाट परिचयपत्र तयार गर्नुपर्ने हुँदा विकास निर्माणको कार्यको निमित्त निर्धारित प्रिक्वालिफिकेशनको आधारमा अवलम्वन गर्ने वा प्रिक्वालिफिकेशनको प्रक्रिया नै नअपनाई सोझै वोलपत्र आह्वान गर्ने वा अन्य के कस्तो कानूनी प्रक्रीया अपनाउनु पर्ने हुन्छ । | | परिचयपत्र तयार गर्न रु १ करोड भन्दा बढी लागत पर्ने कार्यको लागि कस्तो प्रक्रीया अपनाउने भन्ने सम्वन्धमा उक्त कार्य ज्यादै भरपर्दो र खुला प्रतिस्पर्धा गराउदा नक्कली जारी हुन सक्ने संभावना छ भने श्री ५ को सरकारको निर्णय गराई मुद्रण विभाग नै भरपर्दो छापाखाना भएकोले त्यहा नै सो परिचयपत्र छपाउनुपर्ने राय लेखी पठाउनुपर्ने देखिन्छ । यदि उक्त कार्य खुलाप्रतिस्पर्धावाट गराउदा कुनै फरक पर्दैन भने नै गर्नुपर्ने नियमको व्याध्यात्मक व्यवस्था भएकोले सोही अनुसार लेखी पठाउने । |
| ७. | को.ले.नि.का. नुवाकोट | बढुवा समितिको निर्णय अदालत ( सर्वोच्च) बाट बदर भै अव पुन सम्भाव्य उम्मेदावारको का.स.मु. फाराम लिई कानूनको रित पुऱ्याई वढुवाको कार्वाही गर्न भनि परमादेश भएकामा (क) अव का.स.मु.फारम माग गर्दा ०४९।५० र ०५०।५१ को माग गर्नुपर्ने वा ०५३।५४ सम्मको ३ वर्षको माग गर्नुपर्ने हो ?<br>(ख) का.स.मु. फारम कसकसको माग गर्नुपर्नेहो ?<br>(ग) एक ठाउवाट सरुवा भै सोही जिल्लामा अन्य कार्यालयमा कार्यरत भएकोमा कुन कार्यालयबाट का.स.मु. फाराम भर्नुपर्ने हो ? सुपरिवेक्षणको लागि कहां पेश गर्ने हो ? | ०५४/७/२९ | प्रस्तुत विषयमा निजामति सेवा नियमावलीको ०५० को नियम ७५ को (क) १ अनुसार सो पदका सम्पूर्ण सम्भाव्य उम्मेदवारहरुको आ.व. ०५१।५२, ०५२।५३ र ०५३।५४ को समेत ३ आ.व.हरुको कार्यसम्पादन मुल्याङ्कन माग गर्नुपर्ने र उक्त आ.व.हरुमा कुनै संभाव्य उम्मेदवारहरुमध्ये कुनैको हालसम्म सुपरिवेक्षण नभएको अवस्था रहेमा त्यस्तो कर्मचारी हाल कार्यरत कार्यालयमा कार्यसम्पादन मुल्याङ्कन गरिन कर्मचारी भन्दा कम्तीमा एक श्रेणीमाथिको सम्वन्धित कर्मचारी सम्भाव्य उम्मेदवारको सुपरिवेक्षक हुन सोही नियमको ७८ (२) मा स्पष्ट व्यवस्था भएकोले सोही अनुसार गर्ने । |
| ८. | को.ले.नि.का सल्यान | आ.ले.प. निर्देशिका, ०५२ (प्रकाशक म.ले.नि.का.) र म.ले.प. मार्गदर्शन निर्देशिकामा म.ले.प.फा.नं. १८ को वारेमा परस्परमा वाझीएकोले कस्ले प्रमाणित गरेकोलाई आधिकारिक मान्ने ? | ०५४/७/२८ | आ.व.को अन्त्यमा वजेट नपुग भएको अवस्थामा पनि कुनै काम नगराइ नहुने वा सेवा एवं सामान खरिद नगरेमा कार्यालयहरुको काममा वाधा हुने भएको तर भुक्तानी गर्न वजेट रकम नपुग भएको अवस्थामा आन्तरिक लेखा परिक्षणको समयमा को.ले.नि.का. प्रमुखलाई लागेमा को.ले.नि.का. प्रमुख वा निजको अनुपस्थितमा निजको पदमा काम गर्न अधिकार पाएको अधिकृतिले आ.व.को अन्त्यमा सम्वन्धीत कार्यालयको लेखा प्रमुख र अधिकारप्राप्त अधिकारीवाट प्रमाणित भै आएको म.ले.प.फा.नं. १८ प्रमाणित गर्नुपर्ने । |
| ९. | अर्थ मन्त्रालय | सार्वजनिक भवन निर्माण गर्ने सिलसिलामा प्रिक्वालिफिकेशन र टेण्डर कागजपत्रहरु प्रसोधन गर्न गठन हुने समितिका सदस्यहरुलाई भत्ता तथा खाजाखर्च दिन मिल्ने वा नमिल्ने ? | ०५४/१०/८ | सम्वन्धित कार्यालयमा कार्यरत कर्मचारीले आफ्नो कार्यालय सम्वन्धी काम गर्दा विशेष भत्ता दिने गर्दा विकृति पैदा गर्ने भएकोले अन्य कार्यालयबाट सहयोगको लागि विशेषज्ञ मगाई काम लगाउदा मात्र विशेष निर्णय गरी निर्धारण भए वमोजिमको भत्ता दिन मिल्ने र खाजाको हकमा आर्थिक प्रशासन सम्वन्धी नियमहरु ०४२को नियम (९) ४ को अधिनमा रही खर्च गर्न सकिने । |
| १०. | मालपोत विभाग | मालपोत कार्यालयहरु ८२ लाई आवश्यक पर्ने जग्गाधनी प्रमाणपूर्जा छपाईको लागि आव्हान गरिएको वोलपत्रमा पर्न आएकोहरुपध्ये सूर्यदय छापाखानाको | ०५४/८/२५ | यस्तो अवस्थामा के गर्ने भन्ने ऐन नियममा स्पष्ट समेत नभएकोले न्यूनतम दरवालाहरुवाट घटाघट गराउनु एउटा विकल्प हुन सक्छ भने दुवैलाई आधा आधाकाम दिन अर्को विकल्प हुन सक्दछ । आर्थिक |

| | | | | |
|---|---|---|---|---|
| | | कवुल अंक सवैभन्दा कम भएको तर आयकर दर्ता प्रमाणपत्र नविकरण गरेको पेस नगरेको तर ०५४।७।३ मा नविकरण गरेको पेस गरेको तथा जग्गाधनि दर्ता प्रमाणपुर्जा (रातो किताव) छपाइ सम्वन्धमा पर्न आएका जम्मा ५ वोलपत्रमध्ये सवैभन्दा कम दर रु. ७८९ २ वटा फर्म पायोनियर प्रिण्टिङ्ग प्रेस र अन्नपूर्ण मुद्रणालयले कवोल गरेकोमा के गर्ने ? | | प्रशासन सम्वन्धी नियमहरुमा उल्लेख भएको आर्थिक अवस्था र विस्वासनियताका आधारमा कसलाई दिने भन्ने सिफारिस समेत मालपोत विभागवाट भई नआएकोले न्यूनतम दरवालाहरुवाट घटाघट गराउने र घटाघट गर्न नमाने आधा आधा काम दिन राय पठाउने । |
| ११. | पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | ए.टि.सि. अफिसर श्री संजयकुमार को सेवा अवधी २ वर्ष ८ महिना भएको र निजले रु. ५०,८८०।- औषधी उपचार माग गरेकोमा नि.से.नि. ०५० को परिच्छेद १२ को नियम ९४ को ७ वमोजिम १० वर्ष सेवा अवधी नपुगेको निजामती कर्मचारीलाई दामासाहीले हुन आउने रकममात्र दिइने भन्ने सन्दर्भमा यस नियमले सेवामा कार्यरत र सेवावाट अलग हुने दुवैलाई लागू हुने वा नहुने ? | ०५४/१०/२६ | नि.से.नि. ०५० को नियम ९४ को ७ र नियम ९४ (८) को व्यवस्था अनुसार डेढ महीना वरावरको औषधी उपचार खर्च दिने व्यहोरासँग सम्वन्धित भएको र स्वास्थ्य संस्थामा भर्ना हुदाको खर्च र विदेशमा गई उपचार गराउदाको खर्च नियम ९४ (७) सँग सम्वन्धित हुने नदेखिएको हुँदा स्थायी कर्मचारीलाई नि.से.नि. ०५० ले व्यवस्था गरे अनुसार औषधोपचार सुविधा दिन मिल्ने । |
| १२. | गृह मन्त्रालय | शान्ती स्थापनार्थ संयुक्त राष्ट्रसंघको आव्हानमा विभिन्न राष्ट्रमा खटीइ गएको प्रहरी कर्मचारीहरुले पनि अन्य प्रहरी कर्मचारीले पाए सरह रासन सुविधा पाउने वा नपाउने ? | ०५४/१०/२६ | प्रहरी ऐनले विदेशमा काममा रहेको अवस्थामा पनि रासन भत्ता दिने भन्ने व्यवस्था नगरेको अवस्था र विदेशमा रहदाको अवधीमा वेग्लै किसिमको सुविधा पाउने हुदाँ विदेशमा रहदाको अवस्थामा राशन भत्ता नपाउने । |
| १३. | को.ले.नि.का. कास्की | आर्थिक प्रशासन सम्वन्धी निर्णय सार संगह ०५४ को पेज ७९ को दफा १६.४६ मा नेपाल राष्ट्रवैंकवाट अर्धवार्षिक प्रतिवेदन सम्वन्धी तथ्याङ्क माग हुदा केन्द्रको पूर्व स्वीकृति विना यस प्रकारको तथ्याङ्क दिन नमिल्ने उल्लेख भएकोमा यस प्रकारको तथ्याङ्कको लागि राष्ट्रवैंकवाट समयसमयमा कर्मचारीहरु आउने हुँदा अव आइन्दा दिने नदिने र यस क्षेत्र अन्तर्गतको विभिन्न को.ले.नि.का. हरुले कार्यालय प्रमुखको कार्यकक्षमा उपरोक्त तथ्याङ्क सम्वन्धी चार्ट ग्राफ प्रदर्शन गर्ने गरेको देखिएकोले त्यसरी प्रदर्शन गर्न मिल्ने नमील्ने ? | ०५४/१२/७ | वजेट निकासा, खर्च र राजश्व धरौटी आदि विवरण सार्वजनिक गर्न नमिल्ने होइन उक्त ग्राफ चार्ट वनाउन र सम्वन्धित निकायले माग आधिकारिक रुपमा गरेमा दिन सकिने । |
| १४. | पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | निजि पर्यटन व्यावसायीहरुबाट पर्यटन बोर्ड ऐनमा परिभाषित पर्यटन व्यावसायीहरुबाट मूल्य अभिवृद्धि कर वुझाउदा २ प्रतिशत पर्यटन बोर्ड सेवा शुल्क, मुल्य अभिवृद्धिकर कार्यालयहरु मार्फत छुट्टै भपाई गरी अनिवार्य रुपमा वुझी लीन आर्थिक प्रशासन सम्वन्धी व्यवस्थाबाट के कस्तो गर्नुपर्ने ? | ०५५/१/८ | पर्यटन व्यवासायीहरुले स्वेच्छिीक तवरले वुझाउनु पर्ने रकम वुझाएमा मुल्य अभिवृद्धीकर कार्यालयहरुले छुट्टै हिसाव राख्ने गरी वुझिलिई दिन वाधा नपर्ने । यसरी उठाएको रकम स्वस्थ्यकर वा मदिरा नियन्त्रण कर सरह जिल्लामा अप्रेटीभ वैंक खाता खोली नेपाल राष्ट्र वैंकमा जम्मा हुने व्र्यवस्था हुन उपयुक्त हुने । नेपाल राष्ट्रवैंकमा पर्यटन विकास वोर्डको नाउमा खोलिने खाता, पर्यटन विकास वोर्ड ऐन, २०५३ वमोजिम पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयले वा उक्त पर्यटन वोर्डले लिनुपर्ने । |
| १५. | अर्थ मन्त्रालय | चूंगीकरको विकल्पमा स्थानीय विकास शुल्क कोष स्थापना गर्ने सम्वन्धमा अर्थ मन्त्रालयले सोधभर्ना हुनेगरी स्थानीय विकास कोषमा विजक रकम स्वरुप १५ करोड राखि दिने सम्वन्धमा राय माग । | ०५५/३/३ | श्री ५ को सरकारको निकायले संकलन गरी कोष खडा गर्न रकम जम्मा गर्ने परिपाटी यस अघि मदिरा नियन्त्रण कोष, स्वास्थ्य कोष आदिमा भएपनि कति रकम उठेको कहाँ कहाँ बाट र कति कोषमा जम्मा भयो भन्ने हिसाव एकिन गर्न नसकेको उदाहरण छ । अतः नियम ८ (२) मा कोष खाताको संचालक समितिमा प्रतिनिधित्व गर्ने नेपाल नगरपालीका संघ प्रतिनिधि वा सदस्य सचिवको अनिवार्य दस्तखत सहित |

| | | | | |
|---|---|---|---|---|
| | | | | लेखा प्रमुखको हस्तखत गरी संयुक्त रुपमा हुनेछ भनि संसोधन गर्ने र नियम ७ को संचालक समितिमा अर्थ मन्त्रलायको प्रतिनिधिको सट्टा सह महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय भनि संसोधन नगर्दा हर हिसावमा विशेष ध्यान पुग्न नसक्ने हुँदा प्रतिनिधित्व वारे पुर्नविचार हुनपर्ने । साथै कोषमा रकम कसरी जम्मा गर्ने सम्वन्धमा सो को कार्यविधि वारे पछि प्रक्रियागत कुरा निर्धारण गर्दा यस कार्यालयको राय लिइने नै भएको हुँदा सो सम्वन्धमा कोष नियमावलीमा कुनै प्रतिक्रिया व्यक्त नगरिएको । |
| १६. | कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेत | जिल्ला विकास समिति र नगरपालिकाहरुले घर वहालबाट आर्जन गरेको घर वहाल आयमा घर वहाल कर कट्टी गर्नुपर्ने नपर्ने । | ०५४/११/१२ | कर विभागसँग रायको लागि अनुरोध गरिएकोमा आयकर ऐन, २०३१ को दफा ४२ (१) (च) अनुसार गाउँ विकास समिति जिल्ला विकास समिति, नगरपालिका र मुनाफाको उद्धेश्यले गठन भएका देखि वाहेक प्रचलित नेपाल कानून वमोजिम दर्ता भएका वा स्वीकृति प्राप्त भएको, गरेको संस्था वा शिषण संस्थाको आयमा आय कर छुट भएकाहरुलाई भुक्तनी गर्दा अग्रिम आयकर कट्टा गर्नुनपर्ने भनी पत्र प्राप्त भएको । |
| १७. | को.ले.नि.का. (क्षे.स.) काठमाण्डौं । | ग्रेड थप पुरस्कार दिने गत आ.व.को निर्णयको कार्यान्वयन चालु आ.व.( आ.व.०५५।५६) मा हुने सन्दर्भमा तलवी प्रतिवेदन पारित गर्न र आ.ले.प. वेरुजु कायम गर्न मिल्ने नमिल्ने । | ०५५/५/७ | पुरस्कार स्वरुप थप ग्रेड दिने सम्वन्धमा सा.प्र. मन्त्रालयको मिति २०४३।१।२५ को परिपत्र र आ.व. ०५५।५६ को वजेट वक्तव्य साथ जारि गरिएको मितव्ययिता सम्वन्धी निर्देशिका समेतको आधारमा गत आ.व.को निर्णयले चालु आ.व.मा ग्रेड पुरस्कार दिने विषय कार्यान्वयन गर्न मिल्ने नदेखिने भनी मिति २०५५।५।७ मा निर्णय भएको । (म.ले.नि.का. को मिति २०५५।९।१९ च.नं. १२९ प.स. राय ०५५।५६ बाट परिपत्र समेत भएको) । |
| १८. | वन तथा भू-संरक्षण मन्त्रालय | केन्द्रिय तहसिल कार्यालयमा लगत कसिएको वेरुजु रकम फछ्र्यौट गर्ने सम्वन्धमा प्रतिनिधि सभा सार्वजनिक लेखा समितिमा अनुरोध गर्न सक्ने कानूनी व्यवस्था तथा प्रचलनको सम्वन्धमा । | ०५५/५/२ | आर्थिक प्रशासन सम्वन्धी व्याख्याको कुरा नहुँदा प्रशासकीय निर्णय हुनु नपर्ने । |
| १९. | अर्थ मन्त्रलाय (शिक्षा मन्त्रालय) | नेपालगञ्ज कृषि केन्द्रका तत्कालिन स.मा.वि. श्री गौतम प्रसाद श्रीवास्तव ३ वर्षको लागि पि.एच.डी. गर्न जानु भएको र छात्रवृत्रि नियमावली अनुसार अध्ययन अवधी ३ वर्ष भन्दा बढी देखिएको साथै कृषि विषयमा अध्ययनमा पठाइएको देखिएकोले छात्रवृत्ति ऐन, २०२१ (संशोधन सहित) को दफा ७ उपदफा २ (ख) अनुसार अधिकतम विगा रु. १ लाख ५० हजार निर्धारित गर्नुपर्ने देखिएको हुँदा विगो निर्धारणको क्रममा छात्रवृत्ति नियमावली, २०२९ को व्यवस्था अनुरुप परापर्श माग गरिएको । | ०५५/५/२९ | विगो निर्धारण समवन्धमा आर्थिक प्रशासन सम्वन्धी नियमावलीहरुको द्विविधा परी व्याख्या गर्ने कुरा नपरेकोले ऐन वमोजिम निर्णय लिन सकिने । |
| २०. | वन तथा भू-संरक्षण मन्त्रालय | वन मन्त्रालय र नेपाल रेन्जर संघ तथा नेपाल वनपाले संघ विच मिति २०५५।३।२१ मा माग सम्वन्धी भएको सम्झौता अनुसार अर्थ मन्त्रालयबाट वजेट व्यवस्था गरी आ.व. ०५५।५६ देखि नै रासन भत्ता उपलव्ध गराउने भएकोमा अर्थ मन्त्रालयबाट वजेट व्यवस्था भैसकेकोले जिल्ला वन कार्यालयहरुमा कार्यरत रेन्जर देखि वन रक्षकहरुलाई सम्झौता अनुरुप श्रावण देखि नै रासन सुविधा उपलव्ध गराउनु पर्ने देखिन्छ । | | उक्त सुविधा नियममा समावेश नभए सम्मको निमित्त मन्त्रिपरिषदबाट सम्झौताको उक्त प्रावधान समर्थन गराई रासन सुविधा दिनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | तर ठेक्का वन्दोवस्त नियम २०१८ को दफा १४ अनुसार पौषमा टेण्डर गरी माघ महिना देखि रासन उपलव्ध गराउने व्यवस्था रहेकोले रेन्जर संघ र वनपाले संघसँग भएको सम्झौता अनुसार २०५५श्रावणबाट रासन सुविधा उपलव्ध गारउन सकिन्छ सकिदैन । | | |
| २१. | को.ले.नि.का. सुर्खेत | आर्थिक ऐन २०५४ को अनुसूचि ७ वमोजिम कमिशनमा १० प्रतिशत अग्रिम आयकर काट्ने व्यवस्था छ । जिल्ला अदालत नियमावली २०५२ को नियम ७० मा अशुल तहसिल कार्यका लागि डोरमा खटिई जाने कर्मचारीले दै.भ्र.भत्ताको सट्ट असूल गरी ल्याएको रकमको २५ प्रतिशत कमिशन पाउने छ त्यस्तो असूल गराई ल्याएको रकमको ५ प्रतिशत रकम तहसिल दारले प्रोत्साहन स्वरुप पाउने छ। उल्लेख छ । माथि उल्लेखित कमिशन तथा प्रोत्साहन रकममा अग्रिम आयकर कट्टी गर्नुपर्छ पर्दैन । | ०५५/९/२२ | कर विभागको प.सं. ०५५।५६-१५५ च.नं. २०७ मिति २०५५।९।५ को पत्रको समेत आधारमा कमिशन खर्च कर्मचारीहरुलाई दैनिक तथा भ्रमण भत्ताको रुपमा दिएको देखिन्छ । यस्तो अवस्थामा कर्मचारीले पाउने तलव, भत्ता, सुविधा तथा कमिशन रकम समेतको हिसावले कर योग्य आम्दानी भन्दा बढी रकम प्राप्त गरेमा कमिशन रकममा आर्थिक विधेयकमा व्यवस्था भए अनुरुप अग्रिम कर कट्टा गर्नुपर्ने र सो भन्दा कम भएमा कटाउन नपर्ने । |
| २२. | अर्थ मन्त्रालय | मेलम्ची खानेपानी विकास समितिलाई दिने भनिएको थप अधिकारहरु मध्ये सवारी साधन खरिद, कार्यालयको लागि लिइने घरभाडा तथा अन्य सरसामानहरुको खरिदमा आ.प्र. सम्वन्धी नियमहरु अनुशरण गर्न पर्ने नपर्ने । | ०५५/८/११ | यसमा निर्णयसँग सम्वन्धित श्री ५ को सरकारको सम्पूर्ण अधिकार समितिले उपभोग गर्न पाउने गरी तहगत निर्णयमा लाग्ने समय कम गर्न उपयुक्त हुने र खरिद एवं अन्य प्रकृयागत कुरामा भने प्रचलित आर्थिक प्रशासन सम्वन्धी नियमानुसारको प्रकृया पुऱ्याउनु पर्दछ अन्यथा अराजकता बढ्ने हुन्छ । सूचना नै नगरी प्रतिस्पर्धा नै नगरी तथा सेवा दिने आफैले खर्च गर्ने जस्ता कुराबाट विसंगति अन्य योजनामा पनि पर्न सक्छ । छिटो छरितो गर्न कम समयको सूचना गर्ने, प्राप्त प्रस्तावहरुको मूल्यांकन गरी सिफारिश गर्न एउटा समिति गठन गरी समितिको सिफारिशमा गर्ने, कन्सलटेण्ट आफैले खर्च गर्ने गर्दा बढी लागत पर्ने हुँदा समितिले नै खर्च गर्ने, रकमान्तर सम्वन्धमा पूंजीगतबाट प्रशासकीय खर्च गर्न नपाउने वाहेक अरु अधिकार दिने तलव, भत्ता आदि सम्वन्धमा एउटा सिमा माथिल्लो र तलो तोकि अधिकार प्रत्यायोजन गर्ने गरी काम हुनुपर्ने । |
| २३. | अर्थ मन्त्रालय | लोक सेवा आयोगबाट प्रकाशित हुने दरखास्त फारम पाठ्यक्रम र वुलेटिन विक्रि वितरण गर्दा ५ प्रतिशत कमिशन दिने गरी साझा प्रकाशनबाट विक्री वितरण गराउदै आएकोमा सर्वसुलभ हुन नसकेको र अन्य कारणबाट सो को सट्टा खुल्ला विक्रेताको व्यवस्था गरी कुल कमिशन रकम २४ प्रतिशत मध्ये २० प्रतिशत खुल्ला विक्रेता र वाँकी ४ प्रतिशत राजश्व तर्फ संलग्न रहेका कर्मचारीहरुलाई दिने व्यवस्थाको लागि राय माग भएको । | ०५५/९/५ | लोक सेवा आयोगबाट प्रकाशित दरखास्त फारम तथा अन्य प्रकाशनहरु विक्रीमा खुल्ला विक्रेतालाई २० प्रतिशत र राजश्व तर्फ संलग्न रहेका कर्मचारीहरुलाई ४ प्रतिशत कमिशन दिने सम्वन्धमा त्यस मन्त्रालय ( अर्थ मन्त्रालय) को मिति २०५५।८।६ को निर्णयानुसार यस कार्यालयको राय माग गरिएकोमा तहाँबाट निर्णय भैसकेको भन्ने सन्दर्भमा सोही अनुसार यस कार्यालयबाट राय दिइएकोमा कर्मचारीलाई कमिशन दिन नमिल्ने । |
| २४. | कृषि विभाग | कृषि विभाग अन्तर्गत योजना तथा जनशक्ति शाखाका स.कृ.अर्थविज्ञ श्रीमती रामलिला श्रेष्ठ सन् १९९७।९८ मा संचालन हुने ६७ हप्ते एगृकल्चर एण्ड रुरल डेभलपमेण्ट विषयको एम-ए कोषमा अध्ययन गर्न श्री ५ को सरकार ( सचिवस्तरीय) मिति २०५३।९।२१ को | ०५५/९/९ | वैकल्पीक उम्मेदवारले पनि भाषा तालिम लिनु पर्ने र सो को लागि शुल्क वुझाउनु पर्ने भएकोले शुल्क वापत भएको खर्च भुक्तानी गर्न मनासिव नै देखिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | निर्णयबाट वैकल्पीक उम्मेदवारको रुपमा मनोनित हुनु भएको थियो । सो अध्ययनको लागि फारम भर्न आवश्यक तालिमको लागि द बृटिस काउन्सील, ल्याङवेज सेन्टर, काठमाण्डौंमा रजिष्ट्रेशन दस्तुर (शुल्क) रु. ५००। अध्ययन शुल्क रु. ६०००। र परिक्षा शुल्क रु. ४५००। गरी जम्मा रु. ११०००। खर्च भएको हुँदा यस्तो खर्चको भुक्तानी वैकल्पीक उम्मेदवार समेतले पाउने भन्ने नियममा स्पष्ट उल्लेख नभएको हुँदा यस्तो खर्च दिन मिल्छ मिल्दैन । | | |
| २५. | अर्थ मन्त्रालय | बृद्ध सेवा र कल्याण कोष (गठन) आदेश, २०५५ को सम्वन्धमा राय माग भै आएको । | ०५५/९/१० | अर्थ मन्त्रालयले औल्याएका कुराहरुको आधारमा समिति गठन गर्नुपर्ने आवश्यकता देखिदैन । समिति गठन गर्न आवश्यक परेमा उक्त गठन आदेशको प्राप्त मस्यौदामा कोषको लेखा प्रचलित श्रेस्ता प्रणाली अनुसार राख्नु पर्ने, आन्तरिक लेखा परिक्षण समितिले तोकेको निकायबाट गराउनु पर्ने र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट गराउनु पर्ने, कोषको विनियम प्रचलित आर्थिक ऐनको अधिनमा रही वनाउनु पर्ने कुरा प्रस्तावित गठन आदेशमा समेटिनु पर्ने । |
| २६. | अर्थ मन्त्रालय | स्वास्थ्य मन्त्रालयको महिला स्वयं सेविकाहरुले प्रयोग गर्ने औषधी राख्ने झोला वापतको रु.२५०।- रिभल्भिग फण्डको रुपमा राखी जम्मा गर्दै आइरहेकोमा हाल उक्त रकम जम्मा रु. ६०८९०५९।- भएको हुदां उक्त रकमलाई अक्षय कोषमा राखी संचालन सम्वन्धी व्यवस्था गर्ने निर्देशिकाको लागि राय माग गरिएको । | ०५५/९/२२ | उक्त निर्देशिकाको लेखा परिक्षण सम्वन्धी शिर्षकको नं.८ मा समितिका कोषको लेखा परिक्षण समितिले तोकेको इजाजत प्राप्त व्यक्ति वा संस्थाले गर्नेछ भन्ने उल्लेख भएकोमा “लेखाको ढांचा श्री ५ को सरकारको प्रचलित तथा स्वीकृत ढांचा अनुरुपको हुनुपर्ने तथा लेखा परिक्षण प्रत्येक वर्ष गराउनु पर्ने” भनी निर्देशीकामा थप हुनुपर्ने ।<br>लेखापरिक्षण प्रतिवेदन उक्त कोष स्थापना हुने प्रत्येक जिल्लाको जिल्ला विकास समितिको स्वास्थ्य उप समितिका अध्यक्ष रहने समितिको अध्यक्ष रहने समितिको अध्यक्ष समक्ष पेश गर्नुपर्ने ।<br>कोषको हिसाव मस्यौट, हिनामिना भएको अवस्थामा जिल्ला स्वास्थ्य शाखाले सरकारी बांकी सरह असूल उपर गर्न कारवाही गर्नु पर्ने र यसमा सहयोग पु¥याउनु सम्वन्धीत जिल्लाका जिल्ला कार्यालयको कर्तव्य हुनेछ भनी निर्देशिकामा समावेश गर्नु पर्ने,<br>दफा (५) अनुसार स्वास्थ्य कार्यालयबाट औषधी पठाउंदा ढुवानी रकम आवश्यक पर्ने भएमा यसै अक्षय कोषको रकमबाटै ढुवानी गराउनु पर्ने,<br>गठन हुने समितिको विनियम नवनेसम्म खरीद प्रकृया प्रचलित आर्थिक प्रशासन सम्वन्धी नियमहरु २०४२ अनुसार हुनुपर्ने । |
| २७. | वाणिज्य मन्त्रालय | बाणिज्य मन्त्रालयलाई विश्व व्यापार संगठनबाट उपहार स्वरुप प्राप्त भएको कम्प्यूटर जडान गर्ने र इन्टरनेट सम्वन्धी खर्च व्यहोर्ने प्रयोजनको लागि २०००।- स्वीस फैंक प्राप्त हुन आएको हुदां सो रकमलाई आम्दानी खर्च गर्ने पेश हुदां संचालन खर्च वापत प्राप्त यति सानो रकमलाई बजेटरी प्रकृयामा लैजान त्यति व्यवहारिक पनि देखिदैन तसर्थ उक्त रकम कसरी आम्दानी जनाउन पर्ने हो र उक्त कार्यमा कसरी खर्च गर्नु पर्ने हो । | ०५५/१२/२५ | दातृ संस्थाबाट प्राप्त भएको वैदेशिक रकम महालेखा नियन्त्रक कार्यालयको केन्द्रिय खाता क-६-१३ मा जम्मा गर्नु पर्ने र सो रकम खर्च गर्ने सम्वन्धमा राष्ट्रिय योजना आयोगबाट स्वीकृति कार्यक्रम अनुसार विनियोजित वजेट स्वीकृति गराई खर्च गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २८. | राष्ट्रिय योजना आयोगको सचिवालय | अध्ययन र तालिमको शिलसिलामा वैदेशिक छात्रवृत्तिमा मनोनित कर्मचारी मनोनयन पूर्व भाषा दक्ष कक्षमा सरिक भै मनोनयनको दिन सम्म वा अगाडी TOFFEL वा IELTS TEST उर्त्तीण गरेको खण्डमा त्यस्ता परिक्षण र पूर्व तयारी खर्च माग र भुक्तानीलाई नियमित खर्च मान्न मिल्ने नमिल्ने ? | ०५५/११/२० | तालिममा मनोनयन हुनु भन्दा पहिलेनै खर्च भएको ( भाषा तालिम लिएको) देखिन आएकोले पूर्व निर्णयानुसार नमिल्ने । |
| २९. | को.ले.नि.का. रोल्पा | स्थानिय विकास शुल्क तथा सवारी कर ठेक्का बाट लिनको लागि सूचना प्रकाशित गर्दा वली एण्ड सन कन्ट्रक्सनका प्रो. हरिप्रसाद वलीले श्री जुद्ध वहादुर चन्दलाई ठेक्का वन्दोवस्त गर्ने सिलसिलामा वोलपत्र खरिद गर्ने, वोलपत्र पेश गर्ने धरौटी जम्मा गर्ने, जग्गा धितो राख्ने र सम्झौता समेत गर्न निजलाई इजाजत (ईच्छापत्र) दिएकोमा काम समाप्त भई कार्यालयबाट पाउनु पर्ने रकम भुक्तानी पाउन भनी वली एण्ड सन कन्स्ट्रक्सन प्रो. ले इच्छापत्र वदर गरी निवेदन दिएको हुनाले भुक्तानी वाँकी रकम कसलाई भुक्तानी दिने । | ०५६/२/२३ | इच्छापत्र दिने आधिकारिक व्यक्तिले इच्छापत्र वदर गरेको हुँदा यसमा विवाद रहनु नपर्ने भएकोले यसमा श्री जुद्ध वहादुर चन्दलाई रकम भुक्तनी गर्न नमिल्ने । |
| ३०. | अर्थ मन्त्रालय | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट लिइएको ल्याव असिस्टेण्ट को परिक्षा मन्त्री परिषदको निर्णयानुसार वदर भएको हुँदा उक्त परिक्षा वापत लिईएको रु. १०० दरको परिक्षा शुल्क वापतको जम्मा रु. ६८२१४। उक्त परिक्षा संचालन गर्न खर्च भएको हुँदा निकासाको अर्थ मन्त्रालयमा अनुरोध भएकोले राय माग भएको । | ०५६/२/२३ | परिक्षा दस्तु श्री ५ को सरकारको राजस्व खातामा जम्मा नगरी उक्त रकम परिक्षा सम्वन्धी कार्यमा खर्च गर्न मिल्ने देखिदैन। तसर्थ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले खर्च भएको रकम भनि माग गरेका रकम निकासा दिन नमिल्ने र खर्च भएको रकम खर्च गर्ने बाटै व्यहोरिनु पर्ने । |
| ३१. | को.ले.नि.का. दोलखा | प्राविधिक शिक्षालयमा ३ वर्ष सम्म सीप हासिल गरी अन्तिम परिक्षामा उर्तिण भएका प्रशिक्षार्थीलाई एक शैक्षिक शत्र ( १० महिना) सम्मको कार्यगत तालिम गराइने हुंदा कार्यरत कार्यालयबाट त्यसता प्रशिक्षार्थीहरुको तलव भत्ता खर्चको लेखा परिक्षण सम्वन्धमा । | ०५६/३/२३ | जुन निकायमा त्यस्ता प्रशिक्षार्थी कार्यरत रहने हो । त्यस्ता निकायले म.प.को मिति २०४१।२।११ को निर्णय अनुसार त्यस्ता प्रशिक्षार्थीहरुको संख्या अग्रिम रुपमा रा.यो.आ.अर्थ मन्त्रलाय र सम्वन्धीत निकायमा दिने र सो अनुरुप अर्थ मन्त्रालयबाट प्रत्येक आ.व.मा रकम निकासा दिने भन्ने भएकोले आ.ले.प. गर्दा उपरोक्त प्रकृया पुगे नपुगेको परिक्षण गर्नुपर्ने । |
| ३२. | राष्ट्रिय योजना आयोगको सचिवालय | आ.ब. ०५५।५६ को स्वीकृत कार्यक्रम अनुसार २५ जिल्लामा संचालित विशेष क्षेत्र विकास कार्यक्रम संचालन गर्न २५० जना स्वयंसेवक परिचालन गर्ने नीति अनुरुप विकास स्वयम सेवकहरुको निर्देशिका तयार गरी स्वयंसेवक परिचालन गरिएकोमा उक्त निर्देशिकाको र नियुक्तिपत्रमा कतै स्पष्ट नभएको कारण स्वत: अवकाश प्राप्त स्वयम सेवकहरुको संचित विदाको रकम कसले र कसरी दिने वा नदिने । | ०५६/७/२६ | निजामती कर्मचारीको भन्दा पृथक अस्तित्व वोध गराउने उद्देश्यले पद नाम र कार्य विवरणको साथै निर्देशिका तर्जुमा भएको देखिएको र एउटा स्वयम सेवकको कार्यविधिभित्रको कामलाई निरन्तरता दिन र निजलाई कामप्रति उत्प्रेरित गराउन विदाको सहुलियतसम्म दिइएकोमा यसलाई आर्थिक लाभमा रुपान्तरण गर्न उपयुक्त नहुने । |
| | ” | (२) नियम ७३ को देहाय ङ मा रु. १० करोड भन्दा बढीको वोलपत्र सम्वनिधत मन्त्रालयको सचिवले स्वीकृति गर्ने व्यवस्था भएको हुँदा उल्लेखति कार्यालयहरुको निमित्त एकमुष्ठ रासन ठेक्कापट्टा गर्दा रु. १० करोड भन्दा बढी भएमा सम्वन्धित रासन वोर्डको स्वीकृत गर्न सक्छ सक्दैन ? | ०५६/६/२७ | राशन ठेक्का वन्दोवस्त गर्ने अधिकार राशन ठेकका वन्दोवस्त समितिलार्य नै दिइएको र यसमा रकमको वन्देज नरहेको देखिएकोले सोही समितिबाट स्वीकृत गराउन सकिने । |

| | | | | |
|---|---|---|---|---|
| | " | (३) दुर्गम जिल्लाका प्रहरी कार्यालयहरुमा भौगालिक विकटताका कारण स्वभाविक रुपमा खाद्य सामग्रीको मूल्यमा फरक पर्ने भएकोले दुइवटा ठेक्का वन्दोवस्त गर्न उक्त नियमावलीको नियम ९७ (१) ले असर गर्छ गर्दैन ? | ०५६/६/२७ | भौगोलिक विकटताको कारणबाट गरिने छुट्टा छुट्ट राशन ठेक्का वन्दोवस्तको ाम पनि राशन ठेक्का वन्दोवस्त समितिबाटै गराउन पर्ने हुँदा बोलप अंक ध्यान स्थान अनुसार खुलाउन ेगरि एउटै वोलपत्र आव्हान गर्न सकिने । |
| ३३. | को.ले.नि.का. गोरखा | आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम १३८ मा कुनै कार्यालय विशेषको लागि वा पुरै जिल्लाभरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामाग्री वा ज्यालाको दररेट निश्चित गर्न प्र.जि.अ. को अध्यक्षतामा निर्माण सामाग्री तथा ज्याला दररेट निर्धारण समिति गठन हुने व्यवस्था भएको र स्थानीय निकाय (आ.प्र.)नियमावली, २०५६ मा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा ज्याला दररेट निश्चित गर्न एक समिति गठन हुने व्यवस्था भएकोले यस्तो अवस्थामा जिल्लाको दररेट दोहोरो नपर्नेगरी कुन समितिबाट निर्धारण हुनुपर्ने हो ? | ०५६/६/२५ | जिल्ला स्तरमा श्रमको ज्यालादर एवं मजदूरीको दर रेट निर्धारण सम्वन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ अर्न्तगत जि.वि.स. बाट निर्धारण भएको दर रेटमा कुशल ज्यालादारी पाउन सम्भव नभएमा आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम १३८ को उपनियम (१) वमोजिमको समितिबाट स्वीकृति लिई त्यस्ता विशेष कामको लागि विशेष ज्यालादर निर्धारण गर्न सकिने र निर्माण सामाग्रीको दररेट निर्धारण सम्वन्धमा आ.प्र. सम्वन्धी नियमावली, २०५६ को नियम १३८ को उपनियम (१) वमोजिमको समितिबाट गर्ने । |
| ३४. | नेपाल राष्ट्र वैंक | वित्त कम्पनीहरुले जारी गरेका जमानतपत्रहरुलाई पनि मान्यता प्रदान गरिदिने सम्वन्धमा । | ०५६/९/२ | वित्त कम्पनीहरुले जमानतपत्र जारी गर्दा त्यस वैंकको निर्देशन अनुरुप गरे नगरेको सम्वन्धमा ने.रा.वैंकले अनुगमन र निरीक्षण गर्नुपर्ने र "ने.रा.वैंकको निर्देशन अनुरुप जारी भएको" भन्ने उल्लेख गरी जारी भएको त्यस्ता जमानतपत्रलाई श्री ५ को सरकारका कार्यालयहरुले मान्यता दिने । |
| ३५. | को.ले.नि.का. गोरखा | विभिन्न कार्यालयहरुले परम्परादेखि चलिआएको विभिन्न चाडपर्वहरुमा पूजा आजा संचालन गर्न (गारखा दरवारमा पूजा संचालन गर्न) ठेक्कामा दिने प्रचलन छ । यसरी ठेक्का दिंदा जिल्लामा प्र.जि.अ.को अध्यक्षतामा को.ले.नि.का. प्रमुख सदस्य र सम्वन्धित का.प्र. सदस्य सचिव रहने गरी वोर्ड गठन गरी सोही वोर्डबाट स्वीकृति गराउने गत विगत देखिको प्रचलन भै आएको छ । तर वोर्डबाट ठेक्का स्वीकृति गराउनु पर्ने व्यवस्था ऐन, नियमावलीमा कतै देखिदैन भने सम्वन्धित कार्यालयमा पनि त्यस सम्वन्धी कुनै नीति निर्देशन प्राप्त भएको पाइएन । अतः यस प्रकारले ठेक्का पट्टाहरुमा माथि उल्लेख भए अनुसार वोर्ड (समिति) बाट निर्णय गर्नु पर्ने हो वा आ.प्र. नियमावली २०५६ को परिच्छेद ७ मा व्यवस्था भए अनुसारनै सम्वन्धित कार्यालय प्रमुखबाट हुनुपर्ने हो ? | ०५७/३/२१ | पूजा आजा सम्वन्धी कामको लागि आ.प्र. सम्वन्धी नियमावलीमा केही उल्लेख नभएको र परम्परादेखि चलि आएको विधि व्यवहार अनुसारनै यसभन्दा अघिका वर्षहरुमा को.ले.नि.का. बाट भाग लिइरहेको देखिएकोले परम्परानुसार नै गरे हुने । |
| ३६. | प्रहरी प्रधान कार्यालय | रुपन्देही जिल्लास्थित सम्पूर्ण प्रहरी इकाईहरुमा कार्यरत प्रहरीहरुको लागि एकमुष्ठ रासन ठेक्का गराई रासन पेश्कीको लागि ठे.ले एकमुष्ठ परफरमेन्स वण्ड समेत ५ प्रतिशत धरौटीसमेत राखेकोमा को.ले.नि.का. रुपन्देहीले छुट्टाछुट्टै राशन खर्च लेख्ने कार्यालयहरुको नाममा पेश गरको वखत मात्र निकासा छाड्ने भनी निकासा नछाडेको (पेश्की वापत) । | ०५६/११/६ | वैंक जमानतको अवधि र रकमको प्रमाणित जानकारी लिई नियमानुसार पेश्की दिन मिल्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३७. | मूल्य अभिवृद्धि कर विभाग | Chilime project management of china Geyhouba Group corporation ले स्टिल बार किन्दा तिरेको VAT फिर्ता लगायतका अन्य आवश्यकीय कार्यहरु गर्नश्री विश्वजय पुडासैनीलाई अधिकारनामा दिएको हुँदा चाहनिज पार्टीको नाममा A/C Payee चेक लेखी निज अख्तियारवालालाई वुभि लैजान भन्दा चाईनिज ग्रुप वैंक खाता वन्द गरी आफ्नो देश प्रस्थान गरिसकेकोले A/C Payee चेक साट्न नसकिने कारण देखाई उक्त चेक नवुभी उक्त चेक '& co गरी दिने व्यवस्थाको लागि लेखिआएको। यस्तो अवस्थामा चाइनिज पार्टीको माग अनुसारको VAT फिर्ताको चेक निजले अधिकार दिएको व्यक्तिलाई भुक्तानी दिंदा के कस्तो किसिमको चेक दिने हो सो विषयमा नियम तथा परिपत्रमा स्पष्ट व्यवस्था भएको नदेखिएको । | ०५६/८/२४ | मिति २०५४।११।११ को परिपत्रमा खाता संचालकहरुबाट चेकको पछाडि सारांशमा प्रयोजन उल्लेख गरि भ्लमयचकभ भएका द्यभबचभच चेकबाट रु. २५,०००। भन्दा बढीको पनि भुक्तानी दिन सकीने व्यवस्था भएकोमा त्यसरी भुक्तानी गर्न सक्ने अवस्थामा मूल्य अभिवृद्धि कर वापतको फिर्ता रकम पनि समावेश गरी सोही वमोजिम भुक्तानी गर्ने व्यवस्थाको लागि त्यस वैंक अन्तर्गतका शाखाहरु र वाणिज्य वैंकहरुलाई निर्देशन गरिदिनु हुन ने.रा.वैंकलाई अनुरोध गरिएको । 'VAT' फिर्ताको प्रकृया सम्वन्धमा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ४५ (२) मा फिर्ता दिंदा वीसहजार रुपैंयाभन्दा बढी भएमा निजको वैंक खातामानै जम्मा हुनेगरी भुक्तानी गर्नु पर्ने छ । भन्ने उल्लेख भएको हुँदा मूल्य अभिवृद्धि कर नियमावलीको व्यवस्थाको हकमा उक्त नियमावलीको व्याख्या गर्ने अधिकार अधिकार प्राप्त निकायबाटै निर्णय हुनुपर्ने । |
| ३८. | अर्थ मन्त्रालय | सुन्सरी मोरङ्ग सिंचाई योजनाको ठेक्का पट्टाकार्य को सम्वन्धमा विदेशी ठेकेदारले पेश गरेको काउण्टर ग्यारेण्टी वापतको वैंक कमिशन रकम उक्त योजनाले व्यहोर्ने सम्वन्धमा नीतिगत कुरा हुँदा Counter Guarantee आवश्यक हो, होइन ? | ०५७/३/२९ | आर्थिक प्रशासन सम्वन्धी नियमहरु २०४२ को नियम २४ (३) अनुसार नेपाल अधिराज्य भित्रको वैंकबाट इण्डोर्स भएको विदेशी वैंक ग्यारेन्टीलाई मात्र मान्यता दिइनेछ भन्ने व्यहोरा उल्लेख भएकोले विदेशी वैंक ग्यारेण्टीको सम्वन्धमा काउण्टर ग्यारेण्टी अर्थात नेपालस्थित वैंकबाट इण्डोर्स गरे वापतको रकम दिन नियमानुसार मिल्ने नदेखिएको । |
| ३९. | को.ले.नि.का.पर्सा | कुनै निजामती कर्मचारीले निजामती सेवा नियमावली २०५० अनुसार घरविदा संचित राख्ने हद नाघेपछि घर विदा वस्नु पर्दा संचित घरविदा (१८० दिन) बाट कट्टा हुने वा हद पछिको वर्षहरुमा पाक्ने विदाबाट पनि कट्टा गर्न सकिने हो ? | ०५७/२/२० | "………. कुनै निजामती कर्मचारीले १८० दिन घर विदा संचित गरीसकेपछि काम गरेको १२ दिनको १ दिनका दरले पाक्ने घरविदा सोही वर्षमा लिन पाउने र त्यस्तो पाकेको विदाले नपुग भएमा मात्र संचित घर विदाबाट कट्टा गर्ने ……….. " । |
| ४०. | अर्थ मन्त्रालय | राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र र अन्तर्गतका संस्थाहरुको तालीम कोठा ( हल) र छात्रावासहरु शुल्क लिई प्रयोग गर्न दिंदा सो तालीम हलहरु र छात्रावासहरु व्यवस्थित रुपले संचालन गर्न सकिने देखिएको हुँदा निम्न अनुसार शुल्क लिई प्रयोग गर्न दिन र उठाएको शुल्क छुट्टै खातामा खोली निम्नानुसार समितिको रेखदेखमा खर्च गर्न दिने गरी स्वीकृति माग । | ०५६/८/२२ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र अन्तर्गतका संस्थाहरुको तालिम कोठा (हल) र छात्रावासहरु शुल्क लिई प्रयोग गर्ने सम्वन्धमा उठेको रकम मध्ये केही प्रतिशत राजश्वमा जम्मा गर्ने र वांकी कार्य संचालन कोष ऐन, अन्तर्गत कोष खडा गरी संचालन गर्नुपर्ने । |
| ४१. | सूचना तथा संचार मन्त्रालय | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ ले कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम रोयल्टीको रुपमा श्री ५ को सरकारलाई वुभाउनु पर्ने व्यवस्था गरे वमोजिम गर्न कुल आम्दानी शव्दले आर्थिक कारोवारमा सामान्यतया प्रयोग हुने Gross Income, Total Income, Net Income मध्ये कुनलाई र कस्तो आयलाई जनाँउछ । | ०५६/४/२५ | लेखाको सिद्धान्त अनुसार कूल आम्दानी भन्नाले खर्च कटाउनु अघिको आम्दानीलाई वुभाउँछ । प्रस्तुत सन्दर्भमा राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ मा कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्तिले आफूले आर्जन गरेको कूल आम्दानीको ४ (चार) प्रतिशतले हुने रकम रोयल्टीको रुपमा श्री ५ को सरकारलाई वुभाउनु पर्ने भन्ने प्रावधान रहेको समेत परिप्रेक्ष्यमा स्पेसटाइम नेटवर्क प्रा.लि.ले प्रसारण सेवा विक्री एवं संचालन वापत प्राप्त गरेको सवै आम्दानी भन्ने वुभिने । |

| | | | | |
|---|---|---|---|---|
| ४२. | महालेखा नियन्त्रक कार्यालय | अख्तियारी जारी गर्ने अधिकारीको सम्वन्धमा आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ र कोष तथा लेखा नियन्त्रक कार्यालयको निर्देशिका २०५४ मा परेको द्विविधा सम्वन्धमा । | ०५६/५/२५ | अख्तियारी पत्र जारी गर्ने सम्वन्धमा को.ले.नि.का. निर्देशिका २०५४ को भाग १, खण्ड ११ वमोजिम जारी भएको अख्तियारीलाई मान्यता दिने । |
| ४३. | को.ले.नि.का. रसुवा | वेत्रावती पैरेवेंसी सडक योजना वेत्रावति रसुवाको अस्थायी पियन लेखनाथ आचार्यको राजिनामा स्वीकृत भै संचित विदाको रकम भुक्तानी दिनलाई निकासा माँग भैआएकोले रकम निकासा दिन मिल्ने वा नमिल्ने । | ०५७/०५/१३ | निज लेखनाथ आचार्यले संचित रकम नियमानुसार पाउनु पर्ने हुंदा निज कार्यरत रहेको सडक कार्यालयवाटै ( योजनावाटै) दिनु पर्ने हुंदा को.ले.नि.का.वाट निकासा दिन नमिल्ने । |
| ४४. | को.ले.नि.का.तनँहु | आ.प्र.सम्वन्धी नियमावली, २०५६ को नियम ३१ अनुसार विकास वजेटको हकमा को.ले.नि.का.ले पनि स्वीकृत वार्षिक कार्यक्रम प्राप्त गरी सोही आधारमा निकासा दिने व्यवस्था भएकोमा निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) २०५८ को नियम ३ को आधारमा नियम ६ को उपनियम १ अनुसार अनूसूची २ को ढाचामा जि.वि.स.को कार्यालयमा मात्र पेश हुने व्यवस्था गरेको हुंदा नियम ३१ अनुसार निर्वाचन क्षेत्र विकास कार्यक्रमको स्वीकृत कार्यक्रम को.ले.नि.का.मा प्राप्त हुनु पर्ने हो वा होइन ? | ५९/१/३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली ,२०५६ मा भएको व्यवस्था यस कार्यक्रमको लागि आकर्षित हुने देखिएकोले सोही नियमावली वमोजिम हुने । |
| ४५. | क्षेत्रिय कोष निर्देशनालय वाँके | आ.प्र.सम्वन्धी नियमावली, २०५६ को नियम १३८ “क” अनुसार घरभाडा निर्धारण समितिको जिल्ला भवन निर्माण तथा शहरी विकास कार्यालयको प्रमुख सदस्य रहने प्रावधान भएकोमा यस जिल्लास्थित उक्त कार्यालय खारेज भैसकेकोले उक्त समितिमा कसको प्रतिनिधित्व वा उपस्थितिमा वैठक वसाली भाडा निर्धारण गर्नु पर्ने भनी दैलेखको.ले.नि.का.वाट लेखि आएको । | ५८/१२/३० | जिल्लामा रहेका कुनै पनि प्राविधिकहरुवाट मूल्याकंन गराई आर्थिक प्रशासन सम्वन्धी नियममावलीमा व्यवस्था भए अनुसार अन्य सदस्यहरुको उपस्थितिमा रेन्ट कमिटीको निर्णय गराउने । |
| ४६. | स्थानीय विकास मन्त्रालय | स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा १८९(२ (घ) बमोजिम (घ) श्रेणीको ठेकेदारहरुको इजाजत दिने नवीकरण गर्ने काम कतर्व्य जि.वि.स.लाई तोकिएको हुंदा उक्त कार्य वापत प्राप्त हुने रकम जिल्ला विकास कोषमा जम्मा गर्ने वा श्री ५को सरकारको राजस्व खातामा जम्मा गर्नु पर्ने हो ? | ०५९/३/११ | “घ” श्रेणीको ठेकेदारको इजाजतपत्र दिने खारेज गर्ने र नवीकरण गर्ने काम कतर्व्य र अधिकार जिल्ला विकास समितिको हो भनी तोकिएको हुँदा सो वापत प्राप्त दस्तुर जि.वि.स.कोषमा जम्मा गर्ने । |
| ४७. | सामान्य प्रशासन मन्त्रालय | निजामती सेवा नियमावली, २०५० र स्वास्थ्य सेवा नियमावली २०५५मा भएको व्यवस्था अनुसार कस्को कस्तो अवस्थालाई सरकारी कामको सिलसिलामा मृत्यु भएको भन्ने मान्ने र कस्तोलाई दुर्घटना मान्ने ? नि.से.नि. २०५० को नियम ९५ देखि नियम १०० सम्म सरकारी कामको सिलसिलामा भन्ने उल्लेख भएको तर मूलभूत कुराको कानूनी व्यवस्था स्पष्ट नभएको । | ०५८/६/२३ | निजामति सेवा सम्वन्धी कानूनमा निजामति कर्मचारी चौविसै घण्टा श्री ५ को सरकारको नियन्त्रणमा रहने व्यवस्था भएकोले असाधारण वेतलवी विदा वसेको अवस्थामा वाहेक अन्य कुनै पनि अवस्थामा सरकारी कामको सिलसिलामा आफ्नो घर छोडी हिंडेको अवस्थामा आत्महत्या वाहेक अन्य कुनै पनि अवस्थामा मृत्यु भएकोलाई सरकारी कामको सिलसिलामा मृत्यु भएको मान्नु पर्ने । |
| ४८. | आन्तरिक राजस्व विभाग | करदाताहरुले आयकर वापत Good for payment भएका चेकहरु पेश गर्ने गरेकोमा सो चेक कार्यालय दाखिला भएको दिनमा असुली नजनाई सो चेक | ०५८/१०/८ | राजस्व आर्जन गर्दा राजस्वको प्रकृति अनुसार भिन्ना भिन्नै प्रकृया अपनाउनु वाञ्छनीय नहुने हुंदा दुवै तर्फ एउटै प्रकृया न्ययम यिच उबक्तभलत लेखिएका चेकहरु प्रप्त भएपछि आम्दानी वाँध्ने प्रचलन उपयुक्त हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | वैंक दाखिला गरी भौचर प्राप्त भएपछि मात्र आम्दानी जनाउने गरिएको, तर मू.अ.क.तर्फ चेक प्राप्त भएकै दिन आम्दानी जनाउने व्यवस्था रहेको छ । तसर्थ आयकर तर्फ पनि चेक प्राप्त भएकै दिन असूली भएको मान्न प्रक्रिया अपनाउदा उपयुक्त हुन्छ ? | | यसरी नययम ायच उबथक्भलत लेखिएका चेकहरुवाट आम्दानी वाँधिसकेपछि कुनै कारणवाट चेक अर्यार्भिअतष्यल हुन नसकी कर भुक्तानी ..................... । |
| ४९. | कृषि तथा सहकारी मन्त्रालय | श्री ५ को सरकारको सचिवहरु तथा सह-सचिवहरुले सरकारी सहुलियतमा टेलिफोन राख्न पाउने व्यवस्थानुसार हाल साधारण , ओ.आई.टी.तथा मोवाइल फोनहरु वर्गीकरण भएकोले यी मध्ये कुनै एक टेलीफोन जडानको विलवाट टेलीफोन जडानको सहुलियत वापत माँग भएमा रकम भूक्तानी दिन मिल्ने, नमिल्ने | ०५८/१०/८ | सरकारी सहुलियतमा टेलिफोन राख्ने प्रयोजनको लागि साधारण टेलिफोन जडान गर्न लाग्ने न्यूतम महसूल मात्र भुक्तानी दिन मिल्ने । |
| ५०. | म.ले.नि.का. | विशेषज्ञ तोक्ने | ०५९।४।१० | आ.प्र. सम्वन्धी नियमावली, २०५९ को नियम ६६(२३) बमोजिम गठित समितिमा “सम्वन्धित विषयको राजपत्रांकित प्रथम श्रेणीको विशेषज्ञ” रहने व्यवस्था भएकावेमा यस्तो विशेषज्ञ सम्बन्धित क्षेत्रीय प्रशासकले तोक्न सक्ने । |
| ५१. | को.ले.नि.का. सुर्खेत | क्षेत्रीय निर्देशक सम्पर्क कार्यालय नेपालगंजमा र लेखापाल सुर्खेतमा वस्ने हुंदा संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्न मिल्छ मिल्दैन । | ०५९।५।२६ | यसरी खाता संचालन गर्दा प्रशासनिक जटिलता वढ्ने र प्रत्यक्ष वा परोज रुपले आर्थिक दायित्वमा समेत वृद्धि हुने भएकोले सम्पर्क कार्यालयमा वस्ने अधिकारी र सम्वन्धित जिल्लामा वस्ने लेखाका कर्मचारीको संयक्त दस्तखतबाट खाता संचालन गर्न नमिल्ने । |
| ५२. | भंसार विभाग | & CO. चेक सम्वन्धमा | यो फाइल कोष प्रशासनमा रहेको | भंसार विभागले दोहोरो भूक्तानी दिनु नपर्ने गरी व्यवस्था मिलाउने गरी उपरोक्तानुसार गर्न यो पटक स्वीकृति दिने “भंसार विभागको रायलाई मान्यता दिई & CO. जनाई भूक्तानी दिन सहमति दिन ने.रा.बैंक लाई जानकारी दिने ।” |
| ५३. | को.ले.नि.का. कपिलवस्तु | निजामती कर्मचारीले दर्तावाला लेखापरीक्षकको हैसियतले श्री ५ को सरकारको अनुदान प्राप्त विद्यालयहरु र गा.वि.स.हरुमा लेखापरीक्षण गर्न मिल्ने नमिल्ने ? | ०५९।१२।२४ | सा.प्र.मन्त्रालयको मिति २०६०।१।१० को निर्णयानुसार “नि.से.नि., २०५० को नियम ११७ बमोजिम लेखा परिक्षण गर्न स्वीकृति दिने सन्दर्भमा श्री ५ को सरकारको अनुदानवाट संचालित विद्यालय तथा गा.वि.स. र नगरपालिकाहरुमा श्री ५ को सरकारको पूर्ण स्वामित्व रहने हुदाँ ति निकायहरुमा लेखा परिक्षण गर्न नपाउने ” । |
| ५४. | अर्थ मन्त्रालय | European Commission को Guide line स्वीकृत गर्ने सम्वन्धी राय । | ०६०।४।२१ | अन्तर्राष्ट्रिय क्षेत्रवाट मान्यता प्राप्त स्वीकृत नीति र प्रचलनलाई मध्यनजर गरी Procurement Law निर्माण गर्न लागिएको र निकट भविष्यमा सो लागू हुने सम्भावना रहेको । साथै सो Law नआउन्जेल मौजुदा आर्थिक नियमहरुमा सुधार गर्ने तर्फ धेरैकाम अघि बढिरहेको अवस्थामा European Commission द्वारा प्रस्तावित Guide line लाई सहमती दिने नदिने भन्दा पनि पछि गर्न लागिएका प्रयासमा थप गर्नु पर्ने भए वा फेर बदल गर्नु पर्ने खण्ड परेमा सोही अनुरुपको गर्ने तर्फ विचार हुन उचित हुने । |
| ५५. | को.ले.नि.का. सिराहा | गत आ.ब. मा रु. २,०००।- दाखिला भै चालु आ.ब.मा रु.३,०००।- गरी रु.५,०००।- राजश्व दाखिला भएको अवस्थामा राहदानी बनाउन पाउने नपाउने र दाखिला गरेको रु.२,०००।- फिर्ता लिन चाहेमा फिर्ता दिन मिल्ने नमिल्ने ? | ०६०।६।२८ | गतः आ.ब.मा रु.२,०००।- र चालु आ.ब. मा रु.३,०००।- गरी राजश्व रु. ५,०००।- भएको अवस्थामा राहदानी बनाउन मिल्ने र रु. २,०००।- फिर्ता लिन चाहेमा अर्थ मन्त्रालय मार्फत निकासा लिई फिर्ता दिन सकिने । |

| | | | | |
|---|---|---|---|---|
| ५६. | शिक्षक सेवा आयोग | संचय कोष रकम कहा गर्ने - आयोगका सदस्य रामवृज साहुको मासिक पारिश्रमिकमा क.सं.कोष थप हुनु पर्ने वा नपर्ने ? | ०६०।७।६ | मं.प. को निर्णय अनुसार मासिक रु. १८,५९८।- मा मात्र श्री ५ को सरकरको दायित्व सीमित भएको हुँदा सोसम्म श्री ५ को सरकारले उपलब्ध गराउन सकिने । |
| ५७. | क्षेत्रिय कोष निर्देशनालय, काठमाडौं | लुगा भत्ताको रकम विदेश जानु निर्णय भएपछि, जानु अगावै वा फर्किएको ३५ दिन भित्रमा माँग गर्नुपर्ने व्यवस्था भएमा सुलभता तथा दोहोरो नपर्ने भएकोले यस सम्बन्धमा राय माग भएको । | ०६०।७।२४ | लुगा भत्ता सोधभर्ना माँग सम्वन्धमा आ.प्र. सम्वन्धी नियमावलीमा भएको व्यवस्था बमोजिम दोहोरो नपर्ने गरी निकासा दिन निर्देशन हुन र आयन्दा लुगा भत्ताको रकम सोधभर्ना लिंदा भ्रमणबाट फर्केको ३५ दिनभित्र लिइ सक्नु पर्ने । |
| ५८. | जिल्ला प्रशासन कार्यालय, मकवानपुर । | आ.प्र.नियमावली, २०५६ वमोजिम निर्माण सामाग्रीको दररेट संशोधन गर्नुपर्ने भएमा श्रावण महिना भित्रैमा गरिसक्नु पर्ने प्रावधान भए पनि निर्माण सामाग्रीको पटक पटक मुल्य वृद्धी भएको अवस्थामा नयाँ दररेट निर्धारण गर्न सकिने वा नसकिने । | ०६०।११।२१ | (१) निर्माण सामाग्रीको दररेट निश्चित गर्न आ.प्र. नियम(१३८) (१) बमोजिम गठित समितिले श्रावण महिना भित्र दररेट निर्धारण गरिसक्नु पर्ने, नगरेको अवस्थामा पूर्व दररेट कायम हुने । समितिको वैठक पुनः वसी नयाँ दररेट निर्धारण गर्न सकिने व्यवस्था नियममा नभएको ।<br>(२) आ.प्र. नियमावली २०५६ को नियम ६३ उपनियम ४ मा भएको व्यवस्था नियम १३८ को उपनियम १ बमोजिमको समितिले तोकेको दरभाउ वा उद्योग वाणिज्य संघले दिएको दरभाउ वा सो प्राप्त हुन नसकेमा विभागिय प्रमुखले तोकी दिएको आधारलाई मान्न सकिने र यसरी तयार गरिएको लागत अनुमानमा सो काम गर्न लाग्ने समयावधी समेत किटान गरिएको हुनुपर्नेछ भनी नियममा नै स्पष्ट व्यवस्था भैरहेको । |
| ५९. | स्थानिय विकास मन्त्रालय | सार्वजनिक निर्माण परामर्श दातृसंस्थाहरुको Short List हुनको लागि Professional Society को सदस्यता हुनुपर्ने अनिवार्य प्रावधान भएको तर Professional Society किटान भएको नपाइएकोले कस्ता खालका Society लाई Professional Society को रुपमा मूल्यांकन गरी किटान गर्ने । | ०६०।१२।१३ | Professional Sociey भन्नाले स्वदेश वा विदेशका पेशागत पेशागत समूहहरुको संगठीत संस्थालाई (Society consulting Engineers and Architects Society of Geo-Technical Engineers आदी) जनाँउदछ । |
| ६०. | **स्थानिय विकास मन्त्रालय** | **निर्माण सामाग्रीको मुल्यमा वृद्धी भैरहेको अवस्थामा श्रावण महिनामा निर्धारीत दररेटमा पूनः घटवढ गर्न सकिने वा नसकिने ?** | ०६०।१२।३० (म.प.को. निर्णय) | **"निर्माण सामाग्रीको निर्धारित दररेटमा १०% भन्दा बढीले मूल्य घटवढ भएको पर्याप्त कारण भएमा नियम १३८ वमोजिमको समितिले पूर्व निर्धारित दररेट संशोधन गर्न सक्ने छ" ।** |
| ६१. | अर्थ मन्त्रालय | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले गर्ने परामर्श सेवाको काम विना प्रतिस्पर्धामा गराउन दिने र उसको काम कार्वाही लाग्ने गरेको करमा छुट दिन सकिने वा नसकिने ? | ०६१।२।१ | कर छुटको हकमा म.ले.नि.का. ले राय दिन नमिल्ने र परामर्श सेवाको हकमा विना प्रतिस्पर्धामा दिने भन्ने विषयमा आ.प्र.नियमावली २०५६ ले त्यसरी विना प्रतिस्पर्धा काम दिन सकिने व्यवस्था नगरेको । |
| ६२. | को.ले.नि.का. दाङ्ग | भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी अवकाश प्राप्त कर्मचारीले संचित विदाको रकम निकासा पाउने वा नपाउने ? | २०६१/४/२० | प्रहरी नियमावली २०४९ को नियम १०१ को उपनियम ५ मा अयोग्य ठहरिने गरी नोकरीवाट वर्खास्त हुदाँ निवृत्तीभरण नपाउने र नियम १११ को उपनियम १० मा सोही बमोजिम वर्खास्त हुदाँ उपचार खर्च नपाउने व्यवस्था छ र अन्य सुविधाको हकमा वन्देज लगाएको नदेखिएको । (गृह मन्त्रालयको राय) |
| ६३. | भूमिसुधार तथा व्यवस्थापन विभाग | नक्सा प्रिन्ट दरखास्त फाराम, रजिष्ट्रेशन फाराम र पुर्जा विक्रि वापत प्राप्त भएको रकम राजश्वको कुन शिर्षकमा जम्मा गर्ने । | २०६१/४/२९ | नक्सा प्रिन्ट दरखास्त फाराम, रजिष्ट्रशन फाराम र पुर्जा विक्रि वापत प्राप्त भएको राजश्व शिर्षक नं.क-१.१.१०.२३ मा जम्मा गर्ने । |
| ६४. | भौतिक योजना तथा निर्माण मन्त्रालय | सडक विभागवाट विभिन्न टेक्निकल तालिमको सेवा शुल्क निर्धारण गर्ने सम्वन्धमा । | २०६१/५/१५ | आ.प्र. सम्वन्धी नियमावली २०५६ मा उठेका समस्या र विवादका सम्वन्धमा मात्र महालेखावाट राय प्रस्तुत हुने र आर्थिक दायित्व पर्ने विषय अर्थ मन्त्रालयको सहमती लिनु पर्ने । |
| ६५. | म.ले.नि.का. आ.प्र.शाखा | अदालतमा मुद्दा चली फैसला हुन वाँकी रहेकै अवस्थामा निजामती कर्मचारीले | २०६१/७/२० | अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको विचाराधिन विषयको टुंगो नलागे सम्म यस सम्वन्धमा |

| | | | | |
|---|---|---|---|---|
| | | अवकाश पाएमा के कुन सुविधा दिन मिल्छ ? | | कुनै पनि रकम भुक्तानी गर्न नमिल्ने । |
| ६६. | भुमिसुधार तथा व्यवस्था मन्त्रालय | आ.व. २०५६।५७ को भुक्तानी वाँकी कच्चवारी प्रमाणित भई आ.ब.२०५७।५८ मा आंशीक भुक्तानी भएको वाँकी रकम आ.ब. २०५७।५८ देखी हाल सम्म म.ले.प.फा.नं.१८ को कच्चावारी प्रमाणित नभएको चालु आ.ब.मा भुक्तानी दिन मिल्छ मिल्दैन ? | २०६१/११/१२ | भुक्तानी वाँकी रहेको रकम आ.प्र.नियमावली २०५६ अनुसार म.ले.प.फा.नं.१८ मा समावेश गराएर मात्र भुक्तानी गर्न उपयूक्त हुने । |
| ६७. | को.ले.नि.का. जुम्ला | संचित विदाको रकम हिसाव गर्दा १ वर्षमा ३६० दिन वा ३६५ दिन कुन गणना गर्ने | २०६१/११/१२ | सामान्य प्रशासन मन्त्रालयको मिति २०६१।१०।२९ को निर्यायानुसार ३० दिनको हिसावको गणना गरी पदाधिकार रहेको पदको खाईपाई आएको तलववाट गणना गरी संचीत विदाको रकम भुक्तानी गर्न उपयुक्त हुने । |
| ६८. | को.ले.नि.का. क्षेत्रिय कोष काठमाडौं । | शान्ती सेनामा खटिई जाने शाही नेपाली सेनाका सुरक्षाकमीहरुको विदेश जाँदाको लुगा भत्ता वापतको रकम भुक्तानी गर्न मिल्ने वा नमिल्ने ? | ०६१/११/२४ | अर्थ मन्त्रालयको मिति २०६१।११।१४ को निर्णयानुसार शान्ती सेनामा खटिने सुरक्षकर्मीको विदेश जाँदाको लुगा भत्ता सम्वन्धीत निकायको कल्याणकारी कोषवादै व्यहोर्नुपर्ने र यस प्रयोजनको लागि श्री ५ को सरकारवाट निकासा दिइरहन नपर्ने । |
| ६९. | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | आयकर ऐन २०५८ को परिच्छेद १ दफा २(घ) वमोजीम गैर नाफामुलक सामाजीक धार्मिक शैक्षिक वा परोपकारी संस्थाहरुलाई कर छुट हुने कुरा उल्लेख भएको । श्री ५ को सरकार र नेपाल उद्योग वाणिज्य महासंघ विच आ.ब. ०६०।६१ देखी सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप विभिन्न जिल्लामा इलम प्रशिक्षण केन्द्रहरु (गैर नाफामुलक भएको संचालनमा आएका छन । यी सिंस्थाहरु गैरु नाफामुलक भएको VAT PAN मा दर्ता भएको छैनन । दर्त नभएपनि यी संस्थाहरुले श्री ५ को सरकारद्धारा सार्वजनिक रुपमा आव्हान गरीएका वस्तु वा सेवा उपलब्ध गराउने दरभाउपत्र वा वोलपत्र सम्वन्धी प्रस्तावमा भाग लिन पाउने वा नपाउने ? | आन्तरिक राजश्व विभागको मिति २०६१/१२/२९ को निर्णयानुसार | आन्तरिक राजश्व विभागको मिति २०६१।१२।२९ को निर्णयानुसार मु.अ.क. नियमावली २०५३ को नियम ५६ मा श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामीत्व भएको संघ संस्था वा कार्यालय वा संवैधानिक निकायले अधिरिाज्य भित्र एक पटकमा रु.५०००।- भन्दा बढीको कर लाग्ने वस्तु खरिद गर्दा वा सेवा प्राप्त गर्दा दर्ता भएको व्यक्तिसगैं मात्र गर्नुपर्नेछ भनी व्यवस्था गरेको र सोही नियमावलीको नियम ६(क) ले सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले २० लाख भन्दा बढीको ठेक्का पट्टा दिदां वा वार्षिक रु. १ लाख भन्दा बढीको परामर्श सेवा लिदा दर्ता भएको व्यक्तिसंग मात्र लिनु पर्नेछ । |
| ७०. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राशन ठेक्काको काममा निर्माण व्यवसायको काम गर्ने व्यवसायीको दरभाउपत्रको स्वीकृत गर्न मिल्ने वा नमिल्ने ? | २०६२/१/२२ | उक्त आर्थिक प्रशासन सम्वन्धी कानूनी विवादको विषय नभएको र प्रकाशित सुचना वोलपत्र फाराम र दरभाउपत्र दाताको इजाजत पत्र हेरी सम्वन्धीत अधिकारीले नै निर्णय गर्न सक्ने । |
| ७१ | क्षेत्रिय कोष निर्देशनालय, काठमाडौं | १५ वर्ष भन्दा बढी ना.सु. स्तरमा सेवा गरेकोले अवकाश हुदाँ एक तह भन्दा माथी शा.अ. सरहमा अवकास हुदाँ कुन हिसाववाट औषधी उपचार र संचीत विदाको रकम निकासा दिन उपयूक्त हुन्छ ? | २०६२/६/१० | सामान्य प्रशासन मन्त्रालयको मन्त्रीस्तरको मिति २०६२।६।४ को निर्णयानुसार एक तह बढुवा पाई अवकाश हुने निजामती कर्मचारीहरुले पाउने उपचार खर्च सम्वन्धमा नि.से.नि. दोस्रो संशोधन २०६२, दफा २०(क) को उपदफा (४) वमोजिम औषधी उपचार सुविधा निजले तल्लो तहको काम गरे वापतका पाउने रकम भन्दा कम नहुने गरी भुक्तानी गर्नु पर्ने । |
| ७२. | को.ले.नि.का. ललितपुर | कुनै निजामती कर्मचारी वर्षमा जतिसुकै दिन कार्यरत रहेमा पनि सो वर्षको १२ दिन विरामी विदा पाउनुपर्ने हो ? वा कम्तीमा पनि सो वर्षमा १२ दिन कार्यरत हुनुपर्ने हो ? १२ दिन भन्दा कम दिन कार्यरत रहेमा विदाको गणना के कसरी गरिनु पर्ने हो ? | २०६३/२/११ को आदेशानुसार | "सामान्य प्रशासन मन्त्रालयको मिति २०५३।११।२८, च.नं.४७४६-४७५४ र ४७६०-४७०१ को पत्रवाट प्रत्येक वर्ष कम्तीमा १२ दिन सेवा गरेको भए पुरै विरामी विदा र सो भन्दा घटी सेवा अवधी भए जति दिन सेवा गरेको छ त्यती नै दिन वरावरको विरामी विदा पाउने ।" |